# परिच्छेद – एक
# शोधपरिचय

## १.१ शोधपत्रको शीर्षक :
**'झलनाथ खनालको जीवनी, व्यक्तित्व र कृतित्व'**

## १.२ शोधपत्रको प्रयोजन :
यो शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली विषयको दसौँ पत्रको प्रयोजनको लागि तयार पारिएको छ ।

## १.३ समस्याकथन :
झलनाथ खनाल नेपाली राजनीतिको क्षेत्रमा परिचित नाम हो । उनले आफ्नो संलग्नताको मुख्य क्षेत्र राजनीतिलाई बनाए पनि लेखन क्षेत्रलाई समेत उत्तिकै महत्व दिएर अगाडि बढाएका छन् । विद्यार्थीकालदेखि नै साहित्य र सिर्जनामा लागेका उनका कतिपय रचनाहरू राजनैतिक कारण उनी जेलमा परेपछि तत्कालीन पञ्चायती प्रशासनले जलाई दिएको थियो । उनका २०२५ सालदेखि २०५९ सालसम्मका ४२ वटा प्रतिनिधि कविताहरूको सङ्ग्रह **'शताब्दीको पहिलो बिहानी'** कवितासङ्ग्रह हो यस्तै उनका राजनैतिक विषयवस्तुका विभिन्न पुस्तकाकार कृतिहरू तथा विभिन्न पत्रपत्रिकाहरूमा समसामयिक विषयवस्तु सम्बन्धी लेखहरू एवं फुटकर कविता र गीतहरू पनि प्रकाशित छन् । राजनैतिक क्षेत्रमा हेर्ने हो भने २०२५ सालदेखि राजनैतिक सङ्गठनमा सङ्गठित भएर सङ्घर्षरत उनी २०४७ सालको अन्तरिम सरकार तथा २०५३ मा गठित गठबन्धन सरकारमा गरी दुईपटक मन्त्री बनेका तथा आफू संलग्न पार्टीमा दुईपटक महासचिव बनिसकेका छन् । हाल उनी नेकपा (ऐमाले) पार्टीको अध्यक्ष पदमा कार्यरत रहेका छन् । यस्ता प्रतिभावान तथा सिर्जनशील व्यक्तित्वका बारेमा हालसम्म कुनै किसिमको अध्ययन अनुसन्धान भएको पाइदैन । त्यसकारण यस शोधकार्य मार्फत निम्नलिखित समस्याको समाधान गरिएको छ ।

क) झलनाथ खनालको जीवनी के- कस्तो रहेको छ ?
ख) उनका व्यक्तित्वका पक्षहरू के-कस्ता रहेका छन ?
ग) उनका कृतिहरू के – कस्ता रहेका छन ?
घ) खनालको कवितात्मक लेखनको विषयवस्तु के- कस्तो छ ?
ङ) उनका कवितामा प्रयुक्त भाव, भाषा शैली तथा कविताका अन्य कलात्मक पक्षको स्थिति के-कस्तो छ ?

माथि उल्लेखित समस्याहरूलाई यस शोधकार्यमा निराकरण गर्ने प्रयास गरिएको छ ।

## १.४ शोधकार्यको उद्देश्य :
शोध समस्याकारूपमा देखिएका प्रश्नहरूको उत्तर वा समाधान के-कसरी गर्ने भन्ने कुरामा केन्द्रित रहेर अध्ययन गरिएको यस शोधकार्यमा उद्देश्यहरू निम्नानुसार तय गरिएका छन् ।

क)झलनाथ खनालको जीवनीको खोजी गर्नु,
ख)खनालको व्यक्तित्वको पहिचान गर्नु,
ग) खनालका प्रकाशित कृतिहरू एवं फुटकर रचनाहरूको जानकारी गराउनु,
घ) खनालका कविताहरूको विषयवस्तु के- कस्तो रहेको छ सोको मूल्याङ्कन गर्नु,
ङ)खनालका कवितामा प्रयुक्त भाव, भाषा, शैली तथा कविताका अन्य कलात्मक पक्षको स्थिति के-कस्तो छ सोको जानकारी गराउनु ।

## १.५ पूर्वकार्यको समीक्षा:

झलनाथ खनालको जीवनी, व्यक्तित्व र कृतित्वका सम्बन्धमा पूर्णरूपमा जानकारी पाउने गरी कुनै पुस्तकाकार कृति लेखिएको वा शोधकार्य भएको पाइदैन । उनका कृतिहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरी विस्तृत र सुव्यवस्थित मूल्याङ्कन भएको पाइदैन । उनका जीवनी र कृतिको विश्लेषणको सम्बन्धमा हालसम्म जे-जस्ता कार्यहरू भए तिनको विवरण र समीक्षा यस प्रकार प्रस्तुत गरिएको छ ।

गोविन्द भट्टले खनालकै **'शताब्दीको पहिलो बिहानी'** (२०५९) कवितासङ्ग्रहमा '**लालीगुँरास फुल्ने देशका सपनाहरू**' शीर्षकको भूमिकात्मक लेख लेख्दै उनको राजनैतिक र साहित्यि व्यक्तित्वको विश्लेषण गरेका छन् । भट्टले खनालको काव्ययात्रा र धारासमेतको उल्लेख गर्दै उनका कविताहरू भावनाप्रधानभन्दा बढी विचारप्रधान भएको र तिनले समाजमा आमूल परिवर्तन ल्याउने चेतना जगाएको उल्लेख गरेका छन् । समाजका उथलपुथलदेखि महत्वपूर्ण चुनौतीहरूसम्म दृष्टिपात गरी कविताको विषय छनौट गर्ने खनालका कविताहरू कलावादीहरूका लागि कलाविहीन लेखकमात्र लाग्न सक्ने भए पनि आजको वस्तुस्थिति प्रति सचेत र संवेदनशील पाठकहरूलाई बौद्धिक खुराक दिने खालका भएको भट्टको ठहर छ ।

नरनाथ लुइटेलले खनालको **'शताब्दीको पहिलो बिहानी'** (२०५९) कवितासङ्ग्रहको 'जीवनजस्तै कविता: कविता जस्तै जीवन' शीर्षकको लेखमा खनालको कवितासङ्ग्रहका कविताहरूका विभिन्न पक्षहरूको विश्लेषण गरका छन् । उनले खनालका कवितामा आफ्ना भोगाइका अनुभूतिहरूलाई साधारणीकरण गर्दै इमान्दारीपूर्वक कवितामा अरालेको तथा विचार र कलाको सुन्दर समन्वय उनका कविताको वैशिष्ट्य रहेको उल्लेख गरेका छन् ।

यशोदा तिम्सिनाले साप्ताहिक, वर्ष ९, अङ्क २७, २०६५ मा 'कसले देला माथ?' शीर्षकको लेखमा झलनाथ खनालको राजनैतिक इतिहासको संक्षिप्त जानकारी दिएकी छन् । यस लेखमा खनालको व्यक्तित्व, रुचि, भ्रमण एवं सिर्जनात्मक लेखन र कृतिहरूको प्रकाशन गरेको सन्दर्भको पनि छोटो जानकारी गराइएको छ ।

राजेन्द्र फुयालले कान्तिपुर, बुधबार, १४ फागुन २०६५ मा 'खनालको पुनरुदय' शीर्षकको लेखमा नेकपा (एमाले) को आठौं महाधिवेशनमा अध्यक्षमा निर्वाचित भएको सन्दर्भमा खनालको राजनैतिक यात्राको सुरूवातदेखि वर्तमानसम्मको संक्षिप्त चर्चा गरेका छन् ।

यसरी झलनाथ खनालका बारेमा विभिन्न कृति, पत्रपत्रिका र लेख रचनाहरूमा जानकारी दिइए तापनि उनको जीवनी, व्यक्तयित्व र कृतित्वलाई समेटेर कुनै कृति प्रकाशन नगरिएकोले यो शोधपत्र त्यसका निम्ति उपयोगी हुनेछ ।

## १.६ शोधकार्यको औचित्य:

नेपाली राजनीति र लेखन दुवै क्षेत्रबाट चर्चित बन्न पुगेका झलनाथ खनालको विषयमा हालसम्म कुनै प्रकारको पूर्णरूपलाई समेट्ने गरी अध्ययन अनुसन्धान नगरिएको कुरा माथि प्रस्तुत गरिएको पूर्वकार्यको समीक्षाले नै स्पष्ट पारिसकेको छ । त्यसैले सर्वप्रथम गरिएको यो अध्ययन अनुसन्धान औचित्यपूर्ण रहेको छ भन्ने पुष्टि हुन्छ । आफ्ना सिर्जनाक विषयलाई मार्क्सवादी–प्रगतिवादी चिन्तन दृष्टिबाट प्रस्तुत गर्नु उनको विशेषता हो । नेपाली राजनीति र लेखनको दुवै क्षेत्रलाई आत्मसात् गर्दै समदूरीमा अगाडि बढाउन सक्ने एक सफल व्यक्तित्त्वको अध्ययन अनुसन्धान गर्नु आगामी पुस्तालाई समेत लाभदायक हुनेछ ।

अत: उपर्युक्त परिप्रेक्षमा **'झलनाथ खनालको जीवनी, व्यक्तित्व र कृतित्व'** व्यवस्थित अध्ययनको औचित्य पुष्टि भएको छ ।

## १.७ शोधकार्यको सीमाङ्कन:

यस शोधकार्यको सीमा भनेको उपर्युक्त शोधकार्यको शीर्षक बमोजिम रहेको छ । झलनाथ खनालको जीवनीका महत्वपूर्ण घटनाहरूको उल्लेख, व्यक्तित्वका महत्वपूर्ण पक्षहरू, उनका प्रकाशित उपलब्ध कृतिहरूको सामन्य परिचय, कवितासङ्ग्रहको सामान्य विश्लेषणमा नै शोधकार्य सीमित रहेको छ ।

## १.८ सामग्री सङ्कलन र शोधविधि:

उपर्युक्त शोधपत्र तयार गर्दा पुस्तकालयीय अध्ययन विधिका आधारमा नै सम्बद्ध पुस्तक र पत्रपत्रिकाको अध्ययन गरी सामग्री सङ्कलन गरिएको छ । शोधनायक जीवित नै भएको हुँदा उनीसँगैको प्रत्यक्ष भेटघाट र सम्पर्कबाट लिखित एवं मौखिकरूपमा आवश्यक जानकारी लिई सामग्री सङ्कलन गरिएको छ साथै उनका परिवार र निकटका व्यक्तिहरूसँग सम्पर्क गरी उनका विषयमा लिइएका आवश्यक जानकारी पनि सामग्री सङ्कलनको विधिकोरूपमा रहेको छ ।

यस शोधपत्रमा सामग्री अर्थापनका क्रममा वर्णनात्मक एवं विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ ।

## १.९ शोधपत्रकोरूपरेखा:

यस शोधपत्रलाई व्यवस्थित एवं सुसङ्गठितरूप दिनका लागि निम्नलिखित परिच्छेदमा विभाजन गरी अवश्यकता अनुरूप शीर्षक तथा उपशीर्षकहरूमा समेत विभाजन गरी अध्ययन गरिएको छ ।

**पहिलो परिच्छेद:** शोध परिचय
**दोस्रो परिच्छेद:** झलनाथ खनालको जीवनीको अध्ययन
**तेस्रो परिच्छेद:** झलनाथ खनालको व्यक्तित्वको अध्ययन
**चौथो परिच्छेद:** झलनाथ खनालको साहित्यिक तथा साहित्येत्तर लेखनको यात्रा

**पाचौं परिच्छेद**:    **'शताब्दीको पहिलो बिहानी'** कवितासङ्ग्रहको अध्ययन र विश्लेषण

**छैटौ परिच्छेद**:    उपसंहार

उक्त परिच्छेदहरूका अलावा शोधपत्रको अन्त्यमा **सन्दर्भग्रन्थ-सूची** पनि समावेश गरिएको छ ।

## परिच्छेद - दुई
# झलनाथ खनालको जीवनीको अध्ययन

## २.१ पृष्ठभूमि

कुनै पनि व्यक्तिको जीवनभोगाइको क्रमलाई व्यवस्थितरूपमा प्रस्तुत गर्नु मोटामोटीमा जीवनीको अर्थ हो । "जीवनीमा कथामा जस्तो कल्पना प्रबलता र डतिहासमा जस्तो कोरा विवरण नभएर तटस्थता, वस्तुगतता तथा सयमितता हुनुपर्दछ । अत: जीवनीमा जीवनका वैयक्तिक घटनाहरूलाई सार्वजनिक बनाउने किसिमले जीवनका अनुभूतिलाई स्थापित गरिनु पर्दछ"[१] मानवप्राणीको जन्मदेखि मृत्युसम्मको समयावधि र त्यस अवधिभित्र घटेकटा घटना चक्रलाई सामान्यत: जीवन, जिन्दगी वा जिन्दगानी भनिन्छ । त्यही जीवनका घटनाक्रमको समस्टिलाई नै जीवनी भन्ने गरिन्छ[२] । त्यस्तै "कसैको जीवनचरित्रलाई लिएर लेखिएको रचनालाई जीवनी भनिन्छ"[३] । यसै गरेर "व्यक्ति विशेषको सम्पूर्ण वा आंशिक जीवनका तथ्यपूर्ण घटना, उसका मानसिक प्रभाव, अनुभव तथा क्रियाकलापको क्रमबद्ध विवरण सविस्तार प्रस्तुत गरिएको गद्यरचना नै जीवनी हो"[४] । जीवनमा कुनै पनि व्यक्ति-विशेषको जीवनको सम्पूर्ण वा आंशिक पक्षको विवरण हुन्छ र सम्पूर्ण जीवनको विवरण एउटा ग्रन्थमा समेटिन सक्छ[५] । यसरी कुनै पनि व्यक्तिका जीवनसँग सम्बन्धित घटनाहरूको तथ्यपूर्ण प्रस्तुतीकरण नै जीवनीको

---

[१] राजेन्द्र सुवेदी, स्नातकोत्तर नेपाली निबन्ध, काठमाण्डौ, पाठ्यसामाग्री पसल, २०५६, पृ १३

[२] भिक्टर प्रधान, नेपाली जीवनी र आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना, काठमाण्डौं, नेटोप्रप्र २०४४, पृ २८

[३] केशवप्रसाद उपाध्याय, साहित्यकार, पाचौँ सस्क., काठमाण्डौं, साझा प्रकाशन २०४९, पृ.१९।

[४] मोहनराज शर्मा र दयाराम श्रेष्ठ 'संभव', नेपाली साहित्यको संक्षिप्त इतिहास, चौथो सं., काठमाण्डौं, साझा प्रकाशन २०४९, पृ.१८०।

[५] मोहनहिमांशु थापा, साहित्य परिचय, चौंथो स., काठमाण्डौं, साझा प्रकाशन,२०५०,पृ.२२६।

मूल मर्म हो । कुनै व्यक्तिको जन्मदेखि मृत्यु पर्यन्त उसले गरेका सामाजिक, साहित्यिक, राजनैतिक, आर्थिक, धार्मिक, सांस्कृतिक, शैक्षिक गतिविधि, विभिन्न कार्य तथा सेवा अनि उसका मान्यता र धारणा जस्ता जीवनसगँ सम्बन्धित विविध पाटाहरूको अध्ययन जीवनीमा गर्ने गरिन्छ । प्रस्तुत शीर्षकअन्तर्गत साहित्यकार झलनाथ खनालको जीवनचक्रसँग सम्बन्धित घटनाहरूको अध्ययन गरिएको छ ।

## २.२ वंशपरम्परा

घृतकौशिक ऋषिका कुलमा जन्मिएका खनालको पुर्ख्यौली थलोका बारेमा विभिन्न धारणाहरू रहेका छन् जसमा कसैले तनहुलाई र कसैले खनारलाई पुर्ख्यौली थलो मान्ने गरेका छन् ।[६] खोरिया खनाल तथा पण्डित खनालजस्ता भेदहरूमध्ये पण्डित खनालको वशंमा रहेका झलनाथ खनालका पर्खाहरूलाई नेपाल एकीकरण पूर्व रहेका टुक्रेराज्यका विभिन्न शासकहरूले गुरु पुरोहित मान्दथे र आफूसँगै हिडाउथे ।[७] यसै क्रममा एक खनाल पुर्का दुल्लुबाट पहाडै पहाड हुँदै पाँचथर आइपुगे ।[८] थुप्रै पुस्ता पाँचथरमा बितेपछि खनालका एक सन्तान इलामको याङ्गा (हालको माइमझुवा) मा बसाइ सरे ।[९] झलनाथ खनालका हजुरबुवाको जन्म पनि याङ्गामा नै भएको थियो भने यिनको परिवार वि.सं १९८६ सालमा इलामकै साखेजूङ गाविसमा स्थानान्तरित भएपछि शोधनायक खनालको जन्म पनि साखेजूङमा नै भएको थियो ।[१०] विगत केही दशकयता भने उनको परिवार काठमाण्डौमा बसोबास गर्दै आएका छन् ।[११] खनालको पुर्ख्योली पेसा पण्डित्याँइ तथा कृषि हो । उनका हजुरबुवा प्रख्यात ज्योतिषी, पण्डित तथा व्यवसायिकरूपमा पशुपालन गर्ने कृषकसमेत थिए भने बुबा पण्डित तथा कृषक थिए ।[१२] उनका हजुरबुवा उमाकान्तले आयुर्वेदिक चिकित्सापद्धति तथा ज्योतिषसम्बन्धी लेखहरू लेख्ने काम गरेका भए पनि संरक्षणको अभावका कारण उनको लेखक जीवन भने बाहिर आउन सकेन ।[१३] झलनाथ खनालको पितृकुलको वशंवृक्षलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

## २.३ जन्म र जन्मस्थान:

झलनाथ खनालको जन्म वि.सं २००६ चैत्र ६ गते आइतबार तदनुसार सन् १९५० मे २० तारिखका दिन भएको हो । पिता पुङ्गनाथ खनाल र माता मधुमाता खनालका १३ जना सन्तान मध्ये सातौं सन्तानकारूपमा जन्मिएका उनी छोरामा जन्तरेको

---

[६] दाताराम खनालबाट प्राप्त जानकारी
[७] पूर्ववत्
[८] पूर्ववत्
[९] पूर्ववत्
[१०] पूर्ववत्
[११] शोधनायकबाट प्राप्त जानकारी
[१२] पूर्ववत्
[१३] पूर्ववत्

क्रममा पर्दछन् ।[१४] उनका एक दिदी, पाँच दाजु, चारजना भाइ र दुईजान बहिनीहरू जन्मिएका थिए । न्वारनको नाम पनि झलनाथ नै रहेका खनालको जन्मराशी मीन हो ।[१५]

झलनाथ खनाल पहिले–पहिले चार खोल भनेर चिनिने र नेपाल १४ अञ्चल ७५ जिल्लामा विभाजन भएपछिको हालको इलाम जिल्लाको साखेजूङ निवासी ब्राम्हण परिवारमा जन्मेका हुन् ।[१६] उक्त स्थान मेची अञ्चल इलाम जिल्ला साखेजूङ गाविस वार्ड नं ४ पण्डित गाँउमा पर्दछ ।[१७]

## २.४ नामकरण:

झलनाथ खनालको न्वारनको अर्को नाम थिएन भन्ने माथि नै स्पष्टभै सकेको छ । बाल्यकालमा उनलाईई परिवारमा नामबाट वा 'जन्तरे' भनेर बोलाउने गरिन्थ्यो ।[१८] राजनीतिमा संलग्न भएपछि भूमिगत कालमा भने उनले बुद्धिरत्न, अभिमन्यू, नरेश जस्ता विभिन्न छद्मनाम प्रयोग गर्ने तथा लेखन र सम्पादन समेत छद्मनाम बाटै गर्ने गरेको पाइन्छ ।[१९] हाल भने उनी नेपाली साहित्य र राजनीति दुबै क्षेत्रमा झलनाथ खनालकै नामबाट परिचित छन् ।

## २.५ पारिवारिक पृष्ठभूमि:

झलनाथ खनालका पिता–पुर्खा पण्डित्याई तथा कृर्षिकार्य गर्दथे भन्ने कुरा माथि नै उल्लेख भैसकेको छ । खनालका हजुरबुवा उमाकान्त प्रख्यात ज्योतिषी तथा पण्डित थिए ।[२०] पण्डित्याइतर्फ 'अन्तरे पण्डित' का नामले उनको प्रख्याती थियो भने ज्योतिष विद्यामा पनि उनलाईई उछिन्ने इलाम जिल्लामा कोही थिएन ।[२१] यसैले ज्योतिष सिक्न तथा यस्ता समस्या समाधानका लागि उनको घरमा धेरै मान्छे आउने गर्दथे ।[२२] उनले आफ्नो मृत्युको समय समेत स्वंय घोषणा गरेर जीवनको अन्त्यमा काशी प्रस्थान गरी गङ्गाको किनारमा मृत्युवरण गरेका थिए ।[२३] यस्तै कृषि व्यवसायतर्फ पनि उमाकान्तको परिवार अग्रस्थानमा थियो । व्यवसायिक पशुपालनमा उनको परिवार नै नेपालको पहिलो परिवार हुनसक्ने अनुमान शोधनायकका भाइ दताराम खनालको छ । फाँटफाँटमा गोठ राखेर गाई पाल्ने खनाल परिवारले एक समयमा हरे पन्ध्र दिनमा अठार टन घिउ उत्पादन गर्दथ्यो भने एक वर्ष पहिलो वेत ब्याउने गाईमात्र पनि ७० वटा थिए ।[२४] झलनाथ खनालका बुबा पनि पण्डित तथा कृषक नै थिए उनले आफ्ना पिताको सामीप्य एवं स्वध्ययनबाट संस्कृतको ज्ञान लिएका थिए भने कृषिकार्यमा पनि उत्तिकै कृयाशील थिए ।[२५] शालीन,

---

[१४] पूर्ववत्

[१५] पूर्ववत्

[१६] पूर्ववत्

[१७] पूर्ववत्

[१८] पूर्ववत्

[१९] पूर्ववत्

[२०] दाताराम खनालबाट प्राप्त जानकारी

[२१] पूर्ववत्

[२२] पूर्ववत्

[२३] पूर्ववत्

[२४] पूर्ववत्

[२५] पूर्ववत्

मेहनेती तथा आध्यात्मिक सोचका उनी स्कुल खोल्ने, सञ्चालक समितिमा बस्ने तथा गाउँस्तरका सङ्गठन बनाउने कार्यमा पनि सक्रिय थिए ।[२६] यसरी खनाल परिवार आफ्नै धेरै जग्गाजमीन एवं गोठ भएको तथा पण्डित्याई/पुरेत्याँई समेत गर्ने कर्मशील उच्चमध्यम खानदानको परिवार भएको थाहा हुन्छ । शिक्षा क्षेत्रमा पनि यिनको परिवार अगाडि नै देखिन्छ । बुबा हुरबुवा पण्डित हुनुले यिनका पिता पुर्खा शिक्षित भएको सङ्केत मिल्छ भने हुरबुवा उमाकान्तले ज्योतिष तथा आयुर्वेद सम्बन्धी विभिन्न लेखसमेत लेख्ने गरेको पाइन्छ ।[२७] 'क'मात्र चिन्न सक्ने भए पनि उनकी आमा पनि अध्ययनमा रुचि राख्ने तथा प्रखर स्मरण शक्ति भएकी थिएन् ।[२८] उनी झलनाथलाई देवीभागवत् वाचन गर्न लगाएर कतै गल्ती वाचन भएमा तुरुन्तै सच्याइदिन्थिन् ।[२९] यसरी देवीभागवत् जस्ता पुस्तक कण्ठस्थ भएकी खनालमाता गायनमा समेत रुचि राख्दथिन् साथै आफ्ना सन्तानलाई पढाउनु पर्छ भन्ने चेतना भएकी, मेहनेती एवं गृहिणीको गुणयुक्त थिएन् ।[३०]

मातापिताका सातौं सन्तानकारूपमा जन्मिएका झलनाथ खनालले अत्यन्तै मायालु पारिवारिक वातावरण प्राप्त गरेका थिए ।[३१] बुवा-हजुरबुवाको अध्ययनशीलता तथा आमाको लगनशीलताको प्रभाव आफूमा परेको खनाल स्वीकार्छन । सामाजिक, आर्थिक, धार्मिक आदि दृष्टिले सन्तुलित पारिवारिक वातावरणको आडमा उनको जीवनरेखा कोरिनुका साथै व्यक्तत्वको विकास भएको पाइन्छ । हजुरबुवाबाटै कखरा सिकेर सुरुमा संस्कृतका दुर्गाकवच जस्ता पाठको अध्ययन गराइएका खनालले तीक्ष्ण बुद्धिका कारण दिइएका पाठ छिटै कण्ठस्थ गर्ने गरेपछि तथा उपनयन पूर्व वेद, रुद्री आदिको अध्ययन धार्मिक दृष्टिले गर्नु नहुने भए पछि हजुरबुवाकै निर्णय अनुरूप अङ्ग्रेजी सिक्ने अवसर प्राप्त गरेका थिए ।[३३] यसले उनको पारिवारको आधुनिक शिक्षाप्रतिको चासोलाई प्रष्ट्याउछ । यस्तै उपनयनपश्चात स्नान तथा सन्ध्या गर्ने, खाना खादाँ धरो फेर्नेजस्ता कार्यले उनको धर्मप्रतिको चासोलाई व्यक्त गर्दछ यद्यपि अध्ययनलाई निरन्तरता दिने क्रममा घर छाडेपछि उनले सो कार्य छोड्दै लगेको पाइन्छ । माध्यामिक तहको अध्ययनको क्रममा नै राजनीतिक चासो लिने, स्कुलमा हुने गरेका गल्ती कमजोरी र लापर्वाहीप्रति आन्दोलित हुने, नृत्य, गायन एवं कविगोष्ठीजस्ता अतिरिक्त कृयाकलापमा सहभागी भई पुरस्कारसमेत जित्नेजस्ता कार्यले उनको साहित्यसधक तथा राजनैतिक व्यक्तित्वलाई अगाडि बढाएका छन् । यस्तै कपडा लगाएर खानाखाने, अण्डा तथा कुखुराको मासु खाने जस्ता कार्य गरेर रुढीवादी मान्यताको परिष्कार गर्दै जाने काम पनि खनालले यही बीचमा गर्दै लगेका छन् । सुरुमा परिवारको आर्थिक अवस्था राम्रो भए पनि पछिपछि धेरै ठूलो परिवार भएपछि खान लाउन टुमटुममात्र भएको तथा सँगै पढ्ने दाजुको पनि बाल्यावस्थामा मृत्यु भएकोजस्ता भोगाइ व्यहोरेका खनालले आघात, उत्साह र सङ्घर्षका बीच विज्ञान तथा मानविकीमा स्नातक तहसम्मको अध्ययन गर्ने वातावरण प्राप्त गरेको देखिन्छ ।[३४]

---

[२६] पूर्ववत्

[२७] पूर्ववत्

[२८] शोधनायकबाट प्राप्त जानकारी

[२९] पूर्ववत्

[३०] पूर्ववत्

[३१] पूर्ववत्

[३३] पूर्ववत्

[३४] पूर्ववत्

यस प्रकार पितापुर्खाको पारिवारिक वातावरण, धार्मिक, सामाजिक आर्थिक पृष्ठभूमिको बीचमा केही कुराको अनुसरण र केही कुराको परिवर्तन गर्दै खनाल आजको सफल जीवनमा आइपुगेका छन् ।

## २.६ बाल्यकाल:

झलनाथ खनालको बाल्य–जीवन परिवारको संरक्षण र सम्बद्धनमा सामान्य ग्रामीण परिवेशमा नै बितेको थियो ।[३५] उनी जन्मिएको समयमा २००७ सालको क्रन्तिको उभार आउदै थियो । यसै समयमा विश्वेश्वरप्रसाद कोइराला इलाम आएर इलाम मुक्त भएको घोषणा गरेका थिए भने नजिकै सीमापारी दार्जेलिङ्गमा पनि स्वतन्त्रता आन्दोलनको लहर चलिरहेको थियो ।[३६] यस्तै लिम्बुवानमा हुलचाल मच्चिएर जनतामा असुरक्षाको महसुस पनि भैरहेको थियो ।[३७] यही परिवेशमा पनि खनाल परिवारले भने आन्दोलनमा सक्रिय सहभागिता देखाएको चाँहि पाइदैन ।[३८] तर गाउँ–शहरमा आएको क्रान्तिको उभारले उनको तत्कालीन बालमष्तिष्कमा प्रत्यक्ष–परोक्षरूपमा प्रभाव पारेको खनाल स्वीकार गर्दछन् । यसैगरी उनी जन्मिएको २ वर्ष पछि इलामको करफोकमा  नेपालको प्रथम राष्ट्रिय साहित्य सम्मेलान सम्पन्न भएको थियो ।[३९] महानन्द सापकोटा, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम आदि जस्ता विद्वान एवं साहित्यकारको जमघट भएको उक्त सम्मेलनबारे खनालको शिक्षित परिवारमा पनि चासो रहेको थियो ।[४०] बुवा–हजुरबुवाले उक्त सम्मेलन र शिक्षा तथा साहित्यबारे बाल्यकालम घरमा गर्ने गरेको छलफल आफ्नो काँनमा गुञ्जिएको अनुभव पनि रहेको उनी बताउछन् । यस्तै स्कुल जाँन सुरु गरेको अवस्थामा आफ्ना गुरु ज्ञानीराम भट्टराइले हात समाएर उनको घर लैजादा त्यँहा देखेका लट्टा दाह्रीवाल मान्छेका फोटाहरूले खनाललाई आश्चार्यमा पारेको अनुभव पनि छ ।[४१] त्यस्ता फोटाहरू किन राखेका होलान, आफू पनि त्यस्थै ठूलो मान्छे कहिले बन्नेजस्ता जिज्ञासुपन बाल्यकालमा रहेको खनाल बताउछन् । ज्ञानीराम गुरुको घरका ती फोटोहरू मार्क्स, एङ्गेल्स, लेनिन, टैगोर आदिको भएको थाहा पाए पछि तिनलाई चिनेर भन रमाइलो भएको उनको अनुभव छ ।[४२] आफूसँगै पढ्ने तथा खेल्ने साहिलो दाजु, काँइलो दाजु र बहिनीको एकसाथ निधन भएपछि नराम्रो दु:खी अनुभव गरेका खनाल बाल्यावस्थामै आफू पनि खटिरा आएर सिकिस्त बिरामी परेका थिए ।[४३] बच्चामा सिकुटे तथा कमजोर खालको भएका कारण उनले घरको कृषिकार्यमा खासै सहयोग गर्नु परेन यद्यपि उमेर अनुकूल कार्यमा लाग्ने, खेल तथा मनोरञ्जन मन पराउने, तीक्ष्ण बुद्धि र अध्ययनशील रुचिका बीचमा उनको बाल्यकाल बितेको थियो ।[४४]

यस प्रकार राजनीति तथा साहित्यको राष्ट्रिय र अन्तराष्ट्रिय स्तरको ऐतिहासिक परिवेशमा बाल्यकाल व्यतीत गरेका खनालको बालसुलभ मनमस्तिष्कमा परिवार, परम्परित

---

[३५] पूर्ववत्
[३६] पूर्ववत्
[३७] पूर्ववत्
[३८] पूर्ववत्
[३९] पूर्ववत्
[४०] पूर्ववत्
[४१] पूर्ववत्
[४२] पूर्ववत्
[४३] पूर्ववत्
[४४] पूर्ववत्

सामाजिक मूल्य र मान्यता समकालीन स्थितिबाट सिर्जित घटनाहरूको छापमात्र परेन दाजुभाइ दिदिबहिनीसँगको आशु–हाँसो, बालसुलभ रुचि, कार्य आदिका बीचमा गुज्रिएको पाइन्छ ।

## २.७ शिक्षादीक्षा

झलनाथ खनालको शिक्षादीक्षाको क्रम आफ्नो घरपरिवारबाट नै सुरु भएको देखिन्छ । उनलाईई आफ्नै हजुरबुवा उमाकान्त खनालले घरमा नै क,ख,ग लेख्न सिकाएपछि उनको अक्षरारम्भ भएको हो ।[४५] यसपछि उनले संस्कृत शिक्षा लिएका थिए ।[४६] ३–४ वर्षको उमेरदेखि स्कुल जान थालेका खनाललाई सुरुसुरुमा उनकै दाजुहरूले बोकेर गाँउको संस्कृत पाठशालामा पुर्याउने गर्दथे ।[४७] कक्षा १देखि नै कक्षा र स्कुल प्रथम हुँदै गएका खनालले कक्षा २ मा जाँदा सोही कक्षामा फेल भएर रहेका साँहिला दाजुलाई भेट्टाएका थिए ।[४८] दुवै दाजुभाइ एउटै कक्षामा भएका कारण एक सेट किताब पालो गर्दै पढ्दाको समस्याका बीच माथिल्ला कक्षामा उनी प्रथम र उनका दाजु द्वितीय हुँदै अगि बढेका थिए ।[४९] संस्कृत विद्यालयमा सुरुमा सिकाइने दुर्गाकवच तथा चण्डीजस्ता पुस्तकहरू केही दिनमा नै कण्ठस्थ गर्ने खनालले पूर्वीय आर्य मान्यता अनुरूप उपनयनपूर्व रुद्री, वेदजस्ता पुस्तक पठ्न नपाए पछि पढ्ने अन्य पुस्तक पाएका थिएनन् ।[५०] यसैले उनका हजुरबुवा उमाकान्तले नै गृहसभा राखी उनलाईई अङ्ग्रेजी शिक्षा पढाउने निर्णय गरेका थिए ।[५१] उनले परिवारमा अङ्ग्रेजी शिक्षाको अध्ययनको प्रारम्भ पनि उनीबाटै भएको थियो ।[५२]यसरी झलनाथ खनालले प्राथमिक तहको शिक्षा साखेजुङ्ग मिडिल स्कुलबाट पूरा गरेका थिए भने माध्यामिक तहको अध्ययनको लागि आदर्श माध्यामिक विद्यालय इलाममा पुगेका थिए ।[५३] माध्यामिक तहमा पनि प्रथम स्थान हाँसिल गर्दै आएका खनालकै सक्रियतामा विद्यालयमा भूगोल विषयको शिक्षकको व्यवस्था नहुँदा आन्दोलनसमेत भएको थियो ।[५४] यसै क्रममा उनले बि.सं २०२३ सालमा ५९.५% अङ्क प्राप्त गरी एस.एल.सी परीक्षा उत्तीर्ण गरेका थिए ।[५५]

ज्ञानको खोजीको क्रममा झलनाथ खनाल उच्चशिक्षाका लागि काठमाण्डौं आइपुगेका थिए । विज्ञान विषय लिएर त्रिचन्द्र कलेजम भर्ना भएका खनालले आई.एस्सी तहको अध्ययन त्रि– चन्द्र कलेजबाट वि.सं २०२५ सालमा पूरा गरेका थिए भने बी.एस्सीको अध्ययन सुरु गरे पनि पूर्ण गर्न पाएनन्।[५६] राजनीतिलाई समेत अगाडि बढाउदै लगेका खनालले यसपछि केही वर्ष अध्ययनको क्रमलाई विश्राम दिएपनि

[४५] पूर्ववत्
[४६] पूर्ववत्
[४७] पूर्ववत्
[४८] पूर्ववत्
[४९] पूर्ववत्
[५०] पूर्ववत्
[५१] पूर्ववत्
[५२] पूर्ववत्
[५३] पूर्ववत्
[५४] पूर्ववत्
[५५] पूर्ववत्
[५६] पूर्ववत्

वि.सं.२०३० मा राजनीतिशास्त्र तथा इतिहासमा बी.ए पनि पूरा गरे ।[५७] यस पछि भने विभिन्न दर्शनहरूको स्वअध्ययन गर्ने गरिरहेका भए पनि औपचारिक अध्ययनलाई भने उनले विश्राम दिएको पाइन्छ ।[५८]

## २.८ उपनयन:

हिन्दूहरूका आदर्श धर्मग्रन्थहरूले विभिन्न जातजातिको चुडोपयन गर्ने उमेरको निर्धारण गरेका छन् । झलनाथ खनालको बाल्यकाल पनि पूर्वीय हिन्दू संस्कृति र सभ्यताको पालना गर्ने परिवारको ग्रामीण परिवेशमा नै बितेको थियो । ब्राम्हण कुलमा जन्मिएका खनालको उपनयन पनि हिन्दू धर्मग्रन्थका मान्यता अनुरूप वैदिक विधि अनुसार आठ वर्षको उमेरमा २०१४ सालमा भएको थियो ।[५९] ब्रतवन्धपूर्व सुरुवाल लगाउन नपाएका खनाल ब्रतवन्ध गरेपछि दौरा, सुरुवाल, कोट, टोपी एकसाथ लगाउन पाएर दङ्ग परेका थिए ।[६०] ब्रतवन्धको लगत्तै स्नान गरेर तथा धरो फेरेरमात्र खाना खाने उनले अध्ययनको क्रममा घर छाडेपछि सो कार्यलाई बेवास्था गर्दै लगेका थिए ।[६१]

## २.९ विवाह

विवाह पारिवारिक जीवन सञ्चालन र सृष्टिको क्रमलाई निरन्तरता दिने महत्वपूर्ण कार्य हो । यसै प्रक्रियाबाट मानिस आफ्नो संसारिक जीवनमा प्रवेश गर्दछ । सामान्यत: झलनाथ खनालको समयमा ग्रामीण इलाकामा १२/१३ वर्षको उमेर पुग्दानपुग्दै विवाह गर्ने गरिएको भए पनि परम्परित चलनको विवाहको उमेरमा उनी घरवाहिर र अध्ययनको क्रममा रहेको हुँदा त्यसबेला उनको विवाह भएन ।[६२] अध्ययनको क्रम सकिएपछि पनि सक्रिय राजनीतिमा संलग्न भएका तथा तत्कालीन समयमा राजनेताको जीवन भूमिगतसमेत रहने हुँदा उनले धेरै समयसम्म आफ्नो विवाहबारे सोच्न पनि भ्याएनन् ।[६३] यसैबीच उनी तत्कालीन नेकपा(माले) को महासचिव भएको समयमा सोही दलकी तत्कालीन काठमाण्डौ जिल्ला कमिटी सदस्य रवीलक्ष्मी चित्रकारसँग भेट तथा चिनजान भयो ।[६४] उनलाईई रवीलक्ष्मी मन परेपछि प्रेम प्रस्ताव पनि राखे ।[६५] रवीलक्ष्मीले केही दिन पछि आफ्नो निर्णय दिने जानकारी दिइन् । केहि दिनपछि उनले सकारात्मक निर्णय दिएपछि केही समय खनालसँग प्रेम प्रसङ्ग चल्यो ।[६६] यसरी दुवैको रुचि, विचार, भावना आदि सम्पूर्ण कुरामा समानता भएपछि ३३ वर्षको उमेरमा झलनाथ खनालको विवाह २०३९ सालमा रवीलक्ष्मी चित्रकारसँग भयो जुनवेला चित्रकार २८ वर्षकी थिइन् ।[६६]

खनाल र चित्रकारको विवाह प्रचलित मूल्यमान्यताभन्दा भिन्न थियो । खनाल एक ब्राम्हण परिवारको पुरुष र चित्रकार नेवार समुदायकी महिला हुनाले यो विवाह हिन्दू

---

[५७] पूर्ववत्
[५८] पूर्ववत्
[५९] पूर्ववत्
[६०] पूर्ववत्
[६१] पूर्ववत्
[६२] पूर्ववत्
[६३] पूर्ववत्
[६४] पूर्ववत्
[६५] पूर्ववत्
[६६] पूर्ववत्
[६६] पूर्ववत्

मान्यता अनुरूप संभव थिएन । त्यसै हुनाले यिनले आफ्नो विवाह काठमाण्डौंको कुनै एक सेल्टरमा पार्टी कै ३०/३५ जना साथीहरूको उपस्थितिमा टीका लगाएर सम्पन्न गरेका थिए ।[६७] रू २७२ ।– मा आफ्नो विवाह सम्पन्न भएको खनाल बताउछन् । अन्तर्जातीय विवाह भएका कारणले खनाल र चित्रकार दुवै पक्षको परिवारमा केही समय गडबडी पनि उत्पन्न भएको थियो यद्यपि दुवै जनाले खुलस्तरूपमा परिवारलाई समझदारीमा ल्याउन प्रयास गरेकाले केही समयमा नै समस्या समाधान भएको थियो ।[६८] यसरी फरक जात र संस्कृतिका व्यक्तिको बीचमा विवाह भएको हुँदा संस्कृति र चाडहरूमा कहिले काँही फरक विचार आउने भए पनि परस्परको भावना बुझ्ने यो जोडीको अढाइ दशकभन्दा लामो दाम्पत्य जीवन सुख सन्तोषपूर्वक नै बितिरहेको छ ।[६९]

## २.१० सन्तान:

झलनाथ खनालका जम्मा दुई सन्तान जन्मिएका हुन् तर हाल उनका एक छोरामात्र रहेका छन् ।[७०] उनका प्रथम सन्तानकारूपमा जन्मिएका छोरा प्रशन्न खनाल दम्पती नै भूमिगत अवस्था रहेको समयमा वि.सं २०४० मा जन्मिएका थिए ।[७१] ती शिशु ३/४ महिनाको उमेरमा विरामी परे र उपचारको राम्रो व्यवस्था गर्न नपाउदै एक रातको छोटो विरामी अवस्थामा मृत्यु भयो ।[७२] यसै गरी खनालका दोश्रो सन्तानकोरूपमा २०४२ सालमा निर्भिक खनालको जन्म भएको थियो ।[७३] हाल उनी भौतिक विज्ञान विषय लिएर अमेरिकाको एक विश्वविद्यालयमा स्नातकोत्तर तहमा अध्ययनरत रहेका छन् ।[७४]

## २.११ दाजुभाइ- दिदीबहिनी:

झलनाथ खनालका दाजुभाइ तथा दिदीबहिनीहरू जम्मा १३ जना हुन् तर ६ जना दाजुभाइ र २ जना दिदीबहिनीबाहेक ४ जना दाजुभाइ र १ जना बहिनीको बिभिन्न कारणले निधन भैसकेको छ ।[७५] खनाल १० दाजुभाइ मध्ये जन्तरे भाइ हुन् भने उनका जेठा दाजु रन्तनाथ खनाल हाल झापाको चारपाने भन्ने ठाँउमा खेती गरिरहेका छन् । त्यस्तै माहिला दाजु यमनारायण खनाल र अन्तरे दाजु तेजप्रसाद खनाल पनि झापाको चारपानेमा नै खेतीमा रहेका छन् भने बीचका सहिलो दाजु गिरीनाथ खनाल र काहिलो दाजु खिलगुरु खनालकोको १८/१९ वर्षको उमेरमा एकैपटक मृत्यु भएको थियो ।[७६] उनका खन्तरे भाइ पोटनाथ खनाल इलामको साखेजुङ्गमा शिक्षण पेसामा सेवारत छन् भने मन्तरे र ठूलोकान्छा भाइहरूको सानै उमेरमा निधन भएको थियो ।[७७] यसैगरी कान्छा भाइ दाताराम खनाल काठमाण्डौ स्थित समाजकल्याण परिषदमा उपाध्यक्ष रहेका छन् ।

[६७] पूर्ववत्
[६८] पूर्ववत्
[६९] पूर्ववत्
[७०] पूर्ववत्
[७१] पूर्ववत्
[७२] पूर्ववत्
[७३] पूर्ववत्
[७४] पूर्ववत्
[७५] पूर्ववत्
[७६] पूर्ववत्
[७७] पूर्ववत्

उनका दिदीबहिनीहरू मध्ये जेठी दिदी र कान्छी बहिनीको विवाह भै सकेको छ भने माहिली बहिनीको पनि निधन भै सकेको छ ।[७८]

## २.१२ आर्थिक स्थिति

झलनाथ खनालको पारिवारिक पृष्ठभूमि उच्चमध्यम वर्गीय रहेको कुरा माथि नै स्पष्ट भै सकेको छ । उनका हजुरबुवाको ज्यादै ठूलो गोठ रहेको तथा त्यतिकै धेरै जग्गा रहेको थियो ।[७९] आफ्ना बावुको धेरै पैतृक सम्पत्तिकारूपमा रहेको जग्गा जमीनमा गरिएको कृषि व्यवसाय तथा पण्डित्याँइबाट खनालका बुवाको राम्रै गुजारा चलेको थियो तर एकपटक उक्त परिवारमा धेरै सन्तानको जन्मका कारण आकार बढेर २२ जनासम्म पुगेको र लाउन खानसम्म पुगे पनि अतिरिक्त खर्चका लागि समस्या पनि भएको थियो ।[८१] यसैकारण खनाल दाजु भाइ २ जनाले एक सेट पुस्तकबाट पालो गरेर पढ्नुपर्ने , उनले इलाम तथा काठमाण्डौ पढ्दा आर्थिक समस्या झेल्नु पर्ने अवस्था पनि आइपर्यो ।[८२] यस्तो समस्या दीर्घरूपमा भने रहेन । हाल खनालको सम्पत्तिकारूपमा इलामको साखेजुङ्गमा ८० रोपनी जग्गा र त्यसमा चियाबगान रहेको छ ।[८३] यस्तै काठमाण्डौंको डल्लु आवास क्षेत्रमा श्रीमान–श्रीमतीले बनाएको साडे तीन तले घर रहको छ । बिभिन्न क्याम्पसहरूमा प्राध्यापनरत खनाल श्रीमाती रवीलक्ष्मीको कमाइले परिवार राम्रैसँग सञ्चालन भै रहेको छ भने राजनीतिमा समर्पित खनाल आफू अर्थोपार्जन गर्दैनन् ।[८४] यसरी झलनाथ खनालको गुजाराका लागि समस्या नपर्ने उच्चमध्यम स्तरीय आर्थिक अवस्था रहको देखिन्छ ।

## २.१३ व्यक्तिगत रुचि तथा स्वभाव

हरेक व्यक्तिका आफ्नै प्रकारका विचार, चिन्तन, रुचि र स्वभाव हुन्छन् । एक व्यक्तिसँग अर्को व्यक्तिको रुचि र स्वभाव फरक हुनु स्वभाविक कुरा हो । मान्छेका रुचि र स्वभाव उसका बाल्यकालीन जीवनदेखिका पारिवारिक र सामाजिक वातावरण, साथीसङ्गतीसगँको हेलमेल पूज्यजन एवम् मान्यजनहरूका व्यवहार राष्ट्रिय अन्तराष्ट्रिय परिवेश, शिक्षादीक्षा आदिबाट प्रभावित रहेको हुन्छ । झलनाथ खनालको स्वभावमा यी विविध प्रसङ्गले थोरबहुत भूमिका खेलेका छन् ।

झलनाथ अत्यन्तै सरल, शालीन धैर्यवान स्वभाव र व्यवहार भएका व्यक्ति हुनुका साथै अरूको कुरा गम्भीररूपले सुन्ने तथा अरूलाई सम्मान गर्ने व्यवहार हुनुपर्दछ भन्ने मान्यता राख्दछन् ।[८५] उनको प्रारम्भिक जीवन ग्रामीण परिवेशमा बितेको कारण उनी नेपाली सस्कृतिमा रुचि राख्दछन् ।[८७] साहित्य, कला आदिजस्ता विषयहरू धेरै मन पराउने खनाल कला हेर्नको लागि विभिन्न मठ, मन्दिर, गुम्बा धाँउछन् यद्यपि उनी कुनै धर्ममा भने विश्वास गर्दैनन् । खानामा सामान्य दालभात, तरकारी, अचार मनपराउने खनाल दहीको

[७८] पूर्ववत्
[७९] पूर्ववत्
[८१] पूर्ववत्
[८२] पूर्ववत्
[८३] पूर्ववत्
[८४] पूर्ववत्
[८५] पूर्ववत्
[८७] पूर्ववत्

सोल्लरमा विशेष रुचि राख्दछन् ।[८९] जीवनका विभिन्न क्षणमा खैनी, चुरोट आदिको समेत सेवन गरेका भए पनि उनले त्यस्ता लतलाई निरन्तरता चाँहि दिएनन् ।[९०] मदिराजन्य पेयको स्वाद पनि थाहा पाएका खनाल पिउने सवालमा विशेष पार्टी तथा भोज आदिमा सहभागिता जनाउनकै लागि आज पनि सहभागीसम्म हुने भए पनि नसाकारूपमा लिन मन पराउदैनन् ।[९१] साहित्यकारमा गोपालप्रसाद रिमाल, लक्ष्मीप्रसाद देवकोटा आदिलाई मन पराउने उनलाईई साहित्यिक बिधामा पढ्न आख्यान र लेख्न कविता मन पर्छ । यस्तै दार्शनिक अध्ययन पनि उनको रुचिको विषय हो । बाजामा मुर्चुङ्गा र मादल मन पराउने उनी गीतकारमा गोपाल योञ्जनलाई अनि गायकमा नारायण गोपाललाई मन पराउछन् ।[९२] फूलमा सयपत्री र लालीगुराँस मन पराउछन् भने रङ्गमा रातो र बुद्धरङ्ग (पहेलोमा गाढा रातो भएको) ।[९३] पाइन्ट र कमेज उनका मनपर्ने कपडा हुन् ।[९४] झलनाथ खनालको रुचिको क्षेत्र प्राकृतिक दृश्यावलोकन पनि हो ।[९५] प्राकृतिक दृश्यावलोकनमा विश्वका बिभिन्न दृश्य हेर्न र स्विजरलेन्डको अग्लो चुली माउन्ट प्लाप चढ्नसमेत भ्याएका उनलाईई सबैभन्दा राम्रो प्राकृतिक दृश्यचाँहि नेपालको दृश्य नै लाग्छ ।[९६] उनलाईई विशेष मन पर्ने नेपाली स्थानहरूमा जोमसोम, खप्तड, सन्दकपुर, श्रीअन्तु आदि पर्दछन् ।[९७]

विद्यार्थी कालदेखि नै अध्ययनका साथै विद्यालयका अतिरिक्त क्रियाकलापमा समेत खनाल निकै रुचि राख्दथे ।[९८] अतिरिक्त क्रियाकलाप अन्तर्गत कविगोष्ठी तथा गीत प्रतियोगितामा उनी भाग लिने र पुरस्कार पनि जित्ने गर्दथे ।[९९] यसैगरी स्कुलका बिभिन्न अवसरमा नाटक प्रदर्शन गर्ने कार्यमा पनि उनको ठूलो भूमिका रहन्थ्यो ।[१००] खेलकूद पनि झलनाथ खनालको रुचिको एक क्षेत्र हो । भलीवल र फुटवल उनका मन पर्ने खेलहरू हुन् भने भलीवलका त उनी स्वयं कुशल खेलाडी पनि हुन् ।[१०१] एकसमय उनको भलीवल टिम इलामको चर्चित टिम थियो ।[१०२] त्यसबेला उनले हानेको सट उठाउन सक्ने अरू खेलाडी इलाममा कमैमात्र थिए ।[१०३]

झलनाथ खनाल साहसी, आँटिला र क्रान्तिकारी स्वभावका व्यक्ति पनि हुन् । समाजमा प्रचलित रुढीवादी मान्यताको चिरफार गर्ने सदाचार र सुव्यवस्था कायम गर्ने तथा शोषणको बिरोध गर्ने विद्यार्थी कालदेखि नै उनले यस्तो स्वभाव देखाएका छन् ।[१०४] उपनयनपश्चात लुगा लगाएर खाना खाने, कुखुराको मासु खाँने जस्ता कार्य गरेर उनले परिवार र आफ्नो समाजमा रहेको रुढीवादी मान्यताको विरोध गरेका थिए भने माध्यामिक

---

[८९] पूर्ववत्
[९०] पूर्ववत्
[९१] पूर्ववत्
[९२] पूर्ववत्
[९३] पूर्ववत्
[९४] पूर्ववत्
[९५] पूर्ववत्
[९६] पूर्ववत्
[९७] पूर्ववत्
[९८] पूर्ववत्
[९९] पूर्ववत्
[१००] पूर्ववत्
[१०१] पूर्ववत्
[१०२] पूर्ववत्
[१०३] पूर्ववत्
[१०४] पूर्ववत्

तहमा अध्ययनरत रहदा स्कुलमा भूगोल तथा गणित विषयको शिक्षकको व्यवस्था नहुँदा ती विषयका शिक्षकहरूको माग गर्दै स्कुलको ब्यवस्थापनको बेवास्था बिरुद्ध विद्यार्थी आन्दोलनको नेतृत्व पनि गरेका थिए । धेरैजनासँग हेलमेल गर्ने अरूको कुरा राम्ररी सुन्ने, गम्भीररूपले विचार प्रस्तुत गर्ने तथा आफ्नो विचारमा दृढ रहने उनी आफ्ना कुरा सरल भाषा र प्रष्टरूपमा अगाडि राख्ने व्यक्ति हुन् ।[१०६] राजनीतिमा नै जीवन समर्पण गरेका उनी फरक मत र फरक विचारको आधारमा व्यक्तिगतरूपमा कसैलाई चिड्याउदैनन् ।[१०७] आफ्ना यिनै असल व्यवहार तथा स्वभावका कारण उनी आफू सम्लग्न पार्टी नेकपा(एमाले) मा विभिन्न पटक गरेर लामो समय महासचिव र पर्टीको आठौं महाधिवेशनपश्चात अध्यक्षको जिम्बेवारी सम्हाल्न पुगेका छन् ।

## २.१४ मानसिक आघात र वियोगका क्षणहरू:

मान्छेको जीवन सुख-दुख, आँशु-हाँसो, हर्ष-विष्मात्, उत्थान-पतन तथा सफलता-विफलताको बीचमा बितिरहेको हुन्छ । जीवनको भोगाइ र सम्झौतामा उसले दु:ख, बिछोड, विरह, वेदनाजस्ता भावहरूको पनि सामना गर्नु पर्दछ । झलनाथ खनालको जीवनमा पनि यस्ताप्रकारका आन्तरिक संवेदनाका क्षणहरूले स्थान लिएका छन् । अध्ययनको क्रममा, दाजुहरू तथा बहिनीको निधनमा, राजनैतिक यात्राको क्रममा तथा सामाजिक क्रान्तिका क्रमजस्ता जीवनका विविध समयमा उनले मानसिक आघात र वियोगका क्षणहरू भोगेका छन् ।

झलनाथ खनालको सबैभन्दा ठूलो आघात तथा वियोगको क्षण उनका दुईजना दाजु तथा एकजना बहिनीको निधनको समयमा रहेको थियो ।[१०८] वि.सं २०१८ सालमा उनका ३ जना दाजु- बहिनीको निधन ३ दिनमा भएको थियो जसमा उनका साहिला दाजुलाई एकदिन ज्वरो आयो ।[१०९] त्यसै गरी भोलिपल्ट र पर्सिपल्ट क्रमश: काहिला दाजु र बहिनीलाई पनि ज्वरो आउन थाल्यो ।[११०] बीचमा उपचारका लागि तत्कालीन समयमा उपलब्ध हुने अनेकौं प्रयास गर्दा पनि साहिलो दाजु बिरामी भएको सत्रौं अठारौं र उन्नाइसौं दिनमा क्रमश: ३ जनाकै निधन भएको थियो ।[१११] यस घटनाले खनाल आफूलाईमात्र नभएर उनको परिवार, गाउँ तथा शुभचिन्तक सबैमा ठूलो चोट परेको थियो ।

यसैगरी उनका बिरुद्ध तत्कालीन रुढीवादी तथा सामन्तहरूले गरेको एक धर्मसभाले पनि खनाललाई ठूलो आघात परेको थियो ।[११२] उपनयन पश्चात धरो फेरेर खाना खाने परम्परालाई केही समय निरन्तरता दिएपनि उनले अध्ययनका क्रममा घर छाड्नुपर्ने भएपछि कपडा लगाएरै खाना खान थालेका थिए ।[११३] यही विषयलाई लिएर केही ठूलाठालु भनिनेहरूको आयोजनामा उनको गाँउमा एकपटक धर्मसभा गरिएको थियो ।[११४] त्यस सभाले उनलाईई ब्राम्हणले गर्नुपर्ने कर्तव्य पालना नगरेको आरोपमा जात काढ्ने

[१०६] पूर्ववत्
[१०७] पूर्ववत्
[१०८] पूर्ववत्
[१०९] पूर्ववत्
[११०] पूर्ववत्
[१११] पूर्ववत्
[११२] पूर्ववत्
[११३] पूर्ववत्
[११४] पूर्ववत्

निधो गरेको थियो ।[११५] यसले उनको मनमा आघात पर्नुका साथै आक्रोशित पनि बनाएको थियो । यस्तै सबै विषयका पर्याप्त शिक्षकको अभावमा अध्ययनलाई अगाडि बढाउनु पर्ने बाध्यताका बीच अध्ययन गरिरहेका खनालको एस.एल.सी को परीक्षामा ०.५%ले प्रथम श्रेणीको नम्बर नपुग्दा आघात परेको थियो ।[११६] स्कुलमा पुरै कोर्स पढाइ नभएको तथा ट्युसन पनि पढ्न नपाएकाले हिसावसमेत उदाहरणका आधारमा गर्नुपर्ने हुँदा उक्त परीक्षामा प्रथमश्रेणी ल्याउन नसकेको कुरालाई लिएर उनी आज पनि दु:ख व्यक्त गर्दछन् ।

राजनैतिक यात्राका क्रममा पनि झलनाथ खनालले आघात र वियोगका क्षणहरू बिताएका छन् । उनलाईई २०४६ साल पूर्व तत्कालीन पञ्चायती प्रशासनले विभिन्न पटक जेल हाल्ने तथा यातना दिने कार्य गरेको थियो भने बाग्लुङ् र इलाम जिल्लामा शिक्षणका क्रममा पनि सङ्गठन विस्तार तथा विद्यार्थी परिचालन गरेको आरोपमा पक्राउ गरेको थियो ।[११७] त्यस समयमा हुने गरेको प्रशासनको अमानवीय व्यवहारले उनमा आघात परेको थियो ।[११८] यसप्रकार उनका जीवनमा दु:खकष्ट समस्या र मानसिक आघातका स्थितिहरू पनि आइपरेका छन् ।

## २.१५ सन्तुष्टि र ग्लानिका क्षणहरू:

### २.१५.१ सन्तुष्टि:

कुनै पनि कुराको सफलताको प्राप्तिसँग सन्तुष्टिको कुरा जोडिएर आउँछ । जव मानिस कुनै कुरामा सफल हुन्छ तव उसले सन्तोषको अनुभव गर्दछ भने ऊ विफल हुँदा असन्तोष रहन्छ । जीउनका लागि सङ्घर्ष गरिरहनु पर्ने हुँदा यस क्रममा मानिसले कहिले सफलता हात पर्छ भने कहिले असफलता पनि हात पर्छ । यसै अनुसार नै मानिसले सन्तुष्टि र असन्तुष्टि प्राप्त गर्दछ । झलनाथ खनालका जीवनमा पनि यस्ता सन्तुष्टि र असन्तुष्टिका क्षणहरू आइपरेका छन् । सन्तुष्टिका पक्षको कुरा गर्दा उनी आफूले गरेका अधिक कार्यमा सन्तुष्टि पाएको बताउछन् । 'लगनशीलता, मेहनत र आत्मविश्वासपूर्वक कार्य गरे पक्कै पनि सफलता हात लाग्छ' भन्ने खनाल यही कारण आफूले हातहालेका कार्य प्राय: सफल हुने गरेको बताउछन् ।[११९] अध्ययनका क्रममा माध्यामिक तहसम्मका कक्षामा कक्षा र स्कुल प्रथम हुँदै आउनु, नियमितरूपमा आई.एस्सी र बी.एस्सी पूरा गर्नु तथा औपचारिक अध्ययनको क्रम टुटेको केही वर्षपछि पनि बी.ए जम्मा २६ दिन पढेर द्वितीय श्रेणीमा पास गर्नुलाई उनी आफ्नो शैक्षिक क्षेत्रमा प्राप्त गरेका सन्तुष्टिकारूपमा लिन्छन् भने राजनीतिका क्षेत्रमा २०४६ साल तथा २०६२/६३ का आन्दोलनहरूबाट प्राप्त भएको सफलतालाई सारा नेपालीकै र आफ्नो पनि सन्तुष्टिको क्षणकारूपमा लिन्छन् ।[१२०] यस्तै आफू सम्लग्न दलको नेतृत्व गर्ने जम्मेवारी पाएको

[११५] पूर्ववत्
[११६] पूर्ववत्
[११७] पूर्ववत्
[११८] पूर्ववत्
[११९] पूर्ववत्
[१२०] पूर्ववत्

क्षणलाई पनि खनाल सन्तुष्टिको क्षणकोरूपमा लिएका छन् ।[१२१] यति भएर पनि बितेका समयमा प्राप्त भएका सफलतामामात्र रमाएर बस्नु नहुने एवं धेरै काम अझै गर्न बाँकी रहेको उनी बताउछन् ।[१२२] पूरा गर्नुपर्ने कामको शृङ्खला नै रहेको र त्यसैको पूर्नताका लागि उनी आफू अगि बढिरहेको र प्रयासरत रहेको कुरा व्यक्त गर्दछन् ।[१२३]

## २.१५.२ ग्लानि

जव विगतमा गरिएका कार्यहरूको समीक्षा गर्दा आफूलाई कुनैवेला नगर्नुपर्ने कार्य गरेको वा गल्ति नै गरेछुँ भन्ने हिनताको अनुभव हुन्छ, तव त्यस कार्यप्रति ग्लानि महसुस हुन्छ । कुनै पनि मानिसले गर्ने सबै कार्य सही नै हुन्छन् भन्न सकिदैन । कार्य गर्दैगर्दाको समयमा सही लागे पनि पछि कति कार्यले गलत प्रभाव पारिरहेका पनि हुन सक्छन् । यसैगरी कहिले काँहि गलत निर्णय गर्ने वा कमजोरी प्रस्तुत गर्ने मानवीय स्वभाव पनि हो । यस्तै गल्ति-कमजोरीले नै मानिसलाई ग्लानि महसुस हुन्छ । झलनाथ खनालका जीवनमा पनि विगतका कमजोरीले आज ग्लानि महसुस गराएका अनुभव रहेका छन् ।[१२४]

खनालले पनि सामान्यत सबै बालकहरूले गर्ने चकचक र कमजोरीजस्तै बाल्यकालमा गल्ति-कमजोरी गरेका थिए । स्कुल जाँदा साथीहरूसगँ गर्ने चकचकका, अरूको बारीमा फलफूल टिपेर गरेका फटाँइका जस्ता अनुभव उनका पनि रहेका छन् तर त्यस्ता गल्तिहरू बाल्य स्वभाव भएको तथा तिनले खासै ठूलो असर पनि नपार्ने भएकाले उनी त्यसलाई ठूलोरूपमा लिदैनन् ।[१२५] बौद्धिक परिपक्क बनिसकेपछि पनि उनको गल्ति हुन पुगेको कार्यको अनुभवसमेत रहेको छ । वि.सं २०४६ को जनआन्दोलनपश्चात प्राप्त भएको प्रजातन्त्र पछिको पहिलो निर्वाचनबाट निर्मित संसदमा नेकपा(एमाले) को तर्फबाट संसदीय दलको नेता मनमोहन अधिकारी थिए ।[१२६] त्यसबेला पार्टीमा संसदीय दलको उपनेताको पनि आवश्यकता ठानियो ।[१२७] यसै अनुरूप माधवकुमार नेपाल, झलनाथ खनाल आदि नेता बसेर उनै खनाललाई उपनेता बनाउने सल्लाह भएको थियो तर दलको बैठकमा आउँदा मदन भण्डारीले सी.पी मैनालीलाई उपनेता बनाउने प्रस्ताव लिएर आए ।[१२८] यस प्रस्तावबाट नेतालाई सहयोग पुग्ने कुरामा सङ्का राखी खनालले असन्तुष्टि व्यक्त गरे र चित्त पनि दु:खाए ।[१२९] यसै कारण सधै मदन भण्डारीसँगै दलको बैठकको अग्रभागमा बस्ने खनाल सधैको ठाँउ छोडेर अन्तिम बेञ्चमा गएर बसे ।[१३०] यसरी आफ्नो दलको बैठकको एउटा निर्णयमा मदन भण्डारीसँग मतभेद भएको र आफूले अन्तिम

[१२१] पूर्ववत्
[१२२] पूर्ववत्
[१२३] पूर्ववत्
[१२४] पूर्ववत्
[१२५] पूर्ववत्
[१२६] पूर्ववत्
[१२७] पूर्ववत्
[१२८] पूर्ववत्
[१२९] पूर्ववत्
[१३०] पूर्ववत्

बेञ्चमा गएर बसेको घटनालाई भने खनाल ठूलै कमजोरी भएको ठान्दछन् र आफ्नो उक्त कार्यप्रति ग्लानि महसुस पनि गर्दछन् ।[१३१]

## १.१६ राष्ट्रिय र अन्तराष्ट्रियस्तरमा गरेका कार्यहरू

मानिसले जीवनभर कुनै न कुनै कार्य गरिनै रहेको हुन्छ । जीवनभर गरेका सबै कार्य उत्तिकै महत्वपूर्ण भने हुँदैनन् । कार्यहरूको तुलना गर्दा तिनको महत्व केही कम वा बढी हुने भए पनि धेरै नै महत्वपूर्ण कार्य गर्नका लागि व्यक्तिले पाएको अवसर र ऊ रहेको स्थानले पनि भूमिका खेलेको हुन्छ । महत्वपूर्ण स्थान र अवसर पाएको अवस्थामा गरेको महत्वपूर्ण कार्यले कुनै व्यक्तिको व्यक्तिगत र पारिवारिकरूपमामात्र नभएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमै महत्व राख्नुका साथै लाभ पुर्याउन सक्ने हुन्छ । झलनाथ खनालले पनि आफू त्यस्तो महत्वको स्थानमा पुगेर महत्वपूर्ण कार्य पनि गरेका छन् जुन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको कार्यकोरूपमा रहेको पाइन्छ ।

नेपालमा स्वतन्त्रता र स्वधीनताका लागि विभिन्न समयमा विभिन्न किसिमका सङ्घर्ष प्रयासहरू हुने गरेका भए पनि नेपाली भूमिमाथिको आकाशको अधिकारका बारेमा पुग्नुपर्ने जति ध्यान पुग्नसकेको थिएन ।[१३२] यही कारणले नेपालले आफ्नो आकाशको स्वामित्व गुमाउन लागेको अवस्था आएको थियो ।[१३३] यसैबीच बि.सं २०५३/५४ तिर खनाल सूचना तथा सञ्चार मन्त्री भएर यही समयमा नेपालले आफ्नो आकाशको स्वामित्व जोगाउने सवालमा महत्वपूर्ण भूमिका निर्वाह गरे ।[१३४] उनको यही भूमिकाको कारण सारा नेपालीले आज आफ्नो आकाश भन्न र नेपालले यसमा आफ्नो अधिकार प्रयोग गर्न पाएको छ ।[१३५] उनको यो कार्यलाई राष्ट्रिय र अन्तराष्ट्रिय स्तरको कार्यकारूपमा लिन सकिन्छ ।

## २.१७ जागिरे जीवन

झलनाथ खनालले बी.एस्सीसम्मको अध्ययनलाई पूरा गरेपछिमात्र जागिर खानेबारे सोच बनाएका थिए ।[१३६] उनको राजनैतिक सक्रियता भने यस अघिदेखि नै रहेको थियो । बी एस्सी को अध्ययन पछि उनी वि.सं २०२७/२८ तिर धौलागिरी अञ्चलको बाग्लुङ्ग जिल्लास्थित गलकोट माध्यामिक विद्यालय गलकोटमा विज्ञान शिक्षककोरूपमा जागिर खान पुगेका थिए तर शिक्षण कार्य सुरु गरको केही समयपश्चात तत्कालीन पञ्चायती प्रशासनले उनलाईई सङ्गठनमा लागेको तथा विद्यार्थी परिचालन गरेको अभियोगमा सेवाबाट निष्कासन गरेको थियो[१३७] यसैगरी २०२८/२९ सालतिर विज्ञान शिक्षककैरूपमा शिक्षण गर्न उनी मेची अञ्चलको इलाम जिल्ला स्थित भानुभक्त माध्यामिक विद्यालय मङ्गलबारेमा पुगे तर त्यहाँ पनि उनी राजनैतिक संलग्नताको अभियोगमा पक्राउ भई जेल परे ।[१३८] यसप्रकार केही समयका लागि उनले शिक्षककारूपमा कार्य गरेका भएपनी उनको त्यो जागिरे जीवन

[१३१] पूर्ववत्
[१३२] पूर्ववत्
[१३३] पूर्ववत्
[१३४] पूर्ववत्
[१३५] पूर्ववत्
[१३६] पूर्ववत्
[१३७] पूर्ववत्
[१३८] पूर्ववत्

राजनैतिक कारणले जम्मा २ वर्ष अवधिको पनि हुन पाएन ।[१३९] यसपछि राजनीतिमा नै पूर्णरूपमा समर्पित खनालले जागिर खाएका छैनन् ।[१४०]

## २.१८ राजनैतिक जीवन

कार्यगत हिसाबले झलनाथ खनालको राजनैतिक जीवन भोगाइका अन्य पाटाहरूभन्दा मुख्य बनेर आएको देखिन्छ । स्कुले अवस्थामा हुँदा नै विद्यालयका शैक्षिक समस्यासँग जुध्ने क्रममा तथा स्कुलमा अतिरिक्त क्रियाकलापका पमा हुने विभिन्न कार्यक्रममा सहभागी हुने क्रममा उनले नेतृत्वको विकास गरिसकेका थिए भने त्यही समयमा गाँउ समाजमा हुने गरेका धनी र गरीवका बीचको तथा महिला र पुरुषबीचको भेदभावपूर्ण व्यवहारले उनमा त्यसप्रति बिरोध गर्नुपर्ने मनोवैज्ञानिक भावनाको विकास पनि भैसकेको थियो ।[१४१] यसै पृष्ठभूमिमा उनले २०२०/२१ सालदेखि नै जनहितका पक्षमा आफ्नो विद्यार्थी राजनीति सुरुगरेका थिए ।[१४२] आफ्नो राजनैतिक यात्रालाई अगाडि बढाउने क्रममा २०२३ सालमा उनी मेची विद्यार्थी युनियनको अध्यक्ष भए ।[१४३] वि.सं २०२५ सालमा भएको अनेरास्ववियूको पाचौं राष्ट्रिय सम्मेलनमा प्रतिनिधिकारूपमा छनौट भएका खनालले आई.एस्सी पढ्दाताका त्रिचन्द्र कलेजमा विज्ञान विषयमा कोटा थप्ने तथा विद्यार्थीको हक हितका लागि युनियन निर्माण गर्ने लगायतका आन्दोलन र कार्यक्रमहरूमा पनि महत्वपूर्ण भूमिका निभाएका थिए ।[१४४] जीवन भोगाइका क्रममा वि.सं २०२७ र २०२९ सालमा शिक्षण पेसा अगाल्न क्रमशः बागलुङ र इलाम पुगेका उनी राजनैतिक कारण नै पेसाबाट छुट्न पुगे भने २०३१/३२ सालमा को–अर्डिनेसन केन्द्रको स्थापना हुँदा संस्थापक मध्येका एक व्यक्ति उनी नै थिए ।[१४५] यसैगरी २०३४ सालमा नेकपा (माले) को गठन गर्ने काममा समेत सस्थापकीय भूमिका निर्वाह गरेका उनले पार्टीलाई अप्ठ्यारो अवस्थामा पनि अगाडि बढाउने क्रममा २०३९ सालदेखि २०४७ सालसम्म महासचिव भएर कार्य गरे ।[१४६] नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासमा २०४६/४७ तिर संयुक्त वाममोर्चाको गठन हुँदासमेत नेतृत्वदायी भूमिका निभाएका उनले नेकपा (एमाले) पार्टीको गठन भए पश्चात यसको पाचौं, छैटौ र सातौ महाधिवेशनमा प्रत्येक पटक स्थायी, पोलिट्ब्युरो र केन्द्रीय कमिटिमा रहेर कार्य गरे ।[१४७] यस्तै २०६१ सालदेखि उनले पार्टीको कार्यवाहक माहसचिव र २०६४/०६५मा महासचिवकोरूपमा पनि कार्य गरे भने २०६५ सालमा भएको पार्टीको आठौं महाधिवेशनमा अध्यक्ष पदमा निर्वाचित भएर कार्य गरिरहेका छन् । राजनैतिक दला तथा त्यसका सङ्गठन सुदृढ गर्ने क्रममा विद्यार्थी राजनीति र मूल राजनीति गर्दासमेत भारत र विदेशका विभाग पनि हेर्दै आएका खनालले देश भित्रैका परिवर्तनका घटनामा पनि ठूलो भूमिका निभाएका छन ।[१४८] यस सन्दर्भमा २०४६ सालको आन्दोलनका क्रममा बहुदलवादी दलहरूको एकता गर्ने उच्च तहमा उनले कार्य गरेका

---

[१३९] पूर्ववत्
[१४०] पूर्ववत्
[१४१] पूर्ववत्
[१४२] पूर्ववत्
[१४३] पूर्ववत्
[१४४] पूर्ववत्
[१४५] पूर्ववत्
[१४६] पूर्ववत्
[१४७] पूर्ववत्
[१४८] पूर्ववत्

थिए भने ०६२/६३ को आन्दोलन सफल पार्न ठूलो हात रहेको सातदलको संयन्त्रमा पनि उनी सक्रिय प्रतिनिधि थिए ।[१४९] नँया सविधान बन्दै गरेको यस अवस्थामा आएको राजनैतिक समस्या समाधान गर्न बनेको शीर्ष संयन्त्रमा पनि हाल उनको सक्रियता रहिरहेको छ । निर्वाचित जनप्रतिनिधि र सार्वजनिक पद सम्हाल्ने सन्दर्भमा पनि झलनाथ खनालले भूमिका निर्वाह गरेका छन् । यस सन्दर्भमा उनी २०४८ सालमा भएको आमनिर्वाचन तथा २०५१ सालमा भएको मध्यावधि निर्वाचनमा इलाम जिल्लाको क्षेत्र नं १ बाट संसदमा निर्वाचित भएका थिए ।[१५०] यसै गरी वि.सं २०६२/६३ को आन्दोलन पश्चात भएको सविधान सभाको निर्वाचनमा उनी इलाम क्षेत्र नं १ बाटै निर्वाचित भएर कार्य गरिरहेका छन् । यस्तै २०४७ सालको अन्तरिम सरकारका कृषि, भूमिसुधार तथा व्यवस्था एवम् वन तथा वातावरण मन्त्री अनि २०५३ सालको गठबन्धन सरकारमा सूचना तथा सञ्चार मन्त्री भएर पनि कार्य गरेका छन् ।[१५१]

यस प्राकार झलनाथ खनालको राजनैतिक जीवन २०२०/२१ सालदेखि नै सुरु भएर आजसम्म पनि अगाडि बढिरहेको छ भने उनले आफूसंलग्न पार्टीको स्थापना गर्नेदेखि केन्द्रीय तहको राजनैतिक क्रियाकलाप सञ्चालन गर्दै आएका छन् । यसैगरी पार्टीलौ सरकार सञ्चालन गर्ने अवसर पाँउदा उनले दुईपटकसम्म मन्त्रीको जिम्वेवारी पनि कुशलतापूर्वक पूरा गरेका छन् ।

## २.१९ जेलजीवन

झलनाथ खनाल मुख्यत: राजनैतिक व्यक्तित्व भएकाले नेता र जनताको राजनैतक क्रियाकलापलाई शासकले प्रतिरोध गरेका अवस्थामा जेलजीवनको भोगाइको अनुभव पनि उनले सगालेका छन् । आजसम्ममा विभिन्न पटक जेलको कठोर अनुभव लिएका उनी प्रथम पटक बागलुङ जिल्लाको गलकोटमा शिक्षण पेसामा सेवारत रहदा पञ्चायती व्यवस्थाको विरोधमा लागेको तथा सङ्गठनमा लागेको अभियोगमा केही महिना जेल परेका थिए ।[१५२] यस पछि धवलागिरी अञ्चल निष्कासन गरिएका उनी भानुभक्त मा.वि मङ्गलबारे इलाममा शिक्षण सेवामा रहदा उही अभियोगमा २०२९ सालमा पुन: पक्राउ परे र १४ महिना लामो कठोर करावास भोगे ।[१५३] यही समयमा उनी इलाम एरिया बन्दीमा पनि परेका थिए । यस्तै २०३१ सालमा तत्कालीन राजा श्री ५ विरेन्द्रको शुभ राज्याभिषेकको समयमा पनि पक्राउ परेर उनी ६ महिना थुनिएका थिए ।[१५४] यस पछि २०३३ साल भाद्रमा पनि पक्रिइएका खनाल २०३७ साल वैषाख १ गतेसम्म कारावास बसेका थिए ।[१५५] पटक-पटकका यी कारावास भोगेका खनालले जेलमा कठोर यातना पनि भोगेका थिए ।[१५६] यस पछि २०६२/६३को आन्दोलनले सफलता पाउनुपूर्व राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनको समयमा पनि पक्राउ खाएका थिए तर यस बेला भने उनले

[१४९] पूर्ववत्
[१५०] पूर्ववत्
[१५१] पूर्ववत्
[१५२] पूर्ववत्
[१५३] पूर्ववत्
[१५४] पूर्ववत्
[१५५] पूर्ववत्
[१५६] पूर्ववत्

लामो समयको बन्दी हुनु परेन ।[१५७] यस प्रकार पटकपटक जेलनेल भोगेका झलनाथ खनालको जीवनीमा जेल जीवन पनि भोगाइको एउटा पाटोकारूपमा रहेको पाइन्छ ।

## २.२० भूमिगत जीवन

नेपाली राजनीतिमा पञ्चायती तानासाहहरूले शासन सत्ता चलाएर राज गरिरहेको अवस्थामा २०२०/२१ सालदेखि नै आफ्नो राजनैतिक यात्रालाई अगाडि बढाएका झलनाथ खनालले नेपाल बहुदलीय प्रजातन्त्र र गणतन्त्रको व्यवस्था भएको मुलुककारूपमा स्थापित गर्ने सन्दर्भमा लामो समय भूमिगत जीवन पनि विताउनु पर्यो । यस सन्दर्भमा उनले को-अर्डिनेसन केन्द्रको स्थापना गरेदेखिनै आफू भूमिगत रहन सुरु गरेका थिए तर पुरै भूमिगत नभैसकेका कारण यसबीचमा उनलाईई तत्कालीन प्रशासनले पनि दु:ख दिइ नै रह्यो ।[१५८] वि.सं २०३७ सालदेखि भने पूर्ण भूमिगत भएका खनाल एकैपटक २०४६ सालको खुलामञ्चको ऐतिहासिक जनसमूहलाई सम्बोधन गर्न सार्वजनिक भएका थिए ।[१५९] वि.सं २०३९ सालदेखि २०४७ सालसम्म पार्टीको महासचिवकोरूपमा कार्य गर्दा पनि भूमिगत नै रहेका उनले यस बीचका धेरै समय प्रवासमासमेत बस्नु परेको थियो। यसरी भूमिगत वस्नु परेकै कारण बुद्धिरत्न, अभिमन्यू, नरेश जस्ता छदमनाम प्रयोग गर्नु परेको थियो भने छदमनाम प्रयोग गरेरै पनि उनी बस्न चाहिँ जनताकै माँझमा आफ्नो कार्य अगाडि बढाउदै नै रहे ।[१६०] यस प्रकार राजनैतिक यात्रामा लामो समय भूमिगत रहेका खनालको भूमिगत जीवन पनि जीवनीको एक पाटो बनेको पाइन्छ ।

## २.२१ स्रष्टा जीवन:

कुनै पनि साहित्यको सिर्जनात्मक गतिविधिमा पृष्ठभूमि र परम्परा रहेको हुन्छ । साहित्यकार कुनै व्यक्ति, घटना, राष्ट्रिय-अन्तराष्ट्रिय परिवेश, जीवनको भोगाइ, समाज, सस्कृति आदिबाट प्रेरित र प्रभावित रहेको हुन्छ । यसबाहेक स्रष्टाको सिर्जनामा स्वतस्फूर्त प्रतिभाले पनि भूमिका खेलेको हुन्छ । यसरी प्रभाव, प्रेरणाको ग्रहण एवम् प्रतिभाको उपयोग गर्ने साहित्यकारले मानवजीवनको हीत र उन्नति, विचारको प्रस्तुति तथा आत्मिक सन्तुष्टिका लागि साहित्य सिर्जना गरेको हुन्छ । झलनाथ खनाल साहित्यको क्षेत्रमा स्कुले अवस्थादेखि नै प्रवेश गरेका हुन् । उनको साहित्यिक जीवनमा के-कस्तो प्रभाव छ, सिर्जित रचनाहरू के-कस्तो अवस्थामा छन् प्रकाशित रचना र पुस्तकाकार कृतिको स्वरूप कस्तो छ र कुन विधामा बढी कलम चलेको छ भन्ने कुरालाई यँहा अध्ययन गर्न सकिन्छ ।

### २.२१.१ प्रभाव, प्रेरणा र प्रारम्भ:

झलनाथ खनालको पारिवारिक पृष्ठभूमि हेर्दा त्यति राम्रो साहित्यिक वातावरण रहेको पाइदैन । उनका मातृवशंमा पनि साहित्यिक व्यक्तित्वहरू नरहेको भए पनि

---

[१५७] पूर्ववत्

[१५८] पूर्ववत्

[१५९] पूर्ववत्

[१६०] पूर्ववत्

साहित्यिक अध्ययन र अन्य कुराहरूको लेखनमा केही झुकाव रहेको परम्परा पाइन्छ ।[१६१] उनका हजुरबुवा उमाकान्त संस्कृतका ज्योतिष, पूराण आदि विषयका पुस्तकहरूको अध्ययन गर्ने गर्दथे भने आयुर्वेद, पशु उपचार पद्धति, ज्योतिष जस्ता विषयमा लेख्ने कार्य पनि गर्दथे ।[१६२] यस्तै गरी बुवा पुङ्गनाथ पनि संस्कृतकै पूराण धर्मग्रन्थ आदिको अध्ययन गरी नै रहन्थे ।[१६३] बेलामौकामा बुवाले लय हालेर वचन गर्ने संस्कृतका सूक्तिहरूले तिनको अर्थ नबुझे पनि लयका कारण खनालमा साहित्यिक प्रभाव पारेको पाइन्छ ।[१६४] यस्तै देवीभागवत कण्ठस्थ भएकी उनकी आमाको श्लोकहरू वाचन गर्ने तथा उनलाईई नै पढ्न लगाएर सुन्ने बानीले पनि उनको सहित्यिक झुकावमा बृद्धि भएको पाइन्छ ।[१६५] खनाल आफूले पहिलो पटक पढेको साहित्यिक पुस्तक गुरुप्रसाद मैनालीको 'नासो' कथा सङ्ग्रह हो ।[१६६] यसपछि उनले गोपालप्रसाद रिमालका 'मसान' र 'यो प्रेम' जस्ता नाटकहरू पनि पढ्ने अवसर पाएका थिए ।[१६७] बाल्यकालका यिनै विभिन्न पृष्ठभूमिबाट उनले साहित्यिक प्रेरणा र प्रभाव ग्रहण गरेको पाइन्छ भने विद्यार्थीकालमा अध्ययन गरेका पाठ्यक्रमभन्दा बाहिरका कथा, नाटक, कविता, उपन्यास, व्यङ्ग्य आदिले उनलाईई साहित्यतर्फ आकर्षित गरेको थियो ।[१६८]

झलनाथ खनालको साहित्यिक लेखनको आरम्भको मिति यकिन नभए पनि स्कुले जीवनबाट नै सुरु भएको पाइन्छ । उनी २०१९/२० साल तिरै हाइस्कुलको छात्र हुँदा नै कविता लेख्ने र मौका–अवसर पाउँदा सभा गोष्ठीहरूमा गएर सुनाउने गर्दथे ।[१६९] प्रकाशनका दृष्टिले चाहिँ २०२४/२५ सालतिरमात्र उनको कविता पहिलो पटक छपियो र त्यसपछि एकदुई रचनाहरू बाहिर आए ।[१७०] तिनताका लेखिएका अनेकौ कविताहरू अहिले हराइसकेका छन् ।[१७१] उनले प्रारम्भदेखि रचना गरेका करिव १५० गीत–कविताहरू तत्कालीन प्रशासनले नष्ट गरिदिएकाले उनका सुरुका रचना उपलब्ध नभएका हुन् भने यसै कारण प्रथम रचना पनि पत्ता लगाउन नसकिने अवस्था भएको हो।[१७२] हालको प्राप्यताका आधारमा उनको पहिले रचना गरेको कविताकारूपमा २०२५ सालमा रचित **'नयाँ अठोट'** शीर्षकको कविता रहेको छ । उनको प्रथम कवितासङ्ग्रह भने **'शताब्दीको पहिलो बिहानी'** शीर्षकको कवितासङ्ग्रह हो जुन २०५९ सालमा प्रकाशित भएको हो ।

## २.२१.२ प्रकाशित कृति:

करिव साढे चार दशक लामो साहित्यिक यात्रा पूरा गरिसकेका झलनाथ खनालको साहित्यिक लेखन फुटकर लेखरचनामा नै रमेको पाइन्छ । नेपाली साहित्यको सेवा गर्ने क्रममा उनले नेपाली साहित्यका विविध फाँटमा कलम चलाएका छन् । उनले

[१६१] पूर्ववत्
[१६२] पूर्ववत्
[१६३] पूर्ववत्
[१६४] पूर्ववत्
[१६५] पूर्ववत्
[१६६] पूर्ववत्
[१६७] पूर्ववत्
[१६८] पूर्ववत्
[१६९] झलनाथ खनाल, शताब्दीको पहिलो बिहानी, काठमाण्डौ: कञ्चनजङ्घा प्रकाशन २०५९, पृ.८
[१७०] पूर्ववत्
[१७१] पूर्ववत्
[१७२] शोधनायकबाट प्राप्त जानकारी

मुख्यरूपमा कविता विधामा कलम चलाएको पाइन्छ । त्यसैगरी उनले कविताका अतिरिक्त गीत, निबन्ध, कथा, उपन्यास आदि क्षेत्रमा कलम चलाएका छन् । उनका कतिपय रचनाहरू नेपाल र भारतका बिभिन्न पत्र–पत्रिकामा पनि प्रकाशित भएका छन् जुन प्रारम्भिक कालका लेख रचना भारतका पत्र–पत्रिकामा प्रकाशित भए भने पछिल्लो रचना नेपाली पत्रपत्रिकामा प्रकाशित भएका छन् ।[१७३] पुस्तकाकाररूपमा प्रकाशित भएका उनका कृति तथा तिनको विवरण सूची प्रकाशन वर्षको आधारमा तल दिइएको छ:

| **क्र.सं.** | **साहित्यिक कृतिहरूको नाम** | **बिधा** | **प्रकाशन वर्ष** |
|---|---|---|---|
| १ | **"शताब्दीको पहिलो बिहानी"** | कवितासङ्ग्रह | २०५९ |
| २ | परिवर्तनका तरङ्गहरू | गीति एलवम | २०६५ |

| | **साहित्येतर कृतिहरूको नाम** | **बिधा** | **प्रकाशन वर्ष** |
|---|---|---|---|
| १. | आप्रवाशन तथा भूराजनैतिक समस्याबारे केही कुराहरू | राजनैतिक दर्शन | २०४१ |
| २ | अन्तर्राष्ट्रवाद कि नवट्राटस्कीपन्थि पुच्छरवाद? | राजनैतिक दर्शन | २०४२ |
| ३ | चुनाव अभियान सम्बन्धी रचनाहरू | राजनैतिक दर्शन | २०४३ |
| ४ | पञ्चायती प्रतिनिधि संस्था र जनपक्ष | राजनैतिक दर्शन | २०४४ |
| ५ | नेपाली समाज र क्रान्तिका मुद्दाहरूमा चलेका केही बहसहरू | राजनैतिक दर्शन | २०४५ |
| ६ | हामीले संसदमा गएर के गर्यौं ? | राजनैतिक दर्शन | २०५१ |
| ७ | राष्ट्रिय सूचना महामार्ग: हाम्रो अपरिहार्य दिशा | राजनैतिक दर्शन | २०५४ |
| ८ | लोकतन्त्रिक नेपालको मार्ग चित्र | राजनैतिक दर्शन | २०६४ |

## २.२२ अविस्मरणीय क्षण:

जीवन भन्नु भोगाइ पनि हो । जीवन भोगाइका क्रममा मान्छेमा सुख–दु:खका बिभिन्न अनुभवहरू संगालिन्छन् । यस क्रममा मानिसले कहिले सामान्य खनालका अनुभवहरू बटुल्छ भने कहिले गहिरो प्रभाव पार्ने विशिष्ट खालका अनुभव हाँसिल गर्ने अवसर पनि प्राप्त गर्दछ । यही गहिरो प्रभाव पार्ने विशिष्ट अनुभव हाँसिल गर्दाको क्षण नै अविस्मरणीय क्षणकारूपमा रहन्छ । झलनाथ खनालको जीवनमा वि.सं २०४६ (९ अप्रिल १९९०) को दिनको घटना अविस्मरणीय क्षणकोरूपमा रहेको छ ।[१७४] उनी त्यसबेला तत्कालीन नेकपा(माले) दलबाट राजनीति गर्दै थिए । निर्दलीय व्यवस्थामा प्रशासनको कारण एघार वर्षलामो भूमिगत जीवन विताएका खनाल संयुक्त जनआन्दोलन समेतमा सक्रियरूपमा लागेर आन्दोलन सफल भएपछि उक्त दिन जनसभालाई सम्बोधन गर्न खुलामञ्चमा सार्वजिक भएका थिए ।[१७५] उक्त दिन उनकोमात्र नभएर सारा नेपालीको नै अविस्मरणीय दिनकोरूपमा रहेको थियो । आफू समर्पित दलको महासचिव बनेका खनाल भूमिगत

[१७३] पूर्ववत्
[१७४] पूर्ववत्
[१७५] पूर्ववत्

रहेर नै नेपाली जनताका भावना र चाहानालाई कुठाराघात गर्ने निर्दलीय व्यवस्थाका विरुद्ध लड्दै र तिनका चुनैतीहरूको सामना गर्दै प्रजातन्त्रको स्थापना गर्न सफल भएपछि सार्वजनिक भएको क्षणलाई उनी अविस्मरणीय क्षणकारूपमा लिन्छन् ।[१७६]

## २.२३ बसोबास:

झलनाथ खनालको पैतृक थलो इलाम जिल्लाको साखेजूङ गाविस हो । खनाल पनि निकै लामो समयसम्म त्यही स्थानलाई स्थायी बसोबासको स्थानकोरूपमा प्रयोग गर्दै आए ।[१७७] अध्ययनको क्रममा उनी काठमाण्डौमा आएपछि उनको अस्थाइ बसोबास काठमाण्डौ नै बन्यो ।[१७८] अध्ययनको क्रम सकिए पछि अथवा विवाहपछि उनले काठमाडौंमा निजी घर पनि बनाए ।[१७९] यसरी आफ्नो निजी निवास काठमाडौंमा बनाएपछि बिगत दुई दशक यता उनी काठमाडौंलाई नै स्थायी बसोबासको स्थानकोरूपमा प्रयोग गर्दै आएका छन् ।[१८०] उनको निवास काठमाडौ महानगरपालिका वार्ड नं १५ स्थित छाउनी आवासगृह क्षेत्र डल्लूमा रहेको छ ।

## २.२४ दिनचर्या

झलनाथ खनालको दिनचर्या सामान्यरूपमा बित्तछ । सामान्यत उनी बिहान ५ बज्रु अगाडि उठ्ने गर्दछन् भने यसपछि उनको दैनिक क्रियाकलाप सुरु हुन्छ ।[१८१] बिहान नुहाउने, योगागर्ने, मर्निङ्गवाक गर्ने जस्ता कार्यहरू सात बजेसम्म सक्ने गर्दछन् ।[१८२] यसैगरी पत्रपत्रिका पढने तथा सहयोगी र पार्टीका कार्यकर्ता आदिसँग भेटघाट गर्ने काम खाना खानुभन्दा अगाडि गर्दछन्।[१८३] बिहानको खाना १०-११ बजेतिर खाने खनाल खानापछि पार्टीको कार्यक्रम, बैठक, छलफल, भेटघाट आदिमा ब्यस्थ रहन्छन बेलुकाको खाना ९-१० बजेतिर खान्छन् भने खानापछिको केही समय अध्ययन र लेखनमा बिताउछन् ।[१८४] सामान्यतया उनी रातको ११ बजेभन्दा पछाडिमात्र सुत्ने गर्दछन् ।[१८५]

## २.२५ शारीरिक अवस्था र स्वास्थ्य स्थिति:

औषत नेपालीकोभन्दा केही अग्लो उचाइका झलनाथ खनाल गोरो वर्णका भर्खर फुल्न सुरु गरेको कपाललाई सिनित्त कोरेर पछाडि फर्काउने, उचाई सुहाउदो चेहेरा र चेहेरा सुहाउदो मोटाई भएक हट्टा-कट्टा व्यक्तिकारूपमा देखिन्छन् । मिजासिलो स्वभाव र गम्भीर प्रकृतिका उनी प्रभावशाली र आकर्षक व्यक्तित्व भएका व्यक्तिकारूपमा रेहेका छन् ।

झलनाथ खनाल बाल्य अवस्थामा नै एकपटक नराम्रोसँग विरामी भएका थिए । सानो उमेर छदाँ दुब्लो शरीर भएका उनलाईई त्यसवेला ज्वेरोकासाथ घाउखटिरासमेत

---

१७६ पूर्ववत्
१७७ पूर्ववत्
१७८ पूर्ववत्
१७९ पूर्ववत्
१८० पूर्ववत्
१८१ पूर्ववत्
१८२ पूर्ववत्
१८३ पूर्ववत्
१८४ पूर्ववत्
१८५ पूर्ववत्

आउदा कपडामा सुताउन अपठ्यारो भएर केराको पातमा सुताइन्थ्यो ।[१८६] करीव माया मार्ने अवस्थामा पुगेका उनी धैरै औषधि-उपचार गरेपछिमात्र ठीक भएका थिए ।[१८७] यसपछि भने उनी त्यती धैरै बिरामी भएनन् । यस्तै कुनै समय खैनी र चुरोट सेवन गरेका भए पनि लतकारूपमा लामो समय त्यसको प्रयोग नगरेका कारण उनको स्वास्थ्य प्रतिकुल भएन भने कठोर जेलजीवन र लामो भूमिगत जीवन बिताउदा पनि उनको स्वास्थ्य त्यति धैरै बिग्रिएन् ।[१८८] बरु पछिल्लो चरणमा काममा सफलता प्राप्त गर्दै जादा उनी मोटाउदै गए । हाल उनको स्वस्थ्यमा कुनै समस्या छैन र स्वास्थ्य स्थिति सामान्य रहेको छ ।

## २.२६ भ्रमण:

मानिस स्वभावैले भ्रमणशील प्राणी हो । अत: उसले विभिन्न उद्देश्य राखेर विभिन्न ठाउँ भ्रमण गर्न रुचाउनु अस्वाभाविक होइन । भ्रमणबाट मानिसमा उद्देश्यको प्राप्ति र ज्ञान तथा अनुभव बृद्धि हुने हुँदा विभिन्न पक्षमा लाभ नै पुग्दछ । यसै अनुरूप झलनाथ खनालले पनि राजनैतिक, सांस्कृतिक, धार्मिक उद्देश्यका साथ स्वदेश तथा विदेशका विभिन्न स्थानमा भ्रमण गर्ने अवसर पाएका छन् ।[१८९] अध्ययन अध्यापन तथा राजनैतिक भेटघाट कार्यक्रम र सङ्गठन विस्तारका क्रममा स्वेदशका प्राय: सवै जिल्लाको भ्रमण गरिसकेका उनले देश बाहिरको भ्रमणको क्रम आफू १९ वर्षको हुँदा फुपूको मृत्युपछि अस्तु बगाउन गया गएको बेला भारतबाट सुरु गरेका थिए ।[१९०] यस पछि पार्टी र सरकारको विभिन्न ओहोदामा पुगेर विदेशको भ्रमण गर्ने अवसर पाएका उनले विश्वका भारत लगाएत संयुक्त राज्य अमेरिका मेक्सिको, जापान, सिङ्गापुर, चीन, अष्ट्रेलिया, थाइलेण्ड, कोरिया, बेलायत, फ्रान्स, जर्मनी, रसिया, बुल्गेरिया, अलभानिया, डेनमार्क, स्विडेन, नर्वे, बेल्जियम, बेलारुस, स्विजरल्यान्ड, श्रीलङ्का, माल्दिप्स, बङ्गलादेश, पाकिस्तान, काजकिस्तान, इजरायल, ग्रिस, ग्वाटेमाला आदि जस्ता ४०भन्दा बढी देशको भ्रमण गरिसकेका छन भने यो क्रम चलिरहेको पनि छ ।[१९१] उनले ती देशका सरकारका प्रतिनिधि, त्यहा स्थित नेपालीहरू भाइचारा सङ्गठनहरू नेपालसँगका मैत्री सङ्गठनका व्यक्तिहरूसँग भेटघाट गर्ने आपसी सम्बन्धका विषयमा छलफल गर्नेजस्ता त्यहा पुग्नुका उद्देश्य अनुरूपका काम गर्ने गरेका छन् ।[१९२] यस प्रकार उनले विभिन्न सिलसिलामा आन्तरिक तथा बाह्य दुबै प्रकारका भ्रमण गरेका पाइन्छ ।

## २.२७ सम्मान तथा पुरस्कार

कुनै पनि मानिसले आफूले गरेको कार्यको आधारमा त्यसको फल प्राप्त गर्दछ । राम्रो काम गर्नेले पुरस्कार र सम्मान पाउछ भने नराम्रो काम गर्नले दण्ड र सजाय पाउछ । यसरी सम्मान र पुरस्कार तथा दण्ड र सजाय पाउदा पनि त्यसका विभिन्न स्वरूप भने अवस्य रहन्छन् । झलनाथ खनालले आफ्नो समग्र जीवन नै राजनीतिमा व्याप्त

---

[१८६] पूर्ववत्

[१८७] पूर्ववत्

[१८८] पूर्ववत्

[१८९] पूर्ववत्

[१९०] पूर्ववत्

[१९१] पूर्ववत्

[१९२] पूर्ववत्

गरेकाले राजनीति र साहित्यभन्दा बाहेकका क्षेत्रमा कमै हात हालेका छन् । जसको कारण उनले सामाजिक तथा स्थागतरूपमा प्राप्त हुने भौतिक पुरस्कार त कमै पाएका छन् तर जनसमर्थन र विचारप्रति सम्मान भने प्रशस्त पाएका छन् राजनीतिको पाटो भौतिक पुरस्कार प्राप्त गर्नेभन्दा पनि सङ्घर्षमा सफलता प्राप्त गर्ने र सवै जनताको आकाङ्क्षा पूर्ति गर्दै अगाडि बढ्ने पाटो भएको हुँदा त्यता प्राप्त गरेको सफलता नै राजनेताको पुरस्कार हो भन्ने उनको दृष्टिकोण रहेको छ ।[१९३] विद्यालयमा अध्ययन गर्दा प्राप्त गरेको पुरस्कार र त्यही समयमा अतिरिक्त क्रियाकलापकारूपमा प्राप्त गरेका विभिन्न पुरस्कारबाहेक उनले अन्य पुरस्कार प्राप्त गरेका छैनन् ।[१९४]

## २.२८ साहित्यसम्बन्धी दृष्टिकोण

साहित्य समाजको दर्पण हो । साहित्यकारले साहित्यमा आफ्नो समाजको चित्र उतारेको हुन्छ । साहित्यले समाजको हित गर्ने बनाउनको लागि आफ्ना विचार, नीति र सिद्धान्तहरूबाट उसको जीवनदर्शन प्रकट भएको हुन्छ । स्रष्टाले आफ्ना धारणालाई पाठक सामु पुर्याउन रचनालाई माध्यम बनाएको हुन्छ। साहित्यलाई मानवीय चिन्तन, मनन र व्यवहारको उपज मान्ने झलनाथ खनाल यो समाजलाई सचेत, सभ्य र समृद्ध बनाउने तथा सामाजिक विकार हटाउने उद्देश्यद्वारा अभिप्रेरित भएको हुनु पर्दछ भन्ने मान्यता राख्दछन् ।[१८५] समाज अनुरूपको साहित्य हुने हुँदा वर्गीय चरित्रको समाजमा साहित्य पनि वर्गीय विचारबाट प्रेरित हुन्छ अनि यो विचारलाई प्रभावकारी ढङ्गले अभिब्यक्त गर्न साहित्यमा मनोरञ्जन र कला पनि भरेपछि त्यसले मानिसलाई अझ सुन्दरतम् भविष्यतर्फ जान उर्जा प्रदान गर्ने उनको विश्वास छ ।[१९६] यसरी समाजमा चेतना फैलाउदै अग्रगामी परिवर्तको दिशामा अगाडि बढ्ने साधनकोरूपमा साहित्यलाई ठान्ने खनाल आफ्ना रचनाबाट पनि सकरात्मक र परिवर्तनशील चाहनाको अनुभूति होस भन्ने चाहना, कामना र उद्देश्य राख्दछन् ।[१९७]

## २.२९ जीवनजगतसम्बन्धी दृष्टिकोण

मानवजीवनमा दर्शनले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । दर्शन जीवनको आँखा हो र लेखकले आफ्नो रचनाद्वारा कुनै दर्शनको प्रवाह गरेकै हुन्छ । कुनै पनि साहित्यकारका धारणा र मान्यता उसको अध्ययन, रचनात्मक कार्य, सामजिक सङ्-सस्थाप्रतिको आबद्धता, दृष्टि र भुक्त जीवनजगतबाट प्राप्त प्रभाव र प्रेरणाबाट निस्चित भएको हुन्छ ।

झलनाथ खनालको पनि जीवनजगतसम्बन्धी आफ्नै धारणा रहेको छ । एकपटक जन्म भएपछि पुनजन्ममा विश्वास नराख्ने खनाल मानव जन्मलाई भने अति नै महत्वपूर्ण अवसरको प्राप्ति मान्दछन् ।[१९८] फेरिफेरि यस्तो अवसर प्राप्त नहुने हूँदा नै हामीले जीवनमा संवेदनशील भएर कार्य गर्नुपर्ने र त्यो कार्यले मानवको हित गर्नुपर्ने तथा

---

[१९३] पूर्ववत्
[१९४] पूर्ववत्
[१८५] पूर्ववत्
[१९६] पूर्ववत्
[१९७] पूर्ववत्
[१९८] पूर्ववत्

इतिहासमा मूल्य राख्नु पर्ने उनको मान्यता छ ।[१९९] स्वतन्त्रता, मुक्ति र प्रगतिसहितको सामजिक रुपान्तरणलाई लक्ष बनाएर  अगाडि बढेका खनाल मार्क्सवादलाई वैज्ञानिक आदर्श मान्दै ऐतिहासिक तथा द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोण नै जीवनको मार्गदर्शक दर्शन ठान्छन् ।[२००] खनाल यही दर्शन मुताविक साहित्य जीवनमुखी हुनपर्ने कुरामा जोड दिन्छन् ।[२०१] यसैले उनका सिर्जनामा जीवनका आरोह-अवरोह, दु:ख, पीडा, महिला र निम्न वर्गका मानिसको सङ्घर्षपूर्ण भोगाइ आदिलाई प्रस्तुत गर्दै निर्दिष्ट लक्षमा पुग्न प्रेरणा प्रदान गरिएको हुन्छ ।

जीवन-जगतबारे दृष्टिकोण राख्दा खनाल राजनीतिलाईसँगै जोडेर पनि हेर्दछन् ।[२०२] उनी राजनितिलाई समग्रमानव सही लक्षमा पुग्न प्रयोग गर्ने एउटा साधन वा मार्गकारूपमा लिन्छन् ।[२०३] राजनीतिलाई सही ढङ्गमा राजनीतिकैरूपमा लिने र वैयक्तिक स्वार्थ तथा जालझेलमा नलागी सामूहिक एकताका साथ अगाडि बढेमा यो आफैमा दोषपूर्ण नभएको उनको ठहर छ ।[२०४] बरु राजनैतक सङ्घर्ष र बलिदानबाटै संसारमा थुप्रै उन्नति, प्रगति र परिवर्तन भएकाले यसको ठीक परिचालन चाहिँ हुनुपर्ने उनको मान्यता छ ।[२०५] त्यसैले खनाल राजनीतिलाई सीमित स्वार्थपूर्तिको माध्यमबाट कसैलाई उचाल्ने र फसाउने खेलकारूपमा नभएर निस्वार्थ एवम् शुद्ध मनले स्वतन्त्रता, मुक्ति, उन्नति र परिवर्तनका लागि अगाडि बढ्ने पवित्र मार्गकारूपमा लिन्छन् ।[२०६]

यसरी झलनाथ खनाल ऐतिहासिक तथा द्वन्द्वात्मक भौतिकवादलाई दर्शनको आधार मान्छन् भने जीवनलाई संसार हेर्ने र मूल्यवान कार्य गर्ने महत्वपूर्ण अवसरकारूपमा लिन्छन् । यही अवसरमा उपयुक्त कार्य गर्न सकियो भने जीवन सार्थक हुने उनको ठहर छ ।

## २.३० निष्कर्ष:

सस्कृतको ज्ञानबाट दीक्षित पिताका पुत्र तथा कृषक परिवारका सदस्यकारूपमा जन्मेका झलनाथ खनालले स्कुले उमेरदेखि सुरु गरेको साहित्यिक यात्रा निरन्तर जारी छ । राजनीति र साहित्यलाई एकसाथ अगाडि बढाएका खनालले प्रशस्त फुटकर कविता र गीतको रचना गरेका भए पनि राजनैतिक कारण सुरूका रचना नष्ट गरिनु दु:खको कुरा हो । हालसम्म उनको एक कवितासङ्ग्रह साहित्यिक कृतिकारूपमा प्रकाशित छ भने वैचारिक कृतिकारूपमा ९ वटा पुस्तकार कृतिहरू प्रकाशित भएका छन् । यस बाहेक विभिन्न पत्र पत्रिकामा उनका फुटकर लेख रचना पनि प्रकाशित भएका छन भने एक गीति एल्बम पनि बजारमा रहेको छ । नेपाली साहित्यको ठूलो भाग ओगटेको कविता विधामा मुख्यरूपमा कलम चलाएर साहित्यिक ढुकुटी भर्न सहयोग गर्ने खनाललाई राष्ट्रले सम्मान गर्न नसक्नु नि:सन्देह दु:खद कुरा हो । आगामी दिनमा उनको साहित्यले उपयुक्त स्थान

[१९९] पूर्ववत्
[२००] पूर्ववत्
[२०१] पूर्ववत्
[२०२] पूर्ववत्
[२०३] पूर्ववत्
[२०४] पूर्ववत्
[२०५] पूर्ववत्
[२०६] पूर्ववत्

ग्रहण गर्ने छ । सादा जीवन र उच्च विचार राख्ने स्रष्टा खनाल साहित्यानुरागी सबैका निम्ति अनुकरणीय र प्रेरणादायी व्यक्तित्व हुन् ।

## परिच्छेद तीन
# झलनाथ खनालको व्यक्तित्वको अध्ययन

## ३.१. पृष्ठभूमि

व्यक्तिका व्यक्तिगत एवं सामूहिक जीवन भोगाइका क्रममा उसका जीवनमा देखापरेको साधारण एवं असाधारण स्थितिबाट व्यक्तित्वको निर्माण हुन्छ । उसको व्यक्तित्वको निर्माण व्यक्तिगतरूपमामात्र नभएर समाज, सस्कृति र साहित्यमा उसले खेलेको भूमिकाबाट पनि हुन्छ । "व्यक्तित्व वंशपरम्परागत जैविक बृत्ति पुञ्जकारूपमा सृजित हुन्छ र शिक्षा–दीक्षा सङ्गती र वातावरणमा आलोकबाट प्राप्त वा आर्जित अनुभवद्वारा सबृद्ध बन्दछ ।"[१] व्यक्तित्वको अर्थ एकरूपता वा अनुरूपताको निर्माण हो । व्यक्तिले आफ्ना आन्तरिक स्वरूपलाई द्दढ बनाउने क्रममा प्रत्येक परिवर्तित स्थितिमा प्रतिभाको स्पष्ट र गहन छाप छोडेको हुन्छ । त्यसैले व्यक्तित्वको अर्थ परिवर्तनशीलता नभई प्रतिकुल स्थितिको अनुकुल चल्न सक्ने त्यो शक्तिसत्ता हो । जसले मानिसलाई प्रत्येक क्षणमा आफ्ना द्दष्टिकोण राख्न अभिप्रेरित गरेको हुन्छ । यही व्यक्ति भित्र निहित प्रतिभाले नै व्यक्तित्वलाई चिनाएको हुन्छ ।[२] वास्तवमा व्यक्तिका जीवनमा देखापरेका विविध पक्ष र उसमा निहित प्रतिभाले उसको व्यक्तित्वको परिचय दिन्छ । व्यक्तित्व व्यक्तिको अनुभव, ज्ञान, शिक्षा–दीक्षा, मूल प्रवृत्ति एवं आर्जित गुणहरूको समूह हो । व्यक्तित्वबाट नै व्यक्ति समाजमा परिचित हुन्छ । समाजमा उसले देखाएका प्रकृति आचरण रुचि र स्वभावबाट पनि उसको व्यक्तित्व निर्माण भएको हुन्छ । उसले गरेका विकासात्मक र रचनात्मक कार्यमा पनि आफ्नो व्यक्तित्वको छाप छोडेको हुन्छ एउटै व्यक्ति साहित्य, समाज, राजनीति, शिक्षा

[१] केशवप्रसाद उपाध्यय, मोतिरामको व्यक्तित्व र योगदान, मोती स्मृतिग्रन्थ, सम्पा. रमा शर्मा, काठमाडौं: नेपाली शिक्षा परिषद,२०३९, पृ.३९।
[२] दशरथ ओझा, समीक्षा शास्त्र, दिल्ली: राजपाल, २०५७, पृ.३१।

आदिजस्ता क्षेत्रमा समर्पित हुँदा उसका व्यक्तित्वका बहुविध पाटाहरूको निर्माण हुने गर्दछ । यिनै बहुविध पाटाहरूबाट निर्मित झलनाथ खनालको विविध व्यक्तित्वको अध्ययन यस अध्यायमा गरिएको छ ।

## ३.२ निजी व्यक्तित्व

व्यक्तिको निजी व्यक्तित्व भन्नाले उसको बाह्य शारीरिक अवस्था र उसको व्यवहारबाट झल्कने निजत्वलाई बुझ्न सकिन्छ । व्यक्तिको सर्वजनिक व्यक्तित्वको स्पष्ट छवि किटान गर्नका लागि पनि उसको निजी व्यक्तित्वको पहिचान नितान्त आवश्यक मानिन्छ । किनभने व्यक्तिका निजी व्यक्तित्वको स्पष्ट स्वरूप उसका सार्वजनिक व्यक्तित्वका चरण–चरणमा उजिलिएको हुन्छ ।[३] कुनै पनि व्यक्तिका निजी जीवनसँग सम्बन्धितरूप, आकार, प्रकार, रुचि, स्वभाव, प्रवृत्ति, आचरणजस्ता कुराहरूले उसको निजी व्यक्तित्व निर्माण हुने भएकाले त्यसैका सापेक्षतामा यहाँ झलनाथ खनालको निजी व्यक्तित्वलाई अवलोकन गरिएको छ ।

### ३.२.१ बाह्य व्यक्तित्व: शारीरिक बनोट

व्यक्तिको शारीरिक बनावट, आकारप्रकार जस्ता कुराहरू बाह्य व्यक्तित्वसँग सम्बन्धित हुन्छन् । शारीरिक दृष्टिले अग्लो शरीर पुष्ट गाला सुहाउदो मोटाइ भएका झलनाथ खनालको व्यक्तित्व निकै आकर्षक र प्रभावशाली देखिन्छ । गोरो वर्ण भएका र केही फुल्न सुरु गरेको कपाललाई सिनित्त कोरेर पछाडि लैजाने उनी गम्भीर, स्वभिमानी र धीर प्रवृत्तिका देखिन्छन् । उनको बोलीमा पाइने मधुरता, व्यवहारमा पाइने नम्रता, सबैलाई महत्व र सम्मान दिने बानीका कारण जोकोहीले चाडै नै उनको सामीप्यको अनुभव गर्दछ भने शान्त स्वभावमा शब्दहरूलाई तौली–तौली अत्यन्त निचोड र सारपूर्ण कुराहरू बोल्नाले उनको गम्भीरतालाई प्रस्ट्याउँछ ।[४]

घरेलु पहिरनमा प्राय: कमिज र सुरवाल लगाउने खनाल बाहिर निस्कँदा प्राय: सट, पाइन्ट र कोटमा सजिन्छन् । टोपी कहिले लगाउने र कहिले त्यतिकै कपाल कोरेर हिड्ने उनी टोपी लगाएका बेलामा भादगाउँले टोपी लगाएका हुन्छन् । गोरो अनुहारमा मसिनो पारी खौरिएको दाह्री तथा आँखामा लगाएको चस्माले उनको प्रभावशाली व्यक्तित्वलाई थप उजागर गर्दछ । केही भासिएजस्तो लाग्ने आवाजमा बोलेर सबैसँग सौहार्दपूर्ण व्यवहार गर्ने खनाल सादा जीवन उच्च विचारमा विश्वास राख्ने स्वाभिमानी व्यक्तिकारूपमा चिनिन्छन् ।

### ३.२.२ आन्तरिक व्यक्तित्व

कुनै पनि व्यक्तिको शील स्वभाव, आचरण, प्रवृति आदिका सन्दर्भमा आन्तरिक व्यक्तित्वको अध्ययन हुन्छ । झलनाथ खनालको आन्तरिक व्यक्तित्वलाई हेर्दा उनी सानैदेखि मेहनेती, अध्ययनशील र शान्त स्वभावका देखिन्छन् । तीक्ष्ण बुद्धिका धनी खनाल अध्ययनकालमा पढाइमा सधै तेजी रहन्थे भने यसका अतिरिक्त सामजिक

---

[३] गोविन्द गजुरेल, उमानाथ शास्त्री 'सिन्धुलीय' एक विश्लेषणात्मक अध्ययन, काठमाडौं: शब्दघर प्रकाशन, २०५७, पृ.२५।

[४] दाताराम खनालबाट प्राप्त जानकारी।

साहित्यिक खेलकुद आदि पक्षमा पनि चासो राख्दथे ।[५] यही चासो अनुरूप नै उनमा सामाजिक समानता, स्वतन्त्रता र न्यायप्रतिको आग्रह राख्ने विचारको विकास भएको पाइन्छ भने अन्याय, अत्याचार, घुसखोरी, शोषण आदिको खुलेर विरोध गर्न पछि नपर्ने स्वभाव पनि पाइन्छ ।[६] गहिरो अध्ययन, चिन्तन र मनन पश्चातमात्र आफ्नो कुनै विचार राख्ने खनाल तर्कपूर्ण तरिकाले त्यस विचारको प्रस्तुति र समर्थन गर्दै त्यसमा अडिग रहन्छन् ।[७] केही गर्नुपर्छ भन्ने महत्वकांक्षा राखेर अगाडि बढ्ने उनी जस्तोसुकै समस्या आइपरे पनि लगनशीलताका साथ आफ्नो कार्यमा लागिरहन्छन् ।[८] विवेकी, सचेत र चिन्तनशील उनी विनम्रशील, मिलनसार, सहयोगी र सेवाभाव भएका पनि छन् । अरूका कुरा ध्यान दिएर सुन्ने र सही विचारमा समर्थन गर्ने उनी आफ्नो कारणले अरूलाई कुनै दु:ख दिन चाहदैनन् ।[९] फुर्सदको समयमा दार्शनिक अध्ययन गर्न रुचाउने र लेखनमा पनि उतिकै रुचि राख्ने उनको स्वभाव हो ।[१०] विद्यार्थीकालदेखि नै अन्याय र शोषणका विरुद्ध लडने र स्वतन्त्रता तथा न्यायका लागि अगि बडिरहने खनाल उनको यही स्वभावका कारण शिक्षक जागिर खोसिने , जेल वस्नुपर्ने भूमिगत रहनु पर्नेजस्ता अवस्थामा पनि पुगे ।[११] राजनीतिमा पूर्णत समर्पित उनी आज पनि स्वतन्त्रता, समानता, सामाजिक न्याय, तथा प्रगतिवादी राष्ट्रवादी चिन्तनले प्रेरित भई अगाडि बढिरहेका छन् ।[१२] यसरी उनको आन्तरिक व्यक्तित्व पनि बाह्य व्यक्तित्व जत्तिकै प्रभावशाली, बौद्धिक र सशक्त रहेको पाइन्छ ।

## ३.३ सार्वजनिक व्यक्तित्व

कुनै पनि व्यक्तिले निजको आफ्नै सरोकारसँगमात्र सम्बन्धित नरहेर सार्वजनिक महत्व राख्ने कार्य गर्दै आफ्नो पहिचान बनाउनुका साथै व्यक्तित्वको समेत निर्माण गरेको छ भने त्यस दृष्टिबाट उसको सार्वजिनक व्यक्तित्वलाई हेर्न सकिन्छ । झलनाथ खनालको सार्वजनिक व्यक्तित्वलाई हेर्दा उनको जीवन यात्रामा साहित्येत्तर र साहित्यक व्यक्तित्वको विकास भएको पाइन्छ । उनले आफ्नो जीवनमा सामाजिक, राजनैतिक, शिक्षण सेवा जस्ता कार्य गरेर साहित्येतर व्यक्तित्वको निर्माण गरेका छन् भने कविता, गीत लेखन, स्मृतिलेखन, सम्पादन, वैचारिक लेखन आदिजस्ता कार्य गरेर साहित्यिक व्यक्तित्वको निर्माण गरेका छन् । उनका यी विभिन्न क्षेत्रका कृयाकलापहरू सार्वजनिक भएकाले त्यसबाट विकसित सार्वजनिक व्यक्तित्वको अध्ययन यहा सान्दर्भिक हुन जान्छ त्यसैले सोको अध्ययन यहाँ गरिएको छ ।

### ३.३.१ साहित्येत्तर व्यक्तित्व

झलनाथ खनालले आफ्नो व्यक्तित्वलाई विविध साहित्येत्तर क्षेत्रमा स्थापित गरेका छन् । व्यक्तिगत स्वार्थलाई पर सारेर राजनीति समाजसेवा, शिक्षण, खेलजस्ता सेवामा

---

[५] पूर्ववत्
[६] पूर्ववत्
[७] पूर्ववत्
[८] पूर्ववत्
[९] पूर्ववत्
[१०] शोधनायकबाट प्राप्त जानकारी
[११] पूर्ववत्
[१२] पूर्ववत्

संलग्न रहदै आएका खनालले सामाजिक राजनीतिक क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याई आफ्नो व्यक्तित्वको पहिचान दिएका छन् । यँहा तिनै साहित्येतर व्यक्तित्वका विभिन्न पाटाहरूलाई बुधागतरूपमा अध्ययन गरिएको छ ।

### ३.३.१.१ सामजिक व्यक्तित्व

सामाजिक जीवनयापनका क्रममा समाजसँग सम्बद्ध भएर त्यस समाजको विकास र रुपान्तरणका लागि समर्पित हुने क्रममा सामाजिक व्यक्तित्वको निर्माण हुन्छ । समाज र राष्ट्रका विविध कार्यमा आफूलाई सरिक गराएर र समाजको उत्थानका लागि सामाजिक सङ्घ सस्थामा संलग्न हुने तथा विकासात्मक एवं रचनात्मक क्रियाकलापमा लागेर सामाजिक प्राणीको सामाजिक व्यक्तित्वको विकास भएको हुन्छ ।[१३]

विद्यार्थी कालदेखि नै समाजमा विद्यमान रुढि एवं अन्धविश्वास हटाइ सामाजिक जागरण ल्याउन सक्रिय खनाल आफ्नो सामजिक- सांस्कृतिक एवं सुधारक व्यक्तित्वको परिचय दिन सफल भएका छन् ।[१४] यस सन्दर्भमा गाँउमा सांस्कृतिक कार्यक्रम गर्ने, विद्यार्थी तथा शिक्षक भएको समयमा गाँउ बस्तीका मान्छेहरूलाई सचेत बनाउन विभिन्न कार्यक्रमहरू गर्ने गर्दथे ।[१५] यस्तै समाजमा बिद्यमान कुसस्कार र कुसस्कृति विरोध गर्ने तथा सामन्तवादी प्रवृतिको नास गर्दै स्वतन्त्रता पूर्वक बाँच्न र नवीन सोचका साथ समाजलाई अगाडि बढाउन सहयोग गर्ने कार्यमा पनि उनको महत्वपूर्ण भूमिका रहेको छ । यसरी सामाजिक क्षेत्रको संलग्नताले उनको सामाजिक अवधारणा र व्यक्तित्व प्रष्ट भएको छ भने तिनै कार्यले उनको सामाजिक व्यक्तित्वको निर्माण भएको छ ।[१६]

### ३.३.१.२ शिक्षक व्यक्तित्व

बालबालिकालाई शिक्षित र सचेत बनाएर समग्र देश हाक्न सक्ने बौद्धिक नागरिक तयार गर्नेजस्तो संवेदनशील पेसाकारूपमा शिक्षण पेसालाई लिने खनालले यस पेसामा पनि आफ्नो व्यक्तित्वको निर्माण गरेका छन् ।[१७] आफ्नो जीवनयात्रामा उनले दुईपटक छुट्टा-छुट्टै स्कुलमा अध्यापन गरेका थिए । विद्यार्थी छदैदेखि राजनीतिमा समेत सक्रिय रहेका उनले शिक्षण पेसालाई आफ्नो वि.एस्सीको अध्ययन पश्चात अपनाएका थिए ।[१८] उनले बि.सं २०२७-२८ साल तिर गलकोट माध्यामिक विद्यालय गलकोट, बाग्लुङमा विज्ञान शिक्षककारूपमा शिक्षण गरे भने यो सुरु गरेको केही समय पश्चात तत्कालीन पञ्चायती प्रशासनले उनलाईई उक्त शासन बिरुद्ध सङ्गठन विस्तार र विद्यार्थी परिचालन गरेको आरोपमा पेसामुक्त गरी पक्राउ गरेको थियो ।[१९] यसै गरी वि.सं २०२९/३० सालतिर उनी भानुभक्त माध्यामिक विद्यालय मङ्गलबारे, इलाममा पनि विज्ञान शिक्षककारूपमा शिक्षण गर्न पुगेका थिए तर केही महिना शिक्षण गरेपछि उनलाईई पुन:

---

[१३] यजुर्वेदानन्दप्रसाद भट्टराई, सि.पी. गजुरेल गौरवको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र, २०६६ पृ.२९

[१४] शोधनायकबाट प्राप्त जानकारी।

[१५] पूर्ववत्

[१६] पूर्ववत्

[१७] पूर्ववत्

[१८] पूर्ववत्

[१९] शोधनायकको बायोडाटाबाट।

राजनैतिक सक्रियताको आरोपमा पक्राउ गरी १४ महिना थुनामा राखिएको थियो ।[२०] यसपश्चात भने उनले शिक्षण पेसामा नलागी राजनीतिमामात्र सक्रियता देखाए ।[२१] यसरी छोटोछोटो समय र भिन्न भिन्नै ठाउँमा शिक्षण गरेका खनालले यस पेसालाई लामो समय निरन्तरता दिन नपाए पनि विद्यार्थी, अभिभावक तथा सहकर्मीहरू माझ लोकपृयता कमाए ।[२२] झलनाथ सरका नामले चिनिने तथा मिलनसार र लोकपृय शिक्षककारूपमा नेतृत्वदायी भूमिका खेल्ने खनालको शिक्षक व्यक्तित्वको राम्रो प्रभाव आज पनि उनको सेवा क्षेत्रमा उत्तिकै ताजा छ ।[२३] छोटो समयका अध्ययनशील र प्रभावशाली शिक्षकको प्रभाव छोड्न सफल उनले गुणी, कुशल तथा दक्ष शिक्षक व्यक्तित्वको निर्माण गरेका छन् ।[२४]

### ३.३.१.३ खेलाडी व्यक्तित्व

अध्ययन, राजनीति, समाज आदिका अतिरिक्त खेलकुद क्षेत्रमा पनि चासो राख्ने र दक्षता भएका खनालले खेलक्षेत्रमा पनि आफ्नो पहिचान बनाएका छन् । आफू इलाममा रँहदा भलिबल खेल खेल्ने खनाल जिल्ला स्तरीय आफ्नो समूहको नेतृत्व गर्दथे ।[२५] भलिवलको पनि विशेष गरेर सटरको भूमिकामा दख्खल भएका उनले हानेको सट बल उठाउने अन्य खेलाडी जिल्लामा कमै थिए । आफ्नो उचाईले पनि उक्त खेलमा साथ दिएको बताउने खनाल आफ्नो खेल दक्षताकै कारण दर्शकहरूबाट स्याब्बासी पाउथे भने उनको नेतृत्वको समूहले जिल्ला स्तरका थुप्रै प्रतिस्प्रधाहरूमा जित पनि हाँसिल गरेको थियो ।[२७] यसरी झलनाथ खनालले खेल जीवनमा पनि कुशल, दक्ष र शक्तिशाली खेलाडीकोरूपमा आफूलाई प्रस्तुत गरी त्यसै अनुरूप इमानदार र प्रभावशाली खेलाडी व्यक्तित्वको निर्माण गरेका छन् ।

### ३.३.१.४ राजनैतिक व्यक्तित्व

जीवनको स्कुले अवस्थादेखि नै राजनैतिक सङ्गठनको निर्माण र त्यसै सन्दर्भमा सङ्घर्ष गर्दै अगाडि बढेका झलनाथ खनाल राजनैतिक व्यक्तित्व आजसम्म आइपुग्दा राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा समेत महत्व राख्ने गरी भएको छ । उनले आफ्नो राजनैतिक यात्रामा जति पनि सङ्घर्ष र क्रियाकलापहरू गरेका छन् ती सवै एउटा सामान्य राजनैतिक आस्था राख्ने मानिस र कार्यकर्ताको स्तरकामात्र नभएर उच्च नेतृत्वदायी भूमिकामा रहेर गरेका छन् । स्कुले अवस्था का अन्य क्रियाकलापमा समेत नेतृत्व गर्ने उनले विद्यार्थी राजनीतिमा इलाम जिल्ला र समग्र मेची अञ्चलको नेतृत्व गर्दै मेची विद्यार्थी युनियनको अध्यक्षको जिम्वेवारी पूरा गरेका थिए ।[२८] यस्तै मूल राजनीतिमा को-अर्डिनेसन केन्द्र र नेकपा (माले) को स्थापनामा उनले संस्थापकीय भूमिका नै संहाले ।[२९] नेकपा (माले) मा रहदा सिङ्गो दलकै नेतृत्व गर्दै आठ वर्षसम्म महासचिवको जिम्वेवारी पूरा गरे भने नेकपा (एमाले) को

---

[२०] पूर्ववत्

[२१] शोधनायकबाट प्राप्त जानकारी।

[२२] पूर्ववत्

[२३] पूर्ववत्

[२४] पूर्ववत्

[२५] पूर्ववत्

[२७] पूर्ववत्

[२८] पूर्ववत्

[२९] पूर्ववत्

गठनमा पनि महत्वपूर्ण भूमिका निर्वाह गरे ।[३०] यसपछि पनि दलको केन्द्रीय र स्थायी समितिमा रहेर कार्य गरेका खनालले कार्यवहाक महासचिव र महासचिवको जिम्वेवारी पूरामत्र गरेनन् पार्टीको आठौं महाधिवेशनमा अध्यक्ष पदमा निर्वाचित भई हाल सोही जिम्वेवारी पूरा गरिरहेका छन् ।[३१] यसै गरी व्यवस्थापिका संसद र सविधान सभाका निर्वाचनमा जनप्रतिनिधिकारूपमा पटक-पटक निर्वाचित भएका उनले दुई पटकसम्म तत्कालीन श्री ५ को सरकारको मन्त्री भएर पनि कार्य गरिसकेका छन् ।[३२] राजनैतिक सन्दर्भमा नै मुलुकका चालीसभन्दा बढी राष्ट्रको भ्रमण गर्ने अवसर पाएका उनी राजनेता कैरूपमा देश विदेशमा परिचित भएका छन् । नेपालको पछिल्लो चरणका राजनैतिक आन्दोलन र परिवर्तनमा पनि उनले दल र राष्ट्रलाई नै डोर्याउने निर्णायक भूमिका निर्वाह गर्दै रहेका छन् ।[३३] यसरी झलनाथ खनालले मूलतः आफूलाई राजनैतिक क्षेत्रमा समर्पित गर्दै र दलको केन्द्रीय तथा शीर्ष स्थानबाट राजनीति गर्दै राजनैतिक व्यक्तित्वको निर्माण गरेका छन् । उनको यो व्यक्तित्व देश भित्रमात्र नभएर अन्तराष्ट्रिय स्तरमा नै परिचित र चर्चित रहेको छ ।

## ३.३.२ साहित्यिक व्यक्तित्व

सामान्यतया कुनै पनि व्यक्तिको कृतिका आधारमा त्यस व्यक्तिको साहित्यिक व्यक्तित्व निर्धारण गरिएको पाइन्छ । आफ्नो स्कुले जीवनदेखि नै साहित्य क्षेत्रमा प्रवेश गरेका झलनाथ खनालको साहित्यिक व्यक्तित्व मुख्यरूपमा कवि व्यक्तित्वकारूपमा प्रकट भएको भए पनि नितान्त कवितामामात्र भने सीमित छैन । साहित्यका कविता, गीत, वैचारिक/दार्शनिक लेखन, सस्मंरण, सम्पादन जस्ता विधामा सशक्त कलम चलाएका खनालको सिर्जनात्मक योगदानलाई साहित्यिक व्यक्तित्वकोरूपमा राखी त्यसै अनुरूप यँहा बुधागतरूपमा राखेर अध्ययन गरिन्छ ।

### ३.३.२.१ कवि व्यक्तित्व

झलनाथ खनालको साहित्यको क्षेत्रमा प्रवेश नै कविता विधाबाट भएको थियो ।[३४] आफूले रचना गरेको पहिलो कविताको शीर्षक र रचनाको मिति अहिले याद नभएको भए पनि माध्यामिक तहमा अध्ययनरत रहदा तत्कालीन समसामयिक विषयमा स्कुलमा हुने अतिरिक्त क्रियाकलापमा वाचन गर्नका लागि उक्त कविता रचेको र पुरस्कारसमेत प्राप्त गरेको खनाल बताउछन् ।[३५] यसरी हेर्दा उनको कवि व्यक्तित्वको सुरूवात स्कुले जीवन बाटै भएको देखिन्छ । उनका सुरूवात कालदेखि आजसम्मका सबै कविताहरू आज उपलब्ध छेनन् । पञ्चायती शासन व्यवस्थामा भूमिगत र जेल जीवन भोगेका खनालका थुप्रै रचनाहरू बसाइको स्थानान्तरणका क्रममा हराए भने करिव १५०भन्दा बढी सङ्ख्यामा रचिएका गीत र कविताहरू २०३६ सालमा जेलमा रहदा सरकारले नष्ट गरिदिएको थियो ।[३६] यसैगरी उनका कविताको प्रकाशन पनि लेखन सुरूवातको निकै समय पछाडि

[३०] पूर्ववत्
[३१] पूर्ववत्
[३२] पूर्ववत्
[३३] पूर्ववत्
[३४] पूर्ववत्
[३५] पूर्ववत्
[३६] पूर्ववत्

२०२४/२५ साल तिरबाट छिटफुटरूपमा भयो ।[३७] हाल उनका २०२५ सालदेखि २०५९ सालसम्म रचना गरेका कविताहरू मध्ये बचेका र उत्कृष्ट कविताहरूको सङ्ग्रहकारूपमा रहेको एकमात्र कवितासङ्ग्रह **'शताब्दीको पहिलो बिहानी'** प्रकाशित छ भने विभिन्न पत्रिकामा पनि छिटफुटरूपमा फुटकर कविताहरू विभिन्न पत्रिकाहरूमा प्रकाशित हुनेगरेका छन् । उनका यस्ता रचनाहरू फुटकरभन्दा माथिल्लो स्तरका देखा परेका छैनन् । व्यस्त राजनैतिक जीवनका बीचमा बचेका टुक्राटुक्री समयलाई साहित्यमा प्रयोग गर्ने र भावनालाईभन्दा विचारलाई प्रधानता दिने खनालका कवितालाई हेर्दा रचनाकाल अनुरूपका विशेषता पाइन्छ । उनका सुरुका कविता उद्देश्यप्रति अभिलक्षित सामन्य कविता रहेका पाइन्छ भने बीचको समयका कविताले विचार र कलामा समन्वय प्रदान गर्दै परिपक्कता प्राप्त गरेका छन् ।[३८] समग्रमा उनका कविता आफ्नै पारिवारिक जीवनका घटना–दुर्घटना, जेल–जीवन र राजनैतिक सङ्गत, कम्युनिष्ट पार्टीको संलग्नता, देश–विदेशका यात्रा विवरण, स्वतन्त्रता प्रजातन्त्र, देशभक्ति, आर्थिक सामाजिक विकास, समाजवादका प्रश्नहरू, महिला मुक्ति, एक्काइसौं शताब्दीका चुनौती आदिबारेमा चिन्तनबाट प्रेरित रहेका छन् ।[३९] यस्तै लेखनको पछिल्लो चरणका उनका कवितामा विषय प्राप्ति, विचारको प्रवलता र कलात्मकताको सौष्ठवले उत्कर्ष समातेको देखिन्छ ।[४०] यसरी विचार र कलाको समन्वय गरी परिवर्तन, स्वतन्त्रता र मुक्तिलाई कविताको मूल मेरुदण्ड मानेर कविता रचना गर्ने खनालले फुटकर कवितामात्र रचेर पनि सवल, सशक्त र प्रभावकारी प्रगतिवादी कविकारूपमा कवि व्यक्तित्वको निर्माण गरेका छन् ।

## ३.३.२.२ गीतकार व्यक्तित्व

साहित्यका विविध विधामा योगदान गरेका झलनाथ खनालको बहुमुखी व्यक्तित्व गीतकारकारूपमा पनि प्रकट भएको छ । कम्युनिष्ट विचारबाट प्रभावित उनका गीत पनि वर्गीय साहित्यलाई अनुसरण गर्दै परिवर्तन, स्वतन्त्रता र मुक्तिका पक्षमा मुखरित भएका चन् । उनी कविता रचनाकै क्रममा यसको उपविधाकोरूपमा गीत पनि रच्ने गर्दछन् । प्रकाशनका दृष्टिले उनका तीनवटा गीतहरू **'शताब्दीको पहिलो बिहानी'** कवितासङ्ग्रहमा प्रकाशित भएका छन् भने विभिन्न कलाकारको स्वर र सङ्गीतमा आठवटा गीतहरू **'परिवर्तनका तरङ्गहरू'** शीर्षकको गीति क्यासेटमा वाहिर आएका छन् । यसरी कलामार्फत विचारको अभिव्यक्ति दिने र अग्रगामी परिवर्तनका लागि प्रेरित गर्ने उद्देश्यका साथ गीतको रचना गर्ने खनालको गीतकार व्यक्तित्व पनि सशक्त र प्रभावकारीरूपमा निर्माण भएको पाइन्छ ।

## ३.३.२.३.वैचारिक निबन्धकार व्यक्तित्व

झलनाथ खनालले विभिन्न वैचारिक निबन्धहरूको लेखनबाट आफूलाई वैचारिक निबन्धकार व्यक्तित्वकारूपमा पनि निर्माण गरेका छन् । उनको निबन्ध लेखन वैचारिक, दार्शनिक लेखहरूको लेखन र प्रकाशनसँगै अगाडि बढेको पाइन्छ । खनालले आफ्ना निबन्धहरूलाई निबन्ध नै भनेर प्रस्तुत नगरेका भए पनि विभिन्न पत्रपत्रिका तथा पुस्तकाकार कृतिहरूमा प्रकाशित यस्ता रचनाहरू साहित्यको निबन्ध विधाको नजिक

---

[३७] झलनाथ खनाल, पूर्ववत्

[३८] पूर्ववत्

[३९] पूर्ववत्

[४०] पूर्ववत्

भएकाले तिनलाई निबन्धकारूपमा नै हेर्नु उपयुक्त हुन्छ। यिनै निबन्धात्मक रचनाबाट उनको निबन्धकार व्यक्तित्वको निर्माण भएको पाइन्छ । खनालले पञ्चायत कालमा अभिमन्यू, बुद्धिरत्न, नरेश जस्ता विभिन्न छद्म नाम र पछिल्लो समयमा आफ्नै सही नामबाट बिभिन्न पत्रपत्रिका तथा पुस्तकाकार कृतिमा प्रकाशित गराएका यस्ता निबन्धमा राष्ट्रिय तथा अन्तराष्ट्रिय परिवेशमा देखिएका विभिन्न सन्दर्भ र समस्यालाई मार्क्सवादी प्रगतिवादी दृष्टिले विश्लेषण गर्दै तथ्यपरक विचार प्रस्तुत गर्नु साथै समसामयिक सन्दर्भको प्रस्तुतिसमेत गरेका छन् ।

### ३.३.२.४ सम्पादक व्यक्तित्व

झलनाथ खनालको साहित्यिक व्यक्तित्व बहुविधरूपमा प्रकट हुने क्रममा सम्पादक व्यक्तित्वकारूपमा पनि प्रकट भएको छ । उनले विशेष गरेर राजनैतिक यात्राका क्रममा आफू समर्पित दलको मुखपत्र तथा दलको निकट रहेर प्रकाशित हुने पत्रिकाको सम्पादन गरेका छन् ।[४१] राजनैतिक सङ्घर्षमय जीवनयात्राका कारण सहजरूपमा रहेर कुनै एउटा पत्रिकाको निरन्तर सम्पादान गर्न नपाएका खनालले 'वर्ग सङ्घर्ष' 'मुक्तिमोर्चा' र 'नवयुग' पत्रिकाका अङ्कहरूय सम्पादन गरेका छन् ।[४२] यसैगरी नेपालमा बहुदलीय व्यवस्था स्थापना हुनुपूर्व दलहरू प्रतिबन्धित रहेकै अवस्थामा खनालले आफू प्रत्यक्ष नरही छाँयामा रहेर पनि पत्रिकाको सम्पादन गरेका छन् ।[४३] उनले कुनै समय त्यसरी सम्पादन गरेका पत्रिकाहरूमा 'प्रकाश', 'दृष्टि' आदि पर्दछन् ।[४४] यसरी खनालले उनको व्यक्तिगत अवस्था र देशको शासन व्यवस्था अनुसार आफू अगाडि बढ्दै जाँदा पाठक सामु कहिले प्रत्यक्ष र कहिले अप्रत्यक्षरूपमा पत्रिका सम्पादन गरी कुशल सम्पादक व्यक्तित्वको पनि निर्माण गरेका छन् ।

### ३.३.२.५ लेखकीय व्यक्तित्व

झलनाथ खनालको स्रष्टा र द्रष्टा व्यक्तित्वका विभिन्न पाटाहरूमध्ये लेखकीय व्यक्तित्व पनि महत्वपूर्णरूपमा रहेको पाइन्छ । उनी मूलत: राजनैतिक व्यक्तित्व भएकाले उनका विभिन्न वैचारिक/दार्शनिक लेख र कृतिहरू प्रकाशित भएका छन् । उनको राजनैतिकक व्यक्तित्व गहन, ओजपूर्ण र तर्कपूर्ण लेखक व्यक्तित्वबाट उज्यालिएको छ । राष्ट्रिय तथा अन्तराष्ट्रिय सामाजिक, आर्थिक, राजनैतिक घटनाक्रम र तिनले सिर्जना गरेका परिस्थिति, राजनैतिक विकृति, विसङ्गति वैचारिक दार्शनिक अध्ययन र त्यसले पारेको प्रभाव, महान व्यक्तिका व्यक्तित्व र तिनले प्रदर्शन गरेका मार्ग आदिजस्ता अनेकौ विषयमा गहन र प्रभावकारी ढङ्गले लेख्ने खनालका सयौ लेखहरू **'वर्ग सङ्घर्ष' 'नेपाल समाचारपत्र', 'छलफल', 'प्रकाश', 'चित्रण', 'दृष्टि', 'नवयुग', 'कान्तिपुर',** जस्ता पत्रिकाहरूमा प्रकाशित भएका छन् भने त्यतिकै सङ्ख्यामा विभिन्न विषयमा दिएका अन्तर्वार्ताहरू पनि प्रकाशित छन ।[१] यसैगरी विभिन्न पत्रपत्रिकामा प्रकाशित गहन विषयका लेखहरू सङ्कलन गरेर तयार पारेका तथा अन्य सैद्धान्तिक, वैचारिक, दार्शनिक

---

[४१] पूर्ववत्
[४२] पूर्ववत्
[४३] पूर्ववत्
[४४] पूर्ववत्
[१] खनालको व्यक्तिगत विवरण (वायोडाटा) बाट।

अध्ययनबाट उनी स्वयंले तयार पारेका गरी हालसम्म नौवटा पुस्तकाकार कृतिहरू प्रकाशित भएका छन् जसको सूची निम्नानुसार रहेको छ –

**'आप्रवाशन तथा भूराजनैतिक समस्याबारे केही कुराहरू', 'अन्तर्राष्ट्रवाद कि नवट्राटस्कीपन्थि पुच्छरवाद ?', 'चुनाव अभियान सम्बन्धी रचनाहरू', 'पञ्चायती प्रतिनिधि संस्था र जनपक्ष', 'नेपाली समाज र क्रान्तिका मुद्दाहरूमा चलेका केही बहसहरू', 'हामीले संसदमा गएर के गर्यौं ?', 'राष्ट्रिय सूचना महामार्गः हाम्रो अपरिहार्य दिशा',लोकतन्त्रिक नेपालको मार्ग चित्र र 'लोकतन्त्रिक गणतन्त्रः राष्ट्रको साझा लक्ष'**। उनी अत्यन्त अध्ययनशील व्यक्तित्व हुन् भन्ने कुरा उनका लेखहरूबाट झल्किन्छ भने उनका लेखहरू गहन र तर्कपूर्ण रहनुले उनको सशक्त लेखकीय व्यक्तित्वलाई देखाउछ । विभिन्न विषय र व्यक्तिको चर्चाका साथै वामपन्थी विचार र दर्शनलाई विश्लेषण गर्दै त्यसको वैज्ञानिक व्याख्या तथा अग्रगमनमा महत्वपूर्ण भूमिका खेल्न सक्नु उनको लेखकीय व्यक्तित्वको महत्वपूर्ण उपलब्धिकारूपमा रहेको छ ।

### ३.३.२.६ आख्यानकार व्यक्तित्व

झलनाथ खनालको व्यक्तित्व आख्यानकार व्यक्तित्वकारूपमा पनि रहेको छ । अध्ययनमा विशेषतः आख्यान विधालाई मन पराउने उनको आख्यानकार व्यक्तित्व भने कृतिहरू प्रकाशनमा आउन नसकेका कारण अरूपक्ष जति पाठकमाझ सशक्त रहको चाहिँ पाइदैन । आख्यानको कथा विधामा कलम चलाएका उनका केही कथाहरू पञ्चायती प्रशासनले कविताहरूसँगै खोसेर नष्ट गरेको उनी बताउछन् ।[४६] यसपछि पनि उनले आख्यानमा हात भने हाले तर ती पनि कति पटक कथानक निर्माणको क्रममा अपूर्ण नै रहेका छन् भने केही कथाहरू पूराना हस्तलिखित कपीका पानाहरूमा खोज्नु पर्ने अवस्थामा रहेका छन् ।[४७] कथाको शीर्षक र पात्रहरूको बारेमा भन्न नसक्ने अवस्था भए पनि भावका दृष्टिले ती समसामयिक विषयवस्तु र प्रगतिवादी चेतनाको प्रस्तुति भएका कथा भएको उनको भनाइ छ ।[४८] यसरी व्यक्तित्वका विभिन्न पाटाहरूमध्ये आख्यानकार व्यक्तित्व केही ओझेलमा रहेको भए पनि खनालको व्यक्तित्वको यो पाटो पनि नामेट अवस्थामा रहेको भने छैन । समसामयिक र प्रगतिवादी विचारको प्रस्तुतिका साथ उनले आख्यानमा आफ्नो व्यक्तित्वको निर्माण गरेका छन् ।

### ३.३.२.७ संस्मरणकार व्यक्तित्व

झलनाथ खनाल संस्मरणकार व्यक्तित्वकारूपमा पनि रहेका छन् । उनले देश र जनताका लागि जीवन समर्पण गर्दै अमूल्य योगदान दिने राजनेता तथा महान व्यक्तित्वको संस्मरण लेखी आफ्नो संस्मरणकार व्यक्तित्वको प्रस्तुति गरेका छन् । राजनैतिक यात्राकै क्रममा साहादत प्राप्त गरेका तथा विधिवत् दिवङ्गत भएका रत्नकुमार बान्तवा, रामनाथ दाहाल, नेत्र घिमिरे, जीवनराम मानन्धर, सूर्य कन्दङ्वा हरि नेपालजस्ता स्मरण योग्य व्यक्तित्वको संस्मरण खनालले सम्बन्धित व्यक्तिकै स्मृतिग्रन्थ प्रकाशन समितिले प्रकाशित गरेका स्मृतिग्रन्थमा लेखेका छन् । यस्ता स्मृतिलेखहरूमा उनले उक्त व्यक्तित्वको योगदान, जीवनी तथा उनीसँगको सामीप्यताबारे लेखेका छन् । यस प्रकार विभिन्न आयाममा प्रस्तुत

---

[४६] शोध नायकबाट प्राप्त जानकारी

[४७] पूर्ववत्

[४८] पूर्ववत्

भएको झलनाथ खनालको व्यक्तित्व संस्मरणकारकारूपमा पनि प्रष्टरूपमा प्रकट भएको पाइन्छ ।

## ३.४ जीवनी, व्यक्तित्व र साहित्य सिर्जना बीच आन्तरिक सामञ्जस्य

झलनाथ खनाले ६० वर्षे आफ्नो दीर्घ जीवनयात्रा व्यतीत गरिसकेका छन् । यस क्रममा उनी सामाजिक, सांस्कृतिक, राजनैतिक तथा राष्ट्रिय–अन्तराष्ट्रिय परिवेशलाई भोग्दै र सामना गर्दै जीवनको वर्तमान स्थितिमा आइपुगेका छन् । यही लामो जीवन यात्राका क्रममा जीवन भोगाइका अनुभव, परिवार, समाज, शिक्षा–दीक्षा, प्रभाव, प्रेरणा, पीडा, खुसी, सफलता–विफलता, सरल–जटिल परिस्थितिहरूले सिर्जिएका अनुभव र अनुभूतिहरूले खनाललाई एउटा निश्चित मार्ग दर्शन गर्दै लगेको कुरा उनको जीवनको अध्ययनबाट स्पष्ट हुन्छ जसको फलस्वरूप उनी समाज र साहित्यको सेवा गरेर अन्याय, अत्याचार शोषण र वर्गीय विभेदरहित स्वच्छ, न्यायमूलक, विकसित तथा समतामूलक समाजको परिकल्पना उन्मुख भएका छन् । व्यक्तिगत जीवनमा भोग्नु परेका आरोह–अवरोह, जेल–नेल भूमिगत अवस्था, सङ्घर्षको मोर्चाजस्ता घुम्ती तथा मोडहरूमा नेपाली समाजमा व्याप्त वर्गीय, जातीय, लीङ्गीय, क्षेत्रीय, सांस्कृतिक विभेदजस्ता समस्याहरूबाट ग्रसित परिवेशबाट साहित्यकार झलनाथ खनालको जन्म भएको छ । नेपाली जीवनका यिनै विविध परिवेशहरू मध्ये राजनीतिक र साहित्यिक वातावरणले प्रभावित खनालको राजनीतिकै समकक्षको महत्व राख्ने पक्ष नेपाली साहित्यको सेवा र सम्बर्द्धन हो । त्यसैले खनालको महत्वपूर्ण पक्ष नेपाली साहित्य र समाजको सेवा गर्नु पनि हो । उनले थुप्रै कृतिहरू रचना गरेको भए पनि ती सबै रचना आज उपलब्ध छैनन् । उनका थुप्रै रचनाहरू उनी जेलमा रहदा तत्कालीन पञ्चायती प्रशासनले नष्ट गरिदिएको थियो ।

यसरी मध्यम वर्गीय परिवारमा जन्मेर जीवनमा नेपाली परिवेशको उतारचढावको सामना गर्दै अध्ययन, लेखन, समाजसेवा, साहित्यसेवा, राजनीतिजस्ता क्षेत्रलाई कर्तव्यकारूपमा लिने खनालको निजी र सार्वजनिक व्यक्तित्व निर्माण भएको छ । त्यही जीवनशैली र परिवेशबाट निर्मित उनको सार्वजनिक साहित्यिक व्यक्तित्वको प्रभाव साहित्य लेखनमा पनि परेको छ । उनको बहुआयामिक व्यक्तित्वमध्ये साहित्यिक, सामाजिक र राजनीतिक परिवेशप्रतिको शूक्ष्म दृष्टिकोणका साथै आफूले देखेको र भोगेको जीवनजगतको कलात्मक चित्रणबाट साहित्यिक व्यक्तित्व निर्माण भएको छ । बहुसङ्ख्यक नेपालीले भोग्नु परेको अन्याय, अत्याचार, शोषण, दमन, थिचोमिचो, असमानता, विभेद, बाध्यता, विवशता, विसङ्गतिको प्रस्तुतिमा उनको लेखक व्यक्तित्व सम्वेदनशील बन्नुका साथै नेपाली समाजबाट त्यसको अन्त्यका लागि उनी उर्जाशील साहित्यकार बन्न पुगेका छन् । राष्ट्रप्रेमी, मानवतावादी, प्रगतिवादी साहित्यकार झलनाथ खनालले मार्क्सवादी यथार्थवादमा आधारित भएर द्वन्द्वात्मक भौतिकवाद तथा वर्गसङ्घर्षको चिन्तनदृष्टिलाई आफ्ना साहित्यमा प्रस्तुत गरेका छन् ।

यसरी उनको जीवनयात्राले निर्माण गरेको साहित्यिक र सामाजिक व्यक्तित्वको प्रभाव सिङ्गो साहित्यलेखनमा परेको पाइन्छ । उनको साहित्य रचनामा राष्ट्रिय र अन्तराष्ट्रिय तथा सामाजिक ग्रामीण जनजीवनमा आफ्ना भोगाइका वास्तविक पात्र र विषयवस्तु टिपिएको छ । उनका रचनामा वर्गद्वन्द्वको चित्रण पाइन्छ । परिवेशका र परिस्थितिका हिसावले निर्दलीय व्यवस्था र त्यसले जनतामा सिर्जना गरेका पीडा, कुण्ठा, बहुदलीय व्यवस्थाको स्थापना र त्यसले उत्पन्न गरेका हर्ष र खुसीका क्षणहरू, यसैगरी बहुदलीय व्यवस्थामा पनि पूर्ण हुन नसकेका इच्छा, चाहाना आकाङ्क्षाका कारण उत्पन्न वितृष्णा,

गणतन्त्र उन्मुख नेपाली समाजको परिवेश, प्राकृतिक दृश्यहरू र तिनको सौन्दर्य, सुख र दु:खका क्षण एवं तिनले उत्पन्न परिस्थितिको चित्रण पाइन्छ । साहित्यको पनि कविता विधामा विशेष दख्खल प्रदर्शन गरेका खनालको कविता जीवन हो । कविता आफै सङ्घर्ष पनि हो र त्यो जीवनको मार्गदर्शन पनि हो ।.....मेरा कविताहरूले मेरा जीवनका मोडहरू बोलेका छन्, मेरा यात्राहरू बोलेका छन्, मेरा जेलजीवनका कथाहरू बोलेका छन् । मेरो दृष्टिकोण, आस्था, विश्वास र मान्यताहरू बोलेका छन् ।[४९] भन्ने भनाइले नै उनको जीवनी, व्यक्तित्व र साहित्य सिर्जना बीचको अन्तरसम्बन्दलाई प्रष्ट पार्दछ ।

## ३.५ निष्कर्ष

झलनाथ खनाल व्यक्ति एक भएर पनि व्यक्तित्व अनेक भएका प्रतिभा हुन् । ग्रामीण कृषक परिवारमा जन्मेर घरायसी र सामाजिक व्यवहारमा समेत पोख्त खनाल विविध विधागत व्यक्तित्वले पूर्ण छन् । राजनैतिक र अन्य व्यवहारिक व्यस्तताका बाबजुद पनि साहित्यिक रचनाकृति प्रकाशित गरेर स्थापित साहित्यकार बन्नुले उनीभित्रको बहुमुखी र उर्वरशील व्यक्तित्वलाई स्पष्ट पार्दछ । समाजमा नराम्रो असर पार्ने कुराको विरोध गर्ने र राम्रो असर पार्ने कुराको सम्मान गर्ने उनी पुँजीवादी र सामन्ती शासन विरुद्ध प्रहार तथा स्वतन्त्रता समानता र मुक्तिको कामना साहित्यमार्फत नै गर्दछन् । यसरी झलनाथ खनालको व्यक्तित्व स्वच्छ छ भन्ने कुरा उनको व्यक्तित्वबाट छर्लङ्ग हुन्छ ।

---

[४९] झलनाथ खनाल, पूर्ववत्, पृ.२२

## परिच्छेद- चार

# झलनाथ खनालको साहित्यिक तथा साहित्येत्तर लेखनको यात्रा

झलनाथ खनाल आफ्नो जीवनको स्कुले अवस्थादेखि नै साहित्य सिर्जना र लेखन क्षेत्रमा सक्रियरूपमा संलग्न भई आफ्नो पहिचान बनाएका व्यक्तित्व हुन् । उनले लेखनको क्रमम सुरुदेखि आजसम्म कविता, गीत, संस्मरण, निबन्ध, वैचारिक लेखजस्ता वभिन्न विधामा कलम चलाएर कवितासङ्ग्रह, गीति एल्वम तथा दार्शनिक वैचारिक सन्दर्भका पुस्तककार कृतिहरू बाहिर ल्याउनुका साथै निकै सङ्ख्यामा वैचारिक र निबन्धात्मक लेखहरू पत्रपत्रिकाहरूमा प्रकाशित गराइसकेका छन् । यसरी लेखनका विविध विधामा कलम चलाएका खनालका सन्दर्भमा लेखनका विधा र यात्राको सामान्य चर्चा गर्दै उनलाईई साहित्यकारकारूपमा स्थापित गर्न प्रमुख भूमिका खेल्ने कविता कृति **'शताब्दीको पहिलो बिहानी'** कवितासङ्ग्रहको सामान्य परिचय दिनु तथा उक्त कवितासङ्ग्रहका कविताहरूको विश्लेषण गर्ने आधार पहिल्याउनु यस परिच्छेदको उद्देश्य रहेको छ।

## ४.१ झलनाथ खनालको लेखन यात्रा

झलनाथ खनाल आज आएर राजनैतिक क्षेत्रमा सुपरिचित नाम बनेको भए पनि उनको सर्वजनिक जीवनको सुरूवात साहित्य क्षेत्रबाट भएको थियो । यसैले उनको सहित्यिक यात्रा राजनैतिक यात्राभन्दा लामो रहेको पाइन्छ । उनले वि.सं २०१९/२० तिरबाट नै फुटकर कविता लेखेर आफ्नो साहित्यिक यात्रा सुरु गरेका थिए ।[१] उनको यो यात्रा आज साढे चार दशकभन्दा लामो बनिसकेको छ भने यसबीचमा उनले कविता विधाका अतिरिक्त यसकै उपविधा गीत, त्यस्तै वैचारिक निबन्ध, संस्मरण तथा परिवेश र सन्दर्भ अनुसारका लेखहरूसमेत लेखेर कवितासङ्ग्रह गीतिएल्वम, निबन्धात्मक तथा वैचारिक लेखहरूका पुस्तकाकार कृतिहरू पाठक/श्रोतामाझ ल्याएका छन् । यसका साथै विभिन्न पत्रपत्रिकाहरूमा निबन्धात्मक र वैचारिक/दार्शनिक लेखहरू पनि प्रकाशित भएका छन् । उनका प्रकाशित कृतिहरू निम्नानुसार रहेका छन् –

**पुस्तकाकार कृतिहरू**

| क्र.सं. | कृतिहरूको नाम | बिधा | प्रकाशन वर्ष |
|---|---|---|---|
| १ | आप्रवाशन तथा भूराजनैतिक समस्याबारे केही कुराहरू | राजनैतिक दर्शन | २०४१ |
| २ | अन्तर्राष्ट्रवाद कि नवट्राटस्कीपन्थि पुच्छरवाद ? | राजनैतिक दर्शन | २०४२ |
| ३ | चुनाव अभियान सम्बन्धी रचनाहरू | राजनैतिक दर्शन | २०४३ |
| ४ | पञ्चायती प्रतिनिधि संस्था र जनपक्ष | राजनैतिक दर्शन | २०४४ |
| ५ | नेपाली समाज र क्रान्तिका मुद्दाहरूमा चलेका केही बहसहरू | राजनैतिक दर्शन | २०४५ |

[१] झलनाथ खनाल, पूर्ववत्, पृ.८

| | | | |
|---|---|---|---|
| ६ | हामीले संसदमा गएर के गर्यौं ? | राजनैतिक दर्शन | २०५१ |
| ७ | राष्ट्रिय सूचना महामार्ग: हाम्रो अपरिहार्य दिशा | राजनैतिक दर्शन | २०५४ |
| ८ | शताब्दीको पहिलो बिहानी | कवितासङ्ग्रह | २०५९ |
| ९ | लोकतन्त्रिक नेपालको मार्ग चित्र | राजनैतिक दर्शन | २०६२ |
| १० | लोकतन्त्रिक गणतन्त्र: राष्ट्रको साझा लक्ष | राजनैतिक दर्शन | २०६४ |

**पत्रपत्रिकामा प्रकाशित लेख रचनाहरू**

| क्र. सं | शीर्षक | पत्रिका | वर्ष, अङ्क, साल | पृष्ठ | सम्पादक |
|---|---|---|---|---|---|
| १ | महान अक्टोवर क्रान्ति र त्यसका शिक्षाहरू | दृष्टि | ५, ३, २०४४ | ३ | रघु पन्त |
| २ | सार्क: एक टिप्पणी | दृष्टि | ५, ४, २०४४ | ३ | रघु पन्त |
| ३ | महेशमणिको विश्लेषण पद्धति मार्क्सवादी कि आदर्शवादी? (१) | दृष्टि | ५, ९, २०४४ | ३ | रघु पन्त |
| ४ | महेशमणिको विश्लेषण पद्धति मार्क्सवादी कि आदर्शवादी? (२) | दृष्टि | ५, १०, २०४४ | ३ | रघु पन्त |
| ५ | महेशमणिको अजीर्ण मार्क्सवाद चरम दक्षिण पन्थको नमुना (१) | दृष्टि | ५, ३२, २०४५ | ३ | रघु पन्त |
| ६ | महेशमणिको अजीर्ण मार्क्सवाद चरम दक्षिण पन्थको नमुना (२) | दृष्टि | ५, ३५, २०४५ | ३ | रघु पन्त |
| ७ | महेशमणिको अजीर्ण मार्क्सवाद चरम दक्षिण पन्थको नमुना (३) | दृष्टि | ५, ३६, २०४५ | ३ | रघु पन्त |
| ८ | महेशमणिको अजीर्ण मार्क्सवाद चरम दक्षिण पन्थको नमुना (४) | दृष्टि | ५, ४१, २०४५ | ३ | रघु पन्त |
| ९ | महेशमणिको अजीर्ण मार्क्सवाद चरम दक्षिण पन्थको नमुना (५) | दृष्टि | ५, ४२, २०४५ | ३ | रघु पन्त |
| १० | महेशमणिको अजीर्ण मार्क्सवाद चरम दक्षिण पन्थको नमुना (६) | दृष्टि | ५, ४३, २०४५ | ३ | रघु पन्त |
| ११ | महेशमणिको अजीर्ण मार्क्सवाद चरम दक्षिण पन्थको नमुना (७) | दृष्टि | ५, ४४, २०४५ | ३ | रघु पन्त |
| १२ | महेशमणिको अजीर्ण मार्क्सवाद चरम दक्षिण पन्थको नमुना (८) | दृष्टि | ५, ४६, २०४५ | ३ | रघु पन्त |
| १३ | निलम्बनको हथौडा र त्यसले ल्याउने परिणाम | दृष्टि | ५, ४९, २०४५ | ४ | रघु पन्त |
| १४ | वैज्ञानिक समाजवादलाई कसरी बुझ्ने? | दृष्टि | ५, ५१, २०४५ | ४ | रघु पन्त |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | बैज्ञानिक समाजवाद र समाजवादी मुलुकहरू | दृष्टि | ६,२,२०४५ | ३ | रघु पन्त |
| १६ | जडसूत्रवाद: आजको प्रमुख खतरा | दृष्टि | ६,१२,२०४५ | ३ | रघु पन्त |
| १७ | नँया जनवादी क्रान्ति र जडसूत्रवादी दृष्टिकोण | दृष्टि | ६,१५,२०४५ | ३ | रघु पन्त |
| १८ | के सांस्कृतिक क्रान्ति कालका पद्धतिहरूलाई आदर्श मान्न सकिन्छ ? | दृष्टि | ६,१९,२०४५ | ४ | रघु पन्त |
| १९ | 'निरन्तर क्रान्ति' को सिद्धान्त र जडसूत्रवाद | दृष्टि | ६,२१,२०४५ | ४ | रघु पन्त |
| २० | 'दुईलाइनको सङ्घर्ष र जडसूत्रवादी दृष्टिकोण | दृष्टि | ६,२२,२०४५ | ३ | रघु पन्त |
| २१ | क्रान्तिकारी जनवाद र पत्रकारिता | दृष्टि | ७,१,२०४६ | ५ | रघु पन्त |
| २२ | बदलिदो अन्तराष्ट्रिय परिस्थितिमा भारतीय चुनाव | दृष्टि | ७,६,२०४६ | ४ | नारायण ढकाल |
| २३ | संसदीय सङ्घर्षमा एमालेको भूमिका | दृष्टि | ८,४०,२०४८ | ४ | नारायण ढकाल |
| २४ | अव सरकारको मूल्याङ्कन गर्न थाल्नु पर्छ | दृष्टि | ९,३,२०४८ | ३ | नारायण ढकाल |
| २५ | औसरवाद विरोधी सङ्घर्ष र पाँच नम्बरको विजय | दृष्टि | ९,१४,२०४८ | ५ | कमल कोइराला |
| २६ | हामीले आन्दोलन स्थगित गरेका छैनौं | दृष्टि | ९,२५,२०४९ | ५ | कमल कोइराला |
| २७ | बढदो काङ्ग्रेसी आतङ्क र स्थानीय निर्वाचन | दृष्टि | ९,२७,२०४९ | ५ | कमल कोइराला |
| २८ | काङ्ग्रेस प्रतिगामी सावित भएको छ | दृष्टि | १०,७,२०४९ | ७ | कमल कोइराला |
| २९ | कं.वामदेवको खण्डन:बहुमतका खोटा विचारको चित्रण | दृष्टि | १०,९,२०४९ | ३ | कमल कोइराला |
| ३० | दुर्घटनाले तीतो पाठ पढाएको छ | दृष्टि | १०,३०,२०५० | ७ | कमल कोइराला |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | किशुनजीको के कुरा वाशुदेवजी नै आए पनि छोडिदैन | दृष्टि | ११, ५, २०५० | ५ | |
| ३२ | काङ्ग्रेसी कार्यपत्रः एक विहङ्गम दृष्टि | दृष्टि | ११, ३३, २०५१ | ३ | |
| ३३ | बदलिएको विश्व परिस्थितिमा सन पचासको सन्धि | दृष्टि | १२, १४, २०५१ | २ | रघु पन्त |
| ३४ | रुस र पूर्वी युरोपमा कम्युनिस्टहरूको पुनरागमन १ | दृष्टि | १३, २८, २०५३ | ३ | शम्भु श्रेष्ठ |
| ३५ | रुस र पूर्वी युरोपमा कम्युनिस्टहरूको पुनरागमन २ | दृष्टि | १३, २९, २०५३ | ३ | शम्भु श्रेष्ठ |
| ३६ | रुस र पूर्वी युरोपमा कम्युनिस्टहरूको पुनरागमन ३ | दृष्टि | १३, ३०, २०५३ | ३ | शम्भु श्रेष्ठ |
| ३७ | प्रगतिशील सुधार मूल कार्यनीति बन्न सक्दैन | दृष्टि | १५, १०, २०५४ | ४ | शम्भु श्रेष्ठ |
| ३८ | सरकार बनाउनेबारे स्पष्ट कुरा भएको छैन | दृष्टि | १५, १९, २०५४ | ४ | शम्भु श्रेष्ठ |
| ३९ | 'माले' वैचारिकरूपमा टाट पल्टेको छ | दृष्टि | १५, २२, २०५४ | ३ | शम्भु श्रेष्ठ |
| ४० | काङ्ग्रेसलाई सत्ता फाप्दैन | दृष्टि | १६, २६, २०५६ | १ | शम्भु श्रेष्ठ |
| ४१ | भारतीय व्यवहार | दृष्टि | २१, ८, २०६० | ३ | शम्भु श्रेष्ठ |
| ४२ | एमालेद्वारा पूर्ण प्रजातन्त्र स्थापनाको आव्हान | दृष्टि | २२, १६, २०६१ | ३ | शम्भु श्रेष्ठ |
| ४३ | प्रतिक्रियावादी प्रचारको भ्रमजाललाई चिरौं पाटीको कान्तिकारी छविलाई चम्किलो पार्दै अघि बढौं | दृष्टि | २, १, २०४८ | ११ | झलनाथ खनाल |
| ४४ | संसदको पहिलो अधिवेशन र हाम्रो पाटीको भूमिका | नवयुग | २, २, २०४८ | ३८ | झलनाथ खनाल |
| ४५ | पार्टी कमिटीका वैठकहरूको शुसञ्चालन संबन्धमा | नवयुग | २, ३, २०४८ | २२ | झलनाथ खनाल |
| ४६ | टनकपुरको विवाद र विशेष | नवयुग | २, ३, २०४८ | २६ | झलनाथ खनाल |

| | | | | | |
|---|---|---|---|---|---|
| | समितिको गठन | | | | |
| ४७ | चैत्र २४ को नेपालबन्द, त्यस सिलसिलामा भएको नृसंश हत्याकाण्ड र हाम्रो दृष्टिकोण | नवयुग | २,४,२०४९ | ५ | झलनाथ खनाल |
| ४८ | काङ्ग्रेसको एक वर्षे शासनले नेपाली जनतालाई के दियो? | नवयुग | २,५,२०४९ | ९ | झलनाथ खनाल |
| ४९ | संसदीय परम्परा र हाम्रो दृष्टिकोण | नवयुग | २,६,२०४९ | २४ | केन्द्रीय कार्यालय |
| ५० | परिवर्तनशील परिस्थित र आगामी चुनाव अभियान | नवयुग | ५,३,२०५१ | १० | प्रदीप नेपाल |
| ५१ | युरोप यात्राको सन्दर्भमा ब्रुसेल्सको अन्तराष्ट्रिय गोष्ठी | नवयुग | ७,१,२०५३ | ३५ | शङ्कर पोख्रेल |
| ५२ | सर्वियाली समाजवादी पार्टीको चौथो महाधिवेशन र सम्राज्य बिरोधी सङ्घर्ष | नवयुग | १०,५,२०५६ | ४ | प्रदीप नेपाल |
| ५३ | के नेपालमा जतीय आत्मनिर्णयको अधिकार जरुरी छ(१) | नवयुग | २,९,२०५९ | २० | प्रदीप नेपाल |
| ५४ | के नेपालमा जतीय आत्मनिर्णयको अधिकार जरुरी छ(२) | नवयुग | १२,१०,२०५९ | ३७ | प्रदीप नेपाल |
| ५५ | के नेपालमा जतीय आत्मनिर्णयको अधिकार जरुरी छ(३) | नवयुग | १२,११,२०५९ | २६ | प्रदीप नेपाल |
| ५६ | म कसरि कम्युनिष्ट भँए | नवयुग | १३,७,२०६० | १९ | प्रदीप नेपाल |
| ५७ | जबज र नँया जनवादीबीचको अन्तर्सम्वन्ध | नवयुग | १४,१०,२०६१ | ११ | प्रदीप नेपाल |
| ५८ | शान्ति स्थापनाका लागि अभियान र दबाब | नवयुग | १५,१,२०६१ | ३ | प्रदीप नेपाल |
| ५९ | निरङ्कुशताले घुँडा टेक्नु अनिवार्य छ | नवयुग | १५,४,२०६२ | ९ | प्रदीप नेपाल |
| ६० | राष्ट्रिय एकताको प्रमुख बाधक निरङ्कुश राजतन्त्र | नवयुग | १६,३,२०६२ | ५ | प्रदीप नेपाल |
| ६१ | लोकतन्त्रिक आन्दोलनका सवालमा | नवयुग | १६,४,२०६२ | १० | प्रदीप नेपाल |

| | | | | | |
|---|---|---|---|---|---|
| | जापान र चीन | | | | |
| ६२ | जापानी कम्युनिष्ट पर्टीको महाधिवेशनमा सहभागिता | नवयुग | १६, ५, २०६२ | ११ | प्रदीप नेपाल |
| ६३ | केही रोचक अनुभूतिहरू | नवयुग | १६, ६, २०६२ | १४ | प्रदीप नेपाल |
| ६४ | नेपाली राजनीति ऐतिहासिक सहमतितिर | नवयुग | १६, १२, २०६२ | ३ | प्रदीप नेपाल |
| ६५ | माओवादीभित्र रहेका गलत विचारहरू बिरूद्ध सङ्घर्ष | नवयुग | १७, ५, २०६३ | ६ | प्रदीप नेपाल |
| ६६ | संविधानसभामा निर्वाचन र हाम्रा तत्कालिक दायित्वहरू | नवयुग | १७, ११, २०६४ | ३ | रघु पन्त |
| ६७ | संविधान संशोधन अपरिहार्य आवश्यकता | नेपाल समाचारपत्र | ५, ३०८, २०५७ | ४ | पुष्करलाल श्रेष्ठ |
| ६८ | समाजवाद प्रयोग र परीक्षणको मैदानमा | नेपाल समाचारपत्र | ५, ३१५, २०५७ | ४ | पुष्करलाल श्रेष्ठ |
| ६९ | घर फर्कने आव्हान र कम्युनिस्ट एकता | नेपाल समाचारपत्र | ५, ३२२, २०५७ | ५ | पुष्करलाल श्रेष्ठ |
| ७० | समाजवाद र समाजवादी प्रजातन्त्र | नेपाल समाचारपत्र | ५, ३२९, २०५७ | ४ | पुष्करलाल श्रेष्ठ |
| ७१ | मानव अधिकारको संरक्षण र वर्तवान सरकार | नेपाल समाचारपत्र | ५, ३३६, २०५७ | ४ | पुष्करलाल श्रेष्ठ |
| ७२ | खस्किदो शान्ति सुरक्षा र अपेक्षित नँया कदम | नेपाल समाचारपत्र | ५, ३४३, २०५७ | ४ | पुष्करलाल श्रेष्ठ |
| ७३ | उपद्रवीहरूको ताण्डव नृत्य र हुतीहारा सरकार | नेपाल समाचारपत्र | ५, ३५०, २०५७ | ४ | पुष्करलाल श्रेष्ठ |
| ७४ | गलत सूचना प्रवाह र सरकारको दायित्य | नेपाल समाचारपत्र | ५, ३५६, २०५७ | ४ | पुष्करलाल श्रेष्ठ |
| ७५ | समाजवादी प्रजातन्त्र | नेपाल समाचारपत्र | ६, ७, २०५७ | ४ | पुष्करलाल श्रेष्ठ |
| ७६ | काङ्ग्रेसको दशौं महाधिवेशन र मुलुकको अपेक्षा | नेपाल समाचारपत्र | ६, १४, २०५७ | ४ | पुष्करलाल श्रेष्ठ |
| ७७ | जटिल राजनैतिक स्थिति र प्रधानमन्त्रीको राजिनामा | नेपाल समाचारपत्र | ६, २१, २०५७ | ४ | पुष्करलाल श्रेष्ठ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७८ | लाउडा विमान पर्व र सङ्गारको अधिवेश | नेपाल समाचारपत्र | ६,२८,२०५७ | ४ | पुष्करलाल श्रेष्ठ |
| ७९ | सशस्त्र वलसम्बन्धी अध्यादेश र सरकारको सङ्कट | नेपाल समाचारपत्र | ६,३५,२०५७ | ४ | पुष्करलाल श्रेष्ठ |
| ८० | प्रजातन्त्र दिवस र मुलुकको सङ्कटपूर्ण अवस्था | नेपाल समाचारपत्र | ६,४२,२०५७ | ४ | पुष्करलाल श्रेष्ठ |
| ८१ | निकास अझै किन निस्केन? | नेपाल समाचारपत्र | ६,४९,२०५७ | ४ | पुष्करलाल श्रेष्ठ |
| ८२ | भ्रष्टचारका विरुद्ध आवाज उठाउनु अवैधानिक | नेपाल समाचारपत्र | ६,५६,२०५७ | ४ | पुष्करलाल श्रेष्ठ |
| ८३ | नेपाल फ्रान्स सम्बन्ध र प्रधानमन्त्रीको उपलब्धिबिहीन यात्रा | नेपाल समाचारपत्र | ६,६२,२०५७ | ४ | पुष्करलाल श्रेष्ठ |
| ८४ | नेपाली काङ्ग्रेस र त्यसका अगाडि उभिएको यक्ष प्रश्न | नेपाल समाचारपत्र | ६,७०,२०५७ | ४ | पुष्करलाल श्रेष्ठ |
| ८५ | संसदमा जटिल गतिरोध र विकल्पका संभावनाहरू | नेपाल समाचारपत्र | ६,७७,२०५७ | ४ | पुष्करलाल श्रेष्ठ |
| ८६ | सरकारको पङ्गु अवस्था र नँया जनआन्दोलनको आवश्यकता | नेपाल समाचारपत्र | ६,८४,२०५७ | ४ | पुष्करलाल श्रेष्ठ |
| ८७ | उपलब्धिविहीन १९औ अधिवेशन र त्यसले दिएका सन्देशहरू | नेपाल समाचारपत्र | ६,९२,२०५७ | ४ | पुष्करलाल श्रेष्ठ |
| ८८ | काङ्ग्रेसी तानाशाही: प्रजातन्त्रप्रति बढ्दो खतरा | नेपाल समाचारपत्र | ६,९८, २०५८ | ४ | पुष्करलाल श्रेष्ठ |
| ८९ | प्रधानमन्त्रीको राजिनामा किन जरुरी छ? | नेपाल समाचारपत्र | ६,१०५, २०५८ | ४ | पुष्करलाल श्रेष्ठ |
| ९० | आफ्नै प्रधानमन्त्रीलाई प्रश्न | नेपाल समाचारपत्र | ६,११२, २०५८ | ४ | पुष्करलाल श्रेष्ठ |
| ९१ | गरिजाप्रसाद र साइकल काण्ड | नेपाल समाचारपत्र | ६,११९, २०५८ | ४ | पुष्करलाल श्रेष्ठ |
| ९२ | नेपाल-चीनसम्बन्ध र २१ औं शताब्दीका संभावनाहरू | नेपाल समाचारपत्र | ६,१२६, २०५८ | ४ | पुष्करलाल श्रेष्ठ |
| ९३ | अस्तव्यस्त युग र नँया भविश्यदृष्टिको खाँचो | नेपाल समाचारपत्र | ६,१३३, २०५८ | ४ | पुष्करलाल श्रेष्ठ |

| | | | | | |
|---|---|---|---|---|---|
| ९४ | तीन दिने आमहडताल र मुलुकको दर्दनाक अवस्था | नेपाल समाचारपत्र | ६,१४०,२०५८ | ४ | पुष्करलाल श्रेष्ठ |
| ९५ | दरवारका त्रासदीपूर्ण घटना र देशको अन्यौलपूर्ण स्थिति | नेपाल समाचारपत्र | ६,१४८,२०५८ | ४ | पुष्करलाल श्रेष्ठ |
| ९६ | नारायणहिटी हत्याकाण्ड र त्यसको छानविन | नेपाल समाचारपत्र | ६,१५५,२०५८ | ४ | पुष्करलाल श्रेष्ठ |
| ९७ | निष्कर्षविनाको प्रतिवेदन र अनुत्तरित प्रश्नहरू | नेपाल समाचारपत्र | ६,१६१,२०५८ | ४ | पुष्करलाल श्रेष्ठ |
| ९८ | राजदरवार पनि प्रजातन्त्रीरण हुनुपर्छ | नेपाल समाचारपत्र | ६,१६८,२०५८ | ४ | पुष्करलाल श्रेष्ठ |
| ९९ | दिशाहीन सरकार र खोक्रो कार्यपत्र | नेपाल समाचारपत्र | ६,१७६,२०५८ | ४ | पुष्करलाल श्रेष्ठ |
| १०० | गिरिजा सरकार र प्रजातन्त्रिक सस्कारको प्रश्न | नेपाल समाचारपत्र | ६,१८२,२०५८ | ४ | पुष्करलाल श्रेष्ठ |
| १०१ | राष्ट्रिय सहमतिको गान र गिरिजा सरकारको दन्तबजान | नेपाल समाचारपत्र | ६,१८९,२०५८ | ४ | पुष्करलाल श्रेष्ठ |
| १०२ | नँया परिस्थिति र देउवा सरकार सामुन्ने चुनौतीहरू | नेपाल समाचारपत्र | ६,१९६,२०५८ | ४ | पुष्करलाल श्रेष्ठ |
| १०३ | राजनीतिक सङ्क्रमणको घडी र हाम्रा दायित्वहरू | नेपाल समाचारपत्र | ६,२०३,२०५८ | ४ | पुष्करलाल श्रेष्ठ |
| १०४ | यथाशीघ्र राजनीतिक निकास' आजको आवस्यकता | नेपाल समाचारपत्र | ६,२१०,२०५८ | ४ | पुष्करलाल श्रेष्ठ |
| १०५ | पहिलो सर्वदलीय वैठक र संयुक्तवक्तव्य | नेपाल समाचारपत्र | ६,२१७,२०५८ | ४ | पुष्करलाल श्रेष्ठ |
| १०६ | भूमिसुधारको संभावना र प्रतिगामी शक्तिहरूको चालबाझी | नेपाल समाचारपत्र | ६,२२४,२०५८ | ४ | पुष्करलाल श्रेष्ठ |
| १०७ | घाँसका बिरालहरू र वर्तमान सरकार | नेपाल समाचारपत्र | ६,२३१,२०५८ | ४ | पुष्करलाल श्रेष्ठ |
| १०८ | मुलकको जटिल परिस्थिति र नौ वटा राष्ट्रिय विभेदहरू | नेपाल समाचारपत्र | ६,२३८,२०५८ | ४ | पुष्करलाल श्रेष्ठ |
| १०९ | सरकार माओवादी वार्ता र देशका | नेपाल समाचारपत्र | ६,२४५,२०५८ | ४ | पुष्करलाल श्रेष्ठ |

| | | | | | |
|---|---|---|---|---|---|
| | आधारभूत समस्या | | | | |
| ११० | राष्ट्रियतामाथिको खतरा र राष्ट्रिय एकताको खाँचो | नेपाल समाचारपत्र | ६, २५९, २०५८ | ४ | पुष्करलाल श्रेष्ठ |
| १११ | आतङ्कवाद विरोधी सङ्घर्ष र नेपालले लिने दृष्टिकोण | नेपाल समाचारपत्र | ६, २६६, २०५८ | ४ | पुष्करलाल श्रेष्ठ |
| ११२ | अफगानस्तानमा भीषण आक्रमण र ध्यान दिनै पर्ने केही कुराहरू | नेपाल समाचारपत्र | ६, २७३, २०५८ | ४ | पुष्करलाल श्रेष्ठ |
| ११३ | आतङ्कवाद उन्मूलन गर्ने अमेरिकी शैली र विद्यमान वास्तविकता | नेपाल समाचारपत्र | ६, २८०, २०५८ | ४ | पुष्करलाल श्रेष्ठ |
| ११४ | संसदमा महिल विधयक र काङ्ग्रेसको प्रतिगामी चरित्र | नेपाल समाचारपत्र | ६, २८७, २०५८ | ४ | पुष्करलाल श्रेष्ठ |
| ११५ | दशैं नेपालीहरूको पर्व नै होइन त? | नेपाल समाचारपत्र | ६, २९०, २०५८ | ४ | पुष्करलाल श्रेष्ठ |
| ११६ | माओवादीका वर्तमान कृयाकलावहरू र 'भिनाजुको रिस' | नेपाल समाचारपत्र | ६, ३००, २०५८ | ४ | पुष्करलाल श्रेष्ठ |
| ११७ | प्रतिक्रियावादी प्रचारका भ्रमहरूलाई चिरौं | छलफल | १०, ७, २०४८ | ७ | शम्भु श्रेष्ठ |
| ११८ | माओवादीसँग त्रिआयामिक समबन्ध र पाँच कार्यभार | कान्तिपुर | १७, ४४, २०६५ | ६ | सुधीर शर्मा |
| ११९ | मोओवादीसँग सम्बन्ध र राष्ट्रिय सरकार | कान्तिपुर | १७, १४०, २०६६ | | सुधीर शर्मा |
| १२० | बहुदलीय व्यवस्था र पार्टीको लोकतान्त्रीकरण | कान्तिपुर | १७, १६०, २०६६ | | सुधीर शर्मा |
| १२१ | अहिलेको एउटै सर्त पार्टी निर्णयको पालना हो | बुधवार | १, ४८, २०५३ | ३ | कुन्दन अर्याल |
| १२२ | छैठौं महाधिवेशनको तयारी कसरी गर्ने? | बुधवार | ३, २, २०५४ | ३ | कुन्दन अर्याल |
| १२३ | हेडक्वाटरमाथिको हमला र बमकाण्ड | युगदूत | २३, ३, २०५८ | २३ | रघु पन्त |
| १२४ | लोकतान्त्रीकरण वर्तमान परिस्थिति | वाल्मिकी सौरभ | १, १, २०६४ | ६ | नवराज |

| | | | | | |
|---|---|---|---|---|---|
| | र युवाहरूको दायित्व | | | | खतिवडा |
| १२५ | रुगोसँग खेल्न खोज्दैछन् (कविता) | नवयुग | १३, ८, २०६० | | प्रदीप नेपाल |
| १२६ | गुफा भित्र पस्न थाल्छन् (कविता) | नवयुग | १३, १०, २०६० | ३१ | प्रदीप नेपाल |

**गीतिएल्वम**

| **क्र. सं** | **कृतिको नाम** | **बिधा** | **सार्वजनिक भएको वर्ष** |
|---|---|---|---|
| **१** | परिवर्तनका तरङ्गहरू | गीतिएल्वम | २०६५ |

खनालका माथि उल्लेख गरिएका लेखरचनाका आधारमा उनको विधागत साहित्यिक यात्रालाई यँहा परिचयात्मकरूपमा देखाइएको छ ।

## ४.१.१ झलनाथ खनालको कविता यात्रा

झलनाथ खनालको साहित्यिक यात्रा नै कविता विधाबाट सुरूवात भएको कुरा माथि नै उल्लेख गरिसकिएको छ । उनी आफ्नो स्कुले अवस्था अर्थात् २०१९/२० सालतिरै कविता रचना गर्ने र मौका अवसर पर्दा स्कुलका विभिन्न कार्यक्रमहरूमा सुनाउने गर्दथे ।[२] प्रकाशनका दृष्टिले भने उनका कविताहरू २०२५देखि पत्रपत्रिका छिटफुटरूपमा छपिन थाले ।[३] उनका धेरै कविता कृतिहरू जेलजीवनका समयमा तत्कालीन प्रकाशनबाट खोसिएका तथा कतिपय हराएका भए पनि वि.सं २०५९ सालमा **'शताब्दीको पहिलो बिहानी'** शीर्षकको कवितासङ्ग्रह प्रकाशित भएपछि भने उनको कवि व्यक्तित्व प्रष्टरूपमा पाठकमाझ प्रकट भएको पाइन्छ । यो सङ्ग्रह उनको हालसम्मको एकमात्र प्रकाशित कवितासङ्ग्रह हो । यसमा उनले २०२५ सालदेखि २०५९ सालसम्म रचना गरेका गद्य र पद्य कविता तथा गीत गरी ४२ रचना सङ्कलित छन् । यही कृतिका आधारमा उनको कविता यात्रालाई हेर्दा गाँउदेखि राष्ट्रिय र अन्तराष्ट्रिय सन्दर्भ अनि देखाइ र भोगाईका विषयवस्तुलाई टिपेर गद्य र पद्य लयमा प्रस्तुत गरेका छन् । मार्क्सवादी प्रगतिवादी विचारबाट प्रभाव ग्रहण गरी रचना गरेका उनका कविता समग्रमा तीन चरणमा विभाजन गरी अध्ययन गर्न सकिने अवस्थामा छन् । सुरूवातदेखि २०३५सालसम्मका उनका कविता पहिलो चरणका अर्थात् आरम्भकालीन कविताकारूपमा रहेका छन् भने ती कविता उद्देश्य प्रति अभिलक्षित सामान्य कविताकारूपमा रहेका छन् ।[४] यसैगरी २०३६देखि २०४६ सालसम्मका उनका कविता दोस्रो चरण वा पूर्वार्धकालीन कविताकारूपमा रहेका छन् जुन कविताले विचार र कलामा समन्वय प्रदान गर्दै परिपक्वता प्राप्त गरेका छन् ।[५] उनका २०४७ साल यताका कविता तेस्रो चरण वा उत्तरार्धकालीन कविताकारूपमा रहेका छन् र ती कविताले प्रष्टसँग विषयको प्राप्ति, विचारको प्रवलता र कलात्मक सौष्ठवको उत्कर्षलाई

[२] पूर्ववत्
[३] पूर्ववत्
[४] पूर्ववत्
[५] पूर्ववत्

समातेका छन् ।[६] यसरी एकमात्र कवितासङ्ग्रहबाटै खनालले प्रष्ट साहित्यिक विचार प्रभाव र कलाको अभिव्यक्ति दिएर सुरुदेखि आजसम्मको कविता यात्रा पूरा गरेका छन् ।

कविता विधाकै उपविधा मानिने गीतको लेखन पनि खनालको सहित्यिक लेखनको पहिचान भएकोले त्यसबारे पनि उल्लेख गर्नु यँहा सान्दर्भिक ठहर्छ । यस सन्दर्भमा वि.सं २०३७ सालमा 'ढाक्रेदाइ' शीर्षकको गीतबाट उनले यो यात्रा आरम्भ गरेका थिए भने २०५९ सालमा उनको कवितासङ्ग्रह प्रकाशित हुने अवस्थामा आइपुग्दा उनले लेखेका तीनवटा गीतहरू पनि उक्त कवितासङ्ग्रहमा सङ्ग्रहित हुन पुगे । यसपछि पनि गीत लेखनलाई अगाडि बढाउदै लगेका खनालको **'परिवर्तनका तरङ्गहरू'** शीर्षकको गीतिएल्वम २०६५ सालमा सार्वजनिक भयो । यसरी गीतको लेखनबाट पनि आफ्नो साहित्यिक यात्रा अगाडि बढाएका खनालका गीतमा भने श्रमिक, गरीव, दु:खीका पीडाहरू, समानता, स्वतन्त्रता र मुक्तिका लागि क्रान्तिगर्न मुखरित गरिएका विचारहरू, आफ्नो लक्ष्मा पुग्ने अठोटका स्वरहरू, आफू संलग्न पार्टीप्रतिको निष्ठा तथा देश भक्तिका भावनाहरू प्रकट गरिएका छन् ।

## ४.१.२. झलनाथ खनालको निबन्ध यात्रा

निबन्ध लेखनबाट पनि झलनाथ खनालले आफ्नो साहित्यिक यात्रा अगाडि बढाएका छन् । उनको निबन्धयात्रा वैचारिक तथा दार्शनिक लेखहरूको लेखन र प्रकाशनसँगै अगाडि बढेको पाइन्छ । खनालले उनका निबन्धात्मक रचनाहरूलाई 'निबन्ध' नै भनेर प्रस्तुत नगरेका भए पनि विभिन्न समयमा विभिन्न पत्रपत्रिका तथा पुस्तकाकार कृतिमा प्रकाशित लेख रचनाहरू साहित्यको निबन्ध विधाको नजिक रहेका हुँदा तिनलाई निबन्धकारूपमा नै हेर्नु उपयुक्त हुन्छ र यिनै निबन्धात्मक लेखबाट नै उनको निबन्धयात्रा अगाडि बढेको देखिन्छ । पञ्चायत कालमा खनाल भूमिगत रहदा आफ्ना रचनासमेत अभिमन्यू बुद्धिरत्न, नरेश आदिजस्ता छद्म नामबाट प्रकाशित गर्ने गरेकाले उनका यस समयका कतिपय निबन्धात्मक रचना पनि तिनै छदम नामबाट नै प्रकाशमा आएका छन् भने २०४६ पछिका उनका रचना आफ्नो सही नामबाट प्रकाशित भएका छन् । यसरी अढाइ दशकभन्दा लामो आफ्नो निबन्ध यात्रामा उनले राष्ट्रिय तथा अन्तराष्ट्रिय परिवेशमा देखिएका बिभिन्न सन्दर्भ र समस्याहरूलाई मार्क्सवादी प्रगतिवादि दृष्टिले विश्लेषण गर्दै तथ्यपरक वैचारिक निबन्धकारूपमा प्रस्तुत गरेका छन् ।

## ४.१.३ झलनाथ खनालको संस्मरणयात्रा

कविता, गीत र निबन्धको लेखनजस्तै विभिन्न स्थान र परिवेशमा रहदा परिचित भई सहयोग र सहकार्य गरेका मित्रहरूको निधन भएपश्चात लेखेका संस्मरणबाट पनि झलनाथ खनालले आफ्नो साहित्यिक यात्रा अगाडि बढाएका छन् । उनले मुख्य पेसाकारूपमा राजनीतिलाई अपनाएका हुँदा उनका संस्मरणहरू पनि यसै क्रममा भेटिएका र दिवङ्गत भएका मित्रहरूको सम्झनामा लेखिएका छन् । लामो राजनैतिक यत्रा र यसक्रममा गुमाएका धेरै मित्रहरूको संस्मरण लेख्दै जाँदा भने यात्रा पनि उनको लेखनको एउटा पाटो नै बन्न पुगेको छ । राजनैतिक यात्राकै क्रममा साहादत प्राप्त गरेका तथा विधिवत् दिवङ्गत भएका रत्नकुमार बान्तवा, रामनाथ दाहाल, नेत्र घिमिरे, जीवनराम मानन्धर, सूर्य कन्दङ्वा, हरि नेपालजस्ता संस्मरण योग्य व्यक्तिको संस्मरण लेखनबाट

---

[६] पूर्ववत्

अगाडि बढेको उनको संस्मरण यात्रामा उनका संस्मरण लेखहरूमा सम्बन्धित व्यक्तिको आफूसँग भएको मित्रताको बारेमा त्यस व्यक्तिले दिएको योगदान उसको बानी, व्यवहार, शील स्वभाव तथा जीवनीका बारेमा लेख्ने गरेका छन् ।

### ४.१.४ झलनाथ खनालको वैचारिक/दार्शनिक लेखन यात्रा

झलनाथ खनालको साहित्यिक यात्रामा वैचारिक दार्शनिक लेखनले पनि मुख्य स्थान ओगटेको छ । माध्यामिक विद्यालयको अध्ययनको पछिल्लो अवधि अर्थात् २०२०/२१ सालदेखि लेखनयात्रा सुरु गरेका प्रगतिशील विचार र चिन्तन धाराबाट प्राभावित खनालका वैचारिक र दार्शनिक लेखहरू पनि प्रगतिशील विचार र चिन्तनधारा बाट नै प्रभावित छन् । हाल नेकपा (एमाले) का अध्यक्षको जिम्वेवारी सम्हालिरहेका उनलाई वैचारिक/दार्शनिक अध्ययन र लेखनका लागि उनीसम्बद्ध दलकोमात्र नभएर समग्र वामपन्थी बुद्धिजीवी र विश्लेषक मध्ये नै राम्रो स्थानमा राखेर हेर्ने गरेको पाइन्छ । मार्क्सवादी दर्सनको गहिराइमा पुगेर अध्ययन गरेका अध्येता तथा विश्लेषक खनालका बारे मोदनाथ प्रश्रितले लेखेको यो उद्घारले उनको लेखनबारे थप पुष्टि गर्छ– कितावीपन, यान्त्रिकता, मनोगतबाद, विदेशी नक्कल, आदर्शवाद सतही विवेचन जस्ता रोगहरूबाट सकेसम्म टाढा रहेर देशको विद्यमान वस्तुस्थितिको यथार्थ विवेचन र उद्घाटनको प्रयत्न गर्नु लेखकको विशेषता रहेको छ ।[७] यसरी विभिन्न परिवेश र सन्दर्भमा उठेका सवालहरूको विश्लेषण गर्ने तथा मार्क्सवादी, प्रगतिवादी विचारबाट प्रभावित भई दर्शनको गहिरो व्याख्या र विश्लेषण गर्ने खनालको वैचारिक/दार्शनिक लेखन यात्रा पनि करिव उनको राजनैतिक यात्रा जत्तिकै लामो भएको पाइन्छ । यसक्रममा उनका सयौ लेखहरू **दृष्टि**, **छलफल**, **प्रकाश**, **नवयुग**, **नेपाल समाचारपत्र**, **कान्तिपुर**जस्ता पत्रिकामा प्रकाशित भएका छन् भने उनको दार्शनिक अध्ययनको प्रतिफलका र नेपालको परिप्रेक्षमा लेखिएका पुस्तकाकार कृतिहरू पनि २०४१ सालदेखि नै प्रकाशित भइरहेका छन् । यस्ता पुस्तकाकार कृतिहरूको सङ्ख्या नौ पुगिसकेको छ र लेखनको क्रममा पनि अगाडि बढिरहेको छ ।

यसरी पत्र पत्रिकामा प्रकाशित लेखबाट सुरु भएको झलनाथ खनालको वैचारिक/दार्शनिक लेखनयात्रा पुस्तकाकार कृतिको आयतनसम्म फैलिएको छ । विषयवस्तुका दृष्टिले उनका सुरुका वा बहुदलीय प्रजातन्त्रको प्राप्तिपूर्वसम्म मार्क्सवादको व्याख्या, पर्टीको सैद्धान्तिक र व्यवस्थाको विरोधका सन्दर्भमा लेखेका थिए भने बीचको समय वा २०६२ साल पूर्वका उनका दार्शनिक/वैचारिक लेखहरू देशको अवस्था आफ्नो दलको मान्यता र भूमिका तथा अन्य दल र नेताका भूमिकाबारे लेखेको पाइन्छ । यस्तै पछिल्लो चरण वा २०६२ साल पछिका उनका लेखहरू लोकतन्त्र, यसको कार्यदिशा, उनी सम्बद्ध पार्टीको भूमिका तथा समसामयिक सन्दर्भका विविध विषयमा लेखिएका छन् ।

## ४.२ 'शताब्दीको पहिलो बिहानी' कवितासङ्ग्रहको परिचय

साढेचार दशकभन्दा लामो साहित्यिक यात्राक क्रममा झलनाथ खनालका प्राय: रचनाहरू प्रकाशनमा छिटोछिटो पुग्नेभन्दा पनि व्यक्तिगत डायरीमा रहने हराउने, खोसिनेजस्ता कार्यहरू भएको पाइन्छ । उनका केही कविताहरू भने पत्रपत्रिकामा प्रकाशित पनि भए । यस्तो अवस्थामा रहेका खनालका कविता कृतिहरू संयोगले एकपटक उनैसँगको कुराकानीको

[७] पूर्ववत्

क्रममा समालोचक नरनाथ लुइटेलको जानकारीमा आएपछि यो कवितासङ्ग्रहले प्रकाशित हुने अवसर पाएको देखिन्छ । कवि खनालका संरक्षण बिहीन अवस्थामा पुगेका पूराना डायरीबाट लुइटेलले यी कविताहरूको खोजी र सङ्कलन गरेका थिए भने कञ्चनजङ्घा प्रकाशनले यो कवितासङ्ग्रहको प्रकाशन गरेको थियो । यो सङ्ग्रह कविका आफ्नै पारिवारिक जीवनका घटना- दुर्घटना, जेल-जीवन, राजनैतिक सङ्घर्ष, कम्युनिस्ट पार्टीको संलग्नता, देश-विदेशका यात्रा विवरण, स्वतन्त्रता, प्रजातन्त्र, देशभक्ति, आर्थिक, सामाजिक विकास, समाजवादका प्रश्नहरू, महिला मुक्ति, एक्काइसौं शताब्दीका चुनौती आदि विषयमा रचना गरिएको सङ्ग्रहकारूपमा रहेको र वि.सं २०५९ सालमा प्रकाशित भएको थियो भने यसको मुद्रण कञ्चन प्रिन्टिङ प्रेसले गरेको थियो । वि.सं २०२५ सालदेखि २०५९ सालसम्म विभिन्न अवस्था र परिवेशमा लेखिएका र कविताको अन्त्यमा सो अवस्था र परिवेशसमेतको उल्लेख गरिएका र कविता/गीत यस सङ्ग्रहमा सङ्ग्रहित छन् । तिनमा ३४ वटा गद्य ५ वटा पद्य कविता तथा ३ वटा गीतहरू समावेश गरिएका छन् ।

यस कवितासङ्ग्रहमा निम्नानुसारका प्रकार तथा शीर्षक रहेका कविताहरू सङ्ग्रहित रहेका छन्-

**गद्य कविताहरू**

| क्र.सं. | कविताको शीर्षक |
|---|---|
| १ | नँया अठोट |
| २ | अव कता? |
| ३ | वाग्लुङ जेल: एक चिन्तन केन्द्र |
| ४ | माइथानमा घण्टी बज्छ |
| ५ | पाँच नम्बर वार्ड |
| ६ | चार पहाडका तालु टेक्दै |
| ७ | चौवाटोमा आइपुगेको यात्रा |
| ८ | स्वयम्भू चैत्य र बाँदर सभ्यता |
| ९ | उनको अवसान |
| १० | पुनर्मिलन |
| ११ | महायात्रा |
| १२ | श्रद्धञ्जली आमालाई |
| १३ | द्वन्द्व निरूपण |
| १४ | मानव समुद्र |
| १५ | महासभाको उद्घोष |
| १६ | मेरो फिक्कल |
| १७ | महापर्खाल भित्रको नवीन सभ्यता |
| १८ | शताब्दीको पहिलो बिहानी |
| १९ | अमेरिका तिमी पो अगाडि रहेछौ |
| २० | पृथ्वीको फन्को |
| २१ | महिला |
| २२ | जब म लमजुङ आउँछु |
| २३ | सिस्नेलाई साक्षी राखेर |
| २४ | मस्को |

| | |
|---|---|
| २५ | रक्तरञ्जित रात्री |
| २६ | आकाशवाणी |
| २७ | मेरो गाँउ |
| २८ | उत्तरी यात्रा |
| २९ | जुम्लाको आत्मकथा |
| ३० | पुनर्विचार गर |
| ३१ | यस पटकको पोखरा |
| ३२ | सुङ्देलको चेतावनी |
| ३३ | होसियार |
| ३४ | यी रगतका बाढीहरू रोक्न पद्य कविताहरू |

**पद्य कविताहरू**

| | |
|---|---|
| ३५ | अन्तुडाँडा |
| ३६ | मातृभूमि र हाम्रो दायित्व |
| ३७ | सन्त्रस्त साँझ |
| ३८ | पिता स्मृति |
| ३९ | प्रमोद श्रद्धाञ्जली |

**गीतहरू**

| | |
|---|---|
| ४० | ढाक्रेदाइ |
| ४१ | एकदशक |
| ४२ | सुन्दर नेपाल चाँडै बनाउन |

'**शताब्दीको पहिलो बिहानी**' कवितासङ्ग्रहमा सङ्ग्रहित माथि उल्लेख गरिएका कविताहरूले ती कविताको रचयिता झलनाथ खनाललाई कविकारूपमा स्थापित गराउनेमात्र नभएर प्रगतिवादी नेपाली कविता परम्परामा समेत इटा थप्ने काम गरेका छन् । यस शोधपत्रमा खनालको उक्त कवितासङ्ग्रहका प्रतिनिधि कविताहरूको सैद्धान्तिक आधारमा विश्लेषण गरिएको छ ।

## ४.३.० कविता विश्लेषणका सैद्धान्तिक आधारहरू

कविता साहित्यको एक विशिष्ट लयात्मक विधा हो । यसको छुट्टै रचना प्रक्रिया हन्छ र आफ्नै सैद्धान्तिक ढाँचा हुन्छ । हरेक साहित्यिक सिर्जना त्यसका आवश्यक तत्वहरूको सङ्गतिपूर्ण संरचना हो । कुनै पनि कृतिको संरचना त्यसको संरचनात्मक अवयवहरूको जोडजाडमात्र नभएर सिर्जनात्मक कार्य पनि हो । साहित्यका मुख्यरूपमा रहेका चार विधाहरू मध्ये सबैभन्दा ठूलो क्षेत्र ओगटेको विधा कविताको रचना प्रक्रियामा पनि यसका संरचक तत्वहरू केके हुन् भन्ने सवालमा पूर्व र पश्चिम दुवै तर्फका साहित्यका अध्येताहरूले विगतदेखि अहिलेसम्म बृहत अध्ययन गरेका छन् । नेपाली साहित्यक इतिहासमा पनि यसको अध्ययन परम्परा लामो बनिसकेको छ । यो लामो परम्परामा विभिन्न विद्वानहरूले आ–आफ्नो तरिकाले विभिन्न पक्षलाई महत्व दिएर संरचक तत्वहरूको निर्क्यौल गरेका छन । कविताका विधागत भेदमध्ये मुक्तक र फुटकर कवितादेखि खण्डकाब्य र महाकाब्यसम्मको स्वरूपलाई ध्यानमा राख्दा कविताका निम्नलिखित मुख्य संरचक तत्व वा सङ्गठन तत्वहरू हुने कुरा नेपाली कविता भाग–४ मा यसरी देखाइएको

छ ।[८] (क) शीर्षक, (ख) संरचना, (ग) लयविधान, (घ) भाषाशैली, (ङ) कथनपद्धति, (च) केन्द्रीय कथ्य, (छ) बिम्बविधान एवम् अलङ्करण प्रविधि, (ज) व्यञ्जना र (झ) विधागत स्वरूप तथा आयाम । यी सङ्गठक तत्वहरू एक आपसमा आबद्ध रहने गर्दछन् । यस शोधपत्रमा कविताका यिनै प्रमुख तत्वहरूका आधारमा झलनाथ खनालको '**शताब्दीको पहिलो बिहानी**' कवितासङ्ग्रहका प्रतिनिधि कविताहरूको विश्लेषण गरिएको छ । सर्वप्रथम कविता विश्लेषणका सैद्धान्तिक आधारतत्वहरूको अध्ययन गरिएको छ ।

## ४.३.१ शीर्षक

शीर्षक कविता कृतिको नामकरण हो । यसले कृतिको सारभूत भाव कल्पना र विचारको सूचक सङ्केतकको काम गर्दछ । कवितामा आउने कथ्य, भाव, कल्पना र विचारको यसले उद्घाटन गर्दछ साथै शब्द चित्रको केन्द्रबिन्दुको काम पनि गर्दछ । कवितामा शीर्षकको सम्बन्ध मूल्य  ररूप पक्षसँग पनि अटूट रहेको हुन्छ । तसर्थ शीर्षक कृतिको नामकरणमात्र नभएर सम्पूर्ण कथ्यको सार तत्वपनि हो । यदि शीर्षक र केन्द्रीय कथ्यबीच सङ्गति भएन भने त्यो संभवतः ठूलो भूल र विडम्बना हुन जान्छ ।

## ४.३.२ संरचना

कविताको संरचना दुई किसिमको पाइन्छ । (अ) आन्तरिक र (आ) बाह्य ।

(अ) आन्तरिक संरचना

केन्द्रीय कथ्य, भावविचारको उठान, यात्रा (विकास) र अन्तिम रागात्मक प्रवाह विशेषको परिणति आन्तरिक संरचना हो । यसले प्रकारान्तरद्वारा पुनरावृत्ति, सञ्चयन, द्वन्द्वात्मकता, समन्वय र खण्डखण्डका स्वतन्त्र साहचर्यजस्ता विभिन्न प्रकृयाबाट बुनोट प्रदान गर्दछ । शव्द पङ्क्तिपुञ्ज, अनुच्छेदजस्ता अनेक घुम्तीहरू पार गरेर द्वन्द्वात्मक पद्धतिबाट एउटै भावविचारसँग समन्वित हुँदै आन्तरिक संरचना अन्तिम बिन्दुमा पयुगेको देखिन्छ । कविताको यस्तै संरचनाले प्रदान गर्ने बुनोट वृत्ताकार, चित्रात्मक, नागबेलीदार, खण्डीय तथा स्वतन्त्र साहवर्यात्मकसमेत विभिन्न प्रकारका पाइन्छन् ।

आन्तरिक संरचनामा भाषाशैलीले भावविचारका साथै लय तथारूप तत्वलाई समेत गतिमय बनाइदिन्छ ।

(आ) बाह्य संरचना

कविताको बाह्य संरचना  चरण वा पङ्क्तिविधान वा पङ्त्तिपुञ्जसँगै थालिन्छ । बाह्य संरचना भन्नु वा भाषिक वा शैलीगत प्राप्ति हो । यो विधा उपविधागत आयामसँग पनि सम्बन्धित छ । सार्थक शीर्षक, शब्दचयन, भाषाशैली, अनुप्रसमय पद तथा पदावली, क्रमबद्धता, पङ्क्तिपुञ्ज, श्लोक, अनुच्छेद, सर्गयोजना आदिको सुसङ्गठनलाई समग्रमा  बाह्य संरचना भन्न सकिन्छ । कविताको लघुतमरूप स्वस्फूर्त हुँने हुँदा यँहा यसको आवश्यकता देखिदैन भनिन्छ तर जब कविताले लघुरूपमा प्रवेश गर्छ तव यसले संरचना प्राप्त गर्न थाल्दछ । मध्यमरूपमा सर्गयोजनाको अनिवार्यता नै छैन तापनि

[८] वासुदेव त्रिपाठी, सं नेपाली कविता भाग-४, २०६०, पृ.१७

बृहत र  बृहतर वा बृहत्तमरूपमा आइपुग्दा भने सर्गयोजना अनिवार्य हुन्छ । त्यसैले बाह्य संरचना आयामसँग सम्बन्धित संरचना भनिएको हो ।

### ४.३.३ लयविधान

कविता विधाको मुख्य परिचायक तत्व लय विधान हो । यो भाषिक स्वर–व्यञ्जनवर्णका वर्णगत ध्वनिको साम्य वैषम्य दुबै भएको वितरण प्रकृयाको कालगत प्राप्ति हो ।

मूलतः काविताविधामा दुई किसिमको लय रहेको पाइन्छ । आन्तरिक लयमा पङ्क्ति–पङ्क्तिबीचको अनुप्रासीयता, प्रभावैक्यता, सामन्य ध्वनिको पुनरावृत्ति, अन्तः सङ्गीतको प्रस्फुटीकरण आदि हुन्छ । बाह्य लयमा लघु गुरुका मात्राहरू, गणको मिलान आदि हुन्छ । राम्रा कवितामा बाह्य लयभन्दा आन्तरिक लय बढी शक्तिशाली हुन्छ । यसले नै कवितालाई रम्य, जीवन्तता प्रदान गर्नुका साथै कर्णप्रिय र श्रुतिमधुर बनाउछ । गद्य कवितामा लघु गुरुको निर्वाह हुँदैन । यसमा आन्तरिक अनुप्रासीयताबाट अन्तरलय समृद्ध हुन्छ । गद्य कविताको उन्मुक्तताभित्र पनि पद्यात्मक अनुशासनभित्र आबद्ध भएर पद्य कविताको रचना गर्दा स्वस्फूर्तरूपमा लय त आउछ नै तर भावात्मकताले महत्व पाएन भने सो रचना कविता नभएर प्रस्तुतिमात्र हुन पुग्ने देखिन्छ ।

भाषाशैलीको पङ्क्तिगत र पङ्क्तिपुञ्जगत (श्लोकीय वा अनुच्छेदीय) उच्चारण र श्रवणका क्रममा रम्य लाग्ने साङ्गीतिक ध्वनि (आवज वा रन्को) नै वस्तुतः लयविधान हो ।

### ४.३.४ भाषाशैली

भाषाशैली कविताको बाह्यरूप हो । कविताले कथन गर्नुपर्ने अर्थका निम्ति यसको प्रयोग गरिन्छ । यसका लागि सबभन्दा बढी ललित र रागात्मक अनि व्यञ्जक र लयात्मक हुन सक्ने गरी वर्ण, शव्द, पद, पदावली, वाक्य, खण्डवाक्य र अनुच्छेदविधानसमेत सिर्जित हुन कुरालाई कवितामा भाषाशैलीकारूपमा चिनाएको पाइन्छ । भाषाशैली कवितालाई चिनाउने, अर्थ्याउँने प्रमुख तत्व पनि हो ।

कवितामा भाषाशैलीको महत्व शैलीको माधुर्य, सुकुमारता र लालित्यको सन्तुलित समायोजनमा बढी स्पष्ट हुन्छ । मनक भाषिक व्याकरणको प्रतिपालन गरेर पनि र अतिक्रमण (विचलन) बाट समेत बढी व्यञ्जकता, ललित्य र लयात्मकता भाषाशैलीलाई प्राप्त हुन्छ । यसैले भाषाशैली कविताको प्रमुख घटनाकारूपमा लिइएको पाइन्छ ।

### ४.३.५ कथनपद्धति

कविताका प्रमुख तत्वहरूमध्ये कथनपद्धति पनि एउटा महत्वपूर्ण पक्षकारूपमा मनिन्छ । कविताको कथ्य वा कथनको प्रस्तुति वा प्रविधिलाई कथनपद्धतिकारूपमा लिइएको पाइन्छ ।

कवितामा लयात्मक भाषिक कथन हुन्छ । कव्यात्मक भाषिक कथन कविद्वारा भनिने र श्रोता, दर्शक वा पाठक भावकप्रति संवोधन गरिने हुन्छ । कविले आफै कथन गरेको आत्मपरक कवितामा अभिव्यक्ति कवि प्रौढोक्ति हुन्छ । कविले अर्कै कुनै वक्ताका माध्यमबाट गरेको कथन कवि निबद्ध वक्तृप्रौढोक्ति हुन्छ । कविप्रढोक्तिपद्धति आत्मपरक

अभिव्यक्ति हो भने कविनिबद्धवक्तृप्रौढोक्तिमा चाहिं नाटकीकरण हुने भएकाले वा प्रत्यक्ष आत्मपरक अभिव्यक्ति होइन भन्न सकिन्छ । मुक्तक र फुटकर कवितामा सोझै कविकथन ज्यादा हुन्छ । खण्डकाव्य हुँदै महाकाव्यसम्म पुग्दा आख्यानीकृत पद्धतिभित्र नाटकीकरण पनि हुने भएकाले यी विधामा सिधै कविकथन कम हुने गरेको पाइन्छ ।

संक्षिप्तमा भन्नुपर्दा कथनपद्धति (१) लेखकीय कथान (प्रथम पुरुषात्मक, द्वितीय पुरुषात्मक, तृतीय पुरुषात्मक । (२) आख्यानीकृत कथन र (३) नाटकीकृत कथनसमेत तीन किसिमले कवि कथन गरिएको पाइन्छ ।

## ४.३.६ केन्द्रीय कथ्य र त्यसका सन्दर्भसामग्री तथा भावविधान

मानव चेतनाका यावत अनुभवपुञ्जहरू कवितामा अटाउने गर्दछन् । पूर्ण प्रकृति (जीवन जगत) मानवीय समाज र संस्कृति, पूराकथा र इतिहास, दर्शन र ज्ञानविज्ञानका साथै समस्त अनुभवहरूको कथन कवितामा गरिन्छ । कविताको कथ्य सामग्री र सन्दर्भको सेरोफेरो यसैलाई मानिन्छ । त्यसैले कवितामा हुने केन्द्रीय कथ्यका सन्दर्भ सामग्री र तिनकोरूपमा लिइएको पाइन्छ।

केन्द्रीय कथ्य भनेको कविताको केन्द्रीय भाव हो । भाव विनाको कविता अपूर्ण र खोक्रो कविता हुन्छ । त्यसैले भावलाई कविताको आत्मा भनेर स्वीकार गरेको पाइन्छ । अनुभूतिको अवस्थामा रहेका भाव कल्पनाका माध्यमबाट भाषिक अभिव्यक्तिमा उद्दीप्त हुँदा कविताको सिर्जना हुन्छ । यस क्रममा सार तत्वकारूपमा हुने केन्द्रीय भावलाई कविले व्युत्पत्ति र अभ्यासद्वारा कलात्मक पार्ने गर्दछ । आन्तरिक र बाह्य संरचनाले कलात्मक रुपान्तरण गर्दछ । लय, भाषा, शैली, प्रतीक, अलङ्कार आदिका माध्यमबाट भावविधानका अवस्थामा पुगिन्छ । कविताको सक्कलरूप आकार प्रष्टरूपमा देखा पर्दछ । त्यसैगरी कवितामा सन्दर्भ सामग्रीको पनि निकै नै महत्व हुन्छ । जीवन जगतका सम्पूर्ण विषयवस्तु, मानवमनका समग्र अनुभूतिहरू कविताका सन्दर्भ सामग्रीकारूपमा आँउछन् ।

## ४.३.७ बिम्बविधान तथा अलङ्करण प्रविधि

कथ्यलाई प्रस्तुत गर्ने अर्थको प्रतिच्छाया वा पूरककारूपमा आउने अर्को सहवर्ती अर्थलाई नै बिम्ब भनिन्छ । जीवन जगतका विविध सन्दर्भ र सामग्रीबाट बिम्बविधानको निर्माण हुन्छ । अर्थालङ्कारहरू बिम्बविधानकै उपक्रम हुन् ।

बिम्बविधान कविताको एक अपरिहार्य तत्वकारूपमा रहेको पाइन् । कविताको केन्द्रीय भावसँग गासिएर बिम्बले कलात्मक सौन्दर्यलाई अझै चम्किलो र उज्यालो बनाउँछ । आन्तरिक वा बाह्य संरचनासँग सम्बद्ध हुने हुँदा यो सूक्ष्म र वृहत हुने गर्दछ । सौन्दर्यका अन्य पक्षहरूमा सङ्गति, व्यतिरेक, शैली, लय, प्रश्न, संशय, तर्क, वितर्क, द्वन्द्व, स्वभावोक्ति, अतिरञ्जना, व्यङ्ग्य, अधिक वा न्यूनकथन, समानान्तरण र तिरोहन आदि अनेक मुद्रा अलङ्करणका प्रविधि हुन् । यिनले कवितालाई उजिल्याउछन् । बिम्बहरू भाव परिपोषक तथा भावव्यञ्जक तत्वसमेत मानिन्छन्।

## ४.३.८ व्यञ्जना

प्रस्तुत वा कथितभन्दा अप्रस्तुत वा अकथित सशक्त अर्थ जव पारदर्शकताका साथ झल्कन्छ त्यो व्यञ्जना हो । कवितामा वाच्यार्थ गौण र व्यङ्ग्यार्थ प्रमुख भई ध्वनिमय

बन्दैजाँदा व्यञ्जना शक्तिले प्रवलता प्राप्त गर्दछ । कविताको मर्म ध्वन्यात्मक वा व्यञ्जनापूर्ण अभिव्यक्तिमा हुने हुँदा व्यञ्जनालाई बढी प्रभावकारी बनाँउनका लागि बिम्ब, प्रतीक, साङ्केतिक भाषा अतिरञ्जक कथन आदिले पनि यसमा सहयोग पुर्याउछन् ।

कविताका आन्तरिक संरचनामा अर्थका एकभन्दा बढी तह वा तरेलीहरू रहेको भावकले अनुभव गर्दछ भने त्यँहा व्यञ्जना समृद्धिले कलात्मक प्रभाव र मूल्यलाई बढाँउछ ।

## ४.३.९ विधागत स्वरूप तथा आयाम

कविताको आयाम भनेको त्यस कृतिको कथन श्रवणकालको लमाइ हो । आयामबाट भावक/श्रोताका हृदयमा पर्ने सघनता वा गहिराइको समेत वोध हुन्छ । अनुभूतिको सानो झिल्कोदेखि जीवनजगतको सम्पूर्ण व्यापकतालाई झल्काउने लयात्मक रागात्मक अभिव्यक्ति यसमा रहेको हुन्छ । आयामका द्दष्टिले सानोदेखि विस्तृत क्षेत्र ओगट्ने यही लमाइका आधारमा कविताको विधागत स्वरूपम भनिन्छ । कविताका ती विधागत स्वरूपहरूमा लघुतम्, लघु, मध्ययम, बृहत, बृहत्तर तथा बृहत्तम श्रेणीहरू पर्दछन् ।

अनुभूतिको अतिसंक्षिप्त अभिव्यञ्जना कविताको लघुतमरूप हो । यो स्वतः संरचित हुन्छ भने यसकारूप अन्तर्गत स्फुटगीत, मुक्तक, गीत, लोकपद्य, सूक्ति, स्तुति सायरी आदि पर्दछन् । यसैगरी कविताको लघुरूपमा लघुतमरूपभन्दा केही विस्तृत अभिव्यञ्जना रहन्छ । यसमा केही वस्तुगतता केही अनुच्छेद र अनुभूतिको न्यूनतम श्रृङ्खला रहन्छन यसैले लघुरूपमा धेरथोर संरचनाको पनि आवश्यकता पर्दछ । यसमा कविता, स्तोत्र, गीत, गजल, प्रगीत आदि पर्दछन् । कविताको लघु र बृहतरूपको बीचमा मध्यमरूप रहेको हुन्छ भने यो आख्यान र संरचना समेट्दै अगाडि बढ्दछ । जीवनको एक खण्ड वा अनुभूतिको प्रवाहको अभिव्यञ्जना हुने कविताको मध्यमरूपले खण्डकाव्य वा यसको सद्दश संरचनाको आयामको सङ्केत गर्दछ । यसमा खण्डकाब्य, कोषकाव्य, गुच्छाकाव्य, लोककाव्य, शोककाव्य, गाथा(ब्यालेड) तथा हिजोआजका आख्यान सहितका वा आख्यानेतर लामा कविता समेत पर्दछन् । यसैगरी कवितामा अनुभूतिले विस्तृतता पाउदै जाँदा यसका बृहत, बृहत्तर र बृहत्तम्रूप देखा पर्दछन् । यिनलाई क्रमशः ललित, विकसित तथा आर्ष महाकाव्य नामकरण गरेको पाइन्छ । आयाम, संरचना र आख्यान आदिका द्दष्टिले पनि बृहत, बृहत्तर र बृहत्तमरूप हुने यी काव्यस्वरूपमा जीवनजगतको आयाम र सिङ्गो युगसमेतको वर्णन हुनसक्छ ।

यसरी कविताको विधागत स्वरूप तथा आयाममा यसका अतिछिटोदेखि बृह्तम आयामसम्मका स्वरूपलाई हेरिने हुँदा तथा कुनै पनि कविताको अध्ययन गर्दा पनि उक्त कविताकै स्वरूप र आयाम समेतको पनि अध्ययन गरिने हुँदा यसलाई यसलाई कविताको तत्वकारूपमा हेर्ने गरिन्छ ।

## ४.४ प्रगतिवादी नेपाली कविता परम्परामा झलनाथ खनाल

'प्रगति' र 'वाद' जस्ता दुई शब्द मिलेर बनेको समस्त शब्द प्रगतिवादको अर्थ उत्थान वा उन्नतितर्फ अगाडि बढ्ने मान्यता वा सिद्धान्त हो र यसले कला साहित्यलाई द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी द्दष्टिकोणले व्याख्या गर्दछ । जीवनजगतको व्याख्या र विश्लेषण गर्ने सन्दर्भमा मार्क्स र एङ्गेल्स देखिनुपूर्व नै हेगेलले

द्वन्द्ववाद तथा फ्वारवाखले प्रकृतिसम्बन्धी भौतिकवादको व्याख्याबाट मार्क्सवादी दर्शनलाई पृष्टभूमि प्रदान गरेका थिए तर परम विचारलाई प्राथमिक र संसारलाई गौण मान्ने यिनीहरूको आदर्शबादी मान्यताका कारण यी प्रगतिवादी साहित्यका पृष्ठभूमिकारूपमा रहन सकेनन् ।[९] यसैले प्रगतिवादी साहित्य यथार्थवादी साहित्यको पृष्ठभूमिमा मार्क्स र एङ्गेल्सको दर्शनलाई आत्मसाथ गर्दै विकास भएको पाइन्छ । आलोचनात्मक यथार्थवाद, प्रगतिशीलता, प्रगतिवाद उस्तै साहित्यिक मान्यता लाग्दछन् तर यिनमा भिन्नता अवश्य पाइन्छ । आलोचनात्मक यथार्थवादमा लेखकले समकालीन अव्यवस्था, शोषण, अन्याय र विसङ्गतिलाई टिपेर प्रस्तुत गर्दछ ।[१०] वस्तुको उत्पादन र उपभोक्ताका बीचमा विसङ्गति समाजका अर्थव्यवस्थाका बीचमा देखिने विषम संरचनागत विसङ्गति आदिका सम्पूर्ण पक्षलाई मान्छेले आफ्ना विवेकका आँखाले हेर्न लाग्दछ तर त्यस विसङ्गतिका बीचमा समस्याहरूको समाधानका निम्ति सही दिशा प्राप्त गर्न तुरुन्तै नसके पनि त्यस यथास्थितिलाई निराकरण गर्नुपर्ने कुरा आलोचनात्मक यथार्थवादले सुभारम्भ गरेको हुन्छ ।[११] प्रगतिशीलतामात्र उन्नत र समाजोन्मुखी चेतना हो, अभ्यान्तरिक चेतना हो र समाजका यथार्थमा देखिने विसङ्गतिको आलोचना हो अनि प्रगतिवाद भनेको समाजका पूँजीवादी पद्दतिका पोषक तत्वका विरुद्ध दमित, शोषित र वैयक्तिक स्वार्थका निमित्त लागिपर्ने दुष्प्रवृत्तिका विरुद्ध सङ्गठितरूपमा देखिने प्रतिबद्ध चेतनाको उद्बोधन हो ।[१२] यसरी प्रगतिवादले मानवश्रम, मानव र प्रकृतिका बीचको सम्बन्ध तथा समस्त मानव क्रियाकलापलाई कलासाहित्यको स्रोत भनेको छ भने सर्वहारा वर्गलाई सचेत गराउनु, परिवर्तनधर्मी चेतनाको सम्प्रेषण गर्नु, समाज रुपान्तरणकारी भूमिकामा सहयोग पुर्याउनु, समाज र जीवनलाई अपूर्णता पूर्णतातर्फ अग्रसर गराउनु आदिलाई कलासाहित्यको प्रयोजन मानेको छ ।[१३] यसबाट के बुझिन्छ भने प्रगतिवादीहरूमा वर्गीय स्वार्थ हुन्छ नै र यथास्थितिवादीहरूको शासन तथा सामाजिक संरचना भत्काएर उनीहरूको एकछत्र शासनको विरोधमा मानवीय समतापूर्ण व्यवस्था लागु गर्नु हो । वर्ग स्वार्थ भनेको त क्रान्तिको समयमा अपनाएको अल्पकालीन रणनीति हो । सर्वहारा वर्ग एकजुट बन्दै आजसम्मको शोषक र सामान्तसँग भिडेर विजय प्राप्त समानता र स्वतन्त्रतापूर्ण समाजको निर्माण गर्ने अभिलाषा हो । यसरी प्रगतिवादलाई स्पष्टरूपमा मार्क्सवादी चिन्तनदृष्टिमा आधारित भई समाज रुपान्तरण तर्फ योगदान दिन सफल साहित्य रचना प्रवृत्ति हो भन्न सकिन्छ ।

कविता साहित्यका विधाहरूमध्ये एक विशिष्ट लयात्मक भाषिक संरचना भएको विधा हो । प्रगतिवादीहरूले यसलाई संचनाका अतिरिक्त वस्तुवादी र जीवनोपयोगी मूल्यका दृष्टिले हेर्ने गर्दछन् । यसैले वस्तुवादी दृष्टिले हेर्ने र कुनै पनि वस्तुको उयोगिता वा मूल्य पारख गर्ने दृष्टिकोणको विकास नभएसम्म कविता जीवनको यथार्थभन्दा पर भाववादमामात्र सीमित रह्यो ।[१४] युगीन मूल्यबोध गर्दै मार्क्सवादी ऐतिहासिक तथा द्वन्द्वात्मक भौतिकवादी

---

[९] जगदीशचन्द्र भण्डारी, प्रगतिवादी नेपाली कविताको आरम्भ र विकास, अप्रकाशित शोध प्रबन्ध, त्रि.वि. २०५३, पृ.११

[१०] कृष्णहरि बराल र नेत्र एटम, उपन्यास सिद्धान्त र नेपाली उपन्यास, काठमाण्डौ, साझा प्रकाशन, २०५६, पृ. १५७

[११] राजेन्द्र सुवेदी, नेपाली उपन्यास परम्परा र प्रवृत्ति, काठमाण्डौः साझा प्रकाशन २०६४, पृ.१८६

[१२] पूर्ववत्

[१३] गोपिन्द्रकुमार पौडेल, प्रगतिवादी नेपाली कथाका प्रवृत्तिहरू, अप्रकाशित विद्यावारिधी शोध प्रबन्ध, त्रि.वि., २०६२ पृ.५४४

[१४] रविलाल अधिकारी, प्रगतिवादी नेपाली कविता, लेकाली प्रकाशन, २०४४ पृ.१७

मान्यतालाई अनुसरण गरेर साहित्य रचना गर्न थालेपछि अन्यविधा जस्तै कविता विधामा पनि प्रगतिवादी मान्यता देखा परेको हो । प्रगतिवादी कवितालाई जीवनोपयोगीरूपमा हेर्ने सन्दर्भमा रसियन विद्वान बोरिस सुखोवको यो अभिव्यक्तिले पनि प्रष्ट पार्दछ– 'कविताले मानिसको जीवन बढाउन त सक्तैन तर जिन्दगीमा क्षणहरू अधिक सार्थक, सम्पन्न र समृद्ध अवश्य बनाउछ, त्यसले मान्छेको जीवनको स्वाद उत्पन्न गर्न सक्छ । साहित्य या कलाका सबैरूप आ–आफ्ना ढङ्गबाट यो काम सम्पन्न गर्छन् तर कविता यस दिशामा सर्वाधिक महत्वपूर्ण छ । यदि कवितामा नहुदो हो त मान्छेको जीवन अधिक दरिद्र हुन्थ्यो ।[१५] यसरी कवितालाई जीवनको अङ्ग नै मान्ने प्रगतिवादी साहित्यकारहरूले आफ्ना विचार र धारणाहरू पनि यस्ता कविताबाट नै प्रस्तुत गर्दछन् ।

विश्व साहित्यमा विभिन्न क्रान्ति र विश्वयुद्धको प्रभाव परेर मानिसले पीडा, दमन, शोषण, उत्पीडन सहनु परेपछि त्यसको विरोध र विद्रोह गर्दै प्रगतिवादी साहित्यको विकास भएजस्तै नेपाली साहित्यमा पनि प्रगतिवादी साहित्यको सुरूवात हुन विभिन्न पृष्टभूमिले काम गरेका छन् । नेपाल एकीकरणपूर्वदेखि नै प्रत्यक्ष र परोक्षरूपमा विभेदित हुँदै आएका नेपालीहरू एकिकरणताकाको युद्ध तथा राणा शासन सुरु भएपछि भएको दमनको पराकष्टाले जनतामा कुण्ठित रहेको विद्रोह भाव विभिन्नरूपमा प्रकट हुन थाल्दछ । मूलतः सामाजिक, राजनैतिक, आर्थिक र साहित्यिक दमनको पृष्ठभूमिबाट विद्रोही तथा क्रान्तिकारी चेतनाको साहित्यिकरूपमा परोक्ष प्रकट गर्ने काम लेखनाथ पौड्याल, बालाकृष्ण सम, धरणीधर कोइराला, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, महानन्द सापकोटा आदिले कविता विधामार्फत गरेको पाइन्छ जुन प्रगतिवादी नेपाली कविताको सुरूवातका लागि पृष्ठभूमिकारूपमा रहेका छन् ।

राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा भएका मुक्ति आन्दोलन र गतिविधिद्वारा जागृत भएको नेपाली जनमानसबाट प्रभावित र प्रेरित भएका कवि लेखकहरू सामन्तवादी सामाजिक संरचनाको परिवर्तनका निम्ति आफ्नो सिर्जनालाई संलग्न गराउन थाल्दछन् र युगका यथार्थहरूबाट कथ्य लिई जनतालाई सचेत र जागरुक बनाउने अभिलाषा बोकेर साहित्य क्षेत्रमा अग्रसर भएका पाइन्छन् । यस क्रममा गोपालप्रसाद रिमालको **'आमाको सपना'** (२०००) कविता लेखी प्रगतिवादी धाराको सूत्रपात गर्दछन् । तत्कालीन युगजीवनको अन्याय, अत्याचार, दमनप्रति विद्रोहको भाव व्यक्त गर्दै सर्वप्रथम क्रान्तिको आह्वान गरी रचना गरिएको रिमालको यो कविता नेपाली कविता परम्परामा नँया धाराको प्रवर्तनका लागि कोसेढुङ्गा सावित भएको छ । यसपछिका उनका कवितामा पूँजीवादी व्यवस्था र राजनीतिका विद्रोह, घृणा, आक्रोशको भावना तथा समतायुक्त सामाजिकताको काममा रहेको छ । यसपछि वि.सं २००२ को **'उदय'** पत्रिकामा **'सन्देश' यथार्थवाद नै लिउँ**, **'यँहा समाजवाद छ!'**, **'के फाइदा र !'**, **'मनुष्यजुनी'**, जस्ता कविता पनि त्यस समयका प्रगतिवादी कविताका राम्रा नमुनाकारूपमा रहेका छन् ।

प्रगतिवादी नेपाली कविताको साहित्यिक मान्यता र सैद्धान्तिक व्याख्या भने २००८ सालमा भएको पाइन्छ । कृष्णचन्द्रसिंह प्रधानले २००३ सालदेखि २००७ सालसम्मका आफ्नै फुटकर कविताहरूको सङ्ग्रह **'भञ्ज्याङनिरै'** (२००८) प्रकाशित गरेर उक्त सङ्ग्रहको आफैले लेखेको भूमिकाबाट यो मान्यता र व्याख्या प्रस्तुत गरेका थिए । उक्त सङ्ग्रहमा आफ्नो वर्गीय दृष्टिकोण, प्रतिबद्धता र परिवर्तनकामी कामना प्रकट गरेका प्रधान पछि अन्य विधामा बढी सक्रिय भए पनि प्रगतिवादी नेपाली कविता परम्परामा

---

[१५] पूर्ववत्, पृ.२१

महत्वपूर्ण साधककारूपमा रहेका छन् । यसैगरी केवलपुरे किसानले पनि यस धाराको विकासमा ठूलो योगदान दिएका छन् । बिभिन्न पत्रपत्रिकामा **'आह्वान'**, **शिक्षा प्रचार'**, **'हाम्रो संयुक्त मोर्चा,'** **'जागरनप्रति'**, **'यो केहो'**, **'शुभकामना सन्देश'**, **'आगो बलेन'** जस्ता प्रगतिवादी कविता प्राकाशित गरेका किसानका कवितामा वर्गीय विषमाता, आर्थिक असमानता, पूँजीवादी प्रजातन्त्रको अर्थहीन स्वरूपको विरोध अवसरवादी चरित्रको विरोध भारत र अमेरिकामुखी नेताको विरोध, दिल्ली संझौताप्रति आक्रोश आदि विशेषता पाइन्छन् । गोकुल जोशी यस धाराका अर्का शसक्त कविकारूपमा रहेका छन् । **'नेपालको भविष्य'** (२०११) कवितासङ्ग्रहबाट यस धारामा उदाएका जोशीले आर्थिक-सामाजिक-राजनैतिक विषमाता, अन्याय, शोषण, अत्याचारको विरोध, २००७ सालको आन्दोलन पछि शासक वर्गले गरेको जनदमन, विदेशीप्रतिको समर्पण आदिको विरोध गरेका छन् । **'नँया इयाउरे (२०१४), निर्झर (२०१५) र घुम्ने मेचमाथि अन्धो मान्छे' (२०२६)** जस्ता कवितासङ्ग्रह प्रकाशित गरेका भूपि सेरचन प्रगतिवादी कविता परम्पराका अर्का विशिष्ट प्रतिभा हुन् । उनले आफ्ना कवितामा सामन्तवाद, पूँजीवाद, साम्राज्यवाद, विस्तारवाद, प्रभुत्ववाद आदिको विरोधमा विद्रोहचेत प्रकट गर्नुका साथै नेपाली निम्न वर्गीय उत्पीडित जीवनको अवस्थालाई कथ्य बनाएका छन् । यसैगरी मार्क्सवादी जीवन दर्शनबाट अनुप्राणित हुँदै र यथार्थ जीवन प्रकट एवम् आत्मराग व्यञ्जन गर्दै यस धारामा आनन्ददेव भट्ट देखिन्छन् भने जनक हुमागाइ, टी.आर विश्वकर्मा, हृदयचन्द्रसिंह प्रधान, युद्धप्रसाद मिश्र प्रभृति कवि पनि यस धारामा शसक्त रहेका छन् ।

यसरी २००८ सालमा सैद्धान्तिक मान्यता आएपछि देखिएका माथि उल्लिखित लगायतका कविहरूका प्रगतिवादी कविताबाट २०१७ सालसम्म आउदा प्रगतिवादी नेपाली कविताको प्रारम्भिक कालको निर्माण भएको छ । वि.सं २०१७ सालपछि यस धाराको विकास अझ शसक्त र मूलधारकोरूपमा अगाडि बढेको पाइन्छ भने खण्डकाव्य र महाकब्यको आयाममा तन्किएका प्रगतिवादी काब्यरचनाहरू पनि यसै कालखण्डमा रचिएका छन् । प्रगतिवादी साहित्यसमेतलाई टेवा पुग्ने गरी साहित्यिक सङ्घ-सस्थाहरू निर्माण, साहित्यिक आन्दोलनको सुरूवात तथा **'रूपरेखा'** **'तुवालो'** **'सगुन'** जस्ता पत्रिकाको प्रकाशन सुरू भएको यस समयमा प्रगतिवादी कविता परम्परालाई अगाडि बढाउने कविहरूमा प्रारम्भिक कालदेखि नै समर्पित कविहरूका अतिरिक्त दुर्गालाल श्रेष्ठ, कालीप्रसाद रिजाल, मोदनाथ पौडेल 'अभागी', जगतबहादुर जोशी, नारायणप्रसाद शर्मा, नरेश शाक्य, अरूणप्रकाश मिश्र 'नेपाली', दर्शन राई, मेघराज मञ्जुल, विमल निभा, रविलाल अधिकारी, पूर्णविराम, दिल साहनी, राजीव, विक्रम सुब्बा, जगदीशचन्द्र भण्डारी, निलकण्ठ न्यौपाने, धर्मोगत शर्मा, महेश मास्के, विमल गुरुङ, रुद्र खरेल, अग्निशिखा, अच्युत फुयाल, घनश्याम ढकाल, मित्रलाल पंज्ञानी, वाशुदेव अधिकारी, रविकिराण निर्जीव, श्यामल, बुँद राना, ऋषिराम भुसाल, मुरारी पराजुली, रामविनय, धर्मलाल भुसाल, मोहन दुवाल, तीर्थ कोइराला, नुमराज बराल, घनश्याम कडेल, कर्णाद महर्षि, मोहनविक्रम सिंह आदि रहेका छन् । नेपाली कविता परम्पराको प्रगतिवादी कित्तामा रहेर कविता लेखनलाई अगाडि बढाउने अन्य कविहरूमा लीला उदासी, अनिल पौड्याल, रमण नेपाल, अमर गिरी, ऋषिराज बराल, खगेन्द्र सङ्ग्रौला, ताराकान्त पाण्डे, कुन्ता शर्मा, विप्लव ढकाल, घनश्याम न्यौपाने 'परिश्रमी' सुधा त्रिपाठी, शुकुम शर्मा आदिले आज पनि कविता रचना गरिरहेका छन् । यसरी वर्तमान समयमा देखा परेका अनेकौ कवि प्रतिभाहरूले प्रगतिवादी कविता भावधाराको विकासमा महत्वपूर्ण

योगदान दिइरहेका छन् । वर्गविहीन र शोषणविहीन सङ्कल्प लिएका र वैज्ञानिक द्वन्द्वात्मक भौतिकवादी जीवनदृष्टि बोकेका यी कविहरूको सत्प्रयास र प्रतिबद्ध चेतनाको फलस्वरूप प्रगतिवादी भावधारा समृद्ध हुँदै गएको देखिन्छ ।

वि.स २०१९/२० सालदेखि कवितालेखन तथा २०२४/२५ सालदेखि छिटफुटरूपमा प्रकाशनमा लागेका झलनाथ खनालका फुटकर कविताहरूको २०५९ सालसम्म आउदा कवितासङ्ग्रह नै प्रकाशित भैसकेको छ । मार्क्सवादी ऐतिहासिक तथा द्वन्द्वात्मक भौतिकवदी मान्यतामा विश्वास राख्ने कवि खनालका कविताहरूमा पनि माथि उल्लिखित प्रगतिवादी कविहरूले आफ्ना कवितामा प्रयोग गरे जस्तै मान्यता र विशेषताहरूको प्रयोग गरेका छन् । यसैले कवि झलनाथ खनाललाई पनि नेपाली प्रगतिवादी कविता परम्परामा २०१७ साल पछिको मूल प्रवाहमा उदाएर आजसम्म पनि यसै धारामा प्रतिवद्ध हुँदै कविता रचना गर्ने एक शसक्त प्रगतिवादी कवि प्रतिभाकोरूपमा रहेको पाइन्छ ।

प्रगतिवादी नेपाली कविता परम्परामा कवि झलनाथ खनाललाई हेर्ने उनको काव्यिक योगदानलाई पनि हेर्नु पर्ने हुन्छ । यसरी हेर्दा उनका परिणात्मक, प्रकारात्मक, ऐतिहासिक तथा गुणात्मक योगदानलाई हेर्न सकिन्छ । उनले आफ्नो काव्ययात्राको प्रारम्भिक चरणका १५०भन्दा बढी कविताहरू भूमिगत र जेलजीवनमा रहँदा हरण तथा लुटाइबाट गुमाएका भए पनि त्यस समयमा बचेका तथा पछि रचना गरेका सहित २०२५ सालदेखि २०५९ सालसम्मका प्रतिनिधि फुटकर कविताहरूको एउटा सङ्ग्रह **'शताब्दीको पहिलो बिहानी'** (२०५९) बाट आफ्नो परिमाणात्मक काव्यिक योगदानलाई प्रस्तुत गरेका छन् । यस्तै फुटकर आयामको रचना बढीजसो गद्य कविताको लेखन, वर्णमात्रिक र लोकलयको पनि कुशल प्रयोग, विषयगत विविधता एवम् प्रगतिवादी वैचारिक प्रखरताले उनको प्रकारगत योगदानलाई देखाएका छन् । वि.सं २००८देखि वैचारिक र सैद्धान्तिक मान्यतासहित विकास भएको प्रगतिवादी नेपाली कविता परम्पराले २०१७ सालसम्मको प्रारम्भिककालीन यात्रा पूरा गरेपछि लगत्तै सुरु भएको यस धाराको मूल प्रवाहको समयको करिव सुरुवाती बिन्दुबाटै काव्ययात्रा सुरु गरेर क्रमशः भाव, विचार र प्रस्तुतिमा निख्खरता ल्याउदै २०५९ सालसम्म आउदा कवितासङ्ग्रह नै प्रकाशित गरी प्रगतिवादी कविता परम्परामा एउटा इटा थपेबाट उनको ऐतिहासिक योगदानको प्रस्तुति भएको छ । गुणात्मक पक्षलाई हेर्दा विषयवस्तुको प्रस्तुति, वैचारिक दृष्टि, रचनापद्धतिका हिसावले उनका कविता प्रगतिवादी धारामा रहेका छन् ।[१६] उनले आफ्ना कवितामा सौन्दर्य चिन्तनको प्रस्तुति, समकालीन जीवन यथार्थको प्रखर अभिव्यक्ति तथा पारिवारिक जीवनका साथै समाज, राजनीति आदिलाई विषयवस्तु बनाई मानवीय स्वतन्त्रता, विषयगत विविधता र परिवर्तनप्रतिको तीव्र आकाङ्क्षा उनका कवितामा रहेको छ ।[१७] भावनाको प्रधानताभन्दा विचार प्रधानताको अधिकता रहेका उनका कविताको प्रयोजन समाजको वर्तमान यथार्थलाई उद्ङ्ग्याउदै त्यसमा आमूल परिवर्तन ल्याउने चेतना जगाउनु रहेको छ ।[१८]

## ४.४.१ निष्कर्ष

---

[१६] हेमनाथ पौडेल, विषयगत विविधता र वैचारिक प्रखरता भएका कविता' प्रकाश (वर्ष २०, अङ्क १७, २०६६) पृ.४

[१७] पूर्ववत्

[१८] खनाल, पूर्ववत् पृ.९

समग्रमा कवि झलनाथ खनालले विविध विषयवस्तुमा विचार र कलाको सुन्दर समन्वय गरेर कविता रचना गरेका छन् । उनका कवितामा परिवर्तन, स्वतन्त्रता र मुक्तिको स्वर रहेको छ । ती रचनामा मार्क्सवादी–लेनिनवादी विश्वदृष्टि र अन्ततोगत्व संसारमा समाजवादी व्यवस्थाको विजय हुने ऐतिहासिक अनिवार्यताप्रति अटल आस्था प्रकट गरिएको छ ।[११] जनजीवनका भोगाइ र अनुभूतिलाई कवितामा प्रस्तुत गर्दा जीवनको सादृश्यता बोध कविको कवितात्मक प्राप्ति बन्न पुगेको छ । उनका कविताले विगत साढे चार दशकको कालखण्डको नेपाली यथार्थताका केही महत्वपूर्ण पक्षलाई प्रतीकात्मक शैलीमा सजीव अभिव्यक्ति दिएका छन् । यिनै कवितात्मक प्राप्ति र प्रवृत्तिहरूले खनाललाई प्रगतिवादी नेपाली कविता परम्परामा २०१७ साल पछिको चरणमा एउटा महत्वपूर्ण स्थान दिएका छन् ।

## परिच्छेद- पाँच

# झलनाथ खनालको कृतित्वको अध्ययन र विश्लेषण

झलनाथ खनाल बहुआयमिक प्रतिभा भएको कुरा अघिल्ला परिच्छेदहरूको अध्ययनबाट स्पष्ट भइसकेको छ । साहित्य तथा साहित्येत्तर व्यक्तित्वको निर्माणबाट उचाइ प्राप्त गरेका खनालले साहित्यलाईमात्र पनि विविध पाटामा कलम चलाएका छन् । यसो भए पनि उनलाईई साहित्यिक उचाइ प्रदान गर्ने काम कविता विधाले गरेको पाइन्छ । अतः यस परिच्छेदमा उनको कृतित्वको विश्लेषण गर्दा पनि कविता विधालाई नै छानिएको छ । खनालको हालसम्मको एकमात्र कवितासङ्ग्रह **‘शताब्दीको पहिलो बिहानी’** लाई हेर्दा त्यँहा विभिन्न विषयवस्तु, परिवेश, लय तथा आयाममा रचना गरिएका कविताहरू रहेका छन् । यसैले उक्त कवितासङ्ग्रहमा सङ्ग्रहित तथा लेखनको समय, कविताको आयाम, लय, विषयवस्तु, चिन्तन, प्रस्तुति आदिका आधारमा छानिएका प्रतिनिधि कविताको अध्ययन र विश्लेषण गर्नु यस परिच्छेदको उद्देश्य रहेको छ । चौथो परिच्छेदमा उल्लेख गरिएको कविता विश्लेषणको सैद्धान्तिक आधारलाई मापदण्ड मानी माथि उल्लेखित आधारमा छनौट गरिएका एघारवटा प्रतिनिधि कविताहरूको विश्लेषण यँहा निम्नानुसार गरिएको छ ।

## ५.१ ‘अब कता ?’ कविताको विश्लेषण

### ५.१.१ परिचय

**‘अब कता ?’** कविता झलनाथ खनालको कवितासङ्ग्रह **‘शताब्दीको पहिलो बिहानी’** को कविता क्रमको दोस्रो स्थानमा सङ्ग्रहित कविता हो । कवि खनालको काव्ययात्राको प्रारम्भिक काल अर्थात् आई एस्सी तहको अध्ययन पूरा गर्दैगरेको अवस्थामा २०२५ सालमा रचना गरिएको कुरा कविताको अन्त्यमा उल्लेख गरिएको छ ।

[११] पूर्ववत् पृ.१०

एक अनुच्छेद र चौध हरफको छोटो संरचनामा संरचित यस कवितामा एकातिर प्राज्ञिक मर्यादाको हत्या गर्दै निरङ्कुश आखाँले विद्यार्थीलाई हेर्ने पञ्चायती शिक्षकले प्रस्तुत गरेको परीक्षाफल र अर्कातिर थप अध्ययनका लागि खर्च धान्न नसक्ने परिवारको स्थितिले अन्यौल पारेको कविको मनस्थितिको उद्‌घाटन गरिएको छ ।

## ५.१.२ शीर्षक

**'अब कता ?'** कवितामा 'अब' र 'कता' गरी दुईवटा क्रियायोगीका साथ प्रश्नवाचक चिन्हको प्रयोग गरी कविको विद्यार्थीजीवनमा एकैपटक आएका शैक्षिक र आर्थिक समस्याले अन्यौल बनाएको अवस्थाको प्रस्तुति रहेको छ । केही दिन अगाडि रचना गरेको **'नँया अठोट'** कविताको वस्तुको सन्दर्भसमेतलाई विषयवस्तुकारूपमा जोडिएको यस कवितामा मूलत: कविको केही दिन अगाडि प्रकाशित परीक्षाफल र आर्थिक सवालमा सरोकार राख्दै घरबाट आएको चिठ्ठीले ल्याएको चोटले पारेको अन्यौल स्थितिका बीचमा अगाडि बढ्न नँया बाटो, नँया निर्णय र नँया अठोटको खोजी गरिएको छ । अत: अन्यौलका बीचमा नँया अठोटका साथ अगाडि बढ्न बाटो खोजी गरिरहेको विषयको प्रस्तुति गरिएको यस कविताको शीर्षक **'अब कता ?'** हुनु सार्थक र सान्दर्भिक रहेको छ ।

## ५.१.३ संरचना

**'अब कता ?'** कविता गद्यका १४ वटा हरफबाट निर्मित एक अनुच्छेदमा नै पूर्ण भएको छोटो कविता हो । परीक्षाफलको घोषणा र घरबाट आएको चिठी अनि तिनले ल्याएको अन्यौलको छोटो चर्चा गर्दै अगाडि बढेको कविताको विषयवस्तु कुनै बाटो रोज्ने तथा नँया अठोटलाई काममा लगाउने बेला आएको निक्र्यौल गर्दै टुङ्गिएको छ । गद्य लयमा संरचित यस कवितामा न्यूनतम तीनदेखि अधिकत छ वटा वर्णबाट निर्मित शब्दको संयोजन रहेको छ । उद्‌घार चिन्हको चार पटक तथा उद्धरण चिन्हको एक पटक प्रयोग गरिएको यस कवितामा भावको प्रवाह कायम गर्न पूर्णविराम नदिई अनेकौ पूर्ण वाक्यहरूको प्रयोग गरिएको छ । कवितामा प्रस्तुत विषयवस्तुलाई सम्बोधन गर्ने सामर्थ्य भएको शीर्षक राखिएको यो कविताको संरचना पुष्ट रहेको देखिन्छ ।

## ५.१.४ लयविधान

**'अब कता ?'** कविता मुक्तलयमा रचना गरिएको कविता हो । यसमा पद्यलयको कवितामा जस्तो समान आयामका हरफ, समान वर्ण र समान अन्त्यानुप्रासको आयोजनाद्वारा गरिने बाह्य लयको आयोजना गरिएको छैन तर अनियमित अन्त्यानुप्रासका साथ प्रयोग गरिएका अनुप्रासका अन्य प्रकार एवम् भाव, ध्वनि र प्रभावैक्यताबाट प्रस्तुत गरिएको अन्त: लय राम्रोसँग प्रसारित भएको छ । वाचन सुरु गरेपछि नरोकिइकन वा एकै प्रवाहमा अन्त्य हुने यस कविताको आन्तरिक लय सशक्त र सवल रहेको छ ।

## ५.१.५ भाषाशैली

'अब कता ?' कविता सरल र सुबोध भाषाशैलीको प्रयोग गरिएको कविता हो । जनसमाजमा प्रयोग हुने र भूल श्रोतका अतिरिक्त तत्सम, तद्भव तथा आगन्तुक श्रोतका शब्दको प्रयोग गरिएको यस कवितामा पदक्रम र वाक्यगठनमा पनि जटिलता पाइदैन । सामान्य भाषाशैलीलाई नै कवितात्मक सौन्दर्य भरेर विचारको अभिव्यक्ति दिने कविको कुशलतालाई यसै भाषाशैलीको प्रयोगबाट पनि चिन्न सकिन्छ । यति हुँदाहुँदै पनि

कविताका लागि कविता नलेखेर विचारका लागि कविता लेख्ने खनालले यसै भाषाशैली भित्रै बिम्ब– प्रतीकद्वारा व्यञ्जना अर्थ पनि प्रस्तुत गर्न सकेका छन् ।

### ५.१.६ कथनपद्दति

**'अब कता ?'** कविता झलनाथ खनालले जीवन भोगाइको कुनै समयमा अन्यौल नै अन्यौलले गाँज्दा कुनै दृढ अठोटका साथ अगाडि बढ्नुपर्ने बेला आएको अनुभूति व्यक्त गरेको कविता हो । विषयवस्तुको पृष्टभूमिमा रहेका मुख्य दुई घटना– अनेपेक्षित परीक्षाफलको घोषणा र घरबाट खर्च नआउने चिठीको प्रतिफलको भोक्ता कविले अनुभूत गरेको भावको अभिव्यक्ति रहेको यस कवितामा 'मैले' र 'मेरो' जस्ता स्वसम्बोधक शब्दको प्रयोग गरेर आत्मपरक अनुभूतिको अभिव्यक्ति दिएका छन् । यसैले यस कवितामा प्रथम पुरूष कविप्रौढोक्तिसिद्ध कथनपद्धतिको प्रयोग भएको छ ।

### ५.१.७ केन्द्रीय कथ्य

यो कविता कवि झलनाथ खनालको अध्ययनकालमा परीक्षाफलको घोषणा तथा आर्थिक श्रोतको अभावले अन्यौल जन्माएको समयमा रचना गरेको कविता हो । यसैले भोगाइमा आएका यी समस्यासँग पौठेजोरी खेल्दै अगाडि पार हुन नँया अठोटका साथ अगाडि बढ्ने विषयको नै रहेको छ । यस कवितामा परीक्षाफलको घोषणा तथा अन्यौलसँग जुध्ने सन्दर्भमा नँया अठोटलाई साङ्केतिकरूपमासमेत प्रयोग गरिएको हुँदा केही समय अगाडि रचना गरिएको अर्को कविता **'नँया अठोट'** को विषयसँग पनि सम्बन्धित रहेको छ । त्यसतर्फ पनि हेर्दा यस कविताको कथ्य नँया अठोट कविताको विषयसँग अर्थात् प्राज्ञिक हत्या गर्न पनि पछि नपर्ने पञ्चायती व्यवस्था बिरुद्ध आक्रोश पोख्नु पनि रहेको छ ।

### ५.१.८ बिम्बविधान तथा अलङ्करण प्रविधि

**'अब कता ?'** कवितामा बिम्बविधान र अलङ्कार प्रयोग पनि भएको पाइन्छ । यसमा एउटा–एउटा, बेला– बेलाजस्ता शब्दको प्रयोगबाट एक वर्णको एकपटकमात्र आवृत्ति गरी छेकानुप्रासको प्रयोग गरिएको छ भने लगायो, जगायो, आयो, लगायोजस्ता शब्दको प्रयोग गरी अन्त्यानुप्रासको पनि प्रयोग गरिएको छ । घरबाट आएको चिठी लेखकको जीवनमा आउनसक्ने सङ्घर्षपूर्ण जीवनको प्रतीक बनेर आएको देखिन्छ । कविता परम्परित बिम्बको सहज प्रयोगले सरल भएको र विषयवस्तुको बोधमा सहयोग पुगेको छ ।

### ५.१.९ व्यञ्जना

**'अब कता ?'** कविता आयाममा सानो भए पनि बृहत व्यञ्जना सामर्थ्य बोकेको कविता हो । शीर्षकमा नै पनि **'अब कता ?'** भनेर प्रश्न गरिएको तर समाधानको कुनै बाटो नदेखाएको यस कवितामा कविले प्रत्यक्ष प्रस्तुत नगरेको विषयतर्फ वा व्यञ्जना अर्थलाई प्रस्तुत गरेका छन् । यसमा उल्लेख गरेको परीक्षाफलको घोषणाले चोट लगाएको सन्दर्भ पनि यो कविता पढेरभन्दा **'नँया अठोट'** कविता पढेपछि अर्थबोध हुने र व्यञ्जनात्मक अर्थमा नै रहेको छ । यसैगरी कवितामा उल्लेख गरिएका निर्णय गर्ने, बाटो रोज्ने तथा नँया अठोटलाई काममा लगाउने सन्दर्भ पनि अभिधार्थमा सीमित छैनन् । तिनले कवितामा प्रस्तुत अन्यौलको निराकरण गर्ने अल्पकालीन सोचको प्रस्तुतिमात्र नभएर कवि खनालको राजनैतिक जीवनको सुरूवातको पृष्ठभूमि पनि बोकेका छन् । यसैले **'अब कता ?'** कविता सशक्त व्यञ्जनार्थ प्रकट गर्न सफल कविताकारूपमा रहेको पाइन्छ ।

### ५.१.१० विधागत स्वरूप

**'अब कता ?'** कविता झलनाथ खनालको मुक्त छन्दमा रचना गरिएको लघु आयामको कविता हो । एकै अनुच्छेदमा असमान लमाइका चौध हरफबाट पूर्ण गरिएको यो कविता चतुष्पदीय पद्य कवितासँग तुलना गर्दा साढे तीन अनुच्छेद वा श्लोक जत्तिकै लामो रहेको छ । भावको प्रस्तुतिका आधारमा पनि कविको वैयक्तिक अनुभूतिकको अभिव्यक्ति रहेको यो कविता फुटकर वा प्रगीतात्मक आयाममा नै रहेको पाइन्छ ।

## ५.२ 'बागलुङ जेल: चिन्तन केन्द्र' कविताको विश्लेषण

### ५.२.१ परिचय

**'बागलुङ जेल: चिन्तन केन्द्र'** झलनाथ खनालको कवितासङ्ग्रह **'शताब्दीको पहिलो बिहानी'** को कविता क्रममा तेस्रो क्रममा सङ्ग्रहित भएको कविता हो । रचनाकाल २०२७ साल उल्लेख गरिएको कविको प्रारम्भिक कालको यस रचनामा उनी जेलमा रहेको अवस्थाको बर्णन तथा तत्कालीन अपराधी शासकहरूको कुकृत्यको भण्डाफोर गरिएको छ ।

### ५.२.२ शीर्षक

कवि खनालले बागलुङ जेललाई एक चिन्तनकेन्द्रकारूपमा प्रस्तुत गर्दै रचना गरिएको यो कविता उनी जेलमा नै रहेको समयमा रचना गरिएको हो । कवि खनालले स्कुलमा शिक्षण गरिरहेका समयमा कालो कानुनको अङ्कुश लगाएर जेलको कालकोठरीमा अमानवीय तरिकाले राख्दै यातना दिन थालेपछि त्यसको विरुद्ध उर्लिएको कविको सिर्जनशील विचार कविता सिर्जनामामात्र परिणत भएको छैन प्रशासनले दिएको दमनले उनको नवचेतनाको द्योतन पनि गरेको छ । फलत: कवि खनाल बागलुङ जेललाई एउटा सङ्कल्प केन्द्र, एउटा तालिम केन्द्र र एउटा चिन्तनकेन्द्र ठान्न पुगेका छन् । चेतना विस्तार गर्दै निरङ्कुश शासन पल्टाउने मार्गमा दृढतापूर्वक अगाडि बढ्न प्रेरणा दिने चिन्तनकेन्द्रकारूपमा कविले जेललाई लिएको सन्दर्भमा कविताको शीर्षक 'बागलुङ जेल: चिन्तनकेन्द्र' हुन सान्दर्भिक र सार्थक रहेको छ ।

### ५.२.३ संरचना

**'बागलुङ जेल: चिन्तन केन्द्र'** कविता गद्यका चार अनुच्छेदमा संरचित कविता हो । विषयको उठानका क्रममा जेलको भौतिक नापो र त्यसलाई तत्कालीन शासकहरूले बर्बरता प्रस्तुत गर्ने थलोकारूपमा लिएको सन्दर्भबाट अगाडि बढ्दै कविहरू त्यस जेलमा पुग्दासम्म उक्त स्थानमा चेतनाको जुनकिरीसमेत हुर्किन थालेको कुरा प्रथम अनुच्छेदमा रहेको छ भने जेल परिचालन गर्ने सामान्य नियमलाई समेत उल्लङ्घन गर्दै कैदीमाथिको अत्याचार एवम् महिला अस्मिताको विरोधको धावाले आक्रोश पैदा गरेको सन्दर्भ दोस्रो अनुच्छेदमा रहेको छ । यसैगरी तेस्रो अनुच्छेदमा कवि लगायत कैदीहरूलाई जेलका जीर्ण भित्ताले बाहिरी सूचनाको प्राप्ति गर्नबाट रोक्न नसकेको सन्दर्भ हुँदै चौथो अनुच्छेदको कविको इन्जिनियर बन्ने सपनालाई कुठाराघात गर्दै जेलमा थुन्दा कविमा निराशा नभएर नवचेतना जागेको अनि जेल जेल नरहेर चिन्तनकेन्दर्मा परिणत भएको सन्दर्भमा पुगेर कविताको आन्तरिक संरचनाको निर्माण भएको छ । पहिलोदेखि क्रमश १७, २१, १९ र २० हरफका चार

अनुच्छेद रहेको यस कवितामा असमान लमाइका कुल ७७ हरफको बाहिरी संरचना रहेको छ । एकदेखि सात शब्दसम्म हरफ रहेको यस कवितामा एकदेखि आठ अक्षरसम्मको योगबाट बनेका शब्दहरूको प्रयोग भएको छ । कवितामा प्रस्तुत गरिएको विषय वस्तुलाई सम्बोधन गर्नसक्ने बागलुङ जेललाई चिन्तनकेन्द्र मानिएको अर्थ प्रसारित गर्ने सार्थक शीर्षक सहितको संरचना यस कवितामा रहेको छ ।

### ५.२.४ लयविधान

**'बागलुङ जेल: चिन्तन केन्द्र'** गद्य लयमा रचना गरिएको कविता हो । त्यसैले यस कवितामा पद्य कवितामा जस्तो वाचनमा प्रस्तुत हुने बाह्यलयको प्रसारणभन्दा मनमा प्रस्तुत हुने आन्तरिक लय सशक्त रहेको छ । भावको प्रवाहलाई खण्डित हुन नदिन पदावली तथा उपवाक्यमा विच्छेद गरिएको तथा अनुच्छेदकै अन्त्यमामात्र पूर्णविराम दिइएको कविताको लयात्मक प्रवाह पनि प्रत्येक अनुच्छेदको अन्त्यमामात्र बिश्राम लिन पुग्छ । छन्दयुक्त कवितामा जस्तो नियमितरूपमा नभए पनि अनियमितरूपमा अनुप्रासका प्रकारहरूको प्रयोग गरिएको यस कवितामा भावलाई प्रस्तुत गर्न सक्ने पद–पदावलीको प्रयोगले मुक्त कवितामा हुने लयको अन्त: प्रवाहलाई सशक्त बनाएको छ ।

## ५.३ भाषाशैली

**'बाङ्लुङ जेल: चिन्तन केन्द्र'** कविता बागलुङ जिल्ला स्थित कवि थुनिएको जेल, तत्कालीन बर्बर शासकहरूको व्यवहार तथा कविमा जागरुक भएको चेतनाको प्रस्तुति रहेको यस कवितामा सहजै बोध गर्न सकिने सामान्य भाषाशैलीको प्रयोग भएको छ । नेपाली मूल शब्दका अतिरिक्त तत्सम, तद्भव तथा आगन्तुक स्रोत अनि विभिन्न वर्गका शब्दहरूको प्रयोग भएको यस कविताको भावलाई बुझ्न त्यति गाह्रो पर्दैन तर पनि पदपदावलीको छनोट र संयोजनको कुशलताले कविता उत्तिकै आकर्षक, प्रभावकारी र प्रतीकात्मक बन्न पुगेको छ । यसैले सरल, सहज, बोधगम्य भाषा तथा प्रभावकारी र आकर्षक शैली भएको कविताकोरूपमा 'बागलुङ जेल: चिन्तनकेन्द्र' कविता रहेको छ ।

## ५.४ कथनपद्धति

**'बाङ्लुङ जेल: चिन्तनकेन्द्र'** कवि झलनाथ खनालले आफू कालो कानुनको अङ्कुशद्वारा बागलुङ जेलमा थुनिएको समयमा अनुभूत गरेका सन्दर्भलाई प्रस्तुत गर्दै रचना गरिएको कविता हो । यँहा कविले जेल, पञ्चायती शासनका अनुयायी जल्लाद तथा तनको दमनबाट पलाएको बिद्रोह र चेतनाको प्रस्फुटनबारे आफूले अनुभूत गरेका विषयको प्रस्तुति आत्मपरक शैलीमा गरेका छन् । 'म' 'मैले' 'मेरो' तथा 'हामी' जस्ता स्वसम्बोधक शब्दको प्रयोग भएको यस कवितामा कवि आफै उपस्थित पात्र बनेको अर्थात कविको आत्मपरक अभिव्यक्ति रहेको हुँदा यसमा प्रथमपुरुष कविप्रौढोक्तिसिद्ध कथनपद्धति रहेको छ ।

## ५.५ केन्द्रीय कथ्य

जनताको भावनालाई निमोठ्ने तथा आफ्नो स्वार्थका लागि निरपराध व्यक्तिलाई समेत अपराधी घोषित गरी बर्बर यातना दिने पञ्चायती व्यवस्था र त्यसका अनुयायीहरूको तीव्र विरोध गर्ने कवि खनालले जेलमा भोगेका पीडा, त्यँहाको अत्याचारी व्यवस्था अनि

तिनै शासकको विरोधमा जाग्दै गरेको चेतनाको प्रवाहको प्रस्तुति नै **'बागलुङ जेल: चिन्तन केन्द्र'** कविताको केन्द्रीय कथ्य वा केन्द्रीय भाव हो । शासकले शासन गरेका नाममा स्वतन्त्रता र मुक्ति चाहनेहरूलाई पक्रने, यातना दिने तथा मार्नेजस्ता अपराधी कार्य गरेका भए पनि कविजस्ता परिवर्तनकामी जनताका प्रतिनिधिहरूको चेतना र विद्रोहको प्रवाहलाई रोक्न नसकेको यथार्थको प्रस्तुति कविले यँहा गरेका छन् । यसैले शासकहरूले जेल भनेर तयार गरेका चार पर्खालहरू कविका निम्ति जेल नभएर सङ्कल्पगृह, तालिमकेन्द्र र चिन्तन केन्द्र बनेका छन् । अत: निरङ्कुश व्यवस्थामा निरङ्कुशताको प्रदर्शन तथा स्वतन्त्रताका पक्षधरहरूले निरङ्कुशताका बीच नै अगाडि बढ्न प्राप्त गरेको उर्जाको प्रस्तुति **'बागलुङ जेल: चिन्तनकेन्द्र'** को केन्द्रीय कथ्यकारूपमा रहेको छ ।

## ५.६ बिम्बविधान तथा अलङ्करण प्रविधि

कवि झलनाथ खनालको **'बागलुङ जेल: चिन्तनकेन्द्र'** कविता बिम्ब, प्रतीक, अलङ्कार आदि कलात्मक पक्षको पनि राम्रो प्रयोग भएको कविता हो । यस कवितामा ढकमक्क फुलेको इन्द्रकमलको बिम्ब बाह्य घटना सुन्दा कैदीमा आएको खुसीलाई संकेत गर्न कविले प्रयोग गरेका छन् । यसै गरी कविका लक्षहरूलाई ढुङ्गामा पछारिएका नदीका छालसँग तुलना गरिएकाले उपमा अलङ्कारको सहज र स्वभाविक तरिकाबाट प्रयोग गरिएको छ । जेललाई अपन्हव गरेर सङ्कल्पगृह, तालिम केन्द्र र एउटा चिन्तनकेन्द्रकारूपमा प्रस्तुत गरिएको हुनाले अपन्हुति अलङ्कारको प्रयोग भएको छ । कवितामा प्रयोग भएका विभिन्न स्तर र प्रकारका आवृत्तिले अनुप्रास अलङ्कारको प्रयोग भएको छ । कवितामा प्रस्तुत 'कालाशक्ति' पञ्चायति व्यवस्थाका शासकको प्रतीकको‌रूपमा रहेको छ । यसै गरी कवितामा मानसिक बिम्बहरूको प्रयोग पनि गरिएको छ ।

## ५.७ व्यञ्जना

यो कविता कवि खनालले व्यञ्जना अर्थमा पनि उत्तिकै शक्तिशालीरूपमा प्रस्तुत गरेका छन् । यँहा कविताको शीर्षकदेखि नै व्यञ्जना रहेको पाइन्छ । अभिधा अर्थमा हेर्दा अपराध गर्ने कैदीहरूलाई थुन्ने जेल कसैको चिन्तन केन्द्र बन्न सक्दैन । यँहा भने अपराधीले चाहिं अरूलाई कैदी बनाएर यातना दिएका छन् । फेरि जुन दोष देखाएर थुनिएको छ त्यो दोष 'दोष' नभएर जनहितको कार्य भएको छ । यसले खास अपराधीको चाहिं भण्डाफोर भएको छ अनि कविजस्ता कैदी मानिएकाहरूलाई पनि कैदले निराशा नभएर चिन्तन–मनन र दृढतापूर्वक अगि बढ्न र सङ्कल्प गर्न उर्जा प्रदान गरेको छ । यस्तै कविताभित्र पनि व्यञ्जनाधर्मी पद–पदावलीको प्रयोग गरिएको छ । शासकलाई कालाशक्ति, जेललाई चिहानघारी मानिएको छ । यसरी उच्च तहमा रहेको यस कविताको व्यञ्जना धर्मलाई यो अंशले पनि थप प्रष्ट्याउछ–

*यो चार पर्खाल*
*कैदीहरूको रोष र आक्रोशले टनाटन भरिएको छ*
*सिङ्गो समाजजस्तै*
*एउटा खडेरीको खरबारी बनेर*
*दनदन दन्किन खोजिरहेछ ।*

## ५.८ विधागत स्वरूप

'**बागलुङ जेल: चिन्तनकेन्द्र**' झलनाथ खनालको फुटकर आयाममा लेखिएको कविता हो । गद्यलयमा रहेका चार अनुच्छेदमा यसको विस्तार रहेको छ । कविको वैयक्तिक अनुभूतिको अभिव्यक्ति रहेको यो कविता प्रगीतात्मक विशेषतामा आधारित रहेको छ । लमाइका आधारमा हेर्दा पनि कुल ७७ वटा गद्यका हरफ रहेको यो कविता चतुष्पदीय पद्य श्लोकमा लेखिएका १९ श्लोक बराबरको आयाममा रहेको छ । यसरी भावको अभिव्यक्ति, कविताको स्वरूप तथा लमाइलाई हेर्दा पनि यस कवितालाई फुटकर या लघु कविताको स्वरूपमा रहेको पाइन्छ ।

## ५.३ 'श्रद्धाञ्जली आमालाई' कविताको विश्लेषण

### ५.३.१ परिचय

'**श्रद्धाञ्जली आमालाई**' कवि झलनाथ खनालको '**शताब्दीको पहिलो बिहानी**' कवितासङ्ग्रहको तेह्रौ क्रममा सङ्ग्रहित गद्य कविता हो । कवि खनालकी आमाको निधनको सन्दर्भमा २०४५ साल श्रावणमा रचना गरिएको कुरा कविताको अन्त्यमा उल्लेख गरिएको यो कविता आयामका दृष्टिले कवितासङ्ग्रहकै सबैभन्दा लामो कविताकोरूपमा रहेको छ । राजनैतिक कारणले आफ्नै आमाको मृत्युमा उपस्थित हुन र वैदिक विधि अनुसार क्रिया गर्न समेत नपाएका खनालले यस कवितामा आमाको सामीप्यमा हुने आनन्द, लामो समयपछि आमासँग भेट हुँदाको अवस्थाको स्मरण, आमाको मातृवत्सलता, नम्रता, साहसिक व्यवहार आदिको स्मरण, उनको मृत्युको खवरले दु:खी बनाएको अवस्थाको चित्रण तथा उनलाईई अर्पण गरेको श्रद्धाञ्जलीको अभिव्यक्ति यस कवितामा गरेका छन् ।

### ५.३.२ शीर्षक

नाम वर्गको शब्द 'श्रद्धाञ्जली' तथा नाम वर्गकै 'आमा' शब्दमा चतुर्थी विभक्ति 'लाई' जोडिएर बनेको 'आमालाई' पदबाट बिचलित क्रममा दुई शब्दको योग भएर यस कविताको शीर्षक 'श्रद्धाञ्जली आमालाई बनेको छ । कविकी आमाको निधन भएको सन्दर्भमा लेखिएको दश अनुच्छेदमा रचित यस कविताका अनुच्छेदहरूमा आमा, स्मृतिमा रहेको आमाको व्यवहार, उपदेश, कविको उनीप्रतिको सम्मान, उनको निधनमा भएको कविको दु:खानुभूति तथा उनलाई दिएको श्रद्धाञ्जलीको अभिव्यक्ति रहेको छ । आमालाई नै सम्बोधन गर्दै सुरु गरिएको यस कवितामा उनै आमाको मृत आत्मासँग बिदा मागेर कविताको अन्त्य गरिएको छ । कविकी आमामात्र नभएर हरेक व्यक्तिका आमा, सृजनाकी मुहान अर्थात् सार्वभौम आमाको महानताको वर्णनबाट सुरु गरिएको यो कविता अन्त्यसम्म पनि आमाप्रति नै समर्पित छ । यस्ती आमाको निधनको समयमा पनि उनीछेउ पुग्न नपाएका कविले उनको सपना साकार पार्ने प्रण गर्दै गहिरो दु:खका साथ श्रद्धाञ्जली अर्पण गरेका छन् । यसैले यस कविताको शीर्षक पनि सार्थक र सान्दर्भिक रहेको छ ।

### ५.३.३ संरचना

'**श्रद्धाञ्जली आमालाई**' असमान लमाइका हरफ र प्राय: असमान हरफका दश अनुच्छेदमा संरचित गद्य कविता हो । केन्द्रीय भावको उठान, विकास र उत्कर्षमा पुर्याएर आन्तरिक संरचना निर्माण गर्ने क्रममा यस कवितामा सबै मानवीय आमा अर्थात्

सार्वभौम आमाको महानताको वर्णनबाट कथन सुरु गरेर कविले तत्कालीन शासनव्यवस्थाका विरुद्ध क्रान्ति गर्नेजस्तो खतरापूर्ण कार्य गर्दा पनि साहसपूर्वक बीचबीचमा समय मिलाएर आउन आग्रह गर्दै बिदा गरेको स्मरणको व्याख्या, कविले ल्याउन चाहेको व्यवस्था हेर्ने आमाको चाहानाको प्रस्तुति, आमाले दिने आशिर्वादको स्मरण, तिनको मृत्यु र आर्यघाटको दाहसंस्कार गर्दाको कविले कतै बसेर गरेको करुण कल्पना अनि तिनको सपना पूरा गर्ने सङ्कल्पको प्रस्तुति र अन्त्यमा श्रद्धाञ्जली अर्पण गरिएको छ । यसैगरी बाह्य संरचनामा पहिलोदेखि दशौंसम्म क्रमशः १९, २२, १८, १८, १८, २५,२३, २४, २३ र २२ हरफको प्रयोग गरिएका अनुच्छेदमा कम्तिमा एकदेखि आठ शब्दसम्मका हरफहरू रहेका छन् । एकदेखि नौ वर्णसम्मका शब्दहरूको प्रयोग गरिएको यस कवितामा भाषा र भावको प्रभावको प्रस्तुतिका लागि पदावली र उपवाक्यहरूलाई भाँचिएको छ । मातृ वियोगमा डुबेका कविले आमालाई उदघार चिन्हको प्रयोग सहित दशपटकसम्म सम्बोधन गरेका छन् । प्रत्येक अनुच्छेदका सिरानमा क्रमाङ्क दिइएको यस कवितामा पूर्णविरामभन्दा उदघार चिन्हको बढी प्रयोग गरिएको छ भने यसका अतिरिक्त कमा उद्धरण, निर्देशक र योजक चिन्ह पनि प्रयोग गरिएको छ । विगतमा आमाले बोलेका भावलाई समेत प्रत्यक्ष कथनमा प्रस्तुत गरेका कविले विषय भावको प्रस्तुति र केन्द्रीयतालाई सम्बोधन गर्ने शीर्षकको चयन तथा कथ्य र गद्यलय अनुकूल हुने शब्द, भाषा र अनुच्छेद आयोजना गरी सुदृढ संरचनाको निर्माण गरेका छन् ।

## ५.३.४ लयविधान

**'श्रद्धाञ्जली आमालाई'** मुक्त छन्दमा लेखिएको कविता हो । आन्तरिक लयको प्रवाह रहेको यस कवितामा वर्ण, शब्द तथा पदावलीको स्तरका पुनरावृत्ति गर्दै अनुप्रासका विभिन्न प्रकारहरूको प्रयोग गरिएको छ । कविताको कथ्यकी केन्द्र कविकी आमालाई धेरै पटक सम्बोधन गरेर कविले भाषा र भावको प्रवाहलाई उत्कर्षमा पुर्याउदै प्रयोग गरेका उदघार चिन्हले गद्य कविता अनुकूलको लय स्थापना गर्न थप सहयोग गरेको छ । कविको यो कविता लेखनको समयको दु:खानुभूति पाठकलाई समेत भावुक बनाउने भाषा र प्रवाहमा अभिव्यक्त गर्दा कविताको आन्तरिक लयविधान प्रभावकारी र सवल बन्न पुगेको छ ।

## ५.३.५ भाषाशैली

**'श्रद्धाञ्जली आमालाई'** सरल र सुबोध भाषाशैलीमा लेखिएको कविता हो । सङ्ग्रहमा अन्य कविताहरूको तुलनामा लामो रहेको तथा प्रतीकात्मकताको प्रयोग एवम् व्यतिक्रमसमेत रहदा पनि अर्थ प्रेषणमा बाधा नआउनुले सहज भाषा शैलीलाई देखाउछ । यति हुँदाहुँदै पनि अलङ्कार तथा बिम्ब समेतको राम्रो प्रयोग भएको यस कविताको शैलीका सवालमा कविले आमासँगका विगतका अनुभूति प्रस्तुत गर्न बीचबीचमा पूर्वदीप्ति शैलीको पनि प्रयोग गरेका छन् । नेपाली मूल स्रोतका अतिरिक्त तत्सम, तद्भव र आगन्तुक तीनवटै स्रोतका शब्दको प्रयोग गरिएको यस कवितामा सामान्य जनजीवनमा प्रयोग हुने शब्द र त्यसको कलात्मक प्रयोगबाट कविताले भाषिक रम्यता प्राप्त गरेको छ ।

## ५.३.६ कथनपद्धति

**'श्रद्धाञ्जली आमालाई'** कवि झलनाथ खनालकी आमाको दु:खद निधनमा श्रद्धाञ्जली अर्पण गर्दै लेखिएको कविता हो । मृत आमालाई 'आमा' नाम र 'तपाई' द्वितीय पुरुष सर्वनामको अनि आफूलाई 'म' प्रथम पुरष सर्वनामको सम्बोधन गरिएको

यस कवितामा मूलतः कविको एकालापीय कथनपद्धतिको प्रस्तुति रहेको छ । यसरी हेर्दा यो कविता कविको आत्मपरक अनुभूतिको अभिव्यक्ति भएको कविप्रौढोक्तिसिद्ध कथन ढाँचामा रहेको पाइन्छ । कवि खनालले यस कवितामा स्मृतिमा रहेका आमाका अभिव्यक्तिलाई प्रत्यक्ष कथनमा प्रस्तुत गर्दा कविताको समग्र कथनपद्धति नै मिश्रित बनेकोसमेत आभाष पाइन्छ यद्यपि ती कथनहरू पनि कवि व्यक्तिबाटै पूर्वदीप्ति शैलीमा प्रकट भएका हुँदा कविता प्रथमपुरुष कविप्रौढोक्तिसिद्ध कथनपद्धतिमा नै रहेको छ ।

### ५.३.७ केन्द्रीय कथ्य

कवि खनालद्वार आफ्नी आमाको निधनमा दु:खानुभूतिका साथ श्रद्धाञ्जली अर्पण गर्दै लेखिएको यस कवितामा तिनै आमाको बिगतको मातृवात्सल्य, कविप्रति गर्ने शालीन र साहसी व्यवहार, सहयोगी, स्नेहशील र उदार भावनाको स्मरण एवम् तिनको मृत्युको खवरले कविलाई पारेको चोट आदिको वर्णन गरिएको हुँदा कविताको केन्द्रीय कथ्य पनि कविको आमाप्रति समर्पित भावना नै रहेको पाइन्छ । सबै आमाहरूको महानतालाई प्रस्तुत गर्दै आफ्नी आमाको मृत्युपछि काजक्रिया पनि उनको इच्छा पूरा गर्ने बाटोमा लागेर क्रान्तिकारी तरिकाले नै गर्ने अठोट गरेका छन् । यसैले आफ्ना अग्रजको मृत्युमा परम्परागत रुढी मान्यतालाई अँगाल्दै वैदिक विधिमा काजक्रिया गरेर तिनको वियोगमा रोएरमात्र सम्मान प्रकट हुँदैन । मृतकले मुक्ति पाँउदैनन् । तिनको मुक्तिको लागि दु:खलाई साहसमा परिणत गर्दै सपना साकार पार्ने बाटोतिर लाग्नु पर्ने भावनाको प्रस्तुति पनि यसको केन्द्रीय भाव रहेको छ ।

### ५.३.८ बिम्बविधान तथा अलङ्करण प्रविधि

**'श्रद्धाञ्जली आमालाई'** कविता सरल भाषा र अभिधा अर्थ प्रेषण गर्नेमात्र नभएर बिम्बविधान तथा अलङ्करण प्रविधिको पनि उपयोग गरिएको कविता हो । यस कवितामा आमालाई सिर्जनाकी मुहान, नवचेतनाकी ज्योति, स्नेहकी समुद्र अनन्त प्रेरणाकी स्रोतको आरोप गरिएको हुनालेरूपक अलङ्करको प्रयोग गरिएको छ भने आमाले तत्कालीन समयमा मृत भएकी आमा र नेपाल आमालाई समेत सङ्केत गर्ने भएकाले अर्थश्लेष अलङ्कारको प्रयोग भएको छ । यस्तै आमाको नै बढाइ–चढाइ गरिएको हुनाले उदात्त अलङ्कारको पनि प्रयोग भएको छ । कवितामा बुद्धका नीला आँखा, विरूपाक्ष, मुक्ति अलविदा आदि जस्ता बिम्ब- प्रतीकको पनि प्रयोग भएको छ ।

### ५.३.९ व्यञ्जना

**'श्रद्धाञ्जली आमालाई'** कविता कविकी आमाको मृत्युमा प्रस्तुत गरिएको शोकाभिव्यक्ति र श्रद्धाञ्जली अर्पणको कवितात्मक प्रस्तुतिमात्र नभएर व्यञ्जना अर्थ प्रस्तुत गरिएको कविता पनि हो । कवितामा कविले आफ्नी आमालाई संझने क्रममा निरङ्कुश शासकको विरोध गर्दै अगाडि बढेको आफ्नै राजनैतिक र भूमिगत जीवनको पनि प्रस्तुत गरेका छन् । यस्तै कविकी आमाको पनि सन्तान जन्माएर मातृत्व वरण गर्ने सामान्य आमामात्र नभएर देशको स्वतन्त्रता, समानता र मुक्तिको बाहक जन्माउने र त्यही बाटोमा अगाडि बढ्न प्रेरित गर्ने क्रान्तिकारी आमा भएको तथा तिनलाई अर्पण गरिएको श्रद्धाञ्जली पनि कवितामा व्यञ्जनात्मक अर्थकारूपमा रहेको छ । कवितामा एउटी सामान्य आमालाईमात्र नभएर क्रान्तिकारी आमालाई श्रद्धाञ्जली दिइएको छ । एउटी आमालाई

बाँचुन्जेल लाउन र खान दिने अनि मृत्युपछि वैदिक विधिद्वारा वैतरणी पार गराउनेमात्र छोराको कर्तव्य नभएर तिनको सपना साकार पार्नु चाहिं छोराको मुख्य कर्तव्य भएको अर्थ पनि यँहा व्यञ्जनात्मकरूपमा आएको पाइन्छ । अतः यो कविता व्यञ्जनात्मक अर्थमा पनि सबल रहेको पाइन्छ ।

### ५.३.१० विधागत स्वरूप

**'श्रद्धाञ्जली आमालाई'** कविता कवि खनालको मुक्त छन्द र फुटकर आयाममा रचना गरिएको कविता हो । अठारदेखि पच्चीस हरफसम्मको लमाइका दश अनुच्छेदको योगले कुल २१२ हरफको आयतनमा रहेको यो गद्य कविता पद्य कविताको तुलनामा ५३ वटा चतुष्पदीय श्लोक बराबरको आयाममा रहेको छ । कविकी आमाप्रति श्रद्धाञ्जली अर्पण गर्दै स्मरणमा रहेका आमाका अभिव्यक्तिका अतिरिक्त कविकै वैयक्तिक अनुभूतिको अभिव्यक्ति गरिएको यो कविता प्रगीतात्मक विधाको स्वरूपमा रहेको छ ।

## ५.४ 'शताब्दीको पहिलो बिहानी' कविताको विश्लेषण

### ५.४.१ परिचय

**'शताब्दीको पहिलो बिहानी'** झलनाथ खनालको यसै शीर्षकको कवितासङ्ग्रहको बीसौ स्थानमा सङ्ग्रहित कविता हो । कविताको अन्त्यमा २०५६ साल पौष १८ र तदअनुसार जवनवरी १, २००० उल्लेख गरिएको यो रचना कविले कुनै सालकोमात्र नभएर शताब्दीकै पहिलो दिन रचना गरेका हुन् । गद्यलयका दुई अनुच्छेदमा पूर्ण गरिएको यस कवितामा शताब्दीकै पहिलो नँया दिनको सुरूवात हुँदा सूर्यका लाली किरणले समुद्रका सतहदेखि पहाड हुँदै हिमलका टाकुरासम्म स्पर्श गरेको अनि बस्तीमा नँया चहलपहल सुरु भएको तथा यो नँया दिनको नँया अवसरमा प्रकृतिसमेत रमाएर सारा देशवासीलाई सभ्यता र उन्नतिका लागि अगाडि बढ्न प्रेरित गरेको कुराको कवि कल्पना प्रस्तुत गरिएको छ ।

### ५.४.२ शीर्षक

'शताब्दी' नाममा षष्ठी विभक्ति 'को' लगाएर बनेको पद 'शताब्दीको' मा नाम पदावली 'पहिलो बिहानी' जोडिएर यस कविताको शीर्षक तीन शब्दको **'शताब्दीको पहिलो बहिनी'** बनेको छ । यसको अर्थले शताब्दीको पहिलो दिनको पनि पहिलो बिहानको समयलाई देखाएको छ । यस कविताको विषयवस्तु, पनि कुनै एक विहानीको सुरूवात भएको समुद्री सतहदेखि तराइ, पहाड हुँदै हिमलका टाकुरासम्म घामको किरण पुगेको तथा मावन चहलपहल सुरु भएको , अनि त्यो सुनौलो हानले मानवलाई आ–आफ्नो कर्तव्यपथमा अगाडि बढ्न प्रेरणा दिएको कुरा उल्लेख छ । यस कविताका कवि खनालले सन् २००० जनवरी १ को बिहानी अर्थात् एक्काइसौ शताब्दीको पहिलो बिहानीकोरूपमा यो बिहानीलाई लिएका छन् । त्यसैले यस कविताको शीर्षक उपयुक्त रहेको देखिन्छ ।

### ५.४.३ संरचना

**'शताब्दीको पहिलो बिहानी'** गद्यका दुई अनुच्छेदमा पूर्ण गरिएको कविता हो । यसमा भावको विषय भाको प्रस्तुत आदिका सन्दर्भमा सूर्योदयका क्रममा समुद्रदेखि हिमालसम्म सूर्यका किरण पुगेको र यही समयमा कञ्चनजङ्घा र अन्तुडाँडामा देखिएको सौन्दर्यको छोटो प्रस्तुति गरिएको छ । प्रकृतिको यो मुस्कानको भाव कविले पढेर मानवलाई सभ्यता र उन्नतिका लागि अगाडि बढ्न आह्वान गरेको हो भन्ने ठम्याइएको छोटो प्रस्तुति गरिएको छ । सरल भाषा र लयात्मक शैलीमा कविताको विचार प्रस्तुत गरिएको छ । असमान लमाइका हरफ र असमान लमाइकै छोटा दुई अनुच्छेद भएको यस कवितामा एकदेखि सात अक्षरसम्मका शब्द र दुईदेखि छ वटा शब्द हरफहरूको आयोजना रहेको छ । पूर्णविराम, योजक, उदघारजस्ता चिन्हको प्रयोग गरिएको यस कवितामा मानिसलाई उन्नति र सभ्यताका लागि प्रेरणा दिनेजस्तो मूल विचार प्राकृतिक अन्तुडाँडालाई मानवीकरण गरी कविले नाटकीय शैलीमा अन्तुकै प्रत्यक्ष कथनमा प्रस्तुत गरेका छन् । यसका लागि कविले उद्धरण चिन्हको पनि प्रयोग गरेका छन् । यसका लागि कविले उद्धरण चिन्हको पनि प्रयोग गरेका छन् । फरक अनुच्छेदको अन्तरसम्बन्ध तथा विषयवस्तुको सम्बोधन गर्ने शीर्षक चयनद्वारा कविताको संरचना पुष्ट पारिएको छ ।

### ५.४.४ लयविधान

**'शताब्दीको पहिलो बिहानी'** गद्य ढाँचामा रचना गरिएको कविता हो । यसैले यस कवितामा पद्य कविताको बाह्य लयका लागि अपनाइने वर्ण, मात्रा, गण आदिको शास्त्रीय प्रविधि अपनाइएको छैन । विचार भावको कलात्मक प्रस्तुतिले गद्यमा आउने आन्तरिक लय भने शक्तिशाली रहेको छ । कविताको अन्त: लयलाई प्रवाहित गराइ राख्न सबै पूर्णवाक्यमा पूर्णविराम नदिई अनुच्छेदको अन्त्यमामात्र प्रयोग गरिएको छ भने भाव र लयको संयोजनके लागि वाक्यलाई भाँचेर अवरोही क्रममा बिन्यास गरिएको छ । सरल र सुबोध भाषाकै पनि कलात्मक संयोजन तथा अनुप्रासका विभिन्न स्तर र प्रकारको आयोजना गरी वाचन र श्रवणमा रम्य लाग्ने साङ्गीतिक ध्वनिको योजनाद्वारा कवितालाई लयात्मक बनाइएको छ ।

### ५.४.५ भाषाशैली

**'शताब्दीको पहिलो बिहानी'** कवितामा जटिलता र शास्त्रीय कलात्मक मूल्यको बोझ नभएर सरलता, सहजता र सम्प्रेष्यता पाइन्छ । उनको रचना शैली पनि सहज, सुगम र स्वभाविक छ र त्यो बौद्धिक क्लिष्टता र सम्प्रेषणको दुरुहताबाट पनि मुक्त रहेको छ । यसमा सौन्दर्य र कलाको अभाव भने छैन । विचारको गहनता, देशप्रेम, प्राकृतिप्रेम आदि जस्तो स्वच्छन्दतावादी प्रस्तुति पनि रहेको छ । दुई खण्डमा खण्डित छोटो आयामको यस कवितामा पूर्णविराम बिहीन समापिका क्रियासहितका थुप्रै छोटछोटा वाक्यहरूलाई विचारको श्रृङ्खलाले जोडेर एक खण्डको एक वाक्य एक प्रवाहकारूपमा एकाकार गरिएको छ । कवितामा मूल स्रोतका अतिरिक्त तत्सम, तद्भव र आगन्तुक स्रोतका शब्दको प्रयोग गरिएको छ । भने आन्तरिक लय सिर्जना गर्ने गद्य शैली अपनाइएको छ । चित्रात्मक भाषाको प्रयोगले कविताको पठनमा कविले वर्णन गरेको सबै दृष्य पाठकले पनि देखिरहेको आभाष हुन्छ ।

### ५.४.६ कथनपद्धति

**'शताब्दीको पहिलो बिहानी'** कवितामा प्रस्तुत भएका भाव, विचार, अनुभूतिलाई प्रस्तुत गर्ने समाख्याता प्रत्यक्ष सहभागी नगराई प्रस्तुत गरिएको कविता हो । यसमा कार्यव्यापारमा घटेका घटनाको वर्णनमात्र रहको छ । त्यसैगरी नाटकीय द्दष्य झै कार्यव्यापार प्रस्तुत गर्न प्रकृतिको मानवीरण गरेर कविनिबद्धपात्र अन्तुडाँडाको प्रत्यक्ष कथनसमेत प्रस्तुत गरिएको यस कवितामा संवाद भने रहेको छैन । दुई अनुच्छेद रहेको यस कविताको पहिलो अनुच्छेदमा कविले तृतीयपुरुष द्दष्टिबिन्दुमा नै बिहानीको समयमा हुने प्राकृतिक छटाको वर्णन गरेका छन् भने दोस्रो अनुच्छेदमा अन्तुडाँडाले देशवासीहरूलाई अगाडि बढ्नको लागि आह्वान गरेको छ । विषयवस्तुको वस्तुपरक प्रस्तुति गरिएको यो कविता समग्रमा तृतीयपुरुष द्दष्टिबिन्दु र कविनिबद्धवक्तृप्रौढोक्तिसिद्ध उक्ति ढाँचाको कथनपद्धतिमा प्रस्तुत गरिएको छ ।

### ५.४.७ केन्द्रीय कथ्य

सूर्योदयको अवस्थामा देखिने सुन्दर प्राकृतिक वर्णन र तिनको सुन्दर छटाले मानिसलाई अगाडि बढ्न प्रेरणा प्रदान गर्ने विचार प्रस्तुत गरिएको यस कवितामा कवि खनालले अन्तुडाँडालाई मानवीकरण गरेर देशवासीलाई कर्तव्य र दायित्वको बोध गर्दै तीब्र गतिका साथ सभ्यता र उन्नतिको बाटोमा अगाडी बढन आह्वान गर्न लगाएका छन् । कविले यँहा मूलतः प्रकृतिप्रेम, देशप्रेम तथा सभ्यता, समुन्नतिप्रतिको मोह आकाङ्क्षा प्रस्तुत गरेका छन् । देशकै सभ्यता र उन्नतिका लागि जनतालाई प्रेरित गरेर देशप्रेमको भाव प्रकट गरेका कवि प्रकृतिप्रेममा पनि उत्तिकै लालायित छन् त्यसैले उनी मेचीले कञ्चनजङ्घाको श्रीपेच लागाएर मुसुक्क हाँसेको देख्छन् भने हिमाली टाकुराहरूले आकाशलाई चुम्मा खाएको देख्छन् । त्यस्तै घामका किरणहरूलाई पनि खुट्टासँग तुलना गर्दछन् । सभ्यता र उन्नतिका लागि एक्काइसौ शताब्दीको युगलाई बुझेर रकेट इन्जिनको गतिमा दगुर्न आह्वान गर्दछन् । यसरी **'शताब्दीको पहिलो बिहानी' कविता'**मा कविको प्रकृतिप्रेम, देशप्रेम तथा सभ्यता र उन्नतिप्रतिको चासो नै केन्द्रीय कथ्य बनेर आएको छ ।

### ५.४.८ बिम्बविधान तथा अलङ्करण प्रविधि

कवितामा कलात्मक सौन्दर्य भर्न तथा विचारलाई गहन तरिकाले प्रस्तुत गर्न कवि खनालले **'शताब्दीको पहिलो बिहानी'** कवितामा बिम्बविधान तथा अलङ्करण प्रविधिमा पनि ध्यान दिएका छन् । यँहा अर्थालङ्कारको प्रयोगलाई हेर्दा घामको किरणमा खुट्टाको, हिमाली टाकुरामा तालुको, कञ्चनजङ्घामा श्रीपेचको प्रयोग गरेररूपक अलङ्कारको प्रयोग गरेको छ भने थुप्रै अभिप्रायको कथन गरेर परिकर अलङ्कारको प्रयोग गरिएको छ । यसै गरी कवितामा कविले ढाकर, तोक्मा, रकेट इन्जन आदिलाई प्रतीकका‌रूपमा प्रयोग गरेका छन् जसले सभ्यता र उन्नती तर्फको परिवर्तनका लागि बाहक वा साधनकारूपमा काम गरेका छन् । यस्तै बिम्बको प्रयोगतर्फ यँहा श्रीपेच, चौतारीजस्ता सांस्कृतिक अनि समुद्र, आकाश, सूर्य, धर्ती आदिजस्ता प्राकृतिक बिम्बहरूको प्रयोग भएको छ ।

### ५.४.९ व्यञ्जना

**'शताब्दीको पहिलो बिहानी'** व्यञ्जना पक्षमा पनि सवल रहेको कविता हो । कवि खनालले यस कवितामा एक्काइसौं शताब्दीमा यो देशमा हुनुपर्ने सभ्यता र

उन्नतिको विकास र त्यसको गतिप्रतिको आफ्नो आकाङ्क्षाको प्रस्तुति व्यञ्जना अर्थमा नै प्रकट गरेका छन् । यँहा उनले आफ्नो विचारलाई अन्तुडाँडाको विचारमा आरोपित गरेका छन् । यसैगरी नयाँ युगमा विकास हुने समुन्नति एवम् मानवले कर्तव्य र दायित्व बोध गर्ने आफ्नो आशा भरोसालाई प्राकृतिमा आरोपित गरेर घामका सुनौला किरण छाएको, कञ्चनजङ्घा मुस्कुराएको र अन्तुडाँडाले सौन्दर्य बोकेको देखाउछन् । कवितामा प्रस्तुत भएका कर्तव्य र दायित्वका ढाकर, तोक्मा, एक्काइसौं शताब्दीको दीर्घ यात्रा, समुन्नतिको सगरमाथा, रकेट इन्जनको रफतार आदिका सन्दर्भ पनि अभिधाभन्दा व्यङ्गार्थमा प्रकट गरेर कविले यस कविताको व्यञ्जना पक्षलाई शक्ति प्रदान गरेका छन् ।

### ५.४.१० विधागत स्वरूप

**'शताब्दीको पहिलो बिहानी'** कविता क्रमशः ९ र १५ हरफका दुई अनुच्छेदमा पूर्ण भएको कविता हो । वस्तुलाई भाव वा विचारकारूपमा प्रस्तुत गर्ने प्रगीतात्मक कविताको मान्यतालाई अनुसरण गर्दै रचना गरिएको यस कवितामा प्रस्तुति, पात्र आदिको पक्ष पनि फुटकर कविता सरह रहेको छ । कुल हरफ सङ्ख्या २४ रहेको यो कवितालाई चतुष्पदीय पद्य कवितासँग तुलना गर्दा छ अनुच्छेद वा श्लोक सङ्ख्या भएको कविता सरह देखिन्छ । यस आधारमा पनि यो कविता फुटकर आयामकै देखिन्छ । अतः **'शताब्दीको पहिलो बिहानी'** कवितालाई कविताको फुटकर आयामको रचनाकारूपमा राखेर हेर्नु उपयुक्त देखिन्छ ।

## ५.५ 'एक दशक' कविताको विश्लेषण

### ५.५.१ परिचय

**'एक दशक'** झलनाथ खनालको कवितासङ्ग्रह **'शताब्दीको पहिलो बिहानी'** को एक्काइसौं क्रममा प्रस्तुत गरिएको तथा कविताकै उपविधागत भेदमा पर्ने गीति रचना हो । वि.सं २०५६ चैत्र २६ गते जनअन्दोलन दिवसलाई रचनासमय भनेर उल्लेख गरिएको यो रचनामा जनताको बलिदानमा बहुदलीय प्रजातन्त्र स्थापना भएको दश वर्षसम्म पनि जनताले सुखको अनुभूत गर्न नपाएको उन्नति र विकास पनि नभएको बरु आफूआफू लड्ने, भिड्ने परम्पराको विकास भएको दु:खेसो पोख्दै जनतालाई एक हुन आग्रह गरिएको छ ।

### ५.५.२ शीर्षक

**'एक दशक'** गीतमा गीतकार खनालले दशौं जनआन्दोलन दिवस मनाउदै गर्दा २०४६ सालको जनआन्दोलन सफल भएको एक दशकसम्म पनि देशमा विकास र जनतामा सुखको अनुभूति नभएको अनुभव अभिव्यक्त गरेका छन् । यही समयमा आफू-आफूको लडाँइ र भिडाइले कतै त्रुटि भएको र त्यसलाई सच्याउदै जनता एक भएर उन्नति र विकासका लागि लागिपरौं भन्ने भावना प्रकट गरेका छन् । यसरी जनआन्दोलन सफल भएको दश वर्ष पछि यही दशकका प्राप्ति, उपलब्धि तथा कमजोरीको मूल्याङ्कन

गर्दै त्यसको पाठ सिकेर अगाडिको बाटो पहिल्याउने सन्देश दिएको यो गीति रचनाको शीर्षक **'एक दशक'** हुनु सान्दर्भिक र सार्थक रहेको छ ।

### ५.५.३ संरचना

**'एक दशक'** गीत स्थायी र स्थायी बाहेक तीन अन्तराद्वारा निर्मित रचना हो । यँहा आन्दोलन सफल भएको एक दशकसम्म पनि प्रगति हुन नसकेको असन्तोषलाई व्यक्त गर्ने र जागृतिको प्रेरणा भर्ने कार्य स्थायीमा सुरु गरेर सर्जकले पहिलो अन्तरामा आम जनताका निराशा व्यक्त गरेका छन् । गीतको दोस्रो अन्तरामा उपलब्धि हासिल नभएकामा त्रुटि खोज्ने आह्वान गरिएको छ भने अन्तिम या तेस्रो अन्तरामा एकताको शक्तिद्वारा सङ्घर्ष गर्न प्रेरित गर्दै यस पूर्ण रचनाको आन्तरिक संरचनाको निर्माण गरिएको छ । यसै गरी यस रचनाको बाह्य संरचनामा जनजीवनमा प्रचलित सरल, सुबोध शब्दको कलात्म संयोजन गरिएका दुई हरफहरूबाट स्थायीको निर्माण गरिएको छ भने सोही प्रकारका प्रत्येक चार हरफका एक अन्तरा बराबरका तीन अन्तरा रहेका छन् । यी हरफहरूमा अनुप्रासका अरू प्रकारका अतिरिक्त अन्त्यानुप्रास एवम् व्यक्त अभिव्यक्तिलाई समेट्न सक्ने शीर्षकको राम्रो संयोजन गरिएको छ ।

### ५.५.४ लयविधान

**'एक दशक'** गीत आन्तरिक तथा बाह्य दुबै लयको संयोजन भएको गीत हो । यसमा सर्जकले एक दशकसम्म पर्खदा पनि सुख-सन्तोष नमिलेको असन्तुष्टिलाई स्थायीबाट सुरु गरेर अन्तरा हुँदै गीतको अन्त्यमा पुग्दा सुख- सन्तोषको अवरोधक तत्व पहिल्याउदै एक भएर सङ्घर्ष गर्ने भावलाई लयात्मक उत्कर्षमा पुर्याएका छन् । अन्त्यानुप्राससहित अनुप्रासका बिभिन्न प्रकारको कुशल प्रयोग र समान लमाइका हरफहरूले यसको लयविधानको उच्चतालाई प्रस्तुत गरेका छन् ।

### ५.५.५ भाषाशैली

**'एक दशक'** गीत सरल र सुबोध भाषाशैलीमा प्रस्तुत गरिएको गीत हो । यसमा जनसमाजमा प्रयोग हुने तथा तत्सम, तद्भव र आगन्तुक स्रोतका सामान्य शब्दको प्रयोग भएको छ भने गीति संरचनामा ढाल्न तथा लयात्मक सौन्दर्यका लागि साङ्गीतिक ध्वनि आउने अनुप्रास युक्त र शब्दसहित समान लमाइका हरफले भाषालाई सुन्दर र लयात्मक बनाएको छ । पदक्रममा विचलन र प्रतीकात्मक भावसमेतको प्रयोग भएको भए पनि अर्थ सम्प्रेषणमा जटिलता आएको छैन ।

### ५.५.६ कथनपद्धति

**'एक दशक'** गीत सर्जकको स्वगत कथनम प्रस्तुत गरिएको रचना हो । खनालले यँहा सुरुमा जनताले सुख सन्तोष नपाएको असन्तुष्टिलाई प्रस्तुत गरेका छन् भने दोस्रो अन्तरादेखि त्रुटि सच्याउन र सङ्घर्षका लागि एक भई अगि बढ्न 'गरौ', 'खोजौ', 'दिउ' जस्ता स्वसम्बोधक प्रथम पुरुषको आत्मपरक अभिव्यक्ति दिने क्रियाको प्रयोग

गरेका छन् । यसैले यस गीतमा आत्मपरक कविप्रौढोक्तिसिद्ध कथनपद्धतिको प्रयोग भएको छ ।

### ५.५.७ केन्द्रीय कथ्य

**'एक दशक'** गीत २०४६ सालको जनआन्दोलनको सफलताप्राप्तिको एक दशकसम्म पनि उन्नति  र विकास नभएको सन्दर्भलाई कोट्याउदै त्यसो हुनुको कारण खोजेर सारा जनता एक भई मुक्तिका लागि अगाडि बढ्न गरिएको आह्वानलाई नै केन्द्रीय कथ्यकारूपमा राखेर प्रस्तुत गरिएको रचनाकोरूपमा रहेको छ ।

### ५.५.८ बिम्बविधान तथा अलङ्करण प्रविधि

**'एक दशक'** गीत बिम्ब र अलङ्करण प्रविधिको पनि राम्रो प्रयोग भएको गीत हो । यसको प्रथम अन्तराको चौथो हरफमा जनताले केही नपाउनुको कारण सीमित व्यक्तिको मोजमस्ती मानिएकाले काव्यलिङ्ग अलङ्कारको प्रयोग भएको छ भने तेस्रो अन्तराको प्रथम दुई हरफका पहिला वर्णन भएको भएको एकता रूपी शक्तिको उत्तरोत्तर उत्कर्ष वर्णन गर्दै त्यस्तो शक्ति जनता भित्रै हुन्छ भन्ने कथन भएकाले 'सार' अलङ्कारको प्रयोग भएको छ । यसै अंशमा एकतामा शक्तिको आरोप गरिएकाले रूपक अलङ्कारको प्रयोग भएको छ । यसैगरी प्रस्तुत रचनाको तेस्रो अनतराको अन्तिम हरफमा प्रयोग भएको 'सङ्घर्षको हुरी' परिवर्तनको प्रतीककोरूपमा प्रयोग भएको छ ।

### ५.५.९ व्यञ्जना

**'एक दशक'** गीत खनालको सरल र सुबोध भाषाशैलीको रचना भए पनि यसको व्यञ्जना पक्त पनि उत्तिके सवल र सशक्त रहेको छ । रचनामा प्रयोग गरिएका जागृतिको तिर्खा मेट्न विगुल बजाउने, सङ्घर्षको हुरी सल्काउने, उन्नतिको गन्ध आउनेजस्ता प्रतीकात्मक अर्थ राख्ने पदावली तथा वाक्य प्रयोग गरेर व्यञ्जनात्मक प्रस्तुति गरिएको छ । यसरी गीतमा अभिधात्मक भाषाका अतिरिक्त प्रयोग गरिएको व्यञ्जनात्मकताले स्रष्टाले प्रस्तुत गरेको विचारलाई प्रभावकारी बनाउन उर्जा थपेको देखिन्छ ।

### ५.५.१० विधागत स्वरूप

**'एक दशक'** गीत झलनाथ खनालको फुटकर आयामको रचना हो । सकेसम्म थोरै अन्तरामा विचार र भावना प्रस्तुत गरिसक्ने गीतको परम्परालाई अनुसरण गर्दै सर्जकले स्थायीसहित चार अन्तरा वा अनुच्छेदमा यो गीति रचनालाई पूर्ण गरेका छन् । यसैले अनुभूतिको छोटो अभिव्यक्तिमा पूर्ण गरिएको यस रचनालाई प्रगीतात्मक वा फुटकर रचनाकारूपमा हेर्न सकिन्छ।

## ५.६ 'महिला' कविताको विश्लेषण

### ५.६.१ परिचय

**'महिला'** झलनाथ खनालको **'शताब्दीको पहिलो बिहानी'** कवितासङ्ग्रहको चौवीसौ क्रममा रहेको कविता हो । कविताको अन्त्यमा रचनाकाल २०५७ साल श्रावण उल्लेख गरिएको यो कविता गद्य लयमा रचिएको छ । असमान लमाइका हरफ र ती हरफबाट निर्मित छ अनुच्छेदमा पूर्ण गरिएको यो नारीवादी कविताका पाँच अनुच्छेदमा महिलाले महिला भएकै कारण सहनु परेका दमन, अत्याय, अत्याचार तथा पुरूष र पितृसतात्मक समाजमा कठपुतली बन्नुपर्दाका अवस्थाको वर्णन छ भने अन्तिम अनुच्छेदमा इतिहासका प्रतिभा र प्रभावशाली केही महिलाको उदाहरण दिदै अवका महिलाहरू आफ्नो दमन विरुद्ध उत्रनसक्ने र पुरुषसँग समकक्षीको सम्बन्ध राख्दै संसार हाक्ने सामर्थ्य राख्नसक्ने हुने आशा गरिएको छ ।

## ५.६.२ शीर्षक

**'महिला'** कविता कवि खनालको नारीको पक्षमा केन्द्रित भएर लेखिएको कविता हो । यसमा उनले महिलाका अनेकरूप र अवस्थाको चित्रण गरेका छन् । उमेर नपुग्दै विवाह गरिएकी, कसैको पुरुषार्थ प्रस्तुत गर्न सौता बनाइएकी, नोकर्नी, वेश्या बनाइएकी, बोक्सी र कर्कसा ठहराइएकी तथा कोमल मनकी, श्रृष्टिकी मुहान, युगकी सारथी अनि उत्पीडन, अन्याय र अत्याचार बिरुद्ध लड्ने रणचण्डी जस्ता महिलाका अनेकरूपको चित्रण गरी विगतमा जसरी दमित- पीडित भए पनि अबको समयम महिला कसैको दमनको छायामा परेर नबस्ने आशा गरिएको यो कविता नारीप्रति नै समर्पण र तिनकै स्वरूपको चर्चा गरिएको हुँदा शीर्षक सार्थक रहेको छ । यसैगरी यो शीर्षकले कुनै एक नारीलाईमात्र सङ्केत नगरी दमित र समर्थ्यवान, नोकर बन्न बाध्य र दरवारीया अनि प्रतिभाहीन र प्रतिभावान सबैलाई सम्बोधन गर्न सक्ने हुँदा उत्तिकै प्रतीकात्मक पनि रहेको छ ।

## ५.६.३ संरचना

**'महिला'** गद्यलयमा छ अनुच्छेद वा खण्डमा संरचित कविता हो । यस कविताका पहिलो अनुच्छेदका हरफहरूमा बाल विवाह, सौता प्रकरण, बुहार्तनको पीडा तथा असमान व्यवहारकी शिकारको स्वरूपमा, दोस्रो अनुच्छेदमा दरवारमा राखेर कुण्ठाग्रस्त बनाइएकी तथा सतीत्व वरण गर्नुपर्ने स्वरूपमा यस्तै तेस्रोमा चेलीबेटी बेचविखन र कोठी वरण एवम् देउकी, बादिनी र कमैयाको स्वरूपमा, चौथोमा दाइजो ल्याउन नसक्ने घृणित तथा सासू लोग्ने आदिको दमनमा मरणासन्न बन्ने स्वरूपमा, पाचौमा बोक्सी, डाइनीका स्वरूपमा तथा छैठौं अनुच्छेदमा अत्याचार बिरूद्ध आगो अकल्ने रणचण्डी तथा इतिहासका रथ हाँक्ने मृकुटी तारा आदिजस्ता सारथीका स्वरूपमा महिलाको वर्णन गरेर आन्तरिक संरचना निर्माण गरिएको छ । महिलाका ती बिभिन्न स्वरूपको असमान लमाइका हरफ र अनुच्छेदको आयोजना गरी निर्मित भएका गद्यका खण्डखण्डद्वारा बाह्य संरचना तयार गरिएको छ जसमा न्यूनतम दुईदेखि अधिकतम आठ शब्दसम्मका हरफ, न्यूनतम एक अक्षरदेखि अधिकतम सात अक्षरसम्मका शब्द अनि न्यूनतम अठारदेखि अधिकतम पैतीस हरफसम्मका अनुच्छेदको आयोजना गरिएका तथा कुल छ अनुच्छेद र १५५ हरफबाट कविताको पूर्ण संरचना बनेको छ । अनुप्रासमय पद, पदावली तथा हरफ अनि प्रतीकात्मक भाषा हुँदाहुँदै पनि सरल र सुबोध वाक्य गठन भएको यस कवितामा दश पूर्णविराम, तेह्र कमा तथा एक उद्धरण चिन्हका साथ सार्थक शीर्षकको चयन गरी बाह्य संरचना पुष्ट बनाएको छ ।

### ५.६.४ लयविधान

**'महिला'** गद्यलयम निर्मित कविता हो यसैले यसमा शास्त्रीय छन्दका कविताको जस्तो समान पङ्क्ति आयोजना र तिनका समान लमाइका हरफबाट प्रवाहित हुने बाह्यलय रहेको छैन । गद्यलयका कवितामा हुने आन्तरिक लयको प्रवाह भने यस कवितामा सशक्त रहेको पाइन्छ । ध्वनि, वर्ण, पद र पदावलीको स्तरका पुनरावृतिद्वारा आयोजित अनुप्रासका बिभिन्न स्वरूप अनि भावको सशक्त प्रवाहले कवितालाई पठनीय र लयात्मक बनाएको छ । पूर्णविरामको प्रयोग अनुच्छेद खण्डित गरेको स्थानमामात्र दिएर विश्राम दिन योज्ञ प्रवाहको सिर्जना गरिएको यस कविताको पठन र श्रवणमा पाइने साङ्गीतिक ध्वनिले लयविधानलाई उच्चस्तरीय बनाएको छ ।

### ५.६.५ भाषाशैली

शब्दजालको भ्रमद्वारा पाठकलाई रणभुल्लमा नपारी सरल र सुबोध भाषामै कला र विचारको अभिव्यक्ति दिने कवि खनालले गाँउ–सहरमा प्रयोग हुने सामान्य जनभाषा नै यो कविताको निर्माण गरेका छन् । आफ्नै मूल स्रोतका अतिरिक्त तत्सम, तद्भव तथा आगन्तुक तीनवटै स्रोतका शब्दको प्रयोग गरिएको यस कवितामा सरल, सहज र सुबोध भाषाशैलीको प्रयोगबाट पनि सशक्त, प्रभावकारी र प्रतीकात्मक अर्थप्रेषण गर्न कवि सफल भएका छन् ।

### ५.६.६ कथनपद्धति

**'महिला'** कविता कवि खनालद्वारा महिलाप्रति सम्बोधन गर्दै लेखिएको कविता हो । समग्र महिलालाई 'तिंमी' सर्वनामद्वारा सम्बोधन गरिएको यस कवितामा कविको प्रत्यक्ष उपस्थितिद्वारा आत्मपरक अनुभूतिको अभिव्यक्ति गरिएको नभएर सम्बोधित महिलाका स्वरूपको वस्तुपरक वर्णन गर्दै अगाडि बढ्न उत्साह प्रदान गरिएको छ । यसैले यस कविताको कथनपद्धति पनि कविको आत्मपरक कविप्रौढोक्ति नभएर कविनिवद्धपात्रद्वारा कथन गरिएको पद्धति वा कविनिबद्धवक्तृप्रौढोक्तिसिद्ध कथनपद्धति बन्न पुगेको छ ।

### ५.६.७ केन्द्रीय कथ्य

पितृसतात्मक मुलुकमा पुरूष तथा पुरुषमुखी समाजद्वारा विभिन्न प्रकरणले सताइएका नारी स्वरूपको वर्णन तथा संसार हाक्ने इतिहासको कथा बोकेका केही नारीको उदाहरण प्रस्तुत गरिएको यस कवितामा अबको युगमा नारीलाई शोषित, दमित नभएर आवश्यक परेको खण्डमा क्रान्तिको आगो ओकल्दै समाजमा युगसापेक्ष सम्बन्धको स्थापना गर्न अग्रसर गराउनु नै यस कविताको केन्द्रीय कथ्य रहेको छ ।

### ५.६.८ बिम्बविधान तथा अलङ्करण प्रविधि

बिम्बविधान तथा अलङ्करण प्रविधिको प्रयोग गरिएको कविताकोरूपमा **'महिला'** कवितालाई हेर्न सकिन्छ । कवि झलनाथ खनालले यँहा महिलामा धर्तीपुत्री तथा सिर्जनाकी मुहानको आरोप गरेररूपक अलङ्कारको प्रयोग गरेका छन् भने उनै महिलालाई सहनशीला, भरिया, सन्तान उत्पादिता, ऐस, आराम र मस्तीकी खानी, जिँउदै सतीजाँन बाध्य भएकी, व्यापारकी वस्तु जस्ता अनेकौंरूपमा वर्णन गरी एउटै वस्तुलाई धेरै प्रकारले उल्लेख गर्दा उल्लेख अलङ्कार बन्न पुगेको छ । यस्तै अनियमित हरफमा अन्त्यानुप्रासको प्रयोग तथा

छेकानुप्रास र वृत्यानुप्रासको प्रयोगले अनुप्रास अलङ्कारको पनि राम्रो प्रयोग हुन पुगेको छ । कवितामा रणचण्डी, अलच्छिना, बोक्सी आदि मानसिक बिम्ब तथा विभिन्न सामाजिक, आर्थिक अवस्थामा महिलालाई समाजले हेर्ने दृष्टि र गर्ने व्यवहारको पुष्टि गर्न विभिन्न प्रतीकको पनि प्रयोग गरिएको छ ।

### ५.६.९ व्यञ्जना

**'महिला'** कविता सुबोध र सरल भाषामा नारीप्रति सम्बोधन गरेर लेखिएको कविता भए पनि यसले प्रशस्तै व्यञ्जना अर्थ पनि बोक्न सफल भएको छ । कवितामा 'तिमी' भनेर कुनै एक मान्छेलाई सङ्केत नगरी समग्र महिलालाई सङ्केत गरिएको छ भने 'माहिली', 'साहिली', 'कान्छी' भनेर सौताको सङ्केत गरिएको छ । यस्तै धर्तीपुत्री, सिर्जनाकी मुहान भनेर पृथ्वीजस्तै सहनशीलता भएकी मातृवात्सल नारीलाई सङ्केत गरिएको छ । मानवताहीन पुरुषलाई नरपिचाश तथा नारी दमनको स्वरूपलाई गुन्द्रुक खदाइ र अचार पिसाइसँग तुलना गरिएकाजस्ता अनेकौं व्यजित अर्थ र सन्दर्भ बोकेको यस कविताको व्यञ्जना पक्ष पनि सवल र सफल रहेको छ ।

### ५.६.१० विधागत स्वरूप

**'महिला'** कविता झलनाथ खनालको फुटकर आयामको कविता हो । असमान लमाइका छ अनुच्छेदमा वितरित यो कविता वैयक्तिक अनुभूतिको अभिव्यक्तिका दृष्टिले फुटकर वा प्रगीतात्मक ठहर्छ भने कुल १५५ हरफ भएको र पद्य कविताको लमाइसँग तुलना गर्दा करिव ३९ चतुष्पदीय श्लोक बराबरको आयाम बोक्ने हुँदा फुटकर आयामकै कविताकोरूपमा देखिन्छ । अतः मुक्त छन्दमा रचना गरिएको फुटकर कविताकोरूपमा खनालको यो कविता रहेको पाइन्छ ।

## ५.७ 'मेरो गाँउ' कविताको विश्लेषण

### ५.७.१ परिचय

**'मेरो गाँउ'** झलनाथ खनालको कवितासङ्ग्रह **'शताब्दीको पहिलो बिहानी'** को कविताक्रमको तीसौं स्थानमा सङ्ग्रहित कविता हो । कविताको अन्त्यमा वि.सं २०५८ मा कविको जन्मस्थान साखेजुङ्गा गएको बेला कविले रचना गरेकोकुरा उल्लेख गरिएको यो कविता गद्यमा छ वटा अनुच्छेदमा पूर्ण गरिएको छ । यस कवितामा **'मेरो गाँउ'** भनेर वर्णन गरेको स्थान साखेजुङ्गो मानव बस्ती बस्न सुरु गरेको इतिहास, स्थानको नामकरण, कविका पुर्खाको आगमन विकासको सुरूवात, सम्भावना, आवश्यकता तथा चाहना अनि त्यँहाको प्रकृतिक सौन्दर्यको वर्णन रहेको छ ।

### ५.७.२ शीर्षक

'गाँउ' नाममा 'मेरो' विशेषण जोडिएर बनेको नाम पदावलीबाट यस कविताको शीर्षक **'मेरो गाँउ'** बनेको छ । यो कविता कवि झलनाथ खनालले हालको बसोबास रहेको स्थान काठमाण्डौबाट आफ्नो पैतृक थलो तथा जन्मस्थानकोरूपमा रहेको गाँउ साखेजूङ गएको बेला त्यँहीको स्मरणमा रचना गरेको कविता हो । मानव बस्तीको सुरूवात पूर्वदेखि कविता रचना गर्दाको समयसम्मको इतिहास तथा प्राकृतिक सुन्दरताको

बयान गरिएको यस कवितामा छ वटा अनुच्छेद रहेका छन् । ऐतिहासिक, सांस्कृतिक, सामाजिक, शैक्षिक, भौगोलिक, प्राकृतिकजस्ता पक्षहरूलाई उल्लेख गरिएको यस कविताका हरेक अनुच्छेदका अन्तिम तीन हरफहरू उल्लिखित विशेषता बोकेको स्थान साखेजूङ नै कविको जन्मथलो, साथै मनमा बसिरहने प्यारो नाम अनि आफ्नो गाँउ भएको बताएका छन् । यसरी सामाजिक सद्भाव राख्दै कविका पिता–पुर्खा बसेको अनि कवि पनि जन्मे–हुर्केको गाँउको बयान गरेको त्यँहीका भीर, पाखा, कान्ला, खोलाजस्ता प्राकृतिक पक्षहरूसँग कविको अफनत्व भएको र त्यसप्रति मायाभाव प्रकट गर्दै लेखिएको यस कविताको शीर्षक **'मेरो गाँउ'** राखिनु सार्थक रहेको देखिन्छ ।

## ५.७.३ संरचना

'मेरो गाउँ' गद्यलयका ६ वटा अनुच्छेदको संरचनामा रचित कविता हो । कवितामा वर्णन गरिएको गाँउ 'साखेजूङ' गाँउकारूपमा रहनुपूर्व वा घनघोर जङ्गल रहेको अवस्थादेखि आजसम्मको वर्णन यसमा गरिएको छ । इतिहासको क्रमिक विकासको उल्लेख गर्ने क्रममा बस्तीको बसाइ, व्यवशाय र सभ्यताको विकास साथै आजका ठूलाठालुको धाक, रवाफ तथा आम जनताको विकासको चाहना  अनि आवश्यकताको उल्लेख गरेर आन्तरिक संरचनाको निर्माण गरिएको यस कवितामा प्राकृतिक सौन्दर्यको वर्णन र कविको अफनत्व भावको प्रस्तुति पनि रहेको छ । एउटै स्थान, एउटै भाव अनि सम्बन्धित विषयवस्तुको प्रस्तुतिद्वारा कविताका भिन्नभिन्न गरिएको छ । यसैगरी कविताको बाह्य संरचनामा पहिलादेखि क्रमशः २१, १८, १९, २१, २३, र २२ हरफका अनुच्छेदको निर्माण गरिएको छ भने प्रत्येक अनुच्छेदका अन्तिम तीन हरफको उही आवृत्ति गरिएको छ । कवितामा वर्णित स्थानकै मानव जाति, डाँडा, खोला, जङ्गल आदिको वर्णन अनि खेलाई र भोगाइलाई सम्बोधन गर्ने सरल पद–पदावलीको प्रयोग, विषयवस्तुको क्रमवद्धता तथा प्रसङ्ग अनुसारका अनुच्छेदको आयोजनाद्वारा कवितालाई सुसङ्गठनयुक्त बनाइएको छ । उद्घार, उद्धरण, कमा तथा पूर्णविरामको प्रयोग गरिएको यस कवितामा एकदेखि छ अक्षरसम्मका शब्द तथा दुईदेखि दश शब्दसम्मका हरफको प्रयोग गरिएको छ । प्रत्येक अनुच्छेदका सुरुमा उक्त अनुच्छेदको क्रमाङ्क उल्लेख गरिएको तथा विषयवस्तु सुहाउदो शीर्षक चयन गरिएको यस कविताको आन्तरिक र बाह्य संरचना पुष्ट रहेको छ ।

## ५.७.४ लयविधान

**'मेरो गाँउ'** कविता गद्यलयका साथ त्यसमा प्रस्तुत हुने आन्तरिक लय प्रवाहमा रचना गरिएको कविता हो । यसैले समान मात्रा, वर्ण र गण भएका छन्दयुक्त कवितामा जस्तो बाह्यलयको लयात्मकता वा गेय प्रस्तुति यसमा रहको छैन । कविताको सुरुदेखि पाचौ अनुच्छेदसम्म साखेजूङको प्रकृति र इतिहासको वर्णन गर्दै प्रत्येक अनुच्छेदको अन्त्यमा कवि ती विशेषतायुक्त गाँउ नै मेरो गाँउ हो भन्दै गर्वले फुलेका छन् । यसैगरी अन्तिम अनुच्छेदमा विकासका संभावना, आवश्यकता र चाहानाको अनि ठूलाठालुको दमनको प्रस्तुति गर्दै त्यो पनि मेरो गाँउ हो भन्दै सुधारतर्फ अग्रसर हुने भाव देखाएका छन् । यी भावको प्रस्तुति गर्दै आफूलाई गर्वानुभूति भएको अवस्थासम्म आउन कविले प्रभावोत्पादक पद–पदावली, विभिन्न प्रकारका अनुप्रास, प्रतीक आदिको प्रयोग जस्ता कवितात्मक सौन्दर्य सिर्जना गर्ने वस्तुहरूको प्रयोग गरेका छन् । भाव र वाचनको गतिलाई अवरोध नपुर्याउन अनुच्छेदका बीचमा नै वाक्य पूरा भए पनि पूर्णविराम दिएका छैनन् । यसरी गद्य कवितामा

प्रयोग गरिने लयविधानको अनुशासनलाई कायम गरिएको यस कवितामा भाव अनुकूल लय प्रसारित भएको पाइन्छ ।

## ५.७.५ भाषाशैली

**'मेरो गाँउ'** सरल, सहज र सुबोध पद–पदावलीको प्रयोग गरिएको कविता हो । कविको जन्मभूमिको प्राकृतिक तथा ऐतिहासिक वर्णन र त्यस स्थानप्रति उनले प्रकट गरेको मोह भावको प्रस्तुति रहेको यस कवितामा इलामको साखेजूङ तथा त्यस आसपासका डाँडा पाखा, बस्ती, खोला आदिको नाम तथा तिनको विशेषता जनाउने शब्दको प्रयोग गरिएको छ । यसैले कवितामा प्रयोग भएको भाषाशैली पनि सामान्य नेपालीको जनजीवन र बोलीचालीभन्दा टाढाको रहेको छैन । नेपाली मूल स्रोतका अतिरिक्त तत्सम, तद्भव र आगन्तुक स्रोतका चलन चल्तीका शब्द प्रयोग र वाक्यको गठनले अर्थबोधमा जटिलता ल्याएको छैन । यति हुँदाहुँदै पनि कविताले कुनै सामान्य लेखमा जस्तो काव्यिक सौन्दर्य गुमाएको छैन । यसैले खनालको यो कविता सरल सरस भाषा शैलीमा रहेको सुबोध कविताकारूपमा रहेको छ ।

## ५.७.६ कथनपद्धति

**'मेरो गाँउ'** कविता शीर्षकदेखि नै कविपात्र कविताको विषयवस्तुमा संलग्न भएर रचना गरेको कविता हो । कवितामा प्रस्तुत भएका सम्पूर्ण घटना र वस्तुहरू कविवक्ताले सुनेका, देखेका, भोगेक, जानेका र अनुभव गरेका रहेका छन् । यसैगरी कवितामा प्रस्तुत गरिएका विषयवस्तुको सरोकार राख्ने स्थान साखेजूङ गाँउलाई कविले प्रथमपुरुष दृष्टिबिन्दुमा 'म' सर्वनाम र 'मेरो' विशेषण जस्ता शब्दको प्रयोगका साथ आफ्नो भएको बताएका छन् । यसरी कवि स्वयं वक्ताकारूपमा उपस्थित भएर कथन गरिएको **'मेरो गाँउ'** कविता प्रथमपुरुष कविप्रौढोक्तिसिद्ध कथनपद्धतिमा रहेको छ।

## ५.७.७ केन्द्रीय कथ्य

जन्मभूमिप्रतिको अफनत्व भाव तथा त्यँहाका विविध पक्षको वर्णन यस कविताको केन्द्रीय कथ्य रहेको छ । कविले यस कवितामा अनेक तरहले आफ्नो जन्मभूमिको वर्णन आफूसँगको सामीप्य र त्यस भूमिप्रतिको मोह प्रकट गरेका छन् । साखेजूङ कुनै गाँउ वा मानव बस्तीको सुरूवात, स्थानको नामकरण, कविका पुर्खाको आगमन, त्यँहाको प्राकृतिक वर्णन, सभ्यताको विकासक्रम तथा कविको त्यँहाको अनुभव यस कवितामा वर्णन गरिएको छ । आम जनताको स्वतन्त्रता, समानता र मुक्ति चाहने कविको प्रगतिवादी विचार पनि यँहा प्रस्तुत भएको छ । फलस्वरूप कविले उनको गाँउमा विकासका संभावना हुँदाहुँदै पनि सुधार हुनपर्ने थुप्रै कुरा बाँकी रहेको ठूला ठालुले धाक, रवाफ गरेको, अझै शोषण, उत्पीडन रहेको भन्दै त्यसको सुधार गर्नुपर्ने भावना व्यक्त गरेका छन् । यसैले जन्मभूमि प्रतिको माया, त्यसको महत्व एवम् परिवर्तन, विकास, उन्नति जस्ता सुधारको चाहना प्रकट गर्नु **'मेरो गाँउ'** कविताको केन्द्रीय कथ्य रहेको छ ।

## ५.७.८ बिम्बविधान तथा अलङ्करण प्रविधि

कवि झलनाथ खनालको **'मेरो गाँउ'** कविता बिम्बविधान तथा अलङ्करण प्रविधिको प्रयोगको दृष्टिले हेर्दा पनि राम्रो कविताकोरूपमा रहेको पाउन सकिन्छ । यसरी हेर्दा समग्र कवितामा नै कविले आफ्नो जन्मस्थानको स्वभाविक वर्णन गरेर 'स्वभावोक्ति'

अलङ्कारको प्रयोग गरेका छन् भने कवितामा प्रयोग भएका विभिन्न अभिप्रायका कारण परिकर अलङ्कार पनि प्रयोग हुन पुगेको छ । यस्तै कविताको छैटौं अनुच्छेदको आरम्भमा विकास, रुपान्तरण, वैभव र समृद्धिकारूपमा कविको गाँउ आएको कारण उनको जन्मस्थान साखेजूङ यी सम्पूर्णताको प्रतीक बनेको छ । कवितामा कविले आफ्नो गाँउका विविध पक्षको वर्णन गर्न भौगोलिक, प्राकृतिक, संस्कृतिक, जातीय, वर्गीय बिम्बहरूको प्रयोग गरेर तत्सम्बन्धी पाटाहरूको याद पनि दिलाएका छन् ।

### ५.७.९ व्यञ्जना

**'मेरो गाँउ'** कविता व्यञ्जनात्मक अर्थ प्रस्तुत गर्न पनि उत्तिकै सवल रहेको छ । यस्तो व्यञ्जनामा कविले पुवा खोलाले एकताको गीत गाएको, अम्लिसो, बाँस, अलैची आदि आभूषणको काम गरेको जस्ता प्रतीकात्मक र कलात्मक पद–पदावलीको प्रयोगद्वारा साखेजूङको विविधताको वर्णन गरेका छन् । यसैगरी उग्रता र विरोधको रोष प्रत्यक्षरूपमा नदेखाएरै पनि कविले यस कविताको अन्तिम अनुच्छेदमा धाक र रवाफ देखाउने गाँउका ठूलाठालु र शोषकहरूको विरोध तथा क्रान्तिको पक्षपोषण गरेका छन् । कविताको यो अशंबाट पनि उक्त व्यञ्जनालाई हेर्न सकिन्छ–

'उनीहरू रत्न र बमले टेकेका पाइलाहरूको माटो समाउदै
एउटा ठूलो परिवर्तन चाहन्छन् ।

यसरी **'मेरो गाँउ'** कवितामा प्रस्तुत गरिएको विषयवस्तुबाट अभिधा अर्थमात्र प्रस्तुत नगरेर व्यञ्जनाको प्रस्तुति पनि गरिएको छ ।

### ५.७.१० विधागत स्वरूप

**'मेरो गाँउ'** गद्यका ६ वटा अनुच्छेदको लमाइमा कविका वैयक्तिक अनुभूतिलाई प्रस्तुत गरिएको कविता हो । असमान लमाइका अनुच्छेद रहेको यस कवितामा कुल १२४ हरफहरू रहेका छन् भने चतुष्पदीय पद्यका तुलनामा यो ३१ श्लोकको लमाइ भएको कविता सरह रहेको छ । यस आधारमा कवि खनालको यो कविता फुटकर सरह रहेको छ । यसैगरी एक अनुभूतिको अभिव्यक्ति गरिएको यस रचनामा विषय, प्रस्तुति, पात्र आदिका द्दष्टिमा पनि फुटकर कविताका विशेषता नै रहेका छन् । यसैले **'मेरो गाँउ'** कविता कवि झलनाथ खनालको प्रगीतात्मक वा फुटकर स्वरूपको कविताकोरूपमा रहेको छ।

## ५.८ 'उत्तरी यात्रा' कविताको विश्लेषण

### ५.८.१ परिचय

**'उत्तरी यात्रा'** झलनाथ खनालको कवितासङ्ग्रह **'शताब्दीको पहिलो बिहानी'** को कविताक्रममा ३१ औ स्थानमा सङ्ग्रहित भएको कविता हो । रचनाकाल सन् २००२ भनेर उल्लेख गरिएको यो कविता कवि खनालले नेपाल बाहिरको परिवेश तथा यात्राको सन्दर्भमा रचना गरेका हुन् । यस कवितामा रेलमा यात्रारत कविले देखेका विभिन्न भूभागहरूको प्राकृतिक र ऐतिहासिक वर्णन अनि ती भूभागहरूमा अङ्कृत परिवर्तनको चाहानाका स्वरहरूको वर्णन गरेका छन् ।

### ५.८.२ शीर्षक

'उत्तर' नाममा 'ई' प्रत्यय जोडिएर बनेको 'उत्तरी' विशेषण तथा 'यात्रा' नामको योगबाट बनेको नामपदावली **'उत्तरी यात्रा'** यस कविताको शीर्षककोरूपमा रहेको छ भने यसको अर्थ उत्तरतिरको अर्थात् उत्तरसँग सम्बन्धित यात्रा भन्ने रहन्छ । झलनाथ खनालद्वारा रचित यो कविता स्पष्ट दुई अर्थ प्रसारित भएको कविता हो । प्रथमतः कवि भारतको दक्षिणी भूभाग केरलाबाट २१ सय किमी उत्तरमा रहेको दिल्लीसम्मको यात्रा गरिरहेको अवस्थामा लेखिएको कविता भएकाले यसको शीर्षक **'उत्तरी यात्रा'** रहनु स्वभाविक देखिन्छ । अर्को अर्थमा कविले उत्तरलाई भौगोलिक दिशाकोरूपमामात्र नभएर उन्नति, प्रगति, न्याय, मुक्तिको दिशालाई सङ्केत गर्दै भारतका विभिन्न भूभागको त्यस तर्फको गतिलाई यात्राकारूपमा प्रस्तुत गरेका छन् । यसैले कविताको शीर्षक पनि सार्थक र स्वभाविक नै रहेको देखिन्छ ।

## ५.८.३ संरचना

**'उत्तरी यात्रा'** गद्यका पाँच अनुच्छेदमा संरचित कविता हो । विचारको उठान र विकास गर्ने सन्दर्भमा कविले यस कविताको पहिलो अनुच्छेदमा डेकानका विभिन्न बस्ती छिचोल्दै उनको रेल यात्रा अगाडि बढेको कुरा उल्लेख गरेका छन् भने दोस्रो अनुच्छेदमा तीनवटा सामुन्द्रिक छालले डेकानलाई हिर्काउदै भौगोलिकरूपमा खियाउदै र साङ्केतिकरूपमा प्रगतिका लागि प्रेरित गरेको कुरा प्रस्तुत गरेका छन् । तेस्रो अनुच्छेदमा डेकान र बिन्ध्याचलका सभ्यताको गाथाबारे छोटो प्रस्तुति गर्दै वसन्त ऋतुमा देखिएको पालुवाको जवानीले विकासको गतिलाई अझ प्रेरणा दिएको चर्चा गरिएको छ । चौथो अनुच्छेदमा द्रविडजन र आर्यवर्तीहरूको विगतको द्वन्द्व र आर्यवर्तीको दमनको चर्चाका साथ द्रविडको विकासको गति अनि कवि चढेको रेलको सन्दर्भ जोड्दै समग्र बिकासको गति अनि कवि चढेको रेलको सन्दर्भ जोड्दै समग्र विकासको क्रमलाई नै एउटा एक्सप्रेसमा आरोप गरिएको छ । यसैगरी अन्तिम अनुच्छेदमा भारतीय कम्युनिष्ट पार्टीको सत्रौ र अठारौं महाधिवेशनले न्याय, मुक्ति, समानता र शान्तिको गीत गाएको चर्चा रहेको छ । कविताको बाह्य संरचनामा १५देखि २१ हरफसम्मका ५ अनुच्छेद रहेका छन् । यी अनुच्छेदमा सुरुमा क्रमसङ्ख्या पनि उल्लेख गरिएको छ । कवितामा एकदेखि आठ अक्षरसम्मका शब्द र दुईदेखि सात शब्दसम्मका हरफको आयोजना गरिएको छ । गद्यमै अनुप्रासमय पद–पदावली एवम् कलात्मक भाषाका साथ उपयुक्त शीर्षक चयन गरी प्रस्तुत गरिएको यस कविताको संरचना पुष्ट रहेको देखिन्छ ।

## ५.८.४ लयविधान

**'उत्तरी यात्रा'** गद्यलयमा रचना गरिएको कविता भएको हुँदा यसमा वर्ण, मात्रा तथा गणको समायोजन आयोजितरूपमा गरिएको छैन । लयको बाह्य पक्षभन्दा आन्तरिक पक्षलाई जोड दिइएको यस कवितामा कविको भावलाई देखाउन अन्तः लयात्मक प्रवाहको प्रस्तुति गरिएको छ । वर्ण र शब्दको आवृत्तिद्वारा अनुप्रासको आयोजना गरी साङ्गीतिक झङ्कार प्रस्तुत गरिएको छ भने यो आवृति पदावली र वाक्यको स्तरसम्म पनि रहेको छ । कलात्मक भाषा, पूर्णविराम विहीन वाक्य तथा तिनको खण्डित प्रयोगले भाव र लयको प्रवाहलाई गति दिएको छ । कवितामा आयोजित अनियमित अन्त्यानुप्रासले पनि लय विधानलाई थप प्रभावकारी बनाएको छ ।

### ५.८.५ भाषाशैली

**'उत्तरी यात्रा'** कवि खनालको भारतीय भूमिमा भएको रेलयात्रा र त्यतैका सन्दर्भहरूको वर्णन गरिएको कविता भएकाले भारतका विभिन्न स्थान र जातिको नाम उल्लेख गरिएको कविता हो । यसको सन्दर्भ भारतको भए पनि भाषा र विषयमा नेपालीको पनि सरोकार रहेको छ । कवितामा नेपालीहरूले प्रयोग गर्ने पद–पदावलीकै कलात्मक संयोजन रहेको छ । सरल भाषामा भारतीय स्थानहरूको प्राकृतिक वर्णन गरेका कविले भाषाशैलीगत कुशलताद्वारा यही सरल भाषाबाटै उन्नति र प्रगतिद्वारा ती स्थानहरूले आफूलाई परिवर्तन गर्दै लगेको तथा न्याय, मुक्ति र शान्तिको गीत गाएको कुरा उल्लेख गरेका छन् । यसप्रकार सरल, सरस भाषाशैलीका अतिरिक्त तिनको अलङ्कारिक र प्रतीकात्मक प्रयोग पनि **'उत्तरी यात्रा'** कवितामा रहेको पाइन्छ ।

### ५.८.६ कथनपद्धति

**'उत्तरी यात्रा'** कवि खनालले आफ्नो यात्रका क्रममा पुगेका र पार गरेका विभिन्न स्थानहरूको वर्णन गरेको कविता हो । यस कवितामा कविले वर्णन गरेका स्थानहरूलाई मानवीकरण गरेर तिनको सचेत र चलायमान अवस्थको प्रस्तुति गरेका छन् । कवितामा वर्णित डेकान, विन्ध्याचलजस्ता स्थानहरू सजीव र तृतीयपुरुष पात्रकरूपमा उपस्थित भएका छन् । कवि स्वयंले भने तिनै विषयवस्तु र मानवीकृत प्राकृतिक पात्रहरूको वर्णनमात्र गरेका छन् तर प्रथम पुरुष पात्रकारूपमा उपस्थित देखाएक छैनन् । यसैले यो कविता तृतीय पुरुष पात्रको उपस्थिति भएको कविनिबद्धवक्तृपौढोक्तिसिद्ध कथनपद्धतिमा रचना गरिएको कविताकोरूपमा रहको पाइन्छ ।

### ५.८.७ केन्द्रीय कथ्य

**'उत्तरी यात्रा'** कविता कविको यात्रको सन्दर्भ, त्यस क्रममा कविले देखेका स्थानको वर्णन तथा ती स्थानहरूको विकासको गतिलाई तीव्रता दिन प्रेरित गर्ने प्राकृतिक छटाको वर्णन गरिएको कविता हो । भारतीय कम्युनिष्ट पार्टीको हैदरावाद र त्रिवेन्दममा भएका महासभाले प्राकृतिको यही प्रेरक र देशको माग बुझेर न्याय, मुक्ति, समानता र शान्तिको गीत गाएको सन्दर्भ पनि कविले यँहा प्रस्तुत गरेका छन् । उनले उत्तरी यात्रालाई उत्तर दिशातर्फको यात्राकारूपमामात्र नभएर उकालोको यात्रा, सङ्घर्षको यात्रा, परिवर्तनको यात्रा जस्ता अनेक अर्थ प्रकट हुने सन्दर्भ जोडेर भारतका भूभागहरू त्यस यात्रामा अगाडि बढिरहेको कुरा प्रस्तुत गरेका छन् । तसैले कवितामा प्रस्तुत भएका डेकन, विन्ध्याचल, त्रिसागर जस्ता भूभागको वर्णन, ती भूभागको एक्सप्रेस तुल्य रहेको विकासको गति तथा हैदरावाद र त्रिवेन्दमका जनपक्षीय सङ्कल्पको साङ्केतिक प्रस्तुति गर्नु यस कविताको केन्द्रीय कथ्यकोरूपमा रहेको छ ।

### ५.८.८ बिम्बविधान तथा अलङ्करण प्रविधि

**'उत्तरी यात्रा'** कविता बिम्बविधान तथा अलङ्करण पक्षको पनि राम्रो प्रयोग गरिएको कविता हो । यस कविताको पाचौं अनुच्छेदमा साम्यवादी सिद्धान्तको क्षेत्रगत विस्तार भएको चर्चा गरिएको तथा न्याय, मुक्ति, समानजस्ता नामले त्यसको सम्बोधन गरिएकाले उल्लेख अलङ्कार रहेको छ । यसै गरी हैदरावाद र 'त्रिवेन्द्रम' का महासभाहरू

बाटै न्याय, मुक्ति आदिसम्बन्धी गीतको रचना भएको र तिनै गीत धर्तीमा फैलिएको चर्चाका कारण यी दुई महासभाहरू उज्यालोको प्रतीककारूपमा रहेका छन् ।

### ५.८.९ व्यञ्जना

**'उत्तरी यात्रा'** अभिधाको स्तरमामात्र नभएर व्यञ्जना अर्थ प्रस्तुतिका लागि पनि सशक्त कविता हो । 'उत्तरी' र 'यात्रा' दुई शब्दबाट बनेको यसको शीर्षकले सिङ्गोरूपमामात्र होइन ती दुबै शब्दले छुट्टाछुट्टैरूपमा पनि व्यञ्जना अर्थलाई प्रस्तुत गरेका छन् । उत्तरी भनेर उत्तरदिशाको, अगाडिको, उकालोको, सङ्घर्षमयजस्ता अर्थ लगाएका छन् भने यात्राले हिडाइलाईमात्र नभएर गतिलाई पनि सङ्केत गरेको छ । यसैगरी कवितामा अभिधास्तरमा रहेको कविको रेलको यात्राभन्दा कविताकै विषयवस्तुमा परोक्ष प्रकट भएको विभिन्न स्थानहरूको राजनैतिक, आर्थिक, भौतिक, चेतनाको विकासका पक्ष सवल बनेर आएका छन् । कवितामा प्रयोग गरिएको मानवीकरणको पक्ष पनि लय र भाव प्रवाहको प्रस्तुतिका लागिमात्र नभएर प्रगतिशील मानिसहरूले एक भई नँया युगलाई सार्थकता दिन गरेको प्रयासबाट अगाडि बढेको विकासको गतिलाई देखाउनु रहेको छ । यसैले **'उत्तरी यात्रा'** कविता व्यञ्जना पक्षमा पनि सवल र सशक्त रहेको छ ।

### ५.८.१० विधागत स्वरूप

**'उत्तरी यात्रा'** कविता असमान लमाइका पाँच गद्य अनुच्छेदको आयतनमा रचिएको कविता हो । यसमा एक यात्राका अवसरमा कविले देखेका र अनुभूति गरेका विषयवस्तुहरूको वैयक्तिक अभिव्यक्ति रहेको छ । विचार, प्रस्तुति आदिका आधारमा यस कविताको स्वरूप फुटकर कविता सरहको रहेको छ । यसैगरी लमाइका आधारमा मुल ९१ हरफ रहेको यस कवितालाई चतुष्पदीय पद्यका श्लोकसँग तुलना गर्दा २३ श्लोक बराबरको लमाइ रहेको छ र यसरी हेर्दा पनि खनालको यो कविता फुटकर स्वरूपमा नै रहेको पाइन्छ । यसैले '**उत्तरी यात्रा**' कविता प्रगीतात्मक या फुटकर स्वरूपमा लेखिएको लघु कविताकोरूपमा रहेको छ ।

## ५.९ 'सुङ्देलको चेतावनी' कविताकोप विश्लेषण

### ५.९.१ परिचय

**'सुङ्देलको चेतावनी'** कवि झलनाथ खनालको कवितासङ्ग्रह **'शताब्दीको पहिलो बिहानी'** को कविता क्रमको ३५ औ स्थानमा सङ्ग्रहित गद्य कविता हो । कविताको पुछारमा २०५९ श्रावण १ गते रचना गरिएको कुरा उल्लेख गरिएको यस कविता मा असमान लमाइका छवटा अनुच्छेदको विस्तृति रहको छ । वि.सं २०५९ असार २९ गतेको मुसलधारे वर्षाका कारण खोटाङ जिल्लाको दिप्सु र सुङ्देल गाविसमा गएको विनासकारी पहिरो र त्यसको क्षतिले मुलुक स्तब्ध बनेको सन्दर्भमा लेखिएको यस कवितामा उक्त प्राकृतिक प्रकोपद्वारा सिर्जित बिनासको करुण कथाको स्मरण तथा वातावरण संरक्षणका लागि आह्वान गरिएको छ ।

### ५.९.२ शीर्षक

'सुङ्देल' नाममा षष्ठी विभक्ति 'को' लागेर बनेको 'सुङ्देलको' पद 'चेतावनी' नामको विशेषल बनेर आएपछि दुई शब्दबाट निर्मित पदावली **'सुङ्देलको चेतावनी'** यस कविताको शीर्षककारूपमा रहेको छ । वर्षायामको मुसलधारे पानीसँगै आएको बाढी पहिरोले खोटाङ जिल्लाको सुङ्देल र दिप्सुमा ठूलो जनधनको क्षति गरेपछि आमा भन्न नपाएका युवा र वृद्ध अनि उग्राइरहेका गोठका गाई-वस्तुको मृत्यु भएको करुण कथाको स्मरण गर्दै कवि खनालले यँहा वातावरण संरक्षणका लागि आह्वान गरेका छन् । समयदेखि नै सोचविचार नगरे तथा बाढी पहिरोजस्ता प्राकृतिक प्रकोपका सम्भावनालाई न्यूनीकरण गर्न बेलैदेखि सचेत भएर लागि नपरे नरसंहारकारी  सुङ्देलको इतिहाँस जँहासुकै र जतिवेला पनि दोहोरिन तयार रहेको खतरनाक तथ्य यस कवितामा कविले प्रस्तुत गरेका छन् । यसरी हेर्दा सुङ्देल घटना इतिहासको नराम्रो घटना भएको र त्यसले दुनियामा सचेत र सावधान रहन चेतावनी दिएको भाव प्रस्तुत गरिएको यस कविताको शीर्षक **'सुङ्देलको चेतावनी'** राखिनु सान्दर्भिक र सार्थक रहेको देखिन्छ ।

### ५.९.३ संरचना

असमान लमाइका हरफ र असमान हरफका अनुच्छेद भएको यो कविता गद्यका छवटा अनुच्छेदमा पूर्ण गरिएको छ । आन्तरिक संरचनाको विषय उठान र विचारको प्रस्तुतिका सन्दर्भमा यस कविताको प्रथम अनुच्छेदमा कविले बाढि आउनुपूर्वको साँझमा चलेको  सुङ्देलबासीको सामन्य दैनिकीलाई प्रस्तुत गरेका छन् भने दोस्रो अनुच्छेदमा गाउँमाथिको आकासमा बादल मडारिएको र पानी पर्न सुरु गरेको सन्दर्भलाई प्रस्तुत गरेका छन् । यसै गरी तेस्रो अनुच्छेदमा मुसलधारे पानीले खोला र कुला बढ्दै गई पहिरो बग्न थालेको सन्दर्भ रहेको छ भने चौथो अनुच्छेदमा सुङ्देलका मानव र पशुप्राणीको पहिरोमा पुरिएर भएको मृत्युको दर्दनाक कथा रहेको छ । कविले पाचौं अनुच्छेदमा बाढी पहिरो पछिको गाँउको अवस्था र त्यसबारे फैलिएका खबरहरूको चर्चा गरेका छन् कविताको अन्तिम अनुच्छेदमा सुङ्देल घटनाबाट पाठ सिक्दै वातावरण संरक्षण गर्न आह्वान गरिएको छ । यसरी एउटै मूल घटनामा अन्तर्सम्बन्धित विविध घटना र चरणहरूको प्रस्तुतिका लागि प्रयोग गरिएका अनुच्छेदहरूमा प्रस्तुत भाव-विचारबाट कविताको आन्तरिक संरचना बनेको छ भने पहिलोदेखि क्रमशः १३, ९, १३, १७, १५ र २४ हरफका असमान अनुच्छेद र तिनको बाह्य बनावटबाट बाह्य संरचना बनेको छ । कवितामा एकदेखि सात अक्षरसम्मका शब्द तथा दुईदेखि नौ शब्दसम्मका हरफहरू रहेका छन् । नेपाली भाषाका आफ्नै मूल शब्दका अतिरिक्त तत्सम तद्भव तथा आगन्तुक श्रोतसमेतका शब्दको प्रयोग गरिएको यस कवितामा पूर्णविराम, उदघार, योजक, निर्देशक, उद्धरण तथा कमा चिन्हको प्रयोग गरिएको छ । विषयवस्तु र भावलाई सम्बोधन गर्न सक्ने शीर्षकको चयनबाट कविताको संरचनालाई पुष्ट गरिएको छ ।

### ५.९.४ लयविधान

**'सुङ्देलको चेतावनी'** मुक्त छन्द वा गद्यलयमा रचना गरिएको कविता हो । यसमा पद्य कवितामा जस्तो समान वर्ण मात्रा र गणको योगबाट बनेका समान लमाइका हरफहरूबाट गुञ्जिने बाह्यलयको आयोजना छैन तर कवितामा प्रस्तुत गरिएको विषयवस्तु र त्यसबाट प्रसारित गर्न खोजिएको विचारको सशक्तता र प्रभावकारिताका लागि प्रयोग गरिएको आकर्षक पद-पदावली तथा तिनको कलात्मक विन्यासले आन्तरिक लयलाई उचाइ

दिएको छ । गद्य कविता अनुकूल लय प्रवाहका लागि पदावली र उपवाक्यलाई भाच्दै अवरोही क्रममा विन्यास गरिएको छ भने बीचका पूर्ण वाक्यमा पनि पूर्णविराम नदिइ अनुच्छेदको अन्त्यमामात्र पूर्णविरामको प्रयोग गरिएको छ । ध्वनि र वर्णका विभिन्न स्तर र प्रकारका आवृत्ति गरी अनुप्रासको आयोजना गरिएको छ । यस प्रकार गद्य कविता **'सुङ्देलको चेतावनी'** को उच्चारण र श्रवणमा आकर्षण लाग्ने साङ्गीतिक ध्वनिको प्रस्तुति र लयको प्रवाहद्वारा लयविधानलाई प्रभावकारी बनाइएको छ ।

## ५.९.५ भाषाशैली

**'सुङ्देलको चेतावनी'** कविता नेपाली माटोमा भएको प्राकृतिक प्रकोप र त्यहाबाट बच्न सिक्नु पर्ने पाठको प्रस्तुति सरल भाषाशैलीमा प्रस्तुत गरिएको कविता हो । रागात्मक प्रस्तुतिका लागि कतिपय मानवेतर वस्तुलाई मनवीकरण र कतिपय निर्जीव वस्तुलाई सजीवीकरण गरिएको तथा पदक्रमको विचलन भए पनि त्यसले अर्थबोधमा कठिनाइ ल्याएको पाइदैन । बरु कलात्मक शैलीलाई अँगालेको नै देखिन्छ । वातावरण संरक्षणको आह्वान गर्दा पनि कविले सोझो भनाइ नराखेर कलात्मकलाई नै अगालेका छन् । सुङ्देलमा पुरिएकाहरूको अन्तिम अवस्थामा निस्किएको आर्तस्वर र चित्कारलाई कल्पनाका माध्यमबाट सजीवीकरण गर्दै तिनको आवाजले वातावरण संरक्षणको लागि सन्देश दिएको कुरा नाटकीय शैलीमा प्रस्तुत गरेका छन् । नेपाली मूल श्रोतका अतिरिक्त तत्सम, तद्भव र आगन्तुक श्रोतका नेपाली जनमानसमा चल्तीमा आएका साधारण शब्दको प्रयोगबाटै पनि तिनको कलात्मक संयोजन र विन्यासले कविताको भाषाशैली सरल र सुबोधमात्र होइन प्रतीकात्मक, आकर्षक र प्रभावकारी पनि बन्न पुगेको पाइन्छ ।

## ५.९.६ कथनपद्धति

**'सुङ्देलको चेतावनी'** यथार्थ जीवनमा घटेको घटनाका सन्दर्भमा रचना गरिएको कविता हो । यस कवितामा उक्त (सुङ्देलको) घटना घट्नुपूर्वको अवस्थादेखि घटिसके पछि अनि त्यसले सिकाएको पाठ तथा सावधान गराएको पक्षसम्मको वर्णन रहेको छ । एउटा कथानकलाई नै छोटोरूपमा प्रस्तुत गरिएको यो कवितामा आख्यानात्मक कथनपद्धति रहेको छ । कवितामा प्रस्तुत गरिएको विषयवस्तुलाई कवि संलग्न नभएर वा वस्तुपरकरूपमा वर्णनमात्र गरेर तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरेका छन् । यसैगरी कविताको मुख्य विषयवस्तु वातावरण संरक्षणको विषय प्रस्तुतिका लागि कविले बाढीद्वारा पुरिदै गरेकाहरूको चित्कारमा भाव खोजेर नाटकीयपद्धतिको प्रयोग गरिएको यो कविता मूलतः कवि कल्पित पात्रद्वारा व्यक्त अभिव्यक्तिको ढाँचा वा कविनिबद्धवक्तृपौढोक्तिसिद्ध उक्ति ढाँचामा प्रस्तुत गरेको पाइन्छ ।

## ५.९.७ केन्द्रीय कथ्य

**'सुङ्देलको चेतावनी'** कविता नेपालको इतिहासमा बाढी पहिरो जस्तो प्राकृतिक प्रकोपको कारण जनधनको क्षति भई घटेको दुःखदायी घटना वर्णन अनि यस्ता घटना घट्न सहयोग पुर्याउने मानवीय समजोरीलाई कम गर्दै सचेत र सावधान हुन आह्वान गरिएको कविता हो । खोटाङ जिल्लाको दिप्सु र सुङ्देलमा २०५९ साल असारमा मुसलधारे वर्षाका साथ बाढी पहिरोले सारा गाँउ पुर्दा सामान्य दैनिकी चलाइरहेका मानिस तथा पशुपक्षीले अकस्मात एकचिहान हुन पुगेको करुण कथा यस कवितामा प्रस्तुत गरिएको छ । जङ्गल फाँडेर उजाड पार्ने र बस्ती बस्न अयोग्य स्थानमा बस्ती बस्नेजस्ता वातावरण

सन्तुलनमा असर पार्ने मानवीय कमजोरी पनि यँहा देखाइएको छ । यसैगरी वातावरण सन्तुलनमा ध्यान नदिनेहरूलाई त्यो घटना हेरेर सावधान हुन चेतावनी पनि दिइएको छ । यस कवितामा एउटा दु:खद घटनाको वर्णन तथा सावधानीको आग्रह गरेका कविले प्रस्तुत गर्न खोजेको मुख्य कथ्य वा भाव प्राकृतिक प्रकोपलाई न्यूनीकरण गर्दै सन्तुलित वातावरण निर्माण गर्न आह्वान गर्नु रहेको देखिन्छ ।

### ५.९.८ बिम्बविधान तथा अलङ्करण प्रविधि

**'सुङ्देलको चेतावनी'** विचारको सशक्त र कलात्मक प्रस्तुतिका लागि बिम्बलङ्कारको पनि संयोजन गरिएको कविता हो । यस कवितामा कविले गड्याङ र गुडुङमा ग्-ग्, ड्-ड्, ङ्-ङ् जस्ता अनेक वर्णको एकाबार आवृत्ति भएका कारण छेकानुप्रास अलङ्कारको प्रयोग भएको छ भने म, ल, क जस्ता विभिन्न वर्णको पनि एकबार आवृति भएका कारण छेकानुप्रास कै प्रयोग भएको छ । कवितामा अनुप्रासका अन्य प्रकारको प्रयोग छ भने 'सुङ्देल भित्रभित्रै त्रासद पीडाको ज्वलामुखी बोकेर पहाडमा ठक्कर खाएको मनसुनी वायु झैं रोइरहको हुन्छ ।' भनेर सम्झना व्यक्त गरिएका कारण उत्प्रेक्षा अलङ्कारको प्रयोग भएको छ । कवितामा 'सुङ्देल' आफै महाविपत्तिको प्रतीक बनेर आएको छ । यसैगरी कवितामा जातीय प्राकृतिक, भौगोलिकजस्ता विभिन्न प्रकारका बिम्बहरूको प्रयोग भएको पाइन्छ ।

### ५.९.९ विधागत स्वरूप

**'सुङ्देलको चेतावनी'** कविता गद्यका ६ वटा अनुच्छेदमा रचना गरिएको कविता हो । असमान लमाइका हरफ तथा असमान हरफका अनुच्छेद भएको यसको कुल हरफ सङ्ख्या ९१ रहेको छ । चतुष्टदीय श्लोक ढाँचाका कवितासँग तुलना गरेर हेर्ने हो भने यसको लमाइ करिव २३ श्लोकको कविता बराबरको रहेको छ । यसैले लमाइका आधारमा हेर्दा यो कविता एउटा प्रकोपको घटना र प्रतिफललाई प्रस्तुत गर्दै त्यस किसिमका घटनाबाट सावधान गराउने प्रयास गरिएको छ । अर्थात कविले यँहा एउटा घटना र एक विचारको प्रस्तुति गरेका छन् । कविको वैयक्तिक अनुभूतिको अभिव्यक्ति रहेको यो कविता विचारको प्रस्तुति तथा पात्र जस्ता पक्षलाई हेर्दा पनि फुटकर आयाममा नै देखिन्छ । यसैले झलनाथ खनालका फुटकर कविताहरूको सङ्ग्रह **'शताब्दीको पहिलो बिहानी'**मा सङ्ग्रहित **'सुङ्देलको चेतावनी'** कविता फुटकर कविताकोरूपमा नै रहेको पाइन्छ ।

## ५.१० 'मातृभूमि र हाम्रो दायित्व' कविताको विश्लेषण

### ५.१०.१ परिचय

**'मातृभूमि र हाम्रो दायित्व'** झलनाथ खनालको कवितासङ्ग्रह **'शताब्दीको पहिलो बिहानी'** को ३६ औं क्रममा सङ्ग्रहित कविता हो । कविताको अन्त्यमा २०५९ साल श्रावणलाई रचनाकालकोरूपमा उल्लेख गरिएको यो कविता सवाइलयका आठ चतुष्पदी श्लोकमा संरचित रहेको छ । यस कवितामा मातृभूमि नेपालका विविधताको व्याख्या, देशप्रति भक्तिभाव एवम् अरूलाई पनि मातृभूमि रक्षा एवम् देशभक्तिको भाव जगाउने प्रयासको प्रस्तुति रहेको छ ।

## ५.१०.२ शीर्षक

माताको भूमिबाट समास भएर बनेको शब्द 'मातृभूमि' तथा 'दायित्व' नाममा विशेषक 'हाम्रो' जोडिएर बनेको नामपदावली 'हाम्रो दायित्व' मा 'र' संयोजक जोडिएर चार शब्दबाट यस कविताको शीर्षक **'मातृभूमि र हाम्रो दायित्व'** बनेको छ । पहिलो श्लोकमा नै सानासाना भाइ– बहिनीलाई सम्बोधन गरिएको यस कवितामा देश भक्तिको महत्व, मातृभूमि नेपालका प्राकृतिक, सांस्कृतिक, धार्मिक, सामाजिक विविधताको वर्णन यी विविधताको उचित परिष्कार र संरक्षण गर्नुपर्ने आवश्यकता र हाम्रो दायित्वको बारेमा चर्चा गरिएको छ । मातृभूमि नेपाल, नेपालकै पहाड, खोला, हिमाल, मन्दिर, संस्कृति आदिको वर्णन तथा यसको संरक्षणका लागि प्रेरणा प्रदान गरिएको यस कविताको शीर्षक **'मातृभूमि र हाम्रो दायित्व'** हुनु सान्दर्भिक र सार्थक देखिन्छ ।

## ५.१०.३ संरचना

**'मातृभूमि र हाम्रो दायित्व'** पद्य लयको चतुष्पदीय श्लोक ढाँचामा रचना गरिएको कविता हो । प्रत्येक श्लोक वा अनुच्छेदको माथितिर क्रमाङ्क दिइएको यसको संरचना आठ श्लोकमा पूर्ण भएको छ । भाव–विचारको उठानका क्रममा यसमा साना भाइ– बहिनीलाई आफ्ना कुरा सुन्न आग्रह गरेर ज्ञानगुनका कुरा प्रेरणार्थक क्रियाको प्रयोग साथ भनिएको छ । संरचनाकै सन्दर्भमा चौध वर्णको सवाइ लयमा हरफहरू र चार हरफको एक श्लोक भएको यस कवितामा श्लोकको अन्त्यमा पूर्णविरामको प्रयोग गरिएको छ । देशका निम्ति ज्यान दिन पछि पर्नु नहुने र देशको रक्षा गर्नु हाम्रो दायित्व पनि भएको कुराबाट विचार प्रस्तुति सुरु गरेर देशका निम्ति थुप्रै कार्य गर्न बाँकी रहेको, हाम्रा हिमाल, पहाड, तराई, फाँट, मन्दिर तथा देवस्थल, बहुभाषा, जाति, सस्कृतिजस्ता विविधा क्षेत्रका विविध वस्तु हाम्रा सम्पदा र पहिचान भएकाले तिनको संरक्षण र विकास गर्नुपर्ने कुरा बताइएको छ । यसै गरी देशमा रहेका जातीय, वर्गीय, लैङ्गिक विभेदजस्ता कुरीतिपूर्ण पक्षलाई फाल्नु पर्ने कुराको पनि यँहा प्रस्तुति रहेको छ । हाम्रो जीवन समग्रमा देशकै निम्ति भएको मातृभूमिभन्दा प्यारो अर्को चिज नभएको, मतृभूमिको रक्षा गर्नु हाम्रो दायित्व भएको र यसकै निम्ति मर्नुपर्ने कुराको उल्लेख गर्दै कविताको अन्त्य गरिएको छ । मातृभूमि प्रतिको स्नेह र जिम्बेवारी प्रकट गरिएको यस कविताको सार्थक र सान्दर्भिक शीर्षक राखेर संरचना पूर्ण बनाइएको छ ।

## ५.१०.४ लयविधान

**'मातृभूमि र हाम्रो दायित्व'** लोकलयमा आधारित पद्य कविता हो । लयविधानमा वर्णको गणना हुने र ४+४+४+२ को वर्ण स्वरूपमा हुने सवाइ लयमा यो कविता आवद्ध रहको छ । आन्तरिक र बाह्य दुबै लयको प्रवाह रहेको यस कवितामा समान लमाइका दुईदुई हरफको निमित अन्त्यानुप्रास तथा चार–चार हरफको श्लोकको आयोजनाद्वारा बाह्यलयको सिर्जना गरिएको छ यसै गरी देशको प्रकृति, सम्पदा र सिङ्गै मातृभूमिको स्नेह जगाउने भाव प्रस्तुत गर्न प्रयोग गरिएक पद–पदावली र वाक्यको प्रयोग तिनमा आयोजित प्रभावैक्यता, पङ्क्ति–पङ्क्ति बीचको अनुप्रासीयता, आवृत्ति आदिद्वारा आन्तरिक लय प्रवाहित गरिएको छ । कविताको थप सौन्दर्य, आकर्षण र प्रभावैक्यता जस्ता पक्षका लागि प्रत्येक श्लोकको चौथो हरफमा समस्यापूर्ति शैलीमा प्रस्तुत गरिएको

समान वाक्यको आवृत्तिले पनि लय सिर्जनामा सहयोग पुर्याएको छ । यसैले खनालको यस कविताको लयविधानको पक्ष सुन्दर र सशक्त रहेको पाइन्छ ।

## ५.१०.५ भाषाशैली

**'मातृभूमि र हाम्रो दायित्व'** कविता पद्यलयमा रचना गरिएको वाचन र श्रवणमा सुन्दर अनि अर्थबोधमा सरल र सुबोध भाषाशैली भएको कविता हो । साना भाइ–बहिनीलाई सम्बोधन गरेर रचना गरिएको यो कविताको भाव–विचार उच्च भए पनि विशेष गरेर बालकेन्द्रित भएकाले पनि यो सरल, सहज भाषाशैलीमा रहेको छ । 'जान', 'मान' जस्ता प्रेरणार्थक क्रियाको प्रयोग गरिएको यस कवितामा कतैकतै सामान्य विचलन भए पनि सुमधुर र सुकुमार भाषाशैलीको प्रयोग रहेको छ । आफ्ना मौलिक शब्दको प्रयोग तथा छन्द मिलाउनका लागि मानकरूपको विचलन गरेर शब्दको प्रयोग गरको भए पनि तिनको सम्प्रेषणमा जटिलता आएको छैन् ।

## ५.१०.६ कथनपद्धति

**'मातृभूमि र हाम्रो दायित्व'** कवि खनालले सानासाना भाइ–बहिनीहरूलाई मातृभूमि र देशभक्तिको पाठ पढाएको कविता हो । कवितामा कविले देशलाई ठूलो प्रतिष्ठाका साथ हेर्दै नँया पुस्तालाई यसको संरक्षण र सम्वर्धन गर्न प्रेरणा प्रदान गरिएको छ । यसका लागि कविले आफूसमेत संलग्न भएर 'हामी', 'हाम्रो' जस्ता स्वसंबोधक शब्दहरूको प्रयोग गरेका छन् । यसैले यस कवितामा प्रथम पुरुषीय कथनपद्धतिको एकालापीय संबोधनात्मक शैली रहेको पाइन्छ । कवि स्वयं उपस्थित भएर कथन गरिने कविप्रढोक्तिसिद्ध उक्तिढाँचा यस कवितामा प्रयोग गरिएको उक्तिढाँचा हो ।

## ५.१०.७ केन्द्रीय कथ्य

मातृभूमिको सम्मान, संरक्षण, सम्बर्धन तथा मातृभूमिका सन्ततिको दायित्वबोध गराउनु **'मतृभूमि र हाम्रो दायित्व'** कविताको मूलभाव रहेको छ । कविताको सुरुमा नै देशका निम्ति ज्यान दिनपर्ने र देशभक्तिभन्दा ठूलो कुनै कुरा नहुने पाठ सिकाइएको यस कविताका प्रत्येक श्लोकमा पाठकलाई देश रक्षाको दायित्वबोध गर्न स्मरण गराइएको छ । सिङ्गो नेपाललाई नेपालीको साझा घरकारूपमा प्रस्तुत गरेर यस देशका प्राकृतिक, सांस्कृतिक धार्मिक, भाषिक सम्पदाहरू देशवासीका ज्ञान, मान, इज्जत र पहिचान भएकाले तिनको रक्षार्थ लाग्नु पर्ने पाठ यस कवितामा सिकाइएको छ भने छुवाछुत जस्ता जातीय भेद, शोषण, दमनजस्ता वर्गीय र लैङ्गिक भेदको उन्मूलन गर्दै समतामूलक स्वतन्त्र, प्रतिष्ठित अनि पृय मुलुक निर्माण गर्न प्रेरणा प्रदान गरिएको छ । यसरी हेर्दा मातृभूमि प्रति स्नेह र सम्मान प्रकट गर्दै देशकै स्वतन्त्रता, मुक्ति र उन्नतिका लागि अगाडि बढने सन्देश दिनु यस कविताको केन्द्रीय कथ्य वा केन्द्रीय भावकारूपमा रहेको पाइन्छ ।

## ५.१०.८ बिम्बविधान तथा अलङ्करण प्रविधि

**'मातृभूमि र हाम्रो दायित्व'** बिम्बविधान तथा अलङ्करण प्रविधिको सामान्य प्रयोग भएको कविता हो । पद्यलयको अनुसरण गरिएको यस कविताका प्रत्येक श्लोकका दुई–दुई हरफमा आयोजना गरिएको अन्त्यानुप्रास अलङ्कारको कुशलतालाई देखाएको छ भने अनुप्रासका अन्य प्रकारका प्रयोग पनि यसमा रहेका छन् । मातृभूमिलाई अनेकथरी नामबाट

उल्लेख गरिदा यँहा उल्लेख अलङ्कार पनि प्रयोग हुन पुगेको छ । यस्तै मातृभूमि नेपालको बिम्ब बनेर आएको छ ।

### ५.१०.९ विधागत स्वरूप

**'मातृभूमि र हाम्रो दायित्व'** कविता पद्यका आठ अनुच्छेदमा रचना गरिएको कविता हो । भाषिक, कलात्मक लगायतका कविताका सौन्दर्य पक्षसमेतको ख्याल गर्दै समान वर्णका हरफ र समान हरफका आवृत्ति सहितका श्लोकको आयोजना गरिएको यस कवितामा देशभक्तिप्रति कविका वैयक्तिक भाव र अनुभूतिहरू प्रकट गरिएका छन् । विषयवस्तुको आयाम विचार तथा पात्रको उपस्थिति एवं सिङ्गो कविताको आकृति आदिमा आधारमा पनि यो कविता फुटकर वा प्रगीतात्मक स्वरूपमा नै रहेको पाइन्छ ।

## ५.११ 'सन्त्रस्त साँझ' कविताको विश्लेषण

### ५.११.१ परिचय

**'सन्त्रस्त साँझ'** कविता कवि झलनाथ खनालको **'शताब्दीको पहिलो बिहानी'** कवितासङ्ग्रहको ३७ औ क्रममा सङ्ग्रहित कविता हो । वि.सं २०५९ साल श्रावण १५ गतेलाई रचनाकालकारूपमा उल्लेख गरेको यस कवितामा पद्यलयको राम्रो प्रयोग गरिएका आठ चतुष्पदी श्लोक छन् भने वर्षाको समयमा आँधीबेहरीसँगै आउन लागेको मुसलधारे पानीले बस्तीमा सन्त्रास फैलिएको अवस्थाको वर्णन रहेको छ ।

### ५.११.२ शीर्षक

घाम अस्ताउने समयसँगै बादलका काला धब्बाहरू बस्तीको आकाशदेखि हिमालको वरपरसम्म फैलिएको अनि हावा–हुण्डरी आएर बाँस र रुखलाई हल्लाएको, बिजुली चम्केको, गड्याङ्गुडुङ गरेको जस्ता प्रतिकूल वातावरणले प्राणीजगतलाई स्तब्ध बनाएको तथा केही दिन अगाडि देशका विभिन्न स्थानमा आएका बाढी– पहिरोले मानव मन थर्काएको अवस्थाको वर्णन गरिएको यस कवितामा देश, काल र वातावरणको सम्बोधन गर्ने गरी शीर्षकको चयन गरिएको छ । साँझको समयमा सबैमा डर र त्रास फैलाउने वातावरण भएको र त्यसैको वर्णन भएको यस कविताको शीर्षक **'सन्त्रस्त साँझ'** हुनु सान्दर्भिक र सार्थक देखिन्छ । साँझ स्वंयमा रात्रीको सुरूवात हुने समय अनि वातावरण पनि अरू बढी सन्त्रस्त बन्नुले यस कविताको शीर्षकलाई प्रतीकात्मक पनि बनाएको छ ।

### ५.११.३ संरचना

**'सन्त्रस्त साँझ'** कवितामा छन्दयुक्क चतुष्पदीय श्लोक ढाँचाका आठ श्लोकको संरचनामा संरचित कविता हो । वर्षा कालको कुनै साँझ आँधी र हुरीसहित कालो बादल मडारिएको र बस्तीलाई आतङ्कित बनाएको प्राकृतिक रौद्ररूपको कुशल वर्णनद्वारा कविताको आन्तरिक संरचना निर्माण गरिएको छ भने उक्त प्राकृतिक चलायमानको बोधयुक्त पद र पदावलीद्वारा क्रमिक वर्णन गरिएका आठ चतुष्पदी श्लोक अनि सार्थक शीर्षकद्वारा बाह्य संरचनाको तयार गरिएको छ ।

### ५.११.४ लयविधान

**'सन्त्रस्त साँझ'** म, स, ज, स, त, त गण र अन्त्यमा एक गुरु वर्ण हुने शास्त्रीय शार्दूलविक्रीडित छन्दमा रचना गरिएको छन्दयुक्त कविता हो । अत: यसमा समान लमाइ र समान वर्ण तथा मात्रा भएका हरफको विन्यासले पठनमा लयात्मक सौन्दर्यको सिर्जना गरेको छ । प्रत्येक चार हरफको एक श्लोक र प्रत्येक दुई–दुई हरफमा आयोजना गरिएको समान अन्त्यानुप्रासको आयोजनाले कविको छन्दयुक्त कवितमा हुने लयात्मक चेतनाको प्रदर्शन गरेको छ भने कविताका बिभिन्न हरफ र श्लोकमा भएका ध्वनि, वर्ण र शब्दका स्तरका पूनरावृत्तिले थप लयात्मक सौन्दर्य प्रस्तुत भएको छ । यसरी कथ्य र भावलाई समेत शिथिल हुन नदिइ उच्चारण र श्रवणमा रम्यलाग्ने साङ्गीतिक ध्वनिको प्रयोग गरेर कविले सुन्दर लयविधानको प्रयोग गरेका छन् ।

## ५.११.५ भाषाशैली

**'सन्त्रस्त साँझ'** कविता सरल र सहज शब्दको प्रयोग भैकन पनि तिनको कलात्मक संयोजनद्वारा मीठो भाषाशैलीमा प्रस्तुत गरिएको कविता हो । प्रकृतिको रौद्र र भयानकरूपको वर्णन गरिएको यस कवितामा शार्दूलविक्रीडित छन्द अनुसार वर्ण र गण मिल्ने गरी शब्दको संयोजन गरिएको हुँदा अर्थ बुझ्न सकिने भए पनि 'खात्माथिखात्' (खातमाथि खातलाई), 'घर्घर (घरघरलाई) जस्ता केही अप्रचलित शब्दको पनि प्रयोग गरिएको छ । प्रभावकारी प्रस्तुति तथा छन्द मिलानको लागि प्रयोग गरिएका कतिपय वाक्य उपवाक्यहरू यँहा पदक्रमको विचलित अवस्था मा पनि रहेका छन् । कविताको छैटौं श्लोकसम्म सन्त्रस्त साँझको अवस्थाको प्रस्तुति बर्णनात्मक शैलीमा गरेका कविले त्यही सन्त्रासबाट उब्जिएका शङ्कालाई प्रश्नात्मक शैलीमा उठाएका छन् । नेपाली मूल स्रोत अतिरिक्त तत्सम, तद्भव र आगन्तुक स्रोतका शब्दहरूको प्रयोग रहेको यो कविता सरल एवम् सुबोधमात्र नभएर कलात्मक र अलङ्कारिक भाषाशैलीमा पनि रहेको छ ।

## ५.११.६ कथनपद्धति

कविले आफै कथन गरेको आत्मपरक अभिव्यक्ति भएको पद्धति कविप्रौढोक्तिसिद्ध कथनपद्धति हो । **'सनत्रस्त साँझ'** कवितामा पनि कविले आफै कथन गरेको अभिव्यक्तिलाई आत्मपरक ढङ्गले प्रस्तुत गरेका छन् । हुनत यस कवितामा सात श्लोकसम्म खाली विषयवस्तुको वर्णनमात्र गरिएको हुँदा कवि निबद्धवक्तृप्रौढोक्तिसिद्ध कथनपद्धति रहेजस्तो देखिन्छ तर आठौं श्लोकमा कविले गरेको अनुभूतिको आत्मकथनले कविता कविप्रौढोक्तिसिद्ध कथनपद्धतिमा रहेको प्रष्ट हुन्छ । अत: यस कवितामा प्रथम पुरुष उक्तिढाँचा वा कविप्रौढोक्ति कथनपद्धतिमा रहेको पाइन्छ ।

## ५.११.७ केन्द्रीय कथ्य

**'सन्त्रस्त साँझ'** कविता प्राकृतिक वर्णन र प्रकृतिको प्राणीजगतसँग रहने सम्बन्धसमेतको उद्घाटन गरिएको कविता हो । यस कवितामा प्राकृतिक रौद्ररूपको बर्णन र त्यसले आतङ्कित बनाएको मानव समाज अनि वास र बचरासमेत गुमाएर सातो गएका चराको भयातुर अवस्थाको चित्रण छ । नेपालमा २०५९ साल श्रावणमा बाढी–पहिरोद्वारा भएको प्राकृतिक प्रकोप र त्यसले सिर्जना गरेको परिवेश र परिप्रेक्ष्मा रचना गरिएको यस कवितामा पनि आँधी– हुरी, बादल–बर्षा अनि त्यसले पारेको सन्त्रासमय प्रभावलाई केन्द्रीय कथ्य बनाइएको छ ।

### ५.११.८ व्यञ्जना

**'सन्त्रस्त साँझ'** मूलतः वर्षाकालमा ठूलो पानी पर्नु पूर्वको कालो बादल मडारिदै गरेको अनि हावाहुरीले मानव तथा पशुपक्षीलाई सन्त्रस्त बनाँउदाको क्षणको वर्णन गरिएको कविता हो । यस आधारमा हेर्दा कविता अभिधामा नै अभिव्यञ्जित भएको देखिन्छ तर कविताको शीर्षक स्वयंले प्राकृतिक प्रकोपमात्र नभई रात्रीपूर्वको सन्त्रस्त अवस्था, अध्यारोको सुरूवात भएको अवस्था, उज्यालोको अन्त्य भएको जस्ता प्रतिकात्मक अर्थ भएको तथा कविताको बीचमा समेत प्रशस्त व्यङ्ग्यार्थ प्रकट हुने प्रतीकहरूको प्रयोग भएकाले कवितामा व्यञ्जनाको पनि प्रष्ट छाप पाइन्छ ।

### ५.११.९ बिम्बविधान तथा अलङ्करण प्रविधि

**'सन्त्रस्त साँझ'** कविता बिम्बविधान र अलङ्करण प्रविधिको राम्रो प्रयोग गरिएको कविता हो । पद्य लयको यस कवितामा थियो- थियो, हुरी-सरी, ढाक्दछन्- लाग्दछनजस्ता शब्दको प्रयोगद्वारा अन्त्यानुप्रासको कुशल आयोजना गरिएको छ भने कविताको दोस्रो अनुच्छेदमा काला बादलका पर्वतले आकाश ढाकेको सन्दर्भमा कारण विना कार्यको उल्लेख गरेर बिभावना अलङ्कारको प्रयोग गरिएको छ । यस्तै चौथो अनुच्छेदमा आकाशमा बिजुली चम्केको अनि गड्याङ् गरेको, त्यो थर्कमानले मुटु कामेको तथा सारा मान्छे डराउदै घरभित्र पसेको सन्दर्भमा कुनै वर्णनका क्रममा एक पछि अर्को वस्तुको श्रृङ्खला जोडिएर एकावली अलङ्कारको प्रयोग भएको छ । कविताको पहिलो श्लोकको पहिलो हरफको 'रातो रक्तसरि क्षीतिजपरको' मा 'र' वर्णको अनेकपटक आवृत्ति हुन गई वृत्यानुप्रास अलङ्कार बनेको छ भने सन्त्रस्त साझँले डरलाग्दो अवस्थाको प्रतिकात्मक अभिव्यक्ति गरेको छ । कवितामा भौगोलिक, प्राकृतिक तथा मानसिकजस्ता विविध पक्षका बिम्बहरूको पनि प्रयोग गरिएको छ ।

### ५.११.१० विधागत स्वरूप

**'सन्त्रस्त साँझ'** कविता कवि झलनाथ खनालको फुटकर आयामको कविता हो । कविता रचनामा फुटकरको आयाममा नै सीमित रहेका खनालले यस कवितामा बत्तीस हरफका आठवटा चतुष्पदीय श्लोकको रचना गरेका छन् । पात्र, विचार तथा प्रस्तुति आदि पक्षमा हेर्दा फुटकर स्वरूपमा देखिने यस कवितामा कविको वैयक्तिक अनुभूतिको पनि प्रगीतात्मक स्वरूपमा अभिव्यक्ति गरिएको छ । अतः यस कवितालाई पद्यको फुटकर स्वरूपमा रहेको कविताकोरूपमा हेर्न सकिन्छ ।

## ५.१२ निष्कर्ष

झलनाथ खनालले **'शताब्दीको पहिलो बिहानी'** कवितासङ्ग्रहमा आफ्नै परिवारिक विषय, जेल जीवन, राजनैतिक सङ्घर्ष कम्युनिष्ट पार्टीको संलग्नता, देश- विदेशका यात्रा विवरण, स्वतन्त्रता, प्रजातन्त्र, देशभक्ति, आर्थिक, सामाजिक विकास, समाजवादका प्रश्नहरू, महिला मुक्ति, एक्काइसौ शताब्दीका चुनौती आदि विषयलाई कवितामार्फत प्रस्तुत

गरेका छन् । उनका कविताका शीर्षकहरू कवितामा प्रस्तुत गरिएका विचार र प्रस्तुतिलाई संवोधन गर्ने,सरल, सुवोध, छोटा, छरिता र स्पष्ट रहेका छन् । बढीजसो गद्य र केही पद्य लयमा रचिएका उनका यस सङ्ग्रहका कविता विषयको प्रसङ्ग र भावको प्रवाह अनुरूप विभिन्न अनुच्छेदमा संरचित गरिएका छन् । विचार र कलाको समन्वय गरिएका उनका कविता बढीजसो गद्यलयमा हुनुले तिको बाह्यभन्दा आन्तरिक लयमा शसक्त देखिन्छ । विचारलाई वस्तुपरक र आत्मपरक शैलीमा अभिव्यक्त गरिएका यी फुटकर कविताहरू प्रथम र तृतीय पुरुष कथनपद्धतिमा प्रस्तुत गरिएका छन् । यिनमा सरल र सुबोधपन पाइए पनि बिम्ब, प्रतीक र अलङ्कारको पनि राम्रो संयोजन पाइन्छ । नेपाली मूल स्रोतका अतिरिक्त तत्सम, तद्भव र आगन्तुक स्रोतका शब्दको प्रयोग जनजीवनमा प्रयोग हुने भाषा र तिनको कलात्मक संयोजनले कविता पठनीय छन् । कतिपय अवस्थामा कलालाईभन्दा विचारलाई महत्व दिएर लेखिएका उनका कविता प्रगतिवादी चिन्तनधाराबाट प्रभावित रहेका छन् ।

## परिच्छेद -६
# उपसंहार

झलनाथ खनाल घृतकौशिक गोत्रअन्तर्गत पण्डित खनालका एक सन्तान हुन् । उनको जन्म वि.स २००६ साल चैत्र ६ गते आइतबार पिता युङ्गनाथ खनाल तथा माता मधुमाता खनालका कोखबाट इलाम जिल्लाको साखेजूङ गाविस वार्ड नं ४ मा भएको थियो। उनी पितामाताका तेह्रजना सन्तानहरू मध्ये सातौ सन्तान र जन्तरे छोराकारूपमा जन्मिएका थिए । पण्डित्याँइ-पुरेत्याँइ तथा कृषि व्यवशाय गर्ने ग्रामीण मध्यम परिवारमा

जन्मिएका खनालको बाल्यकाल पनि गाँउले परिवेशमा सामान्य किसिमले बितेको देखिन्छ । न्वारनकै नाम झलनाथ रहेका यिनी घरमा जन्तरे वा झलनाथ भनेर चिनिन्थे भने भूमिगत राजनैतिक जीवनमा अभिमन्यू, बुद्धिरत्न तथा नरेशजस्ता छदम नाम राखेका थिए । हाल साहित्यभन्दा राजनीतिका क्षेत्रमा बढी चर्चित उनी झलनाथ खनालकै नामबाट परिचित छन् ।

ब्राम्हण परिवारमा जन्मिएका खनालको शिक्षादीक्षा घरपरिवारबाटै सुरु भएको थियो । कखरा सिकेपछि सस्कृत पाठशाला जान थालेका उनी दुर्गा कवच, चण्डी आदि सिकेपछि ब्रतबन्ध पूर्व संस्कृतको भय ज्ञानलिन नहुने भएपछि अङ्ग्रेजी शिक्षा पढाउने स्कुलमा गएका थिए । त्यँहा पनि कक्षा तथा स्कुलमै उत्कृष्ट हुँदै आएका खनालले साखेजूङ मिडिल स्कुलबाट प्राथमिक र आदर्श माध्यामिक विद्यालय इलामबाट माध्यामिक तह पूरा गरेका थिए । उनले इलामबाट २०२३ सालमा एस.एल.सी पास गरे भने आई एस्सी त्रिचन्द्र कलेज काठमाण्डौबाट २०२५ सालमा पूरा गरे । त्रिचन्द्र कलेजमा नै बि एस्सी मा भर्ना भएका खनालले राजनैतिक लगायतका कारणले सो तह पूरा गर्न नपाएका भए पनि २०३० सालमा राजनीति शास्त्र तथा इतिहास विषयमा बि.ए पास गरे । यस पछि भने उनको विश्वविद्यालयीय अध्ययनले विश्राम लिन पुग्यो ।

वैदिक विधि अनुसार आठ बर्षको उमेरमा उपनयन भएका झलनाथ खनालको विवाह भने २०३९ सालमा ३३ वर्षको उमेरमा रवीलक्ष्मी चित्रकारसँग अन्तर्जातीयरूपमा भएको थियो। आफू ब्राम्हण कुलको पण्डित परिवमा जन्मेहुर्किएर बौद्धमार्गी नेवार कुलमा जन्मीहुर्किएकी रवीलक्ष्मीसँग विवाहगर्दा उब्जिएको पारिवारिक समस्यालाई पनि उनले उत्तिकै समझदारीपूर्वक समाधान गरेका थिए । यस्तै दुई सन्तानका पिता खनालले एक पुत्र शिशु अवस्थामा नै गुमाएका छन् भने हाल एकमात्र सन्तानकारूपमा रहेका पुत्र निर्भिक खनाल चित्रकार उच्चशिक्षाको अध्ययन गरिरहेका छन् । दाजुभाइ र दिदी-बहिनीतर्फ दशजना दाजुभाइ अनि तीनजना दिदी-बहिनी भएका उनले हालसम्म चारजना दाजुभाइ र एकजना बहिनी गुमाइसकेका छन् । हाल उनी सहित ६ जना दाजुभाइ र दुईजना दिदीबहिनी आ-आफ्नो व्यवशाय चलाएर बसेका छन् । मध्यम परिवारमा जन्मेका खनालको जीवन हाल पनि सामान्यरूपमा नै बितिरहेको छ । गम्भीर, निर्भिक, स्वाभिमानी र शालीन स्वभावका उनले अध्ययन र राजनीतिका क्रममा आर्थिक, सामजिक पक्षबाट दु:ख र आघात पनि व्यहोरेका छन् । यसैगरी लाउँला खाउँलाको उमेरमा आफ्नै दुई दाजु र एक बहिनीको निधन तीनदिनका बीचमा हुँदा वियोग पनि सहेका छन् । राजनैतिक जीवनमा सन्तुष्टि र ग्लानि दुबै पक्षको घटनाको अनुभव गरेका खनालले आँफू मन्त्री हुँदा देशको आकाशको स्वामित्वको संरक्षण गरेर राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरको कार्य पनि गरेका छन् ।

जीवनको अनुभवका सम्बन्धमा जागिरे जीवन, राजनैतिक, जीवन, भूमिगत जीवन, जेलजीवन तथा स्रष्टा जीवन जस्ता विविध पक्षको अनुभव लिएका खनालले साहित्य लेखनका सम्बन्धमा नेपाली, अङ्ग्रेजी तथा हिन्दी भाषाको ज्ञान भए पनि नेपाली भाषामा मात्र कलम चलाएका छन् भने साहित्यिक कृतिको अध्ययनमा आख्यानलाई मन पराए पनि लेखनमा कविता विधालाई रुचाउछन् । वि.सं २०१९/२० सालतिर अर्थात विद्यार्थी कालदेखि नै साहित्यिक सिर्जनामा लागेका उनका हालसम्म एक कवितासङ्ग्रह र एक गीतिएल्वम साहित्यिक कृतिकारूपमा पाठक/श्रोताबीच आएका छन् भने साहित्येत्तर राजनैतिक वैचारिक कृतिकारूपमा रहेका नौवटा पुस्तकाकार कृतिहरू पनि प्रकाशित भएका छन् । वसोबासका दृष्टिले विगत दुई दशकभन्दा लामो समयदेखि खनाल काठमाण्डौमा स्थायी

बसोबास गर्दै आएका छन् भने उनको हालको निवास काठमाण्डौ महानगरपालिका वार्ड.नं १५ स्थित डल्लु आवास क्षेत्रमा रहेको छ । उनले आफ्नो मूल कार्यक्षेत्र राजनीतिलाई बनाएकाले राजनैतिक कार्यमा नै दिन बिताइरहेका छन् । हाल सन्तोषजनक स्वास्थ्य अवस्थामा रहेका उनले राजनैतिक सन्दर्भमा विश्वका सबै महादेशका चालीसभन्दा बढी मुलुकको भ्रमण गरेका छन् भने सम्मान पनि उत्तिकै पाएका छन् । पुरस्कारका दृष्टिले जनतालाई सुखी र खुसी बनाउने सन्दर्भमा स्याब्बासी पाएका भए पनि भौतिक पुरस्कार भने खासै हात पारेका छैनन् ।

झलनाथ खनालका व्यक्तित्वका अनेक पाटाहरू रहेका छन् । शारीरिक व्यक्तित्वका दृष्टिले हेर्दा औषत नेपालीकोभन्दा अग्लो शरीर, पुष्ट गाला, सुहाउदो मोटाइ, गोरो वर्ण भएका तथा केही फुल्न लागेको कपाललाई सिनित्त कोरेर पछाडि लैजाने उनी लवजमा घरमा रहदा प्राय: कमेज-सुरुवाल अनि बाहिर रहदा प्राय: सट, पाइन्ट र कोटमा भेटिन्छन् । स्वभावजन्य व्यक्तित्वका हिसाबले लेखकीय व्यक्तित्वमा कवि, गीतकार, निबन्धकार, वैचारिक/दार्शनिक, लेखक, सम्पादक, संस्मरणकार व्यक्तित्वकारूपमा चिनिएका छन् । यस बाहेक उनले सामाजिक, शिक्षक र खेलाडी व्यक्तित्वको पनि निर्माण गरेका छन् भने राजनैतिक व्यक्तित्वकारूपमा त राष्ट्रिय स्तरमामात्र नभएर अन्तराष्ट्रिय स्तरमा समेत सुपरिचित रहेका छन् ।

लेखनका अतिरिक्त आफ्नो जिन्दगीको मूल कार्यक्षेत्र राजनीतिलाई बनाएका खनालले विद्यार्थी जीवनबाट नै राजनीतिको सुरूवात गरेका हुन् । वि.सं २०२१/२२ सालदेखि विद्यार्थी राजनीतिमा प्रवेश गरेका उनले २०२३/२४ सालमा मेची विद्यार्थी युनियनको अध्यक्षको जिम्बेवारी सम्हालेका थिए । यसैगरी अनेरास्ववियूको तेस्रो राष्ट्रिय महाधिवेशनको प्रतिनिधि पनि भएका थिए । खनाल २०३१/३२ सालतिरको अडिनेसन केन्द्रका संस्थापक सदस्य भएका थिए भने यसपछि तत्कालीन नेकपा(माले) का संस्थापक सदस्य पनि बन्न पुगे । त्यस्तै वि.सं २०३९ सालदेखि २०४७ सालसम्म त उनी नेकपा(माले)को महासचिव नै बने र कार्यगरे । प्रजानतन्त्रको स्थापना हुनुपूर्व विभिन्न पटक जेल र भूमिगत जीवनको सङ्घर्षपूर्ण भोगाइको पनि उनले अनुभव लिए । वि.सं २०४६ सालको आन्दोलनमा संयुक्त वाममोर्चाको गठन र निरङ्कुश निर्दलीय व्यवस्ता विरोधी शक्तिको एकतासहित आन्दोलन गर्ने क्रममा महत्वपूर्ण भूमिका खेलेका खनाल २०४७ सालपछि पार्टीको स्थायी कमिटी केन्द्रीय कमिटी, पोलिट्व्युरो आदिमा रहदै आठौं महाधिवेशन पूर्व कार्यकारी महासचिव तथा महासचिवको कार्यभार पनि जिम्मा लिए । नेपालमा बहुदलीय व्यवस्थाको स्थापना भएपश्चात विभिन्न पटक संसदमा र लोकतन्त्रको स्थापना पश्चात सविधान सभाको सदस्यमा इलाम जिल्ला क्षेत्र नं १ बाट निर्वाचित भएका उनले वि.सं २०६२/६३ को आन्दोलन र सातदलीय संयन्त्रमा पनि महत्वपूर्ण भूमिका निर्वाह गरे । बहुदलीय व्यवस्थाको सुरूवात भएपश्चातको अन्तरिम सरकार तथा पछि नेकपा (एमाले) पार्टी सरकारमा रहेको समयमा समेत गरी दुईपटक तत्कालीन श्री ५ को सरकारको मन्त्री पनि भइसकेका उनी २०६५ मा सम्पन्न नेकपा(एमाले) को आठौ महाधिवेशनमा अध्यक्ष पदमा निर्वाचित भएर सोही पदको जिम्वेवारी सम्हालिरहेका छन् ।

झलनाथ खनालको मुख्य कार्यक्षेत्र राजनीति भए पनि साहित्यिक र साहित्येतर लेखनको क्षेत्र पनि उत्तिकै महत्वका साथ अगाडि बढेको छ । साहित्यिक क्षेत्रमा स्कुले जीवनबाटै प्रवेश गरेका खनालले फुटकर कविता, गीत तथा वैचारिक निवन्ध लेखनमा विशेषरूपले कलम चलाएका छन् । उनका १५०भन्दा बढी कविता कृति राजनैतिक कारण उनी जेल पर्दा तत्कालीन प्रशासनले जलाइदिएको थियो भने बाँकी रहेका तथा त्यसपछि

रचना गरेका प्रतिनिधि कविता र गीतहरूको सङ्ग्रह **'शताब्दीको पहिलो बिहानी'** वि.सं २०५९ सालमा प्रकाशित भएको छ । यस्तै गीततर्फ **'परिवर्तनका तरङ्गहरू'** शीर्षकको गीति एल्वम पनि २०६५ सालमा बजारमा आएको छ । विभिन्न पत्रपत्रिकामा लेखकारूपमा खनालका वैचारिक निबन्धहरू प्रकाशित भएका छन् । साहित्येत्तर लेखनतर्फ राजनैतिक तथा दार्शनिक विषयवस्तुको गहिरो अध्ययनको प्रतिफल स्वरूप लेखिएका नौवटा पुस्तकाकार कृतिहरू प्राकशित भएका छन् । यसैगरी राजनैतिक, वैचारिक तथा समसामयिक सन्दर्भका सयौ लेख तथा रचनाहरू पत्रपत्रिकामा प्रकाशित भएका छन् । उनका पुस्तकाकार कृतिहरूमा ' **आप्रवाशन तथा भूराजनैतिक समस्याबारे केही कुराहरू(२०४१), अन्तर्राष्ट्रवाद कि नवट्राटस्कीपन्थि पुच्छरवाद ?(२०४२), चुनाव अभियान सम्बन्धी रचनाहरू(२०४३), पञ्चायती प्रतिनिधि संस्था र जनपक्ष(२०४४), नेपाली समाज र क्रान्तिका मुद्दाहरूमा चलेका केही बहसहरू(२०४५), हामीले संसदमा गएर के गर्यौ ?(२०५१), राष्ट्रिय सूचना महामार्ग: हाम्रो अपरिहार्य दिशा(२०५४), लोकतन्त्रिक नेपालको मार्ग चित्र(२०६२), लोकतन्त्रिक गणतन्त्र: राष्ट्रको साझा लक्ष(२०६४)**, रहेका छन् भने उनका राजनैतिक, वैचारिक र समसामयिक लेखहरू **दृष्टि**, **नवयुग**, **नेपाल समाचारपत्र** , **छलफल**, **कान्तिपुर**, **बुधवार**, **युगद्रूत**, **बाल्मिकी**, **सौरभ**जस्ता पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । यसबाहेक झलनाथ खनालले पत्रिकाको सम्पादन तथा विभिन्न महत्व बोकेका व्यक्तिहरूको संस्मरण पनि लेखेका छन् । उनको आजसम्मको लेखनयात्रालाई यस शोधमा रेखाङ्कन गरिएको छ । उनको यो यात्रा पूरा भइसकेको  छैन । सहित्यिक तथा साहित्येतर दुबैतर्फ उनको लेखनयात्रा अगाडि बढिरहेको छ ।

झलनाथ खनालको लेखनको मूलस्रोत कविताका सवालमा पारिवारिक जीवनका घटना-दुर्घटना, जेलजीवन, राजनैतिक सङ्घर्ष, कम्युनिष्ट पार्टीको सम्लग्नता, देश-विदेशका यात्रा विवरण, प्रजातन्त्र, देशभक्ति, आर्थिक, सामाजिक विकास, समाजवादका प्रश्नहरू, महिलामुक्ति, एक्काइसौ शताब्दीका चुनौती आदि रहेका छन् भने निबन्ध तथा वैचारिक-दार्शनिक लेखनका सवालमा राजनैतिक वातावरण, मार्क्सवादी दार्शनिक चिन्तनदृष्टि तथा समसामयिक परिस्थिति आदि रहेका छन् । खनाल नेपाली जनजीवन र भोगाइका कवि हुन् । उनी परिवर्तन, मुक्ति र स्वतन्त्रताका कवि हुन् अनि प्रगतिवादी यथार्थवादी कवि हुन् । उनी विचार र कलालाई समन्वय गर्दै आफ्ना कविताबाट क्रान्ति र परिवर्तनको आह्वान गर्दछन् । यस्तै जातीय र वर्गीय शोषणमा परेकालाई अगाडि बढ्न आह्वान गर्दछन, रुढी अन्धपरम्परा तथा विकृति विसङ्गतिको विरोध गर्दछन् अनि नारीलाई पुरुष समानको हैसियत भएको हेर्न चाहन्छन । प्रकृतिक सौन्दर्यमा रमाउने खनाल प्रकृतिले पनि उन्नति, विकास र प्रगतिका लागि मानिसलाई प्रेरणा दिएको अनुभव गर्दछन् । आफ्ना रचनाका माध्यमबाट यी विविध प्रस्तुति गर्ने खनाल सारमा मार्क्सवादी- लेनिनवादी विश्वदृष्टि र संसारमा समाजवादी व्यवस्थाको विजय हुने ऐतिहासिक अनिवार्यताप्रति अटल आस्था प्रकट गर्दछन् । साहित्यमा प्राय: गद्य कविताको रचना गर्ने उनी पद्य कविताको शास्त्रीय प्रयोगमा पनि सिपालु छन् । उनी फुटकर आयामका कविताका साथै गीतको पनि रचना गर्दछन् । सिर्जनामा नेपाली मूलस्रोतका अतिरिक्त तत्सम, तद्भव र आगन्तुक स्रोतका शब्दको प्रयोग गर्ने उनी सरल र बोधगम्य भाषाको प्रयोग गर्दछन् । कवितालाई सुन्दर, प्रभावकारी र कलात्मक बनाउन बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग गर्ने भए पनि उनका कवितामा क्लिष्टता र दुरूहता पाइदैन । उनको भाषाशैली सहज र स्पष्ट पनि देखिन्छ ।

यसरी देश, समाज, सामाजिक जीवन, विश्व मानव समुदाय, राजनैतिक वातावरण आदिसगँ प्रत्यक्ष र परोक्ष सरोकार राख्ने विभिन्न विषयवस्तुलाई आफ्नो कविताको विषय बनाउने कविकारूपमा खनाल परिचित भएका छन् । फलतः प्रस्तुत अध्ययनबाट नेपाली राजनीतिक एवम् प्रगतिवादी साहित्यिक लेखनको इतिहासमा खनालको महत्वपूर्ण योगदान रहेको निचोड प्राप्त भएको छ । उनी सशक्तरूपमा राजनीतिज्ञ, कवि र लेखक हुन् भन्नेकुरा पनि यस अध्ययनले देखाएको छ । समकालीन मार्क्सवादी चिन्तक, विश्लेषककारूपमा स्थापित खनाल राजनीति, साहित्यलेखन र वैचारिक लेखनका क्षेत्रमा पनि परिचित र स्थापित रहेका छन् ।

## सम्भावित अन्य शोधशीर्षकहरू

(क) **शताब्दीको पहिलो बिहानी** कवितासङ्ग्रहको कृतिपरक अध्ययन।
(ख) झलनाथ खनालका गद्यरचनाहरूमा गद्य भाषाको अध्ययन।

# सन्दर्भसामग्रीसूची

**पुस्तकहरू**

अधिकारी, रविलाल, **प्रगतिवादी नेपाली कविता**, लेकाली प्राकशन, (२०४४) ।

उपाध्याय, केशवप्रसाद, **मोतीरामको व्यक्तित्व र योगदान**, मोतीस्मृतिग्रन्थ,सम्पा. राम शर्मा काठमाण्डौः नेपाली शिक्षा परिषद, (२०३९) ।

………………… **साहित्यप्रकाश**, पाचौं सं, काठमाण्डौः साझा प्रकाशन, (२०४९)।

के.सी., सुरेन्द्र, **नेपालमा कम्युनिस्ट आन्दोलनको इतिहास**, काठमाडौः विद्यार्थी पुस्तक भण्डार, (२०४०)।

खनाल, झलनाथ, **नेपाली समाज र क्रान्तिका मुद्दाहरूमा चलेका केही बहसहरू**, काठमाडौंः पैरवी प्रकाशन, (२०४५)।

................., **शताब्दीको पहिलो बिहानी**, काठमाडौंः कञ्चनजङ्घा प्राकशन, (२०५९)।

..................., **लोकतान्त्रिक नेपालको मार्गचित्र**, काठमाण्डौः नवयुग प्रकाशन, (२०६२)।

................. **लोकतान्त्रि गणतन्त्रः राष्ट्रको साझालक्षस**, काठमाण्डौः नवयुग प्राकशन, (२०६४)।

गजुरेल, गोविन्द, **उमानाथ शास्त्री सिन्धुलीय एक विश्लेषणात्मक अध्ययन**, काठमाण्डौः शब्दघर प्रकाशन, (२०५७) ।

त्रिपाठी, वासुदेव र अन्य सम्पा., **नेपाली कविता भाग-४**, चौथो सं., काठमाडौंः साझा प्राकाशन, (२०६०)।

थापा, मोहन हिमाशु, **साहित्य परिचय**, चौथो सं.,काठमाडौंः साझा प्रकाशन, (२०५०) ।

प्रधान, भिक्टर, **नेपाली जीवनी र आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना**, काठमाण्डौःसाझा प्रकाशन, (२०४४) ।

बराल, कृष्णहरि र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, काठमाण्डौः साझा प्रकाशन, (२०५८) ।

लुइटेल, खगेन्द्रप्रसाद, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, काठमाण्डौः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, (२०६०)।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल, **शोधविधि**, काठमाण्डौः साझा प्रकाशन, (२०६२) ।

शर्मा, मोहनराज र दयाराम श्रेष्ठ, 'संभव', **नेपाली साहित्यको संक्षिप्त इतिहास**, काठमाण्डौः साझा प्रकाशन, (२०४९) ।

सुवेदी, राजेन्द्र, **स्नातकोत्तर नेपाली निबन्ध**, काठमाण्डौः पाठ्यसामग्री पसल, (२०५६) ।

................, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**,दोस्रो सं काठमाण्डौः साझा प्राकाशन, (२०६४) ।

**शोध ग्रन्थहरू**

पौडेल, गोपिन्द्रकुमार, (२०६२), **प्रगतिवादी नेपाली कथाका प्रवृत्तिहरू**, अप्रकाशित विद्यावारिधि
शोधप्रबन्ध, त्रि.वि ।
भट्टराई, यजुर्वेदानन्दप्रसाद, (२०६६), **सि.पी गजुरेल 'गौरव' को जीवनी व्यक्तित्व र कृतित्वको**
**अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि ।
भण्डारी, जगदीशचन्द्र, (२०५३), **प्रगतिवादी नेपाली कविताको प्रारम्भ र विकास**, अप्रकाशित
विद्यावारिधि शोधपत्र, त्रि.वि

**पत्रपत्रिकाहरू**

तिम्सिना, यशोदा, "कसले देला माथ", **नेपाल राष्ट्रिय साप्ताहिक**, (९:२६, २०६५) ।
पौडेल, हेमनाथ, "विषयगत विविधता र वैचारिक प्रखरता भएका कविता", प्रकाश
(२७:१७,२०६६) ।
फुयाल, राजेन्द्र, "खनालको पुनरुदय", **कान्तिपुर**, (१७:८, २०६५) ।

# परिशिष्ट

प्रस्तुत शोधग्रन्थ तयार पार्दा यसको सामग्री सङ्कलनका क्रममा शोधनायक झलनाथ खनालसँगको अन्तर्वातामा सोधिएका प्रश्नहरू-

१) त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि म तपाईको जीवनी, व्यक्तित्व र कृतित्वकाबारेमा शोध गर्न लागिरहेको छु र अहिले यसै विषयसँग सम्बन्धित रहेर केही जिज्ञासा राख्न चाहन्छु। यी जिज्ञासाहरू पूरा गरिदिनु हुन्थ्यो कि?
२) तपाईको जन्ममिति र जन्मस्थानका बारेमा जानकारी दिनुहोस न?
३) तपाईको वंशपरम्परा कहाबाट सुरु भएर कसरी अगाडि बढ्यो?
४) तपाइको न्वारानको नाम अर्कै थियो कि? अनि कहिल्यै अरु नामले पनि आफूलाई चिनाउनु भएको छ?
५) तपाईंको पारिवारिक पृष्ठभूमिबारे भनिदिनु होस न।
६) तपाईंको बाल्यकाल कसरी बित्यो.?
७) तपाईंले हासिल गर्नु भएको विद्यालय स्तर र उच्च स्तरको शिक्षा-दीक्षाका बारेमा जानकारी पाउँ न।
८) तपाईंको उपनयन कहिले, कहाँ, कसरी भयो?
९) तपाईंको विवाह कहिले, कोसँग, कसरी भयो?
१०) अन्तर्जातीय विवाह भएछ, वैवाहिक र पारिवारिक जीवन कसरी अगाडि बढिरहेको छ?
११) तपाईंका सन्तानको बारेमा जानकारी पाउँ न।
१२) तपाईंका दाजुभाइ-दिदीबहिनी कति जना हुनुहुन्छ वहाहरूको बारेमा पनि छोटो जानकारी दिनु न।
१३) तापईंको आर्थिक स्थिति कस्तो रहेको छ?
१४) तपाईको व्यक्तिगत रुचि र स्वभावका बारेमा जानकारी दिनुहोस न।
१५) तपाईंलाई कुनकुन मन पर्छन -

(क) परिवेश/स्थान, (ख) संस्कृति, (ग) धर्म, (घ) साहित्य/कला, (ङ) साहित्यकार, (च) साहित्यिक विधा, (छ) अध्ययनको विषय, (ज) गीत/गीतकार, (झ) खाना, (ञ) लत/नसा, (ट) फूल, (ठ) बाजा, (ड) खेल, (ढ) बानी व्यहोरा, (ण) लवाज, (त) अन्य केही

१६) तपाईंको जीवनमा कस्ता मानसिक आघात र वियोगका क्षणहरू रहेका छन्?

१७) सन्तुष्टि र ग्लानिका क्षणहरू पनि होलान् नि?

१८) तपाईंले राष्ट्रिय र अन्तराष्ट्रिय स्तरसमेतको केही काम गर्नु भएको छ?

१९) पेसागत रूपले तपाईं कहाँकहाँ र कहिले-कहिले आवद्ध हुनुभयो?

२०) तपाईंले कहाँ, कहिले र कतिसमय के केमा जागिर खानुभयो?

२१) तपाईंको राजनैतिक जीवनको सुरुवातदेखि आज सम्मको यात्राबारे सारपूर्ण र संक्षिप्त जानकारी पाउँ न।

२२) तपाईं जेल पनि पर्नु भएको छ? छ भने कहिले-कहिले कँहा र कतिसमय पर्नुभयो?

२३) तपाईको जेलजीवन कसरी बित्यो?

२४) तपाईले भूमिगत जीवन पनि बिताउनु भयो?

२५) तपाईले कति समय र कसरी भूमिगत जीवन बिताउनु भयो?

२६) तपाईको हालको बसोबास कँहा र कुन रूपमा रहेको छ?

२७) विशेष अवस्थामा बाहेक औसतमा तपाईको दिनचर्या कसरी बित्ने गर्छ?

२८) तपाईको शारीरिक अवस्था र स्वास्थ्य स्थिति के-कस्तो छ?

२९) तपाईको जीवनका अविस्मरणीय घटना तथा क्षणहरू के कस्ता रहेका छन्?

३०) तपाईको साहित्यिक लेखनको सुरुवात कहिलेबाट भयो?

३१) कुनकुन विधामा कलम चलाउनु भयो?

३२) सहित्य लेखनको प्राभाव र प्रेरणा कँहा र कोबाट कसरी प्राप्त भयो?

३३) तपाईका कृतिहरूको प्रकाशन कहिले र कुन विधाबाट सुरु भयो र तपाईको पहिलो प्रकाशित रचना कुन हो?

३४) तपाईका अहिलेसम्म के-कति र कस्ता कृतिहरू कँहा-कँहाबाट प्रकाशित भएका छन्?

३५) अहिलेसम्म कँहा-कँहा भ्रमण गर्नुभएको छ?

३६) मन-सम्मान र पुरस्कार के-कति, कहिले र कँहाकँहाबाट प्राप्त गर्नुभएको छ?

३७) साहित्यप्रति तपाईको धारणा के छ?

३८) जीवन-जगतलाई हेर्ने तपाइको दृष्टिकोण के हो?

३९) राजनीतिलाई चाहिँ कसरी हेर्नु हुन्छ नि?

माथि उल्लिखित प्रश्नहरूका अतिरिक्त अन्यर्वाताका क्रममा प्राप्त भएका अन्य जानकारी तथा शोधनायकका भाइ दाताराम खनालबाट लिएका जानकारीहरूबाट यस शोधग्रन्थको जीवनी र व्यक्तित्वको खण्ड तयार पारिएको छ।